# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७
# प्रदेश नं. २




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७

# प्रदेश नं. २

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।
(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।
(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्रदेश नं. २



# नेपालका महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल


पत्र संख्या : २०७६।७७
च.नं.: ६२

मिति : २०७७।०३।३१

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

**विषय: वार्षिक प्रतिवेदन**

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
प्रदेश नं. २, जनकपुरधाम, धनुषा ।

नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश नं. २ को आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेश गरेको छु ।

भवदीय,


(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक


फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

# विषय-सूची


| परिच्छेद | शीर्षक | पृष्ठ |
|---|---|---|
| **महालेखापरीक्षकको भनाइ** | | |
| **प्रदेश सञ्चित कोष** | | |
| **लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति** | | |
| **परिच्छेद १:** | **लेखापरीक्षण गरिएका निकायको विवरण** | १ |
| **परिच्छेद २:** | **लेखापरीक्षणबाट देखिएका  बेरुजूको स्थिति** | ४ |
| **परिच्छेद ३:** | **मन्त्रालय र निकायगत व्यहोरा** | ९ |
| | १. प्रदेश सभा सचिवालय ...................................................................... | ९ |
| | २. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ................................................ | १३ |
| | ३. आर्थिक मामिला तथा योजना मन्त्रालय ................................................ | २० |
| | ४. आन्तरिक मामिला तथा कानुन मन्त्रलय................................................ | २९ |
| | ५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ....................................... | ३२ |
| | ६. भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय ........................................... | ४१ |
| | ७. भौतिक पूर्वाधार विकास मन्त्रालय.......................................................... | ५० |
| | ८. सामाजिक विकास मन्त्रालय .............................................................. | ६४ |
| | ९. मुख्य न्यायाधिवक्ताको कार्यालय .......................................................... | ७५ |
| | १०. प्रदेश नीति तथा योजना आयोग ....................................................... | ७८ |
| **परिच्छेद ४:** | **प्रतिवेदन कार्यान्वयनको स्थिति**................................................................... | ७९ |
| **परिच्छेद ५:** | **सुधारका क्षेत्रहरु** ......................................................................................... | ८० |
| | **अनुसूचीहरु** ................................................................................................ | ८३ |
| | **तस्बिरहरु**.................................................................................................... | १०२ |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ (१) मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल लगायतका सबै संघीय, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । महालेखापरीक्षकले लेखापरीक्षण ऐन, २०७५ तथा अन्य प्रचलित कानूनको आधारमा लेखापरीक्षण गरी त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरण उपर राय सहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ ।

नेपालको संविधानको धारा २९४(३) मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेश गर्ने र सोही ऐनको दफा १९(५) बमोजिम उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत् प्रदेश सभामा पेश हुने व्यवस्था छ । उल्लेखित व्यवस्था बमोजिम आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन पेश गरेको छु । प्रदेश सभामा पेश भएको लेखापरीक्षण प्रतिवेदन प्रदेश सभा नियमावली वमोजिम प्रदेश सार्वजनिक लेखा समितिमा छलफलको व्यवस्था गरी कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु ।

यो प्रतिवेदन तयार गर्दा नेपालको संविधान, लेखापरीक्षण ऐन, अन्य संघीय तथा प्रदेश कानूनहरु र महालेखा परीक्षकले जारी गरेका निर्देशनहरु र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन(इन्टोसाई) द्वारा प्रतिपादित मानदण्डहरु र अन्य अन्तर्राष्ट्रिय असल अभ्यासहरु समेत अनुसरण गर्दै वस्तुनिष्ठ हुने गरी तयार गरिएको छ । लेखापरीक्षणको क्रममा म स्वयंले माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरु तथा लेखा उत्तरदायी अधिकृत लगायत सम्बद्ध पक्षहरुसँग आवश्यक छलफल गरेको छु । छलफलबाट प्राप्त राय सुझाव एवं सूचना बमोजिम लेखापरीक्षणको गुणस्तरीयताको अभिवृद्धि गरी परिणाममुखी एवं उद्देश्यमूलक बनाउने प्रयास गरेको छु ।

यस वर्ष प्रदेश अन्तरगतका निकायबाट कानूनको पालना, जवाफदेहिता वहन, लेखापालन र आर्थिक कारोवारको स्थिति, सार्वजनिक सम्पत्ति र श्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाह जस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । यो वर्ष प्रदेश अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित ७ मन्त्रालय, प्रदेशसभा सचिवालय, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय समेत १२६ निकायको रु २५ अर्व ७३ करोड १४ लाखको लेखापरीक्षण सम्पन्न भएकोमा रु. १ अर्व ८२ करोड ५४ लाख बेरुजू कायम भएको छ । यो बेरुजू कुल लेखापरीक्षण अङ्कको ७.०९ प्रतिशत हुन आउँछ ।

प्रदेश अन्तर्गतका कार्यालयहरुको लेखापरीक्षणबाट मुख्य रुपमा वजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनुपर्ने, पदाधिकारी तथा कर्मचारी सुविधा र सहायता वितरण जस्ता अनुत्पादक खर्च नियन्त्रण गर्नुपर्ने, सार्वजनिक सम्पत्तिको लगत अद्यावधिक गर्नुपर्ने, आर्थिक कारोवारको लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली समयबद्ध गर्नुपर्ने, आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षण प्रणाली प्रभावकारी बनाई वित्तीय जवाफदेहिता स्तरमा सुधार गर्नुपर्ने देखिएको छ । त्यसै गरी कतिपय आवश्यक कानून निर्माण गर्न र संगठन व्यवस्था गर्न बाँकी रहेको, प्रदेशस्तरमा सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्न बाँकी रहेको, नीति, मापदण्ड एवं कार्यविधि पर्याप्तरुपमा तयार नभएको र संगठन व्यवस्था र दरवन्दी बमोजिम जनशक्ति पदपूर्ति नभएकोले प्रदेश सरकारबाट प्रवाहित सेवा प्रभावकारी बनाउन उल्लिखित विषयमा थप सुधार गर्नुपर्ने जस्ता व्यहोरा देखिएका छन् ।

त्यसैगरी विकास निर्माण तर्फ योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने, संघ, प्रदेश र स्थानीय तह बीच समन्वय गरी एउटै भौगोलिक स्थानका एकै प्रकृतिका कार्यक्रमहरु तीनै तहबाट सम्पादन भई दोहोरो पर्ने, खप्टिने तथा टुक्रिने कार्य नियन्त्रण गर्ने, साना तथा टुक्रे आयोजनाको छनौट नगर्ने, बजेट र खर्च प्रकृया सुनिश्चित नगरी काम गर्नाले भुक्तानीमा समस्या आएको,उपलब्धि सुनिश्चित गरेर मात्र संस्थागत अनुदान र सहायता जस्ता कार्यक्रमहरुमा बजेट परिचालित गर्नुपर्ने, अनुदानको अनुगमन संयन्त्र बनाउने, सार्वजनिक खरिद ऐनको पूर्णपालना गरी खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी बनाउने, उपभोक्ता समितिहरुबाट जटिल प्रकृतिका

निर्माण कार्यहरु गर्न रोक्नुपर्ने, तोकिए बमोजिम जनसहभागिता जुटाउनु पर्ने र दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा गर्नुपर्ने देखिएको छ ।

प्रदेश सरकारको बजेट तर्जुमा गर्दा मध्यकालीन खर्च संरचना, आवधिक योजना र कार्यक्रमसँग तालमेल हुनेगरी कार्यसम्पादनमा आधारित बजेट प्रणाली अवलम्बन गर्नुपर्दछ । वितरणमुखी र अनुत्पादक खर्चमा नियन्त्रण गर्दै एकीकृत कार्यालयको अवधारणा अनुसार सीमित संख्याका कार्यालयबाट कार्यसम्पादन गर्ने व्यवस्था गर्नुपर्दछ । प्रभावकारी अनुगमन, सार्वजनिक खरिद ऐन लगायतका कानुनको परिपालना, आन्तरिक नियन्त्रण प्रणालीको स्थापना र प्रभावकारी आन्तरिक लेखापरीक्षण मार्फत वित्तीय अनुशासनको प्रवर्द्धन गर्नुपर्दछ । प्रदेशस्तरबाट निर्माण हुने कानुन संघीय कानुनसँग सामञ्जस्यता हुने गरी निर्माण गर्ने र सबै पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा एकरुपता हुने गरी मापदण्ड तयार गरी लागु गर्नुपर्दछ । स्वीकृत ढाँचामा प्रदेश तहको सञ्चितकोष हिसाब तयार गर्ने एवं प्रदेशले स्थानीय तहको समेत चौमासिक आयव्यय विवरण सङ्कलन गरेर एकीकृत विवरण तयार गरी संघीय अर्थ मन्त्रालयमा पठाउने व्यवस्था हुनुपर्ने देखिएको छ । सेवा प्रवाहको मापदण्डहरु तर्जुमा गरी नियमित अनुगमन गर्नुपर्दछ ।

संघीय प्रणालीमा प्रदेशस्तरमा सार्वजनिक श्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई नमूनाको रुपमा सञ्चालन गर्ने अवसर प्राप्त भएको छ । यद्यपि वित्तीय श्रोत तथा जनशक्तिको अभावका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिदैन । प्रदेशमा समृद्धि र सुशासनको उद्देश्य हासिल गर्न उर्जा, कृषि, पर्यटन, उद्योग, वन, शिक्षा, खानेपानी र भौतिक पूर्वाधार लगायतका क्षेत्रहरुमा समावेश भएका प्रतिवेदनका व्यहोरा र सुझावबाट प्रदेशस्तरको शासकीय व्यवस्था र विकास निर्माण कार्य सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

प्रदेश तहको संरचनाले संघ र स्थानीय तहबीच समन्वय कायम गरी प्रदेश सरकारका आर्थिक क्रियाकलापमा वित्तीय अनुशासन कायम गर्न र उपलब्ध श्रोत साधनको अधिकतम प्रयोग गर्दै विकास निर्माण, सेवा प्रवाह र रोजगारी सिर्जना जस्ता कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने छ । साथै संघीय सरकारको अनुदान प्रतिको निर्भरतालाई क्रमशः घटाउदै नेपालको संविधान बमोजिम आफ्नो कार्य क्षेत्रभित्र परेका श्रोत साधन मार्फत आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारवाही निर्देशित हुने अपेक्षा गरेको छु ।

अन्त्यमा, लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरु, माननीय प्रदेश सभाका सभामुख तथा उपसभामुखज्यू र प्रदेश सभा सदस्यज्यूहरु लगायत प्रदेशका सबै निकाय र पदाधिकारी तथा नागरिक समाज र सञ्चारकर्मीहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, कोरोना भाइरसको महामारीको वावजूद अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्या : २०७६।७७
च.नं. : ६९

मिति : २०७७।०३।३०

श्री सचिव,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
प्रदेश नं. २, जनकपुरधाम, धनुषा ।

**विषय : प्रदेश सञ्चित कोषको आर्थिक विवरण उपर लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले प्रदेश नं. २ प्रदेश सञ्चित कोष को आर्थिक वर्ष २०७५।७६ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससङ्ग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु (**अनुसूची-१४**) को लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससङ्ग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको आर्थिक विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान र आर्थिक कार्यविधी र वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन :

१. प्रदेश सञ्चित कोषको स्वीकृत ढाँचा प्रयोग गरी आर्थिक विवरण तयार गरेको छैन ।

२. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु. १ अर्ब ८२ करोड ५३ लाख ९९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १३ करोड ८३ लाख २२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ६९ करोड ८८ लाख ५० हजार, नियमित गर्नुपर्ने रु. ४३ करोड ५५ लाख ३४ हजार र पेश्की बाँकी रु. ५५ करोड २६ लाख ९३ हजार रहेको छ ।

३. प्रदेश सरकारले स्थिर सम्पतीको अवस्था आर्थिक बिबरणमा खुलासा गरेको छैन । सम्पतिको बिस्तृत बिबरण खुलासा नगरेको कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन । सम्पतिको मूल्यांकनका आधार समेत स्पष्ट छैन ।

४. प्रदेश सरकारको लागि रु. ७ अर्ब १ करोड ६१ लाख समानीकरण अनुदान प्राप्त भएको मध्ये रु. ५ अर्ब ५० करोड ४७ लाख ८४ हजार खर्च भै रु. १ अर्ब ५१ करोड १३ लाख १६ हजार प्रदेश सञ्चित कोषमा बाँकी रहेको छ ।

५. संघिय सरकारबाट प्रदेश सरकारको लागि रु. ७ अर्ब १९ करोड ६७ लाख ४१ हजार सर्शत अनुदान रु. २९ करोड ३३ लाख ३३ हजार समपुरक अनुदान र रु ४५ करोड ८४ लाख ३३ हजार समेत रु. ७ अर्ब ९४ करोड ८५ लाख ७ हजार अनुदान प्राप्त भएकोमा बर्षान्तसम्म खर्च हुन नसकी रु २ अर्ब ८५ करोड ९७ लाख ६४ हजार बचत रहेको छ । उक्त रकम संघीय संचितकोषमा फिर्ता हुनुपर्ने देखिन्छ ।

६. राजस्व बाँडफाँड अर्न्तगत प्रदेश सरकारलाई प्राप्त हुनुपर्ने प्राकृतिक श्रोतको रोयल्टी बापतको रु. २ करोड ३० लाख ५६ हजार र प्रदेश विभाज्य कोषबाट ६० प्रतिशत सवारी साधनकर बाँडफाँडबाट प्राप्त रकम राजस्व सूचना प्रणालीमा प्रविष्टि गरेकोमा प्राप्त हुन बाँकी रहेको रु. ७१ करोड ९६ लाख २२ हजार आर्थिक वर्षको अन्त्य सम्म पनि प्राप्त भएको छैन ।

७. प्रदेश र स्थानीयतह बीच बाँडफाँड हुने राजस्व जम्मा हुने गरी खडा गरिएको प्रदेश बिभाज्य कोषको बेग्लै देखिने गरी हिसाब तयार गरेको देखिएन । अन्तर सरकारी बित्त व्यवस्थापन ऐन बमोजिम स्थानीय विभाज्य कोषबाट प्रदेश संचित कोषमा पठाएको हिसाबको अद्यावधिक विवरण समेत तयार भएको पाइएन ।

८. प्रदेश सरकारको श्रोतबाट समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान तथा अन्तर सरकारी वित्तीय अनुदान रु. २ अर्व १२ करोड १३ हजार १३६ स्थानीय तहलाई हस्तान्तरण गरेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले २०७६ आषाढ मसान्त सम्मको सम्बन्धित स्थानीय तह अनुसार वास्तविक खर्च तथा फिर्ता गर्नुपर्ने रकम भिडान नगरी हस्तान्तरण गरेको सबै रकमलाई खर्चमा खुलासा गरेको छ । यथार्थ खर्चको विवरणको आधारमा फिर्ता गर्नुपर्ने रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेमा गरेको देखिएन ।

९. प्रदेश संचित कोषले देखाएको प्राप्ती तथा भुक्तानी विवरणमा प्रदेशको आन्तरिक श्रोत हिसाब मध्ये रु. २ करोड ७६ लाख ९७ हजार साटन बाँकी चेक रहेकोमा पुर्ण आय लेखाङ्कन गरी हिसाब मिलान भएको देखिएन ।

१०. प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको एकीकृत प्रदेश धरौटी हिसाबमा श्रेस्ता तथा कोष बिच रु. १ करोड २१ लाख ५१ हजार फरक परेकोमा हिसाब मिलान नभएको अवस्था छ । त्यस्तै विविध तर्फको एकीकृत हिसाबमा लेखा हिसाव र बैंक बीच रु. १ लाख ३३ हजार फरक परेको हिसाब समेत मिलान भएको छैन ।

११. ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग,बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाहलगायतका विषयमा कमी कमजोरी देखिएका छन् ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । संञ्चितकोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

## वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ । प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृतहरु प्रदेश संञ्चितकोषको आर्थिक प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(ईश्वर नेपाल)
उप-महालेखापरीक्षक

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्न लेखापरीक्षणको प्रमुख उद्देश्य राखिएको छ । देहायका विषयहरु सुनिश्चित गर्नु लेखापरीक्षणका अन्य उद्देश्य रहेका छन् :

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापनमा पर्याप्त व्यवस्था गरेको,
- सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अंग र प्रदेश कार्यालयसमेत १२६ निकायको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालना विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्यांकसमेत प्रयोग गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ अनुसरण गरी लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा जोखिम मूल्याङ्कनपश्चात् पहिचान भएका विषयको सन्दर्भमा परीक्षण एवं विश्लेषण गरी सान्दर्भिक र पर्याप्त प्रमाण संकलन गर्न आवश्यकतानुसार नियन्त्रणको परीक्षण, सारभूत विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण कार्यविधि अवलम्बन गरिएको छ । लेखापरीक्षण योजना तथा कार्यक्रमको पूर्व जानकारी लेखाउत्तरदायि अधिकृतलाई गराईएको थियो । यस अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ ।

लेखापरीक्षणको क्रममा लेखाउत्तरदायी अधिकृत, कार्यालय प्रमुख, लेखा प्रमुख, नागरिक समाज सम्बद्ध संस्था बीच अन्तर्क्रिया र छलफल गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । यसैगरी प्राविधिक लगायतका विषयमा राय प्रदान गर्न लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ तथा विशेषज्ञ नियुक्ति गरी लेखापरीक्षणमा संलग्न गराइएको छ ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने नेपालको संविधानको धारा २९४को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा १४ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति, परिच्छेद ३ मा मन्त्रालय र निकायगत व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र पच्छिेद ५ मा सुधारका क्षेत्रहरु उल्लेख गरिएको छ ।

# परिच्छेद – १

# लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

(रु. हजारमा)

| क्र.सं. | लेखापरीक्षण गरिएका निकाय | संख्या | रकम |
|---|---|---|---|
| १. | सरकारी कार्यालय | ११६ | **२४८१५०७३** |
| २. | अन्य संस्था र समिति | १० | **९१६३५३** |
| | **जम्मा** | **१२६** | **२५७३१४२६** |

यो वर्ष प्रदेश मातहत ११६ सरकारी निकायको रु.२४ अर्व ८१ करोड ५० लाख ७३ हजार र समिति तथा अन्य संस्था १० को रु. ९१ करोड ६३ लाख ५३ हजार समेत रु. २५ अर्व ७३ करोड १४ लाख २६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका निकायहरुको विवरण **अनुसूची-१ (क), २ र ४** मा उल्लेख छ ।

१. **सरकारी निकाय** – यो वर्ष ११६ सरकारी निकायको विनियोजन/राजस्व/धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः

(रु. हजारमा)

| क्र.सं. | कारोबार | लेखापरीक्षण सम्पन्न रकम |
|---|---|---|
| १. | विनियोजन | १४०९२०३० |
| २. | राजस्व | ९७७८३४३ |
| ३. | धरौटी | ४९३२१८ |
| ४. | अन्य | ४५१४८२ |
| | **जम्मा** | **२४८१५०७३** |

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची २** मा उल्लेख छ ।

२. **समिति र अन्य संस्था** - यो वर्ष १० समिति र अन्य संस्थाको रु. ९१ करोड ६३ लाख ५३ हजारको लेखापरीक्षण गरिएको छ । बिस्तृत विवरण **अनुसूची-४** मा उल्लेख छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद-२ को मन्त्रालय खण्डमा समावेस छ ।

३. **लेखापरीक्षण कार्यविधि** – यो वर्ष प्रदेश मातहतका निकायहरुको लेखापरीक्षणमा जोखिम विश्लेषण सहितको विस्तृत लेखापरीक्षण कार्यविधि अवलम्बन गरिएको छ ।

- **प्रदेश बजेट र राजस्वको कार्यान्वयन स्थिति**

४. **प्रदेश बजेट तथा खर्च** – प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७५।७६ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छ :

(रु. हजारमा)

| शीर्षक/क्षेत्र | २०७५।७६ को | | |
|---|---|---|---|
| | बजेट अनुमान | यथार्थ खर्च | प्रतिशत |
| चालु | १४८२५६१३ | ६६२७४६६ | ४४.७० |
| पूँजीगत | १४९६१३२५ | ८४६४९०८ | ५६.५७ |
| **जम्मा** | **२९७८६९३८** | **१५०९२३७४** | **५०.६६** |

५. **खर्चको स्थिति** – प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पूँजीगत खर्चको निकायगत विवरण निम्नानुसार छ:

(रु. हजारमा)

| सि.नं. | निकाय | वजेट | | यथार्थ खर्च | |
|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत खर्च | चालु खर्च | पूँजिगत खर्च |
| १. | प्रदेश सभामुख र उपसभामुख | १५१८ | - | १५१८ | ० |
| २. | प्रदेश सभा सचिवालय | ३४७५२३ | ६९५७० | २२६३४५ | १२५११२ |
| ३. | मुख्य न्यायधिवक्ताको कार्यालय | २३३६६ | १२७५० | १६५८८ | १५३७१ |
| ४. | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यलय | २३९३९०३ | ७४३०० | १२१५२७९ | ५९५९४ |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | २४२७४६ | १४४४२० | १७१८२०९ | ८६२४७ |
| ६. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १३७७५६ | २३८१४३ | ८४५६१ | १३१४६० |
| ७. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | ७६०६८० | १५५१८९० | ६९७२६७ | ८६२५२६ |
| ८. | भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | ८४१३७७ | २१४६०८१ | ५२९७७८ | ९४४८०३ |
| ९. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ४४०४७९ | ९५०२५०४ | ५५२३७७ | ५९२७२८३ |
| १०. | सामाजिक विकास मन्त्रालय | २६८७७८३ | ३११८१० | १५८५५४४ | ३१२५१२ |
| ११. | भैपरी | ६९५०००० | ९०८३३९ | ० | ० |
| | **जम्मा** | **१४८२७१३१** | **१४९५९८०७** | **६६२७४६६** | **८४६४९०८** |

*नीति आयोगको विनियोजन तर्फ चालु तथा पूँजीगत खर्च आर्थिक मामिला तथा योजना मन्त्रालयमा समावेश छ।*

६. **स्रोतगत अनुमान र यथार्थ खर्च** – प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७५।७६ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छ:

(रु.हजारमा)

| स्रोत | २०७५।७६ को | | अनुमानको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|
| | अनुमान | यथार्थ खर्च | |
| **संघीय सरकार तर्फ** | | | |
| समानीकरण अनुदान | ७०१६१०० | ५५०४७८४ | ७८.४६ |
| सशर्त अनुदान | ७१९६७४१ | ५०२३९२७ | ६९.८० |
| समपूरक अनुदान | २९३३३३ | ६४८१५ | २२.०९ |
| विशेष अनुदान | ४५८४३३ | - | ०.०० |
| **प्रदेश सरकार तर्फ:** | | | |
| प्रदेश सरकार अनुदान | १४८२२३३१ | ४४३४०३३ | २९.९१ |
| समपूरक अनुदान | ० | ६४८१५ | |
| **जम्मा** | **२९७८६९३८** | **१५०९२३७४** | **५०.६६** |

आर्थिक वर्ष २०७५।७६ मा प्रदेश सरकारको कुल खर्चको ७१ प्रतिशत संघीय सरकारबाट हस्तान्तरण भई आएको अनुदान र प्रदेश सरकारको श्रोत २९ प्रतिशत रहेको छ।

७. **राजस्व असुली** – प्रदेश सरकार सञ्चालनको मूल आधार राजस्व संकलन र परिचालन रहेको छ। प्रदेश विनियोजन ऐन, २०७५ अनुसार यो वर्षको लागि राजस्व तर्फ रु. १८ अर्व २९ करोड ७२ लाख प्राप्त हुने अनुमान गरेकोमा रु. ९ अर्व ७७ करोड ८७ लाख प्राप्त भई अनुमानको तुलनामा ५३.४४ प्रतिशत असूल भएको छ। आर्थिक वर्ष २०७५।७६ मा प्रदेश सरकारले प्राप्त गरेको राजश्व तथा आयको विवरण निम्न अनुसार छ :

(रु. हजारमा)

| शीर्षक | राजस्व संकेत | राजश्व असुली | असुली प्रतिशत |
|---|---|---|---|
| कर राजश्व | ११००० | ७९०४०३० | ८०.८३ |
| अन्य राजश्व | १४००० | ४९२७१५ | ५.०३ |
| बेरुजु | १५१०० | १३५०५ | ०.१४ |
| बाडँफाडँ हुने राजश्व | ३३१०० | १३६८४८५ | १४.०० |
| **जम्मा** | | **९७७८७३५** | **१००.००** |

आर्थिक बर्ष २०७५।७६ मा प्रदेश सरकारले प्राप्त गरेको रु.९ अर्ब ७७ करोड ८७ लाख ३५ हजार मध्ये बाडँफाड गर्नुपर्ने प्रकृतिको रु.१ अर्ब ३६ करोड ८४ लाख ८५ हजार रहेको छ । प्रदेश सरकारले उक्त बाडँफाड राजश्व मध्ये सवारी साधन कर बापत रु.१ अर्ब ३२ करोड ७८ लाख ३ हजार संकलन गरेकोमा ४० प्रतिशतले हुने रु.५४ करोड ९१ लाख २१ हजार स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने मध्ये रु.४७ करोड ९७ लाख ४८ हजार हस्तान्तरण गरेको छ ।

७.१. प्रदेशले बनाएको कानुनबमोजिम कर लगाउने र उठाउने व्यवस्था छ । प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरुबाट राजस्व उठाउन सक्ने समेत व्यवस्था छ । प्रदेशलाई घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना कानुन बनाई कर तथा शुल्कका दर तोक्ने व्यवस्था छ । प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयको रहेको छ । यस सम्बन्धि विवरण **अनुसूची-९** मा उल्लेख छ ।

८. **वित्तीय हस्तान्तरण -** आर्थिक बर्ष २०७५।७६ मा प्रदेश संचित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्न छ:

(रु. हजारमा)

| श्रोत | बजेट रकम | निकासा रकम | निकासा प्रतिशत |
|---|---|---|---|
| समानीकरण अनुदान | ४००००० | ४००००० | १००.०० |
| अन्तर सरकारी वित्तीय अनुदान | ४२०२०० | ४०४७०० | ९५.३५ |
| सशर्त अनुदान | १११५००० | ८३५५५६५ | ७४.९३ |
| राजश्व बाडफाँट अनुदान | ४७९७४८ | ४७९७४८ | १००.०० |
| **जम्मा** | **२४१४९४८** | **२१२००१३** | **८७.७८** |

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो बर्ष १३६ स्थानीय तहमा रु.२ अर्ब १२ करोड १३ हजार हस्तान्तरण गरेको छ । हस्तान्तरित अनुदान मध्ये सशर्त अनुदानको रकम सबैभन्दा बढी रहेको छ ।

९. **छलफल र अन्तरक्रिया -** महालेखापरीक्षकको २०७५।७६ को लेखापरीक्षणको सिलसिलामा २०७६।८।१० र ११ गते प्रदेश नं २ का प्रदेश प्रमुख, सभामुखसँग भेटघाट गरी प्रदेशका सम्पूर्ण निकायको आर्थिक अनुशासन कायम गरी विकास र सुशासन प्रवर्द्धन गर्ने तर्फ भएको प्रयासका सन्दर्भमा छलफल भएको थियो । सोही अवसरमा प्रदेश मन्त्रिपरिषद्का सदस्यहरु तथा सचिवहरुसँग संघीय संरचनामा महालेखापरीक्षकको भूमिका, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमार्फत सार्वजनिक सेवा प्रवाहको सुधार सम्बन्धमा महालेखापरीक्षकले सुझाव प्रस्तुत गर्नु भएको थियो । मुख्यमन्त्री तथा प्रदेश मन्त्रालयका सचिव तथा मन्त्रीबाट लेखापरीक्षणको सम्बन्धमा राखेका जिज्ञासा सम्बन्धमा छलफल भएको थियो ।

साथै जिल्ला समन्वय समितिका प्रमुख तथा प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा धनुषा जिल्ला स्थित सबै स्थानीय तह, सरकारी निकायका कार्यालय प्रमुख र लेखा प्रमुखको अन्तरक्रिया कार्यक्रम आयोजना गरी मुलुक संघीयतामा गएपछि सांगठनिक संरचनामा भएको परिवर्तनपश्चात निकायको सेवा प्रवाह, कार्यसम्पादनस्थिति, बेरुजू फछ्र्यौट र स्थानीय तहका जनप्रतिनिधिलाई आर्थिक प्रशासन वित्तीय अनुशासन र जवाफदेहिताका सम्बन्धमा महालेखापरीक्षकबाट ध्यानाकर्षण गराइएको थियो ।

# परिच्छेद – २

# लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति

१. **बेरुजू -** प्रदेश नं २ आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(ब) ले प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरेको छ । प्रदेश कार्यालय, समिति र अन्य संस्थाहरुले उपर्युक्त परिभाषाबमोजिम बेरुजू ठहरिने, असूल फछ्र्योट गर्नुपर्ने तथा कारबाही गरी फछ्यौट गर्नुपर्ने अध्यावधिक रकम रु.१ अर्ब ९९ करोड ८ हजार रहेको छः । यस सम्बन्धि विवरण **अनुसूची - १२** मा उल्लेख छ ।

(रु. हजारमा)

| क्र.सं. | विवरण | गत वर्ष सम्म | यो वर्ष | जम्मा रकम |
|---|---|---|---|---|
| १. | प्रदेश सरकारी निकाय | १६४६०९ | १७३८९४८ | १९०३५५७ |
| २. | समिति तथा अन्य संस्था | ० | ८६४५१ | ८६४५१ |
| | **जम्मा** | **१६४६०९** | **१८२५३९९** | **१९९०००८** |

२. **बेरुजू वर्गीकरण –** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेश नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत गरी ४ समूहमा वर्गीकरण गरिएको छ । यो वर्ष प्रदेश कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजू निम्नानुसार छः

(रु. हजारमा)

| वर्गीकरण | सरकारी कार्यालय | समिति तथा अन्य संस्था | जम्मा |
|---|---|---|---|
| **जम्मा बेरुजू** | **१७३८९४८** | **८६४५१** | **१८२५३९९** |
| **१. असुल गर्नुपर्ने** | **९६६९८** | **४१६२४** | **१३८३२२** |
| **२. नियमित गर्नुपर्ने** | **११०६२४२** | **२८१४२** | **११३४३८४** |
| • अनियमित भएको | ४३१३४८ | ४१८६ | ४३५५३४ |
| • प्रमाण कागजात पेस नभएको | ६७४८९४ | २३९५६ | ६९८८५० |
| • जिम्मेवारी नसारेको | ० | ० | ० |
| • शोधभर्ना नलिएको | ० | ० | ० |
| **३. पेस्की** | **५३६००८** | **१६६८५** | **५५२६९३** |
| • कर्मचारी पेस्की | १३८१७ | १३२०३ | २७०२० |
| • मोबिलाइजेसन पेस्की | ४९३७८२ | ० | ४९३७८२ |
| • प्रतीतपत्र पेस्की | ० | ० | ० |
| • संस्थागत पेस्की | २८४०९ | ३४८२ | ३१८९१ |

बेरुजू वर्गीकरणको विवरण **अनुसूची–१० र ११** मा उल्लेख छ ।

२.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ मा बेरुजू फछ्र्योट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था गरेको र औंल्याइएको बेरुजूको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फछ्र्योट गर्ने र फछ्र्योट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्थाबमोजिमको प्रक्रिया पुरा गर्दासमेत २०७५।७६ को बेरुजू फछ्र्योट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरुको नामावली र बेरुजू रकम **अनुसूची-१३** मा समावेश गरिएको छ ।

२.२ प्रदेश मातहत सरकारी कार्यालय, अन्य संस्था र समित समेतको यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्:

(रु. हजारमा)

| क्र.सं. | मन्त्रालय | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | | | | कुल बेरुजूको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेस्की बाँकी | जम्मा | | |
| १. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ७३२६४५७ | ५९२७५ | ६६६९५८ | ३४८९८१ | १०७५२१४ | ५८.९० | १४.६७ |
| २. | सामाजिक विकास मन्त्रालय | २८६६०७३ | ४५६८८ | ७६३९४ | ५६७९२ | १७८८७४ | ९.८० | ६.२४ |
| ३. | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १४१८२५० | ४१२५ | ८६९४१ | ७८४३० | १६९४९६ | ९.२९ | ११.९५ |
| ४. | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | १५२७५१९ | ६३०६ | १४०९२९ | १२५७४ | १५९८०९ | ८.७५ | १०.४६ |
| ५. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | २२१२६८० | ११२८७ | ११२३७९ | ५११९ | १२८७८५ | ७.०६ | ५.८२ |
| ६. | अन्य मन्त्रालय/निकाय | १०३८०४४७ | ११६४१ | ५०७८३ | ५०७९७ | ११३२२१ | ६.२० | १.०९ |
| | **जम्मा** | **२५७३१४२६** | **१३८३२२** | **११३४३८४** | **५५२६९३** | **१८२५३९९** | **१००** | **७.०९** |

२.३ यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय ११६ को लेखापरीक्षण गरेकोमा २१ कार्यालय (१८.१० प्रतिशत) मा लगती बेरुजू देखिएको छैन । समिति तथा अन्य संस्था १० तर्फ सबै निकायमा लगती बेरुजू देखिएको छ ।

२.४ यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय ११६ को २ हजार ५०६ दफा बेरुजू देखिएकोमा ६४ फछ्र्यौट भई १ हजार ४८८ दफा सैद्धान्तिक र ९ सय ५४ दफा लगती बेरुजू कायम भएको छ ।

२.५ सरकारी कार्यालयतर्फ यो वर्ष लेखापरीक्षणबाट असूल गर्नुपर्ने देखिएको रु. ११ करोड ८ लाख ३१ हजार मध्ये लेखापरीक्षणको दौरानमा रु. ८१ लाख ३५ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रु. ५१ लाख ६८ हजार र सम्परीक्षणको क्रममा रु. ८ लाख ३४ हजार समेत रु. १ करोड ४१ लाख ३७ हजार असूल भएको छ । यस सम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ ।

२.६ सरकारी कार्यालयतर्फ गत वर्ष सम्मको पेश्की रु. १० करोड ७१ लाख रहेकोमा यो वर्ष सम्परीक्षणको लागि अनुरोध हुन नआई सोही रकम नै बाँकी रहेको र सोमा यो वर्ष थप भएको रु.५३ करोड ६० लाख ८ हजार समेत रु. ६४ करोड ३१ लाख ८ हजार बाँकी रहेको छ । उक्त पेश्की मध्ये कर्मचारी तर्फ रु. १ करोड ३९ लाख १७ हजार, मोविलाईजेशन तर्फ रु. ४९ करोड ३७ लाख ८२ हजार र संस्थागत तर्फ रु. १३ करोड ५४ लाख ९ हजार छ । त्यस्तै समिति र अन्य संस्था तर्फ रु. १ करोड ६६ लाख ८५ हजार पेश्की बाँकी देखिएको छ । यस सम्बन्धि विवरण **अनुसूची-६** मा उल्लेख छ ।

२.७ सरकारी कार्यालय, समिति तथा अन्य संस्था तर्फ ३४ निकायको रु. १ करोड ६२ लाख ३१ हजार अग्रिम कर कट्टी नगरेकोमा ५ निकायको रु. ९ लाख ९ हजार असूल भई रु. १ करोड ५३ लाख २२ हजार बाँकी छ । यस सम्बन्धी विवरण **अनुसूची-८** मा उल्लेख छ ।

२.८ प्रदेश कार्यालयतर्फ यो वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु.हजारमा)

| प्रतिवेदन | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | प्रतिशत | पेश्की बाहेकको बेरुजू | पेस्की बाहेकको बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| पहिलो, २०७५ | ६९४३९५ | १६४६०९ | २३.७१ | ५७६०९ | ८.३० |
| दोस्रो, २०७७ | २५७३१४२६ | १८२५३९९ | ७.०९ | १२७२७०६ | ४.९४ |

३. **लेखापरीक्षण बक्यौता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा महालेखापरीक्षकले तोकेको म्यादभित्र लेखा र आर्थिक विवरण दाखिला गर्नुपर्ने, तदनुसार दाखिला गर्न नसकेमा म्याद थप माग गर्नुपर्ने र सो अनुसार म्याद थप माग नगर्ने जिम्मेवार व्यक्तिलाई जरिबाना र विभागीय कारबाहीसमेत गर्न सकिने व्यवस्था छ । भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत पूर्वाधार विकास कार्यालय, सिराहाको विनियोजन, राजश्व, धरौटी तर्फ रु. १ अर्व ४ करोड ४ लाख ९ हजारको स्रेस्ता लेखापरीक्षणको लागि माग भएकोमा समय अभावको कारण दर्शाई लेखापरीक्षण हुन सकेन । कानूनले तोकेको समयमा लेखा तथा आर्थिक विवरण दाखिला नगरेकोले लेखापरीक्षण बक्यौता रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-३** मा उल्लेख छ ।

## लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा

४. **कानुन निर्माण -** प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन, कानुन, प्राथमिकताको आधारमा तयार गरी प्रदेश सभामा प्रस्तुत गरी पारित गराउनुपर्दछ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरणअनुसार लेखापरीक्षण अवधिसम्म पहिचान गरिएका कानुनमध्ये २२ कानुन पारित भएका छन । आवश्यक कानुनको पहिचान गरी समयममै कानुन निर्माण गर्नुपर्दछ ।

५. **संगठन र कर्मचारी व्यवस्थापन -** संघीय व्यवस्था कार्यान्वयन गर्ने सन्दर्भमा स्थानीय तथा प्रदेशमा हस्तान्तरण हुने, संघ आफैले गर्ने तथा प्रदेश वा स्थानीय तहले गर्ने कार्यको स्पष्ट मार्गचित्र तयार नगरेका कारण स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम सञ्चालन गर्न तथा संघबाट खारेज गरिएका कार्यालय समेत प्रदेशस्तरमा स्थापना गरेको देखिन्छ । प्रदेश नं २ अन्तर्गत १ संवैधानिक निकाय, ७ मन्त्रालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्य कार्यालय एवं मातहतका कार्यालयमा सिर्जना भएको दरबन्दी बमोजिम पदपूर्ति गरी सेवालाई प्रभावकारी बनाउनु पर्दछ ।

६. **बजेट कार्यान्वयन -** प्रदेश अर्थमन्त्रीले अगामी आर्थिक वर्षको प्रदेश सरकारको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ महिनाको १ गते प्रदेश सभामा पेश गर्नुपर्ने र सो साथ राजस्व संकलन, मध्यकालीन खर्च संरचना, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धित नीतिगत व्यवस्था सहितको बजेट अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ को आय-व्ययको अनुमान २०७५ वैशाख १२ गते प्रदेश सभामा पेश गरेको देखिन्छ । प्रदेश सरकारको २०७५।७६ वार्षिक बजेट र सोको कार्यान्वयन स्थिति विश्लेषण गर्दा निम्नानुसार देखिएको छः

६.१ प्रदेश मन्त्रालय लगायतमा विनियोजित कुल रु.२९ अर्ब ७८ करोड ६९ लाख ३८ हजारमध्ये रु. १५ अर्ब ९ करोड २३ लाख ७४ हजार अर्थात ५०.६६ प्रतिशत मात्र बजेट खर्च भएको छ । मन्त्रालयगत खर्च अनुसार औसत सञ्चालन खर्च ४३ प्रतिशत र कार्यक्रम खर्च ५७ प्रतिशत भएको छ ।

६.२ आय-व्यय अनुमानमा उल्लेख भएबमोजिम सेवाग्राही सन्तुष्टि सर्वेक्षण, आकस्मिक र युवा लक्षित कोषको स्थापना, विपद् व्यवस्थापन कार्यविधि निर्माण, खाद्य पोषणसम्बन्धी प्रादेशिक नीति, प्रदेशभित्रको समष्टिगत गुरुयोजना तर्जुमा, प्रदेश स्तरीय विश्वविद्यालय तथा उच्च शिक्षासम्बन्धी नीतिको तर्जुमा भएको देखिएन । बजेटमा समाबेश नीति तथा कार्यक्रम कार्यान्वयनको हुन नसेकेको अवस्थामा बजेटको प्रभावकारिता कायम नहुने हुँदा बजेटमा समावेश कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

७. **सम्पत्ति व्यवस्थापन -** प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ को नियम ३(७) अनुसार प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकारअन्तर्गत रहेका कृषि, वन, सिंचाइ, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरु प्रदेश सरकार अन्तर्गत हस्तान्तरण भएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्ने कार्य भएको छैन । कानुनले तोके अनुसार मातहत कार्यलयको सम्पत्ति तथा सरकारी बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

८. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । प्रदेश अन्तर्गतका १८ निकायले, रु.२५ करोड ७९ लाख ६ हजारको सोझै खरिद गरेका छन् । नियमानुसार खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी बनाउनु पर्दछ ।

९. **सवारी साधन खरिद -** यो वर्ष प्रदेश सभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय, नीति आयोग तथा मुख्यन्यायाधिवक्ताको कार्यालयले ३५ सवारी साधन तथा मोटरसाईकल खरिद गरी रु.२८ करोड ९८ लाख २५ हजार खर्च गरेका छन् ।

१०. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश तहका सबै लेखाउत्तरदायी अधिकृतहरुले सम्पादन गर्न, वित्तीय

प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । सो ऐन २०७४।१२।१४ मा जारी भएकोमा लेखापरीक्षण अवधिसम्म कुनै पनि मन्त्रालयमा आन्तरिक नियन्त्रण प्रणाली लागू नभएको र दफा ३१ अनुसार आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनका लागि सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतको अध्यक्षतामा आन्तरिक नियन्त्रण समिति गठन गर्नुपर्नेमा उक्त समितिसमेत गठन भएको छैन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

११. **सेवा प्रवाह** - राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरिएको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न विभिन्न मन्त्रालयको लागि २२ कानुन पारित भएको, प्रदेश अन्तर्गतका निकायमा स्वीकृत दरबन्दी मध्ये विभिन्न पदहरु रिक्त रहको, मन्त्रालयको लागि निर्धारण गरिएको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा अन्य मन्त्रालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण लगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेकोलगायतको कारण प्रदेश सरकारबाट अपेक्षितरुपमा सेवा प्रवाह हुन सकेको पाइएन । प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमतावृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

१२. **वित्तीय जवाफदेहिता -** सार्वजनिक निकायले विभिन्न ऐन कानुन एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नुपर्दछ । व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा प्रदेश तहका निकायहरुको वित्तीय जवाफदेहिता मूल्यांकन गर्दा थप सुधार गर्दैजानुपर्ने देखिएको छ ।

१३. **लक्ष्य तथा प्रगति** - प्रदेश आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा ६५ बमोजिम यो ऐन र यस ऐन अन्तरगत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अन्तरगत आर्थिक कार्यविधि नियमावली नबनेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(८) बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित अगामी वर्षमा पनि चालु राख्नु पर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पुँजिगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा समीक्षा गर्न सकिएन ।

१४. **कार्यसम्पादन तथा बजेट श्रोतः** मन्त्रालयलाई यो वर्ष चालु तथा पूँजीगत तर्फ व्यवस्था भएको बजेटको श्रोत नेपाल सरकारको रहेको छ । मन्त्रालयको कार्य सञ्चालन तर्फ चालु कूल बजेट विनियोजनको तुलनामा २७.५६ प्रतिशत, कार्यक्रम सञ्चालन तर्फ २१.६३ प्रतिशत र पूँजीगत तर्फ ६०.७१ प्रतिशत खर्च भई वित्तीय कार्य सम्पादन कमजोर देखिएको छ । बजेट तथा कार्यक्रममा भएको व्यवस्था अनुरुप वित्तीय प्रगति कमजोर देखिँदा प्रगति न्यून अवस्थामा रहेको छ । खर्चको उपादेयता र महत्वलाई निकायले स्थापित नगरी बजेट उपयोगको कार्य प्रक्रिया शुरु गर्दा बजेट अनुमान र वास्तविक खर्चको नतिजा प्रभावकारी हुन सकेको देखिएन ।

१५. **कारोवारको लेखा -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम लेखाउत्तरदायी अधिकृतले मातहत कार्यालयबाट विनियोजन, राजश्व, धरौटी लगायत सबै वित्तीय विवरण लिई प्रदेशको एकीकृत वित्तीय विवरण र एकीकृत हिसाव तयार गरी तोकिएको समय भित्र (प्रत्येक वर्षको कार्तिक १) प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा उपलब्ध गराउनुपर्नेमा मन्त्रालयले एकीकृत वित्तीय विवरण तयार गरी पठाइएको पाइएन । सोबाट मन्त्रालयलाई स्रोत अनुसार व्यवस्था भएको संघ, प्रदेश, समानीकरण, संघ सर्शत, विशेष तथा समपूरक अनुदानको यथार्थ खर्चको नतिजा विश्लेषण हुन सकेन । एकीकृत विवरण समय भित्र तयार गर्ने कार्यमा जवाफदेहिता देखिएन ।

१६. **कोष दाखिला -** संघबाट प्राप्त सर्शत, समपूरक र विशेष अनुदानको रकम आषाढ मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत संघीय संचित कोषमा दाखिला गर्ने व्यवस्था रहेकोमा मन्त्रालयले मातहत कार्यालयलाई गएको सर्शतको बजेटबाट रकम खर्च भई बाँकी हिसाव संघीय

संचित कोष दाखिला गरेको स्थिति एकीकृत वित्तीय विवरण र बजेट विनियोजन श्रोत तयार नगरेबाट २०७६ कार्तिक मसान्तसम्म पनि दाखिला भएको छैन । संचित कोष दाखिलामा जिम्मेवारी तथा जवाफदेहिता लिएको देखिएन ।

१७. **समानीकरण अनुदान -** संघको श्रोतबाट प्राप्त वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक वर्षको कार्तिक १ गते, माघ १ गते, वैशाख १ गते र आषाढ मसान्तमा बुझाई सक्नुपर्ने लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी रहेकोमा मन्त्रालयले स्रोत अनुसारको उक्त हिसाव २०७६ कार्तिक मसान्तसम्म पनि बुझाएको देखिएन । यसरी हिसाव नबुझाउँदा संघबाट प्राप्त भएको वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम प्रदेश संचित कोषमा दाखिला गर्न नपाइने उल्लेख भएकोमा सोको कार्यान्वयन भएको छैन ।

१८. **क्षेत्रगत उपलब्धि -** बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समिक्षा गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, काम सम्पन्न हुन नसकेकोमा आइपरेका समस्या र कारण उल्लेख गर्नुपर्ने र प्रत्येक महिनाको ७ गते भित्र प्रगति विवरण तयारगरी पठाउने व्यवस्था कमजोर देखियो । तोकिएको समयमा प्रगति विवरण तयार गर्नुपर्दछ ।

# परिच्छेद-३

# मन्त्रालय र निकायगत व्यहोरा

## प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १६४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश २ ले प्रदेश सभाको कार्य संचालन गर्न, वैठकको सुव्यवस्था कायम राख्न र समितिहरुको गठन, काम, कारवाही र समिति सम्बन्धी अन्य विषय नियमित गर्न एवं प्रभावकारी बनाउन प्रदेश सभाले प्रदेश सभा कार्यसंचालन नियमावली, २०७४ मिति २०७४।११।२५ मा प्रमाणीकरण गरी पहिलो संशोधनबाट कार्यान्वयनमा आएकोमा सोही नियमावली अन्तरगत २०७४।१०।७ मा प्रदेश सभाकासदस्यले शपथग्रहण गरी २०७४।१०।२१ मा पहिलो अधिवेशन प्रारम्भ भएको थियो । प्रदेश नं २ को प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचन हुने ६४ जना, समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने ४३ जना गरी १०७ जना सभासद निर्वाचित हुने व्यवस्था रहेको छ । प्रदेश सभाको काम कारवाही सञ्चालन र व्यवस्थापन गर्न नेपालको संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालय स्थापना भई संञ्चालनमा रहेको छ ।

यो वर्ष विनियोजन रु ३५ करोड २९ लाख ७४ हजार, राजस्व रु ५ लाख ४६ हजार, धरौटी रु.४० लाख ६२ हजार समेत रु.३५ करोड ७५ लाख ८२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **दरबन्दी र पदपूर्ति -** सचिवालयलाई तोकेको जिम्मेवारी पूरा गर्न आवश्यकतानुसार कर्मचारीको दरबन्दी स्वीकृत गरी पदपूर्ति हुनुपर्दछ । सचिवालयको स्वीकृत दरबन्दी ३६ मध्ये २९ पदपूर्ति भएको छ । दरबन्दीवमोजिम रिक्त रहेका पदहरु पूर्ति हुनुपर्दछ ।

२. **विधेयक तथा कानून -** नेपालको संविधान बमोजिम प्रदेश सञ्चालनका क्रममा आवश्यकता अनुसार प्रदेश सरकारले पेश गरेको विधेयक उपर प्रदेश संसदमा छलफल गरी प्रदेश कानूनहरु निर्माण गर्नु प्रदेश संसदको मुख्य कार्य हो । यो वर्षसम्म प्रदेश सभामा ४३ विधेयक दर्ता भएको मध्ये तेस्रो अधिवेशनको यो वर्ष सम्म संसदबाट २२ वटा विभिन्न कानून निर्माण भएको छ ।

३. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला वोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ९(क) बमोजिम खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने हो होइन एकिन गरेर मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । प्रदेश सभाको अधिबेशन प्रारम्भ भई सकेको अबस्थामा लेखा उत्तरदायी अधिकृत समेत हाजिर नभएको अवस्था समेतलाई मध्यनजर गरी बिषेश परिस्थितिको खरिद प्राबधान अनुसार माननीय सभामुखबाट समर्थन गराई एउटै प्याकेजबाट हुनसक्ने रु.१ करोड ७३ लाख ५४ हजारको बस्तु तथा सेवा पटक पटक सिधै खरिद गरेको नियम सम्मत देखिएन । नियमको पालना गर्नुपर्दछ ।

४. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ बमोजिम विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालय र मातहतका कार्यालयको सम्बन्धित सचिवले तोकिए बमोजिम रकमान्तर गर्ने व्यवस्था छ । यो वर्ष आर्थिक मामिला मन्त्रालयले सवारी साधनमा शुरुमा रु.४० लाख मात्र बजेट व्यवस्था रहेकोमा २०७५।४।२८ मा रु.४ करोड र २०७५।१२।२५ मा रु.५ करोड ४० लाख समेत रु.९ करोड ४० लाख राजश्व बाँडफाँड श्रोतबाट रकमान्तर गरेको छ । त्यस्तै भैपरी आउने चालुमा मा रु.३० लाख २०७६।२।२९ मा रकमान्तर गरेको छ । मातहत कार्यालय भित्रको बजेटबाट सचिवालय सचिवले २०७६।३।२५ मा रु.४ लाख ५० हजार र रु.२१ लाख ५ हजार विविध तथा भवन निर्माण शीर्षकबाट रकमान्तर गरेको देखिन्छ । आर्थिक वर्षको अन्तमा आई रकमान्तर गर्ने, शुरु बजेटको तुलनामा अधिक रकमान्तर गर्ने र बजेटको यर्थार्थ अनुमान र प्रस्ताव न्यून गर्ने स्थिति उपयुक्त देखिएन । रकमान्तर गर्ने प्रक्रियामा सुधार गर्नुपर्दछ ।

५. **पारिश्रमिकमा कर -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को दफा ३,४,६,७,८ र ९ संग सम्बन्धित पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । यो वर्ष पारिश्रामिक पदाधिकारी तर्फ रु.६ करोड ४२ लाख ४ हजार, पदाधिकारी वैठक भत्ता रु.६१ लाख ३२ हजार, पदाधिकारी अन्य सुविधा रु.७ करोड ८५ लाख १० हजार समेत रु.१४ करोड ८८ लाख ४६ हजार खर्च गरेको देखिन्छ । यस्तो खर्च भुक्तानी गर्दा ईप्यानको माध्यमबाट ई टि डि एस प्रक्रिया अवलम्बन गरेको छैन । पारिश्रमिक तथा सुविधा भुक्तानीमा इटिडिएस प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

६. **मर्मत सम्भार खर्च -** प्रत्येक सवारी साधनको मर्मत अभिलेख र सोको मापदण्ड तयार गरी प्रत्येक सवारीमा भएको मर्मत खर्च, मर्मत आदेश, तथा प्रयोग गर्ने पदाधिकारीले प्रमाणित गरी मर्मत खर्च, समय संग समन्वय हुनेगरी सवारी मर्मत संभार खर्च नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । सचिवालय अन्तर्गत कूल २० सवारी साधन रहेकोमा सोको नियन्त्रण अभिलेख र मर्मत संभार अभिलेख राखेको देखिएन । यो वर्ष सवारी साधन मर्मतमा रु.४९ लाख ९९ हजार खर्च लेखेको छ । सवारी साधन मर्मतको प्रतिस्पर्धा, खरिद मूल्यमा हालसम्मको मर्मत खर्च, मर्मत आदेश, सवारी प्रयोग गर्ने पदाधिकारीको स्वीकृति, लगायतको विषयसँग सम्बन्धित कागजात, पुराना सामानको फिर्ता दाखिला समेत देखिने गरी अभिलेख राखी मर्मत संभार खर्च नियन्त्रण गर्नुपर्दछ ।

७. **प्रोत्साहन भत्ता -** प्रदेश सभा सचिवालयमा खटिई कामकाज गर्ने कर्मचारीहरुको लागि कामको प्रकृति अनुरुप मिति २०७५।३।१३ को प्रदेश नं.२ सभामुखको अध्यक्षतामा बसेको सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको बैठकले प्रदेश कार्यसंचालन नियमावली, २०७५ को नियम २०१ को उपनियम (१) बमोजिम प्रति महिना शुरु तलब स्केलको ८० प्रतिशत सम्म कार्यसम्पादनको आधारमा प्रोत्साहन भत्ता दिने निर्णय गरेको छ । त्यस्तै प्रदेश सभा कार्य सञ्चालन नियमावली, २०७५ को नियम २०१ को उपनियम (१) बमोजिम प्रोत्साहन भत्ता लगायत खाजा तथा खाना खर्च प्रति दिन रु. २५०.०० र सार्वजनिक विदाको दिन कार्य गरेवापत प्रति दिन रु. ८ सय, एक महिनाको तलब बराबर विशेष भत्ता वर्षमा १ पटक तथा प्रति महिनाको सुरु तलब स्केलको आधारमा मर्यादापालक र पदाधिकारीहरुको सुरक्षा कर्मीको लागि ३५ प्रतिशत भत्ता दिने निर्णय भएको देखिन्छ । कर्मचारीलाई कार्यगरेका दिनको प्रोत्साहन भत्ता वापत उपलब्ध गराए पश्चात थप खाजा, खाना, अतिरिक्त समय र बजेट विशेष भत्ता वापत खर्च लेखेको र नियमसम्त देखिएन । यो वर्ष सचिवलायले कर्मचारी प्रोत्साहन वापत रु.१ करोड २३ लाख ९३ हजार खर्च लेखेको छ । त्यस्तै सचिवालयको अतिथि सत्कार, खाजा, खाना, बजेट विशेष भत्ता र सार्वजनिक विदाको दिनमा कार्य गरेवापत यो वर्ष विविध शीर्षकमा रु.१ करोड ४३ लाख ७५ हजार खर्च लेखेको छ । दोहोरो भत्ता वापत भुक्तानी गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । करार सेवा तथा परामर्श सेवा खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

८. **करार सेवा र परामर्श खर्च -** प्रदेश सभामा रहने कर्मचारीहरुको दरबन्दी नियन्त्रण गर्ने सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त संगठनात्मक संरचना र दरबन्दी तेरिजमा प्राविधिक तथा श्रेणीविहीन तहका कर्मचारी कम देखिएकोले प्रदेश सभा कार्य संचालन नियमावली, २०७५ को परिच्छेद २६ को नियम २०१ बमोजिम अस्थायी दरबन्दी थप गर्न २०७५।८।३ को निर्णयानुसार विभिन्न पदका संघीय दरवन्दी १० मा ४१ पद थप गरी ५१ दरबन्दी पुऱ्याएको छ । सो सेवा प्राप्तीको लागि सेवा र परामर्श खर्चमा रु.१४ लाख ४९ हजार तथा करार सेवा शुल्कमा रु.७३ लाख ४० हजार समेत रु.८७ लाख ८९ हजार खर्च लेखेको छ । परामर्श सेवा तर्फ सचिवालयले १ प्रेस सल्लाहकार, १ राजनितिक सल्लाहकार, १ विशेषज्ञ डाक्टर र १ इन्जिनियरलाई परामर्श सेवामा नियूक्त गरी मासिक रु.२० हजार देखि ३४ हजार २२० का दरले पारिश्रमिक भुक्तानी गरेको छ । पारिश्रमिक भुक्तानी गर्दा सेवा वापत परामर्शदाताहरुले गरेको कार्य विवरण संलग्न गरेको समेत देखिएन । प्रदेश सभा सञ्चालन नियमावली, २०७५ को नियम २०१ अनुसार समिति तथा सचिवालयको लागि विज्ञ आवश्यक परे त्यसको सेवा सुविधा तोक्ने र नियुक्ति गर्ने व्यवस्था अनुरुप मासिक रुपमा सुविधा पाउने गरी नियुक्त गरेको छ । दरवन्दि सिर्जना नगरी मासिक रुपमा पारिश्रमिक उपलब्ध गराई नियुक्ति गर्ने प्रक्रिया उचित देखिएन ।

९. **पूँजीगत खर्च -** यो वर्ष चालु वर्षमा पूँजीगत तर्फ कूल रु.१६ करोड ३५ लाख ७० हजार बजेट व्यवस्थामा रु.१२ करोड ५१ लाख ११ हजार अर्थात कूल विनियोजनमा ७६.४८ प्रतिशत खर्च भएको देखिन्छ । कार्यक्रम तथा बजेटमा व्यवस्था भएको रकम खर्च गरी पूर्णरुपमा वित्तीय कार्यसम्पादनबाट अपेक्षित लक्ष्य

हासिल गरेको छैन । भवन निर्माण तथा संरचना सुधार, फर्निचर, मेशिनरी औजार लगायतमा रु.३ करोड ८४ लाख ५९ हजार बजेट व्यवस्था भएतापनि कार्यान्वयनमा आएको देखिएन ।

१०. **लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान स्पेशिफिकेशनमा रही बजारको प्रचलित दरभाउ, मालसमान आपूर्ति गर्न लाग्ने ढुवानी खर्च, अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत जस्ता कुराहरुको आधार लिई तयार गुर्नपर्ने व्यवस्था छ । सचिवलायले यो वर्ष रु ९ करोड ८१ लाख ७३ हजार मूल्यका १५ थान सवारी साधनहरु खरिद गर्दा मेकानिकल इन्जिनियरबाट पेश भएको लागत अनुमान साथ नियमावलीमा भएको व्यवस्था अनुसारका आधार लिएको विस्तृत विवरण तयार गरेको छैन । साथै निर्माण कम्पनीको आधार मूल्य संलग्न गरी लागत दरलाई आधार बनाएको देखिएन् । कम्पनिको मूल्यमा लागत दर लाई आधार बनाउनु पर्ने र लागत तयार गर्ने तथा मूल्याङ्कन गर्ने पदाधिकारी फरक हुनुपर्ने व्यवस्था अवलम्बन गर्नुपर्दछ ।

११. **मूल्यअभिवृद्धिकर -** संघीय सरकार आर्थिक ऐन, २०७६ मा ठेक्का वा करारबाट २०७६ जेष्ठ१५ भन्दा पछाडिको भुक्तानीमा मूल्य अभिवृद्धि करमा दर्ता भएको पार्टीलाई भुक्तानी गर्दा ५० प्रतिशत मूल्यअभिवृद्धि कर कट्टी गरी मूल्यअभिवृद्धिकर खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा सम्झौता अनुरुप ८ थान जिप र १ थान पिकअप खरिदको एक अटो डिस्ट्रिव्युटर्स प्रा.लि.लाई ९ थान कर विजकबाट मूल्यअभिवृद्धिकर भुक्तानी भएको रु.५७ लाख ८४ हजारको ५० प्रतिशतले हुने र.२८ लाख ९२ हजार कट्टी गरी सम्बन्धित करदाताको मूल्यअभिवृद्धिकर खातामा दाखिला गरेको देखिएन  मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश गर्नु पर्दछ ।

१२. **अधुरो कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको काम त्यस्तो सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले म्याद सकिनु कम्तिमा ७ दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपका लागि निवेदन दिई अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचवुझ गरी कारण मनासिव देखिएमा म्याद थप गर्न सक्ने व्यवस्था छ । सचिवालयले यस वर्ष एक खरिद सम्झौतामा निर्माण व्यवसायीलाई सम्झौता अवधि भित्र कार्य सम्पन्न हुन नसकेकोमा मनासिव कारण वेगर म्याद थप नगरी सम्पन्न गरेको कार्यको मूल्याङ्कन गरी रु.३९ लाख ९० हजार भुक्तानी गरेकोमा रु.१५ लाख ६८ हजार सम्झौता भन्दा घटी कार्य गर्दा समेत पूर्वनिर्धारित क्षतिपूर्ति रकम असूल गरेको देखिएन ।

१३. **दर्ता नभएकासँग कारोवार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले वीस हजार रुपैया भन्दा बढी रकमको मूल्य अभिवृद्धि कर लाग्ने मालसामान खरिद गर्दा आन्तरिक राजश्व कार्यलयबाट मूल्य अभिवृद्धिकरमा दर्ता प्रमाण पत्र प्राप्त गरेका फर्मबाट खरिद गर्नुपर्ने व्यवस्था छ । सचिवालयले यो वर्ष ८ आपूर्तकबाट रु.६ लाख ९९ हजारको मूल्य अभिवृद्धिकर लाग्ने सामानको खरिदमा रु.२० हजार भन्दा बढीको भुक्तानी गर्दा मूल्य अभिवृद्धिकर दर्ता भएकासँग कारोबार गरेको देखिएन । नियमको पालना गर्नुपर्दछ ।

१४. **सेवा सुविधा -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्वन्धि ऐन, २०७५ अनुसार सभाका सदस्यहरुलाई फर्निचर सुविधा वापत (५ वर्षको अवधिमा) एकमूष्ट रु.५० हजार दिने व्यवस्था भएकोमा उक्त सदस्यहरुबाट नै विभिन्न ६ विषयगत समितिका सभापति, सदस्य नियुक्त हुँदा तथा प्रमुख सचेतक हुँदा समेत पुनः फर्निचर सुविधा वापत (५ वर्षको अवधिमा) एकमूष्ट रु.७० हजार दिने व्यवस्था भएतापनि दोहोरो भुक्तानी नहुने गरी खर्च लेख्नु पर्नेमा  सदस्यको रुपमा पाएको फर्निचर वापतको ७ माननीय सदस्यको रु.३ लाख ५० हजार दोहोरो परेको रकम असुल गर्नुपर्दछ ।

१५. **खर्च शीर्षक -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा खर्च गरेको रकम नियमित हुन सक्ने व्यवस्था भएकोमा कर्मचारीहरुलाई अतिरिक्त समय काम गरेवापत रु.४० लाख ५ हजार अन्य भत्ता खर्च शीर्षकबाट खर्च लेख्नु पर्नेमा विविध खर्च शीर्षकबाट लेखेको नियम सम्मत देखिएन् ।

१६. **भ्रमण खर्च -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ९ मा प्रदेश सभाको कामको सिलसिलामा नेपाल भित्र वा नेपाल वाहिर भ्रमण गर्दा पदाधिकारी वा सदस्यहरुलाई सभामुखको लागि रु.३ हजार र उपसभामुख लगायत अन्यलाई प्रतिदिन रु २ हजार ५०० का

दरले भ्रमण खर्च भुक्तानी दिने व्यवस्था छ। यो वर्ष विशिष्ट व्यक्तिको लागि भ्रमण भत्ता तथा सोको इन्धन वापत रु.२३ लाख ६८ हजार खर्च लेखेको छ। भ्रमण आदेशमा विभिन्न सरकारी काम, विभिन्न समयमा कार्यक्रममा सहभागी भए बापत पनि सभामुख तथा उपसभामुखलाई भ्रमण खर्च भुक्तानी भएको छ। यस्तो भ्रमण खर्च ऐन बमोजिम प्रदेश सभा सचिवालय सम्बन्धी कार्यमा मात्र भुक्तानी दिने रहेकोमा विभिन्न जिल्लागत कार्यक्रममा समावेश हुँदा भ्रमण खर्च भुक्तानी गर्न र माग गर्ने स्थितिमा नियन्त्रण गर्नुपर्दछ।

१७. **वित्तीय प्रतिवेदन सार्वजनिक -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४६ बमोजिम सम्बन्धित कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु तोकिएको समयावधि समाप्त भएको मितिले ७ दिन भित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने व्यवस्था रहेकोमा सो अवलम्बन गरी कार्यन्वयनमा ल्याएको देखिएन। वित्तीय प्रतिवेदनहरु सार्वजनिकीकरण गर्नुपर्दछ।

१८. **भ्रमण अभिलेख -** भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कर्मचारीलाई विभिन्न सरकारी कार्यमा जिल्ला बाहिर खटाउँदा भ्रमणको उद्देश्य, भ्रमण समय देखिने भ्रमण अभिलेख बेगर रु.४१ लाख ४१ हजार भुक्तानी गरेको छ। भ्रमण अभिलेख राखी आवश्यकता, उद्देश्य, किफायती माध्यम, कम खर्चिलो उपाय अवलम्वन गरी यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ।

१९. **चौमासिक खर्च -** पूँजीगत खर्चगर्दा प्रथम चौमासिकमा वोलपत्र तथा खरिदको कारवाही अपनाउने र दोस्रो चौमासिकमा सोको कार्यान्वयन गर्नुपर्नेमा प्रथम चौमासिकमा रु.६ लाख ८१ हजार, दोस्रो चौमासिकमा रु.१ करोड ५९ लाख ५ हजार र तेस्रो चौमासिकमा रु.१० करोड ८५ लाख २५ हजार खर्च गरेको छ। तेस्रो चौमासिक मध्ये आषाढ महिनामा मात्र रु.८ करोड ९० लाख १५ हजार अर्थात कूल खर्चको ७१ प्रतिशत खर्च गरेको छ। खरिद कारवाहीको समय निर्धारण नगर्ने, खरिदको गुरु योजना नबनाउने, वार्षिक खरिदको योजना नबनाउने, बजेट थपको आधारमा खरिद अबलम्बन गर्ने, आषाढ महिनामा आई हतारमा खरिद गर्ने स्थिति उपयुक्त देखिएन। गुणस्तरीय सेवा तथा सामान एवं निर्माण कार्यको प्रगति लिन उल्लेखित प्रक्रियामा तत्काल सुधार गरी खरिद योजना र समय बीच चौमासिक कार्य लक्ष्य अनुसार प्रगति हासिल गर्ने व्यवस्थामा सुधार हुनु पर्दछ।

२०. **पारिश्रमिक कर -** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम पारिश्रमिक एवं नगदबाट विभिन्न सुविधा प्राप्त गर्ने व्यक्तिले आर्थिक ऐन,२०७५ अनुसार आयवर्ष २०७५।७६ को लागि तोकिएको छुट हुने रकम समायोजन पश्चात करयोग्य आयमा लाग्ने कर भुक्तानी तथा कट्टी गर्नुपर्ने व्यवस्था छ। पदाधिकारी तथा प्रदेश सभा सदस्य एवम् कर्मचारीलाई उपलब्ध गराएको सेवा सुविधा, पारिश्रमिक एवं प्रोत्साहन लगायतको आयलाई निर्धारण योग्य कूल आयमा गणना भएको देखिँदा कट्टी गरेको कर समायोजन पश्चात ऐन बमोजिम लाग्ने कर रु. ९६ लाख ३१ हजार सम्बन्धितबाट असुल गरी संघीय राजश्व खातामा दाखिला गर्नुपर्दछ।

- **बेरुजू स्थिति -** प्रदेश सचिवालय तर्फ रु. १ करोड ७९ लाख ६६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट बेरुजु फछ्र्यौट हुन नसकि सोही रकम बाँकी रहेको छ। सो मध्ये रु. ८ लाख २६ हजार पेश्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची १०** मा समावेश छ।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

नेपालको संविधान, २०७२ को धारा २३२ मा संघ, प्रदेश र स्थानीय तह वीचको सम्बन्ध सहकारिता, सह अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रही प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने, प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणिकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.१ अर्व २७ करोड ४८ लाख ७२ हजार, राजस्व रु.५ लाख २३ हजार, धरौटी रु ३९ लाख ६९ हजार र अन्य कारोबार रु १३ करोड ८८ लाख ८६ हजार समेत रु. १ अर्व ४१ करोड ८२ लाख ५० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **नीति कार्यान्वयन -** प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेश सरकारको नीतिको कार्यान्वयन अवस्थाको मूल्यांकन गर्ने कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयलाई तोकेको छ । आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धमा मूल्यांकन भएको देखिएन । नीति तथा कार्यक्रमको मूल्याङ्कन हुनुपर्दछ ।

२. **विनियोजन -** यो वर्ष सचिवालयलाई रु.२ अर्व १८ करोड ५५ लाख १८ हजार बजेट बाँडफाँड तथा विनियोजन भएकोमा रु.१ अर्व १६ करोड २४ लाख ७ हजार बजेट कार्यान्वयनमा नआई प्रदेश संचित कोषमा फिर्ता भएको छ । पूर्ण रुपले वार्षिक कार्यक्रम संचालन हुन नसक्दा बित्तीय कार्य सम्पादन ४६.८१ प्रतिशत रहन गई विनियोजन दक्षता न्यून देखिएको छ । कार्यक्रम कार्यान्वयन गरी दक्षता बढाउनुपर्दछ ।

३. **बजेट तथा कार्यक्रमको मूल्याङ्कन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी अर्धवार्षिक र वार्षिक रुपमा सो अवधि समाप्त भएको २ महिना भित्र विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । राजश्व, खर्च, आयोजना र कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त भएको समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान रकम, वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ती तथा परिचालनको यथार्थ विवरण तथा प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरुको कार्यान्वयन अवस्था र अन्य आवश्यक विवरणको आधारमा मूल्याङ्कन गरेको देखिएन । बजेट तथा कार्यक्रमको मूल्याङ्कन गरी आगामी कार्ययोजना तयार गर्नुपर्दछ ।

४. **प्रदेश समन्वय परिषद** - स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामन्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारक्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँड सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिष्द रहने र परिषदको बैठक बर्षको कम्तिमा एक पटक वस्ने व्यवस्था रहेको छ । प्रदेश र स्थानीय तह बीचको नीतिगत सामन्ज्जस्यता, योजना व्यवस्थापन, साझा अधिकार जस्ता मूलभूत विषयमा नीतिगत रुपमा समन्वय हुन नसकेको, राजनैतिक, वित्तीय र प्रशासनिक अन्तरसम्बन्धका सम्बन्धमा निर्णय नभएको, प्राकृत्तिक श्रोत र साधनको उपयोग एवं बाँडफाँड तथा सो को स्रोत संकलनमा प्रभावकारिता नआएको जस्ता व्यहोरा स्थानीय तहहरुमा देखिएका छन । परिषदको बैठकमा समस्या पहिचान गर्ने, सोको अभिलेख अद्यावधिक गर्ने र भएका निर्णय कार्यान्ययनका गर्ने गराउने व्यवस्था हुनु पर्दछ ।

५. **खरिद योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ तथा नियम ८ बमोजिम मन्त्रालयले एक वर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक १० करोड रुपैंया भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरु योजना तयार गर्नुपर्ने साथै रु.१० लाख भन्दा बढी रकमको खरिद गर्नुपर्दा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भएपछि सो अनुरुप कार्यक्रम सञ्चालन गर्ने व्यवस्था रहेकोमा यो वर्ष निर्माण तथा खरिदमा रु.६० करोड ८१ लाख ५७ हजारको खरिद सम्झौता गरेकोमा गुरुयोजना र वार्षिक खरिद योजना बनाएको देखिएन । नियममा तोकिए बमोजिमको खरिद योजना बनाउनु पर्दछ ।

६. **संगठन तथा व्यवस्थापन -** प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण गरी विभिन्न मितिमा

सम्बन्धित संघीय मन्त्रालयमा पठाएकोमा स्वीकृत भएको छैन । संगठन संरचना स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

७. **सेवाग्राही सन्तुष्टि सर्भेक्षण -** प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सन्तुष्टि सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने उल्लेख भएकोमा सोको कार्यविधि स्वीकृत भएको देखिएन । कार्यविधि स्वीकृत गरी सेवा वितरणको मापदण्ड निर्धारण गर्नुपर्दछ ।

८. **लक्ष्य तथा प्रगति -** प्रदेश सरकार अन्तर्गत आर्थिक कार्यविधि नियमावली नबनिसकेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(२) बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित अगामी वर्षमा पनि चालु राख्नु पर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । सचिवालयले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पुँजिगत कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रम र प्रगति विश्लेषण गर्न सकिएन । तोकिएको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्दछ ।

९. **अख्तियारी -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम श्रावण १५ भित्र अख्तियारी प्राप्त गरी खर्च प्रक्रिया अवलम्बन गर्नुपर्नेमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट २०७५।४।३० मा रु.१ अर्व ९५ करोड ८३ लाख ६८ हजारको अख्तियारी प्राप्त भएको देखिन्छ । उक्त बजेटमा पटक पटक थप अख्तियारी दिएको र खर्चशीर्षकमा रकमान्तर गरेको अवस्था छ । आर्थिक मामिला तथा योजना मन्त्रालयबाट २०७६।३।२५ मा पूँजीगत तर्फ रु.६ करोड ७८ लाख ५६ हजार थप गरेको छ । निर्धारित समय भित्र अख्तियारी दिनुपर्दछ ।

१०. **कार्यक्रम संशोधन -** मुख्यमन्त्री स्वच्छता अभियान तर्फ ८ जिल्लामा विभिन्न कार्यक्रम सञ्चालन गर्न शुरुमा विनियोजन गरेको २० क्रियाकलापमा रु.२५ करोड ६३ लाख ९५ हजार नपुग हुने भई सोही क्रियाकलापमा रु.३९ करोड ५६ लाख थप गरी ५४ प्रतिशतले कार्यक्रममा संशोधन गरी रु. ३१ करोड ५० लाखको बजेट सुनिश्चितता प्रदान गरेको देखिन्छ । शुरुमा निर्माण गरेको कार्यक्रमलाई आवधिक योजना अनुकूल बनाउन नसक्नुले कार्यक्रम संशोधन गर्नुपर्ने अवस्था सृजना भएको देखिन्छ । कार्यक्रम संशोधन नहुने गरी क्रियाकलाप र बजेटको निश्चितता कायम गर्नुपर्दछ ।

११. **संसदीय कोष -** संघीय सरकारको सशर्त अनुदानबाट प्राप्त भएको रकम मध्ये खर्च भई बाँकी रहेको रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।०७५ मा खर्च नभई बाँकी रहेको रु.४१ लाख ५९ हजार यो वर्ष कार्यसञ्चालन कोष खातामा आम्दानी देखाएकोमा उक्त रकम संचित कोषमा दाखिला हुनुपर्दछ ।

१२. **रजिष्ट्रेशन लिखत -** प्रदेश सरकारको आर्थिक विधेयक, २०७५ अनुसार प्रदेश नं.२ भित्रका महानगरपालिका, उप-महानगरपालिका र नगरपालिका क्षेत्र भित्रको पारित हुने लिखतमा घरजग्गा रजिष्ट्रेशन दस्तुरमा ( राजीनामा, छोडपत्र र हालैको वकस) उल्लेख गरिएको थैली अंकको शुन्य दशमलव ५ प्रतिशत दस्तुर मुख्यमन्त्री स्वच्छता अभियान कोषका लागि असूल गर्ने व्यवस्था छ । सो बमोजिम यो वर्ष सम्बन्धित मालपोत कार्यालयहरुबाट रु.२ करोड ४९ लाख ३१ हजार आय प्राप्त गरेको छ । त्यस्तै राजिष्ट्रेशन वापत मालपोत कार्यालयहरुले सम्बन्धित स्थानीय तहमा पठाउने कूल रकमको सात प्रतिशत रकम सम्बन्धित मालपोत/भूमिसुधार/नापी कार्यालयहरुको संस्थागत सुदृढीकरण, भवन निर्माण, मर्मत, श्रेस्ता व्यवस्थापन तथा दैनिक कार्यसञ्चालनमा खर्च गर्ने गरी स्थानीय तहले सम्बन्धित मालपोत कार्यालयमा उपलब्ध गराउनुपर्ने र यसरी उपलब्ध गराएको रु.६ लाख भन्दा बढी भएमा सो भन्दा बढी भएको रकम वेटी पढाउ बेटी बचाउ कोषमा दाखिला गर्नुपर्ने ऐनको व्यवस्था अनुरुप यो वर्ष सम्बन्धित स्थानीय तहहरुबाट रु.४७ लाख ९३ हजार प्राप्त गरेको देखिन्छ । उक्त रकमहरु यो वर्ष खर्च नभई आर्थिक वर्ष २०७६।७७ लाई जिम्मेवारी सारेको छ । सबै मालपोत कार्यालयहरुबाट तोकिएको रकम प्राप्त गर्नुपर्दछ ।

१३. **मुख्यमन्त्री राहत कोष -** प्रदेश नं. २ को विपद् व्यवस्थापन ऐन, २०७५ को दफा ६ अनुरुप विपद् व्यवस्थापनका लागि मुख्यमन्त्री विपद् व्यवस्थापन कोष खडा गर्ने र सो कोषमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्ति तथा संस्थाबाट प्राप्त भएको रकम जम्मा गर्ने व्यवस्था छ । रिभल्विङ्ग फण्डको रुपमा कोष सञ्चालन गर्न मुख्य मन्त्रीको संयोजकत्वमा ६ सदस्यीय समितिको व्यवस्था छ । कोष खर्चको आधार र

प्रक्रिया ऐनको दफा ७ मा उल्लेख छ । कोषमा गत वर्षको मौज्दात समेत रु.१० करोड ५० लाख ३ हजारमा रु.४ करोड २२ लाख ९ हजार खर्च गरी रु.६ करोड २७ लाख ९४ हजार मौज्दात रहेको छ । यस सम्वन्धमा निम्न व्यहोरा देखिन आएका छन् :-

१३.१. मधेश आन्दोलनका शहिद परिवार र घाइते सहायता निर्देशिका, २०७५ अनुसार मधेश आन्दोलनमा घाइते, पूर्ण घाइते तथा मृत्यु भएका ९९ जनालाई रु.२५ हजार देखि ३ लाख सम्मका दरले यो वर्ष रु.१ करोड २३ लाख २५ हजार आर्थिक सहायता प्रदान गरेको छ । निर्देशिकामा उल्लेख भए बमोजिम सहायताको अभिलेख राख्नुपर्दछ ।

१३.२. बाढीबाट, नहरमा डुबेर, करेन्ट लागेर मृत्यु, महिला एसिड आक्रमण, महामारीरोग, आगलागी, डुङ्गा पल्टी मृत्यु, जिप दुर्घटना, अपाङ्ग, क्यान्सर, मुटुरोग, वैदेशिक मृत्यु, यातना तथा झुटा मुद्दा, अंगभंग, न्यूनआय अध्ययन, हृदयघात, छोरीको विवाह, आर्थिक अवस्था कमजोर लगायतमा ९७ जनालाई विभिन्न दरले मन्त्रिपरिषद्को निणर्यानुसार रु.७४ लाख ७० हजार आर्थिक सहायता प्रदान गरेको छ । यस्तो सहायतामा कमी ल्याउन नियन्त्रणमूलक पद्धति अपनाउनु पर्दछ ।

१४. **कार्यक्रमिक सहायता -** मन्त्रिपरिषद्को वैठकबाट विभिन्न संघ संस्थालाई सभा, उत्सव, प्रर्दशन, मेला, प्रवचन, खेल, खरिद, महाधिवेशन, सम्मेलन, प्रकाशन, प्रतियोगिता, लगायतमा २६ संस्थालाई रु.७२ लाख ७३ हजार विल भरपाई वेगर कार्यक्रम वापत आर्थिक सहायता प्रदान गरेको छ । आर्थिक सहायता वितरण गर्ने कार्यविधि तयार गर्नुपर्दछ । आर्थिक सहायता वापतको रकम खर्च लेखेको मध्ये चेकको अवधि समाप्त भएका र चेक बुझ्न नआएका व्यक्तिको रु.१६ लाख ९० हजार रहेकोमा रकम श्रेस्तामा खर्च देखिएको तर वैंकबाट खर्च नदेखिएबाट कोषमा पुनः आय लेखाङ्कन गर्नुपर्दछ ।

१५. **पछुवा गाडीको खर्च -** माननीय मुख्य मन्त्रिज्यूको मिति २०७५ माघ २९ गतेको मन्त्रिपरिषदको बैठकमा राखेको प्रस्तावको निर्णयानुसार आन्तरिक मामिला तथा कानुन मन्त्रिले पछुवाको रुपमा २०७४।११।१६ देखि २०७५।७।३० सम्म प्रयोग गरेको सवारीको रु.५ लाख ७६ हजार एक केन्द्रलाई पदाधिकारी अन्य सुविधाबाट भुक्तानी गरेको छ । खर्च शीर्षक फरक पारी तथा भुक्तानि दिन बाँकीको कच्चावारी प्रमाणित वेगर लेखेको रकम नियम सम्मत देखिएन । यस्तो पछुवा गाडी आवश्यक परे सरकारी तवरबाट व्यवस्था गर्नुपर्दछ ।

१६. **जिन्सी -** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम जिन्सीको लेखाङ्कन गर्दा सोको खरिद मूल्य र वस्तुको प्रकृति बमोजिम खर्च भईजाने र नजाने जिन्सी खातामा प्रविष्ट गर्नुपर्ने व्यवस्था छ । जिन्सीको नमुना परीक्षण गर्दा ठूलो ब्लाङ्केट ८ थान, ग्यास चुल्हो १० सेट, स्टिलका भाडाकुडा, कूकर, मोटर टायर १० थान, पानी ट्याङ्की, वेभ क्यामेरा, प्रोजेक्टर, हेयर कटिङ्ग मेशिन, आइरन, मिक्चर मेशिन लगायतका विभिन्न प्रकारका २१० थान मेशिनरी औजारहरुलाई खर्च भई जाने जिन्सीमा लेखाङ्कन गरी खर्च देखाएको छ । आवास तथा कार्यालयको प्रयोगमा रहेका समानको विनकार्ड तयार नगरेको जिन्सीको वितरित सामानको जिम्मा सम्बन्धी सहायक रजिष्टर समेत खडा नगरेकोले जिन्सी सामानको उचित, प्र्याप्त र भरपर्दो अभिलेख प्रणाली कायम गरी सामानको हिनामिना र दुरुपयोग हुन नदिन अभिलेख व्यवस्थापन गनुपर्दछ ।

१७. **योग्यता तथा सुविधा -** मुख्यमन्त्री र मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ११ मा मुख्यमन्त्री र मन्त्रीको काममा सहयोग पुऱ्याउन ऐनको अनुसूची-२ बमोजिमको संख्यामा कर्मचारी रहने गरी निजी सचिवालयको व्यवस्था छ । सो व्यवस्था अनुरुप स्वकीय सचिव (रा.प. प्रथम श्रेणी), रा.प. द्वितिय श्रेणी, रा.प. तृतिय श्रेणी लगायत विभिन्न तहका ३२ कर्मचारीहरु रहने व्यवस्था अनुसूची-२ मा उल्लेख छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिन आएका छन् :

१७.१. मुख्यमन्त्री र मन्त्रीको निजी सचिवालयमा नियुक्ति भएका कर्मचारीको नियुक्तिपत्र सचिवालयमा दर्ता भएको मिति भन्दा १० महिना अगाडि र गत आर्थिक वर्ष समेतको रु.२३ लाख ५९ हजार कार्य सम्पादन र हाजिर प्रमाणित वेगर पारिश्रमिक खर्च लेखेको रकम नियम सम्मत देखिएन ।

१७.२. निजी सचिवालयमा नियुक्त भएका कर्मचारीहरुको रा.प. प्रथमदेखि माली सम्मका पदहरुमा शैक्षिक योग्यताका प्रमाणपत्र संलग्न नगरी सम्बन्धित मन्त्रीहरुबाट सोझै नियुक्ति गरेको छ । ऐनमा मन्त्रीहरुबाट सोझै नियुक्ति गरी खर्च गर्ने व्यवस्था छैन । निजी सचिवालयमा कार्यरत कर्मचारीको हाजिरी, कामको मासिक विवरण, शैक्षिक योग्यताको प्रमाणपत्र संलग्न नगरी २ करोड ७३ लाख २३ हजार खर्च लेखेको कानून सम्मत देखिएन ।

१८. **आर्थिक सल्लाहकार/सुरक्षा सल्लाहकार -** मुख्यमन्त्री र मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ मा प्रदेश सरकारले आर्थिक सल्लाहकार तथा सुरक्षा सल्लाहकार नियुक्ति गरी पारिश्रमिक भुक्तानी दिने व्यवस्था छैन । यो वर्ष एक आर्थिक सल्लाहकारलाई रु. १ लाख ४७ हजार (सहायक मन्त्रीसरह) तथा एक प्रदेश सुरक्षा सल्लाहकारको रु.१ लाख ७३ हजार समेत रु.३ लाख २० हजार पारिश्रमिक भुक्तानी गरेको छ । सल्लाहकार राखी सुविधा दिने व्यवस्था कानूनमा व्यवस्था नभएकोले खर्च लेखेको रकम नियम सम्मत देखिएन् ।

१९. **खर्च शीर्षक -** एक खर्च शीर्षकमा लेख्नुपर्ने रकम बजेट अभावको कारण अर्को खर्च शीर्षकमा लेख्दा सम्बन्धित आधिकार प्राप्त अधिकारीबाट स्वीकृत लिनुपर्ने व्यवस्था छ । मन्त्रीका सचिवालयका कर्मचारीलाई पदाधिकारी अन्य सुविधा खर्च शीर्षकबाट रु.१८ लाख ३४ हजार खर्च लेख्नुपर्नेमा पारिश्रमिक पदाधिकारी बाट खर्च लेखेको र पदाधिकारी अन्य सुविधाबाट मन्त्री तथा राज्यमन्त्रीहरुको दैनिक भ्रमण भत्ता खर्च लेख्नु पर्नेमा भ्रमण खर्च शिर्षकबाट खर्च लेखेको रु.२० लाख ३५ हजार समेत रु.३८ लाख ६९ हजार शीर्षक परिवर्तन गरी खर्च लेखेकोमा सर्मथन गराएको छैन ।

२०. **भ्रमण खर्च -** प्रदेश सरकारको भ्रमण खर्च नियमावली नबनेको अवस्थामा संघीय सरकारको भ्रमण खर्च नियमावली, २०६४ लागु हुने व्यवस्था छ । भ्रमण खर्च नियमावली, २०६४ को नियम ३ बमोजिम स्वीकृत प्राप्त अधिकारीको आदेश वेगर वा निर्णय विना भ्रमण नजाने त्यस्तै नियम ४ मा सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो उपाय अपनाउनुपर्ने, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची ६ को ढाँचामा भ्रमण अभिलेख राख्नुपर्दछ । भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नुपर्ने नियममा व्यवस्था गरेको छ । सुविधाका कर्मचारीलाई मन्त्री लगायतबाट भ्रमण आदेश स्वीकृत गरी कूल १२१ जनाको पटक पटक गरी मापदण्ड वेगर मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री, स्वकीय सचिव तथा अन्य सुविधाका कर्मचारीको रु.७९ लाख ७४ हजार भुक्तानी गरेको छ । भ्रमण अभिलेख कार्य, उद्देश्य, स्वीकृति र विश्वसनीय आधार तथा प्रमाण प्रस्तुत नगरी लेखेको खर्च नियम सम्मत देखिएन ।

२१. **सवारी साधन मर्मत -** सवारी साधन मर्मत गर्दा मर्मत आदेश, मर्मतको मापदण्ड, मर्मतको आभिलेख, मर्मत इष्टिमेट, लागतको आधारमा मर्मत खर्च गर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष विभिन्न सवारीको मर्मत वापत रु.५० लाख ५० हजार खर्च लेखेको छ । सवारी साधन मर्मतलाई मितव्ययी तथा कम खर्चिलो बनाउन मर्मतको आवश्यकता, पहिचान, मर्मत आदेश र अभिलेखमा ध्यान दिई खर्च गर्ने व्यवस्था अपनाउनु पर्दछ । मर्मतलाई मितव्ययी तथा कम खर्चिलो बनाउन मर्मत कार्यविधि र अभिलेख प्रणालीमा सुधार गर्नुपर्दछ ।

२२. **सोझै खरिद -** कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी रु.७१ लाख ८२ हजार खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित नगरी सोझै खरिद गर्दा न्यून लागतमा सामान प्राप्त नहुने र गुणस्तरमा समेत प्रभाव पर्ने हुँदा प्रतिस्पर्धात्मक खरिद प्रक्रिया अवलम्बन गरिनुपर्दछ ।

२३. **पेशागत दायित्व बीमा -** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमाली, २०६४ को नियम ८५ (क) अनुसार ५ लाख रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य सोझै खरिद गर्न सक्नेमा कार्यालयले रु.८१ लाख १४ हजार खर्च लेखी २१ पोखरी तथा मठ मन्दिरहरुको विस्तृत आयोजना प्रतिवेदन सोझै खरिद गरेको छ । यसै गरी नियम ११२ को उप नियम ४ (क) अनुसार परामर्श सेवा खरिदमा परामर्शदाताले सम्झौता गरेको ३० दिन भित्र सम्झौताको कूल रकमको सबै किसिमको जोखिम व्यहोर्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व वीमा गराएको छैन । पेश भएका विस्तृत परियोजना प्रतिवेदनको पेशागत दायित्व अवधी समेत खुलाएको छैन ।

२४. **विविध खर्च -** कार्यालयले यो वर्ष चियापान, खाजा, अतिथि सत्कार, खाना लगायत विविध खर्चमा मापदण्ड तयार नगरी रु.१ करोड १३ लाख ४० हजार खर्च लेखेको छ । खर्च भएका विल भरपाईमा खर्च गर्नुपर्ने उद्देश्य, कार्यक्रम खुलाएको छैन । खर्च मापदण्ड निर्देशिका, २०७५ खर्चलाई मितव्ययी तथा किफायती बनाउन खर्चको उद्देश्य, प्रयोजन र स्वीकृत प्राप्त अधिकारीको सर्मथन गराउनुपर्दछ ।

२५. **विवाह पंचमी खर्च -** प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७५ को नियम २३ (१) अनुरुप प्रदेश मन्त्रिपरिषदको २०७५।७।९ को निर्णय बमोजिम २०७५ सालको विवाह पंचमीको व्यवस्थापनको लागि जानकी मन्दिर विवाह पंचमी व्यवस्थापन समितिलाई मुख्यमन्त्री राहत कोषबाट रु.५० लाख अनुदान स्वरुप रकम उपलब्ध गराउने निर्णय बमोजिम निकाशा गरेको छ । सोही अनुरुप २०७५ साल मार्ग २६ गते विवाह पंचमी महोत्सव समारोहमा मित्रराष्ट्र भारत उत्तर प्रदेशबाट जन्तीको रुपमा साधुसन्त सहित सहभागी भएकोमा आतिथ्यता लगायतका विषयमा गठित कार्य समितिबाट कार्यक्रम संचालनमा रु.५० लाख सम्मको सोझै खरिद गर्न पाउने निर्णय बमोजिम पाहुनाको सेवा, सत्कार, भोज, भण्डारा लगायतका कार्यक्रम संचालनमा गठित समितिले रु.७३ लाख ८ हजार भुक्तानी गरेको छ ।

२६. **मुख्यमन्त्री स्वच्छता अभियान -** मुख्यमन्त्री स्वच्छता अभियान कोष स्थापना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ अनुरुप सरकारी कार्यालय, बाटोघाटो, धार्मिक स्थल, विद्यालय, पोखरी, ईनार लगायत सार्वजनिक स्थल तथा निजी स्थानहरुमा समेत सरसफाई र स्वच्छताको स्तर बढाई प्रदेशमा स्वच्छता कायम गर्नु यस अभियानको उद्देश्य रहेको छ । सो अन्तर्गत यस वर्ष प्रदेश भित्रका सार्वजनिक स्थल मठमन्दिर मस्जिदको संरचना तथा उत्थान, पोखरी सौन्दर्यकरण तथा पर्यावरण कार्यक्रम, सुख्खाग्रस्त क्षेत्रमा ईनार खन्ने कार्यक्रम र जिल्ला प्रशासन कार्यालयको संरचनागत सुधार लगायतका कार्यक्रम गरेको छ । जानकी मन्दिर परिसर स्तरोन्नोती रु ७ करोड २१ लाख ५४ हजार, वीरगन्ज स्थित नगवा पोखरी सौन्दर्यकरणको रु ९ करोड ९८ लाख १५ हजार, पर्साको मुरली पोखरी सौन्दर्यकरणको रु ७ करोड९८ लाख ७० हजार, छिपरमाई पोखरी परिसर स्तरोन्नोतिको रु ८ करोड ३८ लाख ३६ हजार, जिल्ला प्रशासन परिसर स्तरोन्नोतीको रु ४८ लाख ६५ हजारको कुल लागत अनुमानमा यो वर्ष कुल रु १ करोड १४ लाख ५३ हजार भुक्तानी गरेको छ । सम्झौता अनुसार निमार्ण व्यवसायीबाट कार्य सम्पन्न हुन बाँकी देखिएको छ । निर्माण व्यवसायीलाई सम्झौताको शर्त बमोजिम रु ५ करोड ३ लाख ८५ हजार कार्य परिचालन पेश्की दिएकोमा फछ्यौट भएको छैन । समयमा कार्य सम्पन्न गरी कार्य परिचालन पेश्की फछ्यौट गर्नुपर्दछ ।

२७. **मुख्यमन्त्री वेटी पढाउ, वेटी बचाउ अभियान -** छोरीलाई विद्यालय पठाई उनीहरुको वैयक्तिक विकासको अतिरिक्त सशक्तिकरणको माध्यमबाट विभेदमुक्त समाजको निर्माण र रुपान्तरणको लागि यस अभियानको कार्यक्रम संचालन निर्देशिका, २०७५ बमोजिम शिक्षा वीमा, लैङ्गिक हिंसा, साइकल वितरण, जनचेतानमूलक कार्यक्रम, अभिभावकत्व ग्रहण, दिवा खाजा, क्षमता विकासका कार्यक्रम संचालन गर्ने उल्लेख छ । यो वर्ष छात्रामैत्री शौचालय, छोरी शिक्षा वीमा, छात्रा लोकसेवा तयारी कक्षा, छात्रा स्यानेटरी प्याड वितरण र साइकल वितरण कार्यक्रम संचालन गरेको छ । यो वर्ष १४ हजार थान छात्रा साइकल खरिद वापत २ आपूर्तिकर्तालाई रु ९ करोड ८४ लाख १८ हजार खर्च लेखेको छ । प्राप्त भएका साइकलको मौज्दात र वितरणको स्थिति उपलब्ध नगराएकोले सोको अवस्था यकिन हुन सकेन । वितरणको विवरण पेश गर्नुपर्दछ ।

२८. **छोरी शिक्षा वीमा -** छोरी शिक्षा वीमा तथा मुद्दती बचत खाता संचालन कार्यविधि, २०७५ मा नवजात वालिकालाई शिक्षा वीमा बचत कार्यक्रममा आवद्धताका लागि निजका अभिभावक वा संरक्षकको रोहवरमा जन्मदर्ता कागजातको आधारमा सिफारिस बमोजिम बढीमा २० वर्षको समयावधिको लागि रु. १ लाख सम्मको वीमा रकम भुक्तानी गर्ने व्यवस्था छ । सो अनुरुप यो वर्ष ४ हजार ३७३ वालिकाको रु.१३ हजार ६४६.१५ ले रु.५ करोड ९६ लाख ७५ हजार वैंकमा खाता खोली खर्च गरेको छ । विद्यालय शिक्षा वा १२ कक्षा वा सो सरह पूरा नगरेको खण्डमा तथा २० वर्ष उमेर नपुगी विहेगरी वीचैमा पढाई छाडेमा वीमा रकम वीमितलाई भुक्तानी नहुने व्यवस्था छ । २०७५ माघ १ देखि लागू भएको यस कार्यक्रममा भएको खर्चको अभिलेख राख्नुपर्दछ । साथै वैंकमा रकम पठाएकोमा वालिकाको नाम नामेसी सहितको कुल विवरणको वीमा रसिद ३४०६ को २०७६।६।३० सम्मको विमा प्रमाण प्राप्त भएको देखिएकोमा ९६७ जनाको रु. १ करोड ३१ लाख ९६ हजार बराबरको वीमा प्रमाण प्राप्त गरी बैंक हिसाब मिलान गर्नुपर्दछ ।

२९. **छात्रा शौचालय -** मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियान अर्न्तगत प्राथमिक तहका ६० तथा माध्यमिक तहका ४० गरी १०० छात्रा शौचालय निर्माण गर्न एक निर्माण व्यवसायीसँग दुई प्याकेजमा रु.१६ करोड ९२ लाखमा निर्माण सम्झौता गरी निर्माण व्यवसायीलाई यो वर्ष रु २ करोड ५९ लाख भुक्तानी गरेको छ । सम्झौताको समय भित्र निर्माण कार्यसम्पन्न गरी निर्माण व्यवसायीलाई उपलब्ध गराएको कार्यपरिचालन पेश्की रु १ करोड ४९ लाख ७४ हजार फछ्यौट समेत गर्नुपर्दछ ।

३०. **मूल्य अभिवृद्धि कर -** आर्थिक ऐन, २०७६ बमोजिम मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को २१ औं संशोधन बमोजिम २०७६ जेष्ठ १५ भन्दा पछाडिको ठेक्का वा करारको भुक्तानीमा विल भुक्तानी गर्दा

कार्यालयले मूल्यअभिवृद्धिकर रकमको ५० प्रतिशतले हुन आउने रकम कट्टी गरी निर्माण व्यवसायी वा आपूर्तिकर्ता वा परामर्शदाता वा सेवा प्रदायक जुन आन्तरिक राजश्व कार्यालयमा दर्ता छ सो कार्यालयको कार्यालय कोडमा आपूर्तिकर्ता सेवा प्रदायक निर्माण व्यवसायीको नाम, स्थायी लेखा नं. उल्लेख गरी राजश्व दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा सचिवालयले पचास प्रतिशत मूल्यअभिवृद्धिकर बापत रु. १० लाख ८० हजार कट्टी गरेको देखिएन । मूल्यअभिवृद्धिकर रकमको समायोजन प्रमाण पेश गर्नुपर्दछ ।

३१. **अतिरिक्त समय भत्ता -** आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नम्बर २, खर्च मापदण्ड निर्देशिका २०७५ को बुँदा १.८ मा अतिरिक्त समय काम गर्नुपर्ने सम्बन्धमा आधार र कारण सहितको विवरण खुलाई लेखा उत्तरदायी अधिकृतको पूर्व स्वीकृत लिई कम्तिमा २ घण्टा काम गरेको प्रतिवेदन सहित कार्यालय प्रमुखले प्रमाणित गरी स्वीकृत मापदण्डको आधारमा सार्वजनिक विदाको दिनको रु.७००।- र अन्य दिनको रु.५००।- का दरले रकम उपलब्ध गराउन सक्ने व्यवस्था छ । सचिवलायले यस वर्ष स्वीकृत मापदण्ड, अतिरिक्त समय काम गर्नुपर्ने आधार कारण सहितको विवरण र प्रतिवेदन वेगर अतिरिक्त समय वेगर गरेको मेनुअल हाजिरको आधारमा खर्च मापदण्ड लागु भए भन्दा अगाडिको भुक्तानी दिन बाँकी प्रमाणित कच्चावारी वेगरको समेत संघीय स्रोतवाट रु.१८ लाख ८४ हजार खर्च लेखेको छ । मापदण्डको पालना नगरी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

३२. **महंगी भत्ता -** सुविधामा रहेका कर्मचारीलाई मंहगी भत्ता दिन मिल्ने देखिदैन । कार्यालयले मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री र प्रमुख सचिवका सुविधाका कर्मचारी तथा स्वकिय सचिवहरुलाई श्रावण, भाद्र लगायतका महिनामा र प्रमुख स्वकीय सचिवलाई वर्ष भरी यो वर्ष महंगी भत्ता वापत रु.३ लाख ४२ हजार खर्च लेखेको छ । स्थायी कर्मचारीहरुको लागि मात्र महंगी भत्ता खर्च लेख्न पाउने व्यवस्था भएकोमा सुविधाका कर्मचारीहरुलाई समेत खर्च लेखेको रकम असूल हुनुपर्दछ ।

३३. **तलब खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ४० को उप दफा ७ र ८ अनुसार चालु वर्षको बजेटबाट नखामेको खर्च ब्यहोर्नु पर्ने भएमा तोकिएको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण १५ गते भित्र कार्यालय प्रमुख र प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराएर स्वीकृत दरबन्दी भित्रको कर्मचारीहरुको तलब आगामी वर्षको बजेटबाट लेख्न मिल्ने व्यवस्था भएकोमा सचिवालयले यो वर्ष मुख्यमन्त्री, मन्त्री र राज्य मन्त्रीहरुका सुविधाका कर्मचारीहरुलाई २०७४।७५ को फाल्गुण देखि आषाढ सम्मको छुट तलब वापत रु.२३ लाख ६० हजार खर्च लेखेको नियम सम्मत देखिएन ।

३४. **बढी भुक्तानी -** तोकिएको मापदण्ड, विलभपाई तथा मूल्याङ्कन भन्दा बढी हुने गरी भुक्तानी गर्न मिल्दैन । ईनार उपभोक्ता समिति २० लाई मूल्याङ्कन भन्दा बढी रु २ लाख १५ हजार, राजनैतिक सम्मेलनको भ्रमण खर्च रु १३ हजार, दोहोरो पारिश्रमिक भुक्तानी रु २७ हजार, बीमा वापतको बढी भुक्तानी रु २३ हजार, बढी ग्रेड भुक्तानी रु ९७ हजार, करार कर्मचारीलाई महङ्गी भता रु २० हजार, दोहोरो ओभरटाइम भत्ता रु ४५ हजार, सम्झौता भन्दा बढी भुक्तानी रु.६० हजार, मापदण्ड वेगर खर्च लेखेको रु १२ हजार समेत रु ५ लाख १२ हजार असुल गर्नुपर्दछ ।

३५. **विल भरपाई -** आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४२ अनुसार खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था भएकोमा सचिवालयले कार्यक्रम वापत रु.१० लाख २८ हजार, पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन वापत रु.९० हजार, पुस्तक तथा सामाग्री खर्च रु.७ लाख ९७ हजार गरी कुल रु.१९लाख १५ हजार खर्च लेखेकोमा विल भरपाई वेगर खर्च लेखेको छ । उक्त खर्चका विल भरपाई पेश गर्नुपर्दछ ।

३६. **जिन्सी दाखिला -** सचिवालयले यो वर्ष रु.२१ लाख ६५ हजारमा ६ वटा मोटरासाइकल, १ थान के.भि. सिंगलफेज जेनेरेटर, २ जान १.५ टन क्षमताको ए.सी. र १ थान २००० एम्पीएर ब्याट्री र इन्भटर खरिद गरेकोमा जिन्सी श्रेस्तामा दाखिला गरेको देखिएन । दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

३७. **गाडी खरिद -** कार्यालयले यो वर्ष ५ थान चार पाङ्ग्रे गाडी र ६ थान मोटर साइकल खरिद गरी रु.४ करोड ५ लाख ५९ हजार खर्च लेखेको छ । गाडी खरिदको लागत अनुमान, प्राविधिक स्पेशिफिकेशन, बोलपत्र मूल्याङ्कन गर्ने र प्राप्त गाडीको स्पेशिफिकेशन अनुसार भए नभएको निरीक्षण प्रतिवेदन तयार गर्ने कार्य एउटै मेकानिकल इन्जिनियरबाट गराएको छ । आन्तरिक नियन्त्रण बलियो बनाउन लागत अनुमान तयार गर्ने र मूल्याङ्कन गर्ने व्यक्ति फरक हुने गरी सुधार हुनुपर्दछ ।

३८. **सेवा प्रवाह** - राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न पहिचान गरिएका कानुन निर्माण कार्य बाँकी रहेको, दरबन्दी बमोजिम पदपूर्ति नभएको, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारणलगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, निर्माणको कार्य बाँकी रहेको छ । संस्थागत प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

- **बेरुजू स्थिति -** कार्यालय तर्फ २ निकायको रु. १७ करोड ३६ लाख ६३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु. ४१ लाख ६७ हजार फछ्र्यौट भई रु. १६ करोड ९४ लाख ९६ हजार बाँकी रहेको छ । सो मध्ये रु. ७ करोड ८४ लाख ३० हजार पेश्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची १०** मा समावेश छ ।

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्यसम्बन्धी नीति, मापदण्ड बनाउने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष प्रदेश लेखा नियन्त्रक कार्यालय समेतको विनियोजन रु. १ अर्ब ७६ करोड १८ लाख १६ हजार, राजस्व रु. ७ अर्ब ९० करोड ४० लाख ३० हजार र धरौटी रु. ८ लाख २६ हजार समेत रु. ९ अर्ब ६६ करोड ६६ लाख ७२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **नीति कार्यान्वयन -** वार्षिक तथा कार्यक्रममा उल्लेखित सार्वजनिक खर्चका सम्बन्धमा ऐन, कानुन, कार्यविधि र मापदण्ड तर्जुमालाई तदारुकताका साथ लगिने, वित्तीय अनुशासनको पालना सार्वजनिक निकायबाट भएका खर्चको सार्वजनिकीकरण गर्ने, भ्रष्टाचार सम्बन्धमा शून्य सहनशीलताको नीति अवलम्बन गर्नेलगायतका कार्यक्रम कार्यान्वयन हुन सकेको देखिएन । तोकिए बमोजिमका नीति तथा कार्यक्रमहरु कार्यान्वयन हुनुपर्दछ ।

२. **कार्य जिम्मेवारी -** प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ मा मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, मूल्य स्थिति, सहवित्तीयकरण, प्रादेशिक वित्त सन्तुलन, आवधिक एवं क्षेत्रगत योजना, अन्तर प्रदेश विकास योजनाको समन्वय लगायतका विषयमा कार्यान्वयन र नियमन गर्ने उल्लेख भएकोमा ति कार्य गर्न बाँकी रहेका छन् । तोकिएका कार्य जिम्मेवारीको सूची बनाई कार्यन्वयनमा नआएको, प्रक्रियामा रहेको, कार्यान्वयन गर्न बाँकी रहेको आदि व्यहोरा देखिने गरी कार्य जिम्मेवारीको सूची र सोको कार्यान्वयन समय तालिका समेत तयार गरी कार्य जिम्मेवारीलाई कार्यान्वयन गर्न प्रभावकारिता ल्याउनुपर्दछ ।

३. **मध्यमकालिन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ बमोजिम मध्यमकालिन खर्च संरचनामा योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, सोको प्रति इकाई लागत, अनुमानित समय र सोबाट प्राप्त हुने प्रतिफल समेत खुलाई योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्नेमा ३ आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको संरचना तयार गरेतापनि संरचना बमोजिम कार्यक्रमको प्राथमिकीकरण लागत र समय खुलाई तयार गरेको पाइएन ।

४. **बजेट सीमा र मार्गदर्शन -** प्रदेश आर्थिक ऐन, २०७४ को दफा ७ बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा ढाँचाको निर्माण गर्दा प्रस्तावित बजेटको पुष्ट्याईंका लागि आवश्यक विवरण समेत खुल्नेगरी तयार नहुँदा विनियोजन दक्षता कमजोर देखिएको छ । मार्गदर्शन र सीमा यथार्थपरक तथा पुष्ट्याईपरक बनाई दिगो विकास लक्ष्यसँग समन्वय समेत गर्नुपर्दछ ।

५. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ बमोजिम बजेट प्रस्ताव गर्दा नै विनियोजन दक्षतालाई मध्यनजर गरी योजना तथा कार्यक्रमका लागि रकम प्रस्ताव गर्नुपर्ने उल्लेख छ। धेरै कार्यक्रम भन्दा उपलब्धी र समन्वय गर्न सकिने कार्यक्रम तथा बजेटलाई प्राथमिकतामा राखी बजेट खर्च र उपलब्धीको दक्षता बढाउनुपर्नेमा आर्थिक वर्ष २०७५।०७६ मा ६० प्रतिशत भन्दा कम विनियोजन दक्षता देखिएको छ ।

६. **बजेट समर्पण -** प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ अनुसार प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकम सञ्चालन हुने कार्यक्रमको आर्थिक वर्षको दोस्रो चौमासिक अवधि सम्म पनि सन्तोषजनक रुपमा कार्यान्वयन नभएको अवस्थामा बजेट समर्पण गर्न लगाई रकमान्तर गर्न सकिने व्यवस्था छ । यो वर्ष सवै मन्त्रालयको लागि कार्यक्रममा विनियोजन भएको बजेटको खर्च प्रतिशत दोस्रो चौमासिक सम्म औषत ३० प्रतिशत भन्दा कम देखिएको छ । बजेट र कार्यक्रम सन्तोषजनकरुपमा कार्यान्वयनमा ल्याउनुपर्दछ ।

७. **बजेट तथा कार्यक्रमको मूल्याङ्कन -** बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा सो अवधि समाप्त भएको २ महिना अर्थात फाल्गुण र भाद्र मसान्त भित्र राजश्व, खर्च एवम् आयोजना र कार्यक्रमको अनुमान, प्राप्ति र परिचालनको यथार्थ विवरण सार्वजनिक गर्नुपर्नेमा वित्तीय विवरण नै नवनेको अवस्थामा सार्वजनिकीकरण हुने अवस्था नै

रहेन । प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरुको कार्यान्वयन अवस्थाको तोकिएको समय भित्र वित्तीय तथा भौतिक उपलब्धी तयार गरी मूल्याङ्कनलाई कार्यसूची तथा समय सूचीमा आवद्ध गर्नुपर्दछ ।

८. **सेवा प्रवाह -** जनताले प्राप्त गर्ने सेवा प्रवाह चुस्त र भरपर्दो बनाउन आर्थिक पक्षसँग सम्बन्धित मन्त्रालयले निभाउनुपर्ने भूमिकालाई सवल तथा अनुशासित बनाउन सेवा प्रवाह व्यवस्थित हुनुपर्दछ । आर्थिक कार्यविधि नियमावली नबनेको, विभिन्न कर तथा शुल्कको उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा गर्न बाँकी रहेको, राजश्व चुहावट सम्बन्धी नीतिको कानून तथा मापदण्ड तर्जुमा गर्न बाँकी देखिएको छ । संस्थागत, प्राविधिक र श्रोत परिचालन क्षेत्रमा दक्षता वृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी तुल्याउनु पर्दछ ।

९. **बजेट कार्यान्वयन -** आर्थिक मामिला तथा योजना मन्त्रालयलाई विनियोजन ऐन, २०७५ अनुसार रु.८ अर्व ६० करोड ७० लाख २३ हजार विनियोजन गरेकोमा अन्तर सरकारी वित्तीय हस्तान्तरण तर्फ स्थानीय तह समानीकरण अनुदान रु.४० करोड, भैपरी चालु रु.६ अर्व ९५ करोड र भैपरी पूँजीगत रु.९० करोड ८९ लाख ५६ हजार घटाउँदा रु.३४ करोड ८० लाख ६७ हजारमा नीति आयोगको रु.६ करोड ७२ लाख र प्रदेश लेखा नियन्त्रक कार्यालयको रु.४ करोड २९ लाख ६६ हजार समायोजन गर्दा मन्त्रालयको कार्यसञ्चालन बजेट रु.२३ करोड ८४ लाखमा रु.८ करोड ७९ लाख २४ हजार खर्च भई रु.१४ करोड ९५ लाख ७६ हजार बजेट कार्यन्वयनमा आएको देखिएन ।

१०. **कार्यसम्पादन तथा बजेट श्रोत -** मन्त्रालयको यो वर्ष चालु र पूँजीगत तर्फ व्यवस्था भएको बजेटको श्रोत नेपाल सरकारको रहेकोछ । मन्त्रालयको कार्य सञ्चालन तर्फ कूल बजेट विनियोजनको तुलनामा चालु २७.५६ प्रतिशत, कार्यक्रम सञ्चालन तर्फ २१.६३ प्रतिशत र पूँजीगत तर्फ ६०.७१ प्रतिशत खर्च भई देखिएको छ । बजेट तथा कार्यक्रममा भएको व्यवस्था अनुरुप वित्तीय प्रगति कमजोर देखिँदा प्रगति न्यून अवस्थामा रहेको छ । खर्चको उपादेयता र महत्वलाई निकायले स्थापित नगरी बजेट उपयोगको कार्य प्रक्रिया शुरु गर्दा बजेट अनुमान र वास्तविक खर्चको नतिजा प्रभावकारी हुन सकेको देखिएन ।

११. **सीधै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला वोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ । तर मन्त्रालयले रु.३६ लाख ४३ हजार मूल्यका पूँजीगत प्रकृतिका सामान पटक पटक सोझै खरिद गरेको नियम सम्मत देखिएन ।

१२. **सवारी साधन खरिद -** मन्त्रालयले यो वर्ष ६ गाडी खरिदको रु.५ करोड ४४ लाख ६० हजार र मोटरसाइकल ७ वटा खरिदको रु.१७ लाख ४१ हजार समेत रु.५ करोड ६२ लाख १ हजार को सम्झौता गरेकोमा रु.३ करोड ८५ लाख ४५ हजार भुक्तानी गरेको छ । बाँकी रु.१ करोड ७६ लाख ५६ हजार आर्थिक वर्ष २०७६।७७ मा भुक्तानी दिएको छ ।

१३. **समानीकरण अनुदान -** संघको श्रोतबाट प्राप्त वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक वर्षको कार्तिक १ गते, माघ १ गते, वैशाख १ गते र आषाढ मसान्तमा बुझाई सक्नुपर्ने लेखाउत्तरदायी आधिकृतको जिम्मेवारी रहेकोमा मन्त्रालयले श्रोत अनुसारको उक्त हिसाव २०७६ कार्तिक मसान्तसम्म पनि बुझाएको देखिएन । यसरी हिसाव नबुझाउँदा संघबाट प्राप्त भएको वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम प्रदेश संचित कोषमा दाखिला गर्न नपाइने उल्लेख भएकोमा सोको कार्यान्वयन भएको छैन ।

१४. **व्ययभार/व्यय अनुमान तथा यथार्थ खर्चको अवस्था -** प्रदेश विनियोजन ऐन, २०७५ बमोजिम प्रदेश संचित कोषबाट व्ययभार हुने र व्यय हुने देहायको अनुमानमा यथार्थ खर्चको अवस्था निम्नानुसार देखिएको छ ।

(रु. हजारमा)

| सि.नं | निकाय | वजेट | | यथार्थ खर्च | |
|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत खर्च | चालु खर्च | पूँजिगत खर्च |
| १२. | प्रदेश सभामुख र उपसभामुख | १५१८ | - | १५१८ | ० |
| १३. | प्रदेश सभा सचिवालय | ३४७५२३ | ६९५७० | २२६३४५ | १२५११२ |
| १४. | मुख्य न्यायधिवक्ताको कार्यालय | २३३६६ | १२७५० | १६५८८ | १५३७१ |
| १५. | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यलय | २३९३९०३ | ७४३०० | १२१५२७९ | ५९५९४ |
| १६. | आर्थिक मामिला तथा योजना मन्त्रालय | २४२७४६ | १४४४२० | १७१८२०९ | ८६२४७ |
| १७. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १३७७५६ | २३८१४३ | ८४५६१ | १३१४६० |
| १८. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | ७६०६८० | १५५१८९० | ६९७२६७ | ८६२५२६ |
| १९. | भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | ८४१३७७ | २१४६०८१ | ५२९७७८ | ९४४८०३ |
| २०. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ४४०४७९ | ९५०२५०४ | ५५२३७७ | ५९२७२८३ |
| २१. | सामाजिक विकास मन्त्रालय | २६८७७८३ | ३११८१० | १५८५५४४ | ३१२५१२ |
| २२. | भैपरी | ६९५०००० | ९०९८५७ | ० | ० |
| | **जम्मा** | **१४८२५६१३** | **१४९६१३२५** | **६६२७४६६** | **८४६४९०८** |

१५. **स्रोतको यर्थाथता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७५ मा प्रदेशवाट सञ्चालित योजनाको लक्ष्य नीति र नीति आयोगको मार्गदर्शनलाई ध्यानमा राखी प्रदेश सरकारले गर्नुपर्ने काम र हासिल गर्नुपर्ने लक्ष्य एवम् आर्थिक श्रोत समेतलाई मध्यनजर राखी बजेट बनाउनुपर्ने व्यवस्था छ । आर्थिक मामिला तथा योजना मन्त्रीले प्रदेश सभामा पेश गरेको बजेटमा रु.२९ अर्व ७८ करोड ६९ लाख ३८ हजार खर्च हुने अनुमान गरेकोमा राजश्वबाट रु.१८ अर्व २९ करोड ७२ लाख र संघीय सरकारको अनुदान रु.१० अर्व ४८ करोड ९७ लाख ३८ हजार समेत रु.२८ अर्व ७८ करोड ६९ लाख ३८ हजारमा रु.१ अर्व आन्तरिक ऋण हुने गरी बजेट तयार गरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको संचित कोषको हिसावमा रु.५ अर्व ५९ करोड ३१ लाख ६ हजार धनात्मक रहेको अवस्था देखिन्छ । श्रोत र बजेट यथार्थमा आधारित देखिएन । यथार्थमा आधारित रहने गरी लक्ष्यमुखी र कार्यान्वयनमुखी बजेट बनाउनुपर्दछ ।

१६. **खर्च व्यवस्थापन -** कार्यकुशलता अभिवृद्धि गरी आर्थिक अनुशासन कायम गर्ने, चालु खर्चमा नियन्त्रण र पूँजीगत खर्चमा वृद्धि गर्ने प्रदेश सरकारको नीति बमोजिम विगत २ वर्षको स्थिति निम्न छ । पूँजीगत प्रकृतिको खर्चलाई चालु अनुदान दिने स्थितिमा सुधार ल्याउनुपर्ने तथा पूँजीगत खर्चमा वृद्धि गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| विवरण | २०७४।७५ | २०७५।७६ |
|---|---|---|
| चालु | २६६०२७ | ६६२७४६६ |
| पूँजीगत | २५७३२३ | ८४६४९०८ |

१७. **भैपरी बजेटबाट निकाशा -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम खर्च गर्न वा खर्चको निकाशा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ भने मात्र निकाशा दिनुपर्ने उल्लेख छ । विनियोजन ऐनले छुट्टाएको रकम सोही प्रयोजनमा खर्च गर्नुपर्नेमा बजेटमा चालु तर्फ रु.६ अर्व ९५ करोड र पूँजीगत तर्फ रु.९० करोड ९८ लाख ५७ हजार विनियोजन गरेको छ । सो रकमबाट पटके निर्णयका आधारमा विभिन्न निकायलाई बजेट थप गरेको छ । उक्त रकम कुल विनियोजनमा २६.३९ प्रतिशत छ । पटके निर्णयको आधारमा निकाशा दिने तथा सम्बन्धित कार्यक्रम र शीर्षकमा विनियोजन नै नगर्ने वा कम विनियोजन गरी भैपरीबाट निकाशा तथा रकमान्तर गरी रकम थप गर्ने परीपाटी बजेट सिद्धान्त विपरित छ । यस्तो स्थितिमा प्रदेश नरहने, आर्थिक नियन्त्रण प्रणाली कमजोर रहने र अनुगमनमा कठिनाई रहने हुँदा यस्तो प्रक्रियामा सुधार गर्नुपर्दछ ।

१८. **वर्षान्तको खर्च -** प्रदेश संचित कोषको स्थिति अनुसार २०७६ वैशाख सम्मको खर्च रु.५ अर्व २ करोड ८८ लाख रहेकोमा तत्पश्चातका २ महिनामा रु.१० अर्व ६ करोड ३५ लाख रहेको छ । आषाढमा मात्र सो

खर्चको भार रु.८ अर्व ५३ करोड ९६ लाख ३१ हजार रही कूल खर्चको अनुपातमा ५७ प्रतिशत रहेको छ । वर्षान्तमा खर्च गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्दछ ।

१९. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७५ तथा विनियोजन ऐन, २०७५ अनुसार तोकिएको कुनै एक भन्दा बढी शीर्षकमा विनियोजित रकम बचत हुनेभएमा विनियोजन ऐनमा तोकिएको सीमा भित्र रही कुनै एक शीर्षकबाट अर्को शीर्षकमा आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ । कूल बजेट रु.२९ अर्व ७८ करोड ६९ लाख ३८ हजार मध्ये आषाढ महिनामा मात्र रु.३९ करोड ११ लाख ८३ हजार विभिन्न शीर्षकमा रकमान्तर गरेको छ। कार्यक्रम र खर्च शीर्षक नछुट्टीएको भैपरी चालु तथा पूँजीगत रु.७ अर्व ८५ करोड ९८ लाख ५७ हजारमा आन्तरिक ऋणबाट पूर्ति हुने रु.१ अर्व बाहेक रु.६ अर्व ८५ करोड ९८ लाख ५७ हजारमा मन्त्रालयले रु.४ अर्व १२ करोड २ लाख ४४ हजार विभिन्न मन्त्रालयगत निकायमा रकमान्तर गरेको छ । रकमान्तर पश्चात रु.२ अर्व ७३ करोड ९६ लाख १३ हजार प्रदेश संचित कोषमा बाँकी देखिदा बजेट अनुमान यथार्थपरक देखिएन । वर्षान्तमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२०. **बजेट बेगर खर्च -** प्रदेश विनियोजन ऐन, २०७५ अनुसार वार्षिक कार्यक्रम स्वीकृत गरी बजेट व्यवस्था गर्नु पर्ने र सोही अनुसार निकाशा तथा खर्चको प्रक्रिया अबलम्बन गर्नुपर्दछ । शुरुमा कार्यक्रम नै स्वीकृत नभएका, मन्त्रिपरिषद् समेतबाट थप भएका योजनाको लागि भौतिक पूर्वाधार मन्त्रालयलाई पूँजीगत तर्फ रु.१ अर्व ६४ करोड ६५ लाख निकाशा दिई खर्च गरेको देखिन्छ । यसरी बजेट बेगर निकाशा दिने तथा खर्च गर्ने प्रवृतिले आर्थिक अनुशासन कायम नरहने हुँदा निकाशा दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२१. **न्यून वित्त र वित्तीय खर्च व्यवस्था -** बजेट विनियोजनमा रु.१ अर्व न्यून वित्तलाई आन्तरिक ऋणको माध्यमबाट पूर्ति गर्ने विनियोजन ऐनमा उल्लेख भएकोमा रु. १ अर्वको अनुमानित वित्तीय ब्याज खर्चको रकम चालु खर्चमा समावेश हुनुपर्नेमा वित्तीय खर्चको व्यवस्था आर्थिक मामिला तथा योजना मन्त्रालयको चालु बजेट शीर्षकमा देखिएन । सोबाट बजेट निर्माण प्रक्रिया यथार्थमूलक देखिएन । वित्तीय खर्चको अनुमानित व्यवस्थालाई चालु खर्चमा देखाउने व्यवस्था हुनुपर्दछ ।

२२. **वित्तीय शासकीय क्षमता -** दोश्रो चौमासिकको अन्ततर्फ पुँजिगत तर्फको अख्तियारी तथा कार्यक्रम उपलव्ध गराउनु, वजेट तथा कार्यक्रम संशोधन गरिनु, उपभोक्ता समिति तथा निर्माण व्यवसायी संग तेश्रो चौमासिकमा सम्झौता गरिनु, कार्य सम्पन्न नभई करोडौ रकम भुक्तानी गर्ने दायित्वमा खुलासा गर्नु, अनिवार्य दायित्व भएका रकमहरु खर्च नगरिनु, लेखा तथा आर्थिक विवरण समयमा तयार नगरिनु, खर्च संरचनामा आधारित रही कार्यान्वयन गरिने क्रियाकलाप, सोको लागत एवं त्यस्तो लागत व्यहोर्ने श्रोत नखुलाउनु, प्रगति समीक्षा नगरिनु,मापदण्ड तथा कार्य विधिहरु तयार नगरिनुले वित्तीय शासकीय क्षमता कमजोर अवस्थामा छ । स्थितिलाई सुधार गर्न व्यवस्थापकीय क्षमता र प्राविधिक एवं कर्मचारी दक्षतामा वृद्धि गर्नुपर्ने देखिएको छ ।

२३. **केन्द्रीय आर्थिक विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २२ मा प्रदेश मन्त्रालयले विनियोजन, राजश्व, धरौटी, सम्पत्ति र दायित्वको मातहत कार्यालयबाट विवरण लिई एकीकृत केन्द्रिय आर्थिक विवरण तयार गरी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउने व्यवस्था छ । मन्त्रालयले केन्द्रीय आर्थिक विवरण तयार गरी सम्वन्धित निकायमा पठाएका छैनन । कार्यालयहरुबाट प्राप्त गरेको प्रमाणित आर्थिक विवरण तथा प्रदेश एकल कोष खाताबाट प्राप्त गरेको तथ्यांकको आधारमा आर्थिक विवरण तयार गरेकोमा मन्त्रालयगत सम्पूर्ण कारोबार भिडान नभएको अवस्था छ । मन्त्रालयले वार्षिक रुपमा तयार गरी पेश गर्ने वित्तीय विवरण तयार नगर्ने स्थितिले प्रतिवेदन प्रणालीमा जवाफदेहिता लिएको पाईएन । स्थानीय तह अन्य सरकारी एवम् गैर सरकारी निकायहरुलाई गएको अनुदान रकमको निकाशालाई नै खर्च कायम गरेबाट पेश गरेको आर्थिक विवरणले यर्थाथ खर्च खुलासा गरेको छैन ।

२४. **राजश्वको लेखाङ्कन र आधार –** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २१ मा विनियोजन, राजश्व, धरौटी तथा अन्य कारोवारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुरुप नगदमा आधारित हुने व्यवस्था छ । प्रदेश सरकारले अपनाएको नगदमा आधारित लेखा प्रणाली अनुसार प्रदेश एकल कोष खाता प्रणाली, राजश्व व्यवस्थापन सूचना प्रणाली, प्रदेश लेखा इकाई कार्यालयले पेश गरेको विवरण, नेपाल राष्ट्र बैंक र सरकारी कारोवार गर्ने बैंकबाट प्राप्त तथ्यांकको आधारमा आयको विवरण तयार गरेको छ । राजश्वको लेखाङ्कन गर्दा राजश्व व्यवस्थापन सूचना प्रणालीमा जम्मा देखिएका रकमलाई आधारमानी प्रदेश

संचित कोषमा आय जनाएको छ । महालेखा नियन्त्रक कार्यालयले राजश्व व्यवस्थापन सूचना प्रणालीमा देखिएका सबै रकम प्रदेश संचित कोषमा पठाएको छैन । राजश्व व्यवस्थापन सूचना प्रणालीमा सवारी साधन कर शीर्षकमा आम्दानी देखिएको सबै रकम प्रदेश विभाज्य कोषमा ट्रान्सफर गरेको छैन । वन रोयल्टी संकलन वापत रु.२ करोड ३० लाख ५६ हजार र विभाज्य कोषमा सवारी साधन कर वापत रु.१२ करोड ८४ लाख ३३ हजार बाँडफाँड हुन बाँकी देखिएको छ । प्रदेश सरकार अन्तर्गतका कार्यालयहरुले संघीयविभाज्य कोष र संघीयसंचित कोषमा जम्मा हुने गरी असुल गरेको राजश्व आर्थिक विवरणमा समावेश गरेका छैनन् । राजस्वको लेखाङ्कन र आधार देखिने गरी सबै प्रकारका राजस्वको खुलासा गर्नुपर्दछ ।

२५. **राजश्व संकलन स्थिति –** यो वर्ष प्रदेश सरकारले कर राजश्व तर्फ रु.७ अर्व ९० करोड ४० लाख ३० हजार, गैरकर राजश्व तर्फ रु.४९ करोड २७ लाख १४ हजार, बाँडफाँड हुने राजश्व रु.१ अर्व ३६ करोड ८४ लाख ८५ हजार र बेरुजू रु.१ करोड ३५ लाख ७ हजार समेत रु.९ अर्व ७७ करोड ८७ लाख ३६ हजार प्राप्त गरेको छ । प्राप्त राजश्वमा कर राजश्वको अंश ८०.८३ प्रतिशत रहेको छ । कर राजश्वमा मूल्य अभिवृद्धि कर ६२.५३ प्रतिशत र अन्तशुल्क १९.९६ प्रतिशत छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार संघीय सरकारले संकलन गरी बाँडफाँड गरेको मूल्य अभिवृद्धि कर र आन्तरिक अन्तःशुल्क रु.६ अर्व ५१ करोड ९७ लाख ७४ हजार रहेको छ । संकलित राजश्व मध्ये रु.३९ लाख ६९ हजार बैंक दाखिला गर्न बाँकी छ । उक्त रकम बैंक दाखिला गर्नुपर्दछ ।

२६. **संघीय सरकार अनुदान –** नेपाल सरकारबाट यो वर्ष सर्शत अनुदानमा रु.७ अर्व १९ करोड ६७ लाख ४१ हजार, विशेष अनुदान रु.४५ करोड ८४ लाख ३३ हजार, समानीकरण अनुदान रु.७ अर्व १ करोड ६१ लाख र समपूरक अनुदान रु.२९ करोड ३३ लाख ३३ हजार समेत रु.१४ अर्व ९६ करोड ४६ लाख ७ हजार प्राप्त गरेकोमा रु.१० अर्व ६५ करोड ८३ लाख ४१ हजार खर्च गरेको छ । कूल खर्चमा समानीकरण अनुदान ५१ प्रतिशत र सर्शत अनुदान ४७ प्रतिशत रहेको छ ।

२७. **खर्चको समग्र विश्लेषण –** प्रदेश सरकारको यो वर्ष रु.१५ अर्व ९ करोड २३ लाख ७४ हजार कूल खर्चमा विविध कारणबस बैंकबाट खर्च हुन नसकेको रु.२ करोड ७६ लाख ९७ हजार, बैंकले बढी सोधभर्ना गरेको रु.५ हजार तथा प्रदेश लेखाले खर्च भन्दा बढी सोधभर्ना दिएको रु.७७ हजार समायोजन गर्दा खुद खर्च रु.१५ अर्व ६ करोड ४५ लाख ९५ हजार देखिन्छ । उक्त खुद खर्च प्रदेश सरकारको विनियोजित वजेट रु.२९ अर्व ७८ करोड ६९ लाख ३८ हजारमा ५०.५७ प्रतिशत रहेको छ । कूल खर्चमा प्रदेश सरकार तर्फ २९.३८ प्रतिशत र संघीयसरकार तर्फ ७०.६२ प्रतिशत रहेको छ । कूल खर्चमा चालु खर्च ४३.५९ प्रतिशत र पूँजीगत खर्च ५६.४१ प्रतिशत छ ।

२८. **चालु खर्च –** कुल चालु खर्च रु.६ अर्व ६२ करोड ७५ लाख मध्ये उपभोग खर्च रु.१ अर्व १७ करोड ८६ लाख, स्थानीय तहलाई पूँजिगत अनुदान रु.१ अर्व १० करोड ७५ लाख, चालु अनुदान रु.१ अर्व ५४ करोड ६१ लाख, उत्पादन सामाग्री र सेवामा रु.१ अर्व ८ करोड ५६ लाख, पूँजिगत अनुदान रु.२३ करोड ५७ लाख, सामाजिक सहायतामा रु.१६ करोड ६६ लाख र पदाधिकारी भत्ता तथा अन्य सुविधामा रु.१२ करोड ३५ लाख मुख्य रहेका छन् । स्थानीय तहलाई दिएको पूँजीगत अनुदानबाट फिर्ता गरेको रकम खर्चमा समायोजन गरेको देखिएन् ।

२९. **पूँजीगत खर्च –** प्रदेश सरकारको कूल पूँजीगत खर्च रु.८ अर्व ४६ करोड ४९ लाख मध्ये भवन तथा संरचनामा रु.१ अर्व ४२ करोड,सवारी साधन तथा मेशिनरी औजारमा रु.७० करोड ३६ लाख, सार्वजनिक निर्माणमा रु.५ अर्व ३३ करोड ४२ लाख, पूँजीगत सुधार तर्फ रु.९९ करोड ९९ लाख र जग्गा प्राप्ती वापत रु.६९ करोड ७३ लाख मुख्य रुपमा खर्च देखिएको छ । पूँजीगत तर्फ कुल वजेट विनियोजन रु.१४ अर्व ९६ करोड १३ लाखमा सरकारको पूँजीगत खर्च ५६.५७ प्रतिशत रहेको छ ।

३०. **वित्तीय हस्तान्तरण –** आर्थिक वर्ष २०७५।७६ मा प्रदेश सरकार मार्फत प्रदेश २ का १३६ स्थानीय तहलाई समानीकरण अनुदान रु.४० करोड, अन्तर सरकारी वित्तीय अनुदान रु.४० करोड ४७ लाख, सर्शत अनुदान रु.८३ करोड ५६ लाख र राजश्व बाँडफाँड अनुदान रु.४७ करोड ९७ लाख निकाशा उपलब्ध गराएको छ । वित्तीय हस्तान्तरण तर्फ कूल रु.२ अर्व ४१ करोड ४९ लाखमा रु.२ अर्व १२ करोड निकाशा दिएको मध्ये सर्शत अनुदान मध्ये खर्च भई फिर्ता हुन बाँकी रकम उल्लेखित निकाशामा समायोजन गर्न बाँकी छ । समायोजन बाँकी हिसाव मन्त्रालयबाट केन्द्रिय आर्थिक विवरण प्राप्त नभएको कारण हिसाव भिडान गरेको छैन ।

३१. **बहुवर्षीय ठेक्का -** आर्थिक मामिला तथा योजना मन्त्रालयबाट २०७५।७६ सम्म रु.९७ करोड बराबर वहुवर्षीय ठेक्का स्वीकृत भएको देखिन्छ । यस्तो प्रक्रियाबाट वजेटबाट हुने खर्चमा मन्त्रालयले नियन्त्रण कायम राख्न सकेको छैन । बहुवर्षिय ठेक्काको अभिलेख समेत तयार गरेको नदेखिदा अभिलेख तयार गर्नुपर्दछ ।

३२. **अनुदानको अनुगमन -** विशेष प्रकारका पटके कार्यालय आयोजना सञ्चालनमा कुनै संस्थालाई अनुदान, समानीकरण, सशर्त तथा विशेष अनुदान दिँदा भएको प्रगति विवरण लिई जुन कामको लागि रकम दिएको हो सो काममा खर्च भएको र लेखापरीक्षण गराएको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था छ । संघीय सरकार तथा प्रदेश सरकार तर्फको अनुदान खर्चको अनुगमन एवं मूल्याङ्कन गरी विवरण तयार नगरेको र लेखापरीक्षण प्रतिवेदन पेश नहुँदा खर्च एवं अनुदानको उपयोग सुनिश्चत गर्न सकिएन । प्रचलित कानून बमोजिम लेखापरीक्षण गराई खर्चको अनुगमन एवं मूल्याङ्कन गरेर अनुदान उपयोग एवं खर्चको सुनिश्चितता अपनाउनुपर्दछ ।

३३. **राजस्व -** राजस्वको शीर्षकहरु मध्ये घर जग्गा राजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरन्जन कर तथा अन्य गैर करहरु समेत प्रदेश र स्थानीय तह दुवै साझा आधिकार क्षेत्र भित्र रहेकोले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश र स्थानीय तहमा बाँडफाँड हुने व्यवस्था छ । सो अनुरुप प्रदेश सरकारले रु.१ अर्व ४१ करोड १० लाख तथा संघीय सरकारले संकलन गर्ने अधिकारक्षेत्रमा रहेको मूल्य अभिवृद्धि कर र आन्तरिक अन्तशुल्क रकमको १५ प्रतिशत तथा रोयल्टीबाट संकलन भएको २५ प्रतिशत रु.८ अर्व ५२ करोड ८७ लाख ३८ हजार समेत रु.१० अर्व ४८ करोड ९७ लाख ३८ हजार प्रक्षेपण गरेकोमा सोको यथार्थ असूलीको विवरण तयार गरेको छैन ।

३४. **गैरकर -** गैरकर राजश्वको खुद रकम मात्र प्रदेशसँग सम्बन्धित हुनाले खर्च र राजश्वको सन्तुलन गणना योग्य देखिदैन । प्रदेशको कुल खर्चमा कर राजश्व र बाँडफाँड राजश्व वाहेक गैरकर राजश्वको अंश ३ प्रतिशत मात्र देखिन्छ । दिगो सन्तुलनको लागि आय वृद्धिगर्ने मार्गचित्र प्रदेश सरकारद्वारा कार्यान्वयनमा ल्याउनुपर्दछ ।

३५. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकार अन्तर्गत रहेका कृषि, वन, सिंचाइ, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरु प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्ने कार्य भएको छैन । मातहत कार्यालयको सम्पत्ति तथा बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

३६. **प्रतिवद्धता लेखा -** कानुनको अधिनमा रही प्रदेश सरकारबाट सिर्जित आर्थिक दायित्व तथा नेपाल सरकारबाट सम्झौता तथा निर्णय भई हस्तान्तरण भई आएका वा प्रदेश सरकारबाट राजस्व छुट दिन प्रतिवद्धता जनाएको रकमको व्यहोरा देखिने गरी लेखा तथा सोको अभिलेख राख्नुपर्ने व्यवस्था छ । प्रतिवद्धता जनाएको रकमको अभिलेख राख्नु पर्दछ ।

३७. **वित्तीय सुशासन -** सार्वजनिक वित्तीय व्यवस्थापनलाई जवाफदेही बनाउन सार्वजनिक खर्च र सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरुपता कायम गरी प्रभावकारी बनाउन आवश्यक छ ।समयमै प्रदेशस्तरको कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना बनाउने प्रक्रियालाई अगाडि बढाउनु पर्ने आवश्यकता देखिन्छ । बजेट सूचना व्यवस्थापन प्रणाली, प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीको संस्थागत विकास, लागत लाभको विश्लेषणसहितको योजना तथा कार्यक्रम, सार्वजनिक सेवा लेखामानको प्रयोग, शुत्रको प्रयोग, वित्तीय प्रतिवेदन प्रणालीमा सुधार गरी प्रदेशको वित्तीय व्यवस्थापन प्रभावकारी तुल्याउनुपर्दछ ।

३८. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन मन्त्रालय अन्तर्गत सम्पादन गरिने कार्य मितव्ययी, दक्ष र प्रभावकारी ढँगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

## प्रदेश लेखा नियन्त्रक कार्यालय

३९. **प्रदेश संचित कोष -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ बमोजिम प्रदेश संचित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरादायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । प्रदेश संचित कोषको सञ्चालन, एकीकृत लेखा तथा वित्तीय विवरण २०७६ कार्तिक मसान्त भित्र महालेखा नियन्त्रक तथा महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्नेमा सो अवधि भित्र पेश हुन सकेन । तोकिएको समयमा वित्तीय विवरण पेश गर्ने व्यवस्था हुनुपर्दछ । प्रदेश नं. २ को संचित कोषको हिसाब विवरण निम्नानुसार रहेको छ :

(रु. हजारमा)

| (क) प्राप्ती | रकम |
|---|---|
| **१. गत वर्षको मौज्दात जिम्मेवारी** | ४०८६४३ |
| **२. राजस्व तथा अनुदान** | |
| २.१. कर राजस्व | ७९०४०३० |
| २.२. अन्य राजस्व | ५१०३३९ |
| २.३. गत वर्षको नगद मौज्दात तथा बेरुजू | १३५०६ |
| २.४. समानीकरण अनुदान | ७०१६१०० |
| २.५. समपुरक अनुदान | २९३३३३ |
| २.६. सशर्त अनुदान | ७१९६७४१ |
| २.७. विशेष अनुदान | ४५८४३३ |
| **३. वित्तीय व्यवस्था** | |
| ३.१. सोधभर्ना हुने गरी भएको खर्च | ० |
| ३.२. ऋण लगानी फिर्ता | ० |
| ३.३. शेयर विक्री | ० |
| ३.४. बैदेशिक ऋण प्राप्ती | ० |
| **४. अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने रकम** | **(२८५९७६५)** |
| **५. चालु आर्थिक वर्षको संचितकोषको खुद मौज्दात** | **०** |
| **६. विगत आर्थिक वर्षको खुद मौज्दात** | **(५८७६६०२)** |
| **७. बैंकबाट भुक्तानी नभएको खर्च समायोजन** | **२७६१६** |
| **जम्मा प्राप्ती** | **१५०९२३७४** |
| **(ख) भुक्तानी** | |
| **१. चालु वर्षको भुक्तानी** | |
| १.१. संचित कोष माथी व्यभार हुने रकममा खर्च | ८६४५७ |
| १.२. विनियोजन ऐन द्धारा भएको खर्च (**चालु**) | ६५४१००९ |
| १.३. विनियोजन ऐन द्धारा भएको खर्च (**पूँजिगत**) | ८४६४९०८ |
| **२. वित्तिय व्यवस्था भुक्तानी** | |
| २.१. आन्तरिक ऋणको सावा भुक्तानी | ० |
| २.२. बाह्य ऋणको साँवा भुक्तानी | ० |
| २.३. ऋण लगानी तथा शेयर लगानी | ० |
| **जम्मा भुक्तानी** | **१५०९२३७४** |

४०. **प्रदेश विनियोजन -** प्रदेश सरकारको कूल बजेट रु.२९ अर्व ७८ करोड ६९ लाख ३८ हजारमा कूल खर्च रु.१५ अर्व ९ करोड २३ लाख ७४ हजार रहेको छ । उक्त कूल खर्च मध्ये चालु तर्फ संचित कोषमा व्ययभार पर्ने रकम समेत रु.६ अर्ब ६२ करोड ७४ लाख ६६ हजार तथा पूँजीगत तर्फ रु.८ अर्ब ४६ करोड ४९ लाख ८ हजार खर्च भएको छ । कूल बजेटको तुलनामा खर्च ५०.६६ प्रतिशत र कूल खर्चको अनुपातमा चालु तर्फ ४३.९१ प्रतिशत र पूँजीगत तर्फ ५६.०९ प्रतिशत खर्च भएको छ । उक्त खर्चमा रु.२ करोड ७६ लाख १५ हजार ईकाइ कार्यालयबाट खर्च भएको तर बैंकबाट भुक्तानी नभएको रकम रहेको छ ।

सो रकम समायोजन गर्दा संचित कोषको खुद खर्च रु.१५ अर्व ६ करोड ४७ लाख ५९ हजार हुन जान्छ। पूँजीगत बजेट विनियोजनमा पूँजीगत खर्च ५६ प्रतिशत देखिन्छ । अख्तियारी, बजेट तथा कार्यक्रमको परिचालनमा सरकारको ढिलाईको कारण पूँजीगत खर्चको स्थिति कमजोर देखिएको छ। प्रथम चौमासिकमा पूँजीगत खर्च शून्य रहेको छ।

४१. **समपूरक अनुदान -** समपूरक अनुदान वापत संघीय सरकारबाट यो वर्ष प्रदेश सरकारलाई रु.२९ करोड ३३ लाख ३३ हजार प्राप्त भएकोमा प्रदेश सरकारको यो वर्ष ५० प्रतिशत र संघीय सरकारको ५० प्रतिशत लागत सहभागितामा योजना तथा कार्यक्रम संचालन गर्ने व्यवस्था अनुरुप सोही वरावरले हुने रकम कार्यक्रम, बजेट तथा अख्तियारीमा खुलाई रकम पठाउनुपर्ने र समपूरक तर्फ बजेट समेत छुट्याउनुपर्नेमा नेपाल सरकारको अंशमात्र निकाशा दिएको छ। सो मध्ये प्रदेश संचित कोषले समपूरक वापत रु.१२ करोड ९६ लाख ३० हजारको खर्चको खुलासा गरेको देखिँदा निकाशा मध्ये बाँकी रु.१६ करोड ३७ लाख ३ हजार तथा खर्च रकमको ५० प्रतिशतको हिसावमा रु.६ करोड ४८ लाख १५ हजार समेत संघीय सरकारलाई रु.२२ करोड ८५ लाख १८ हजार प्रदेश संचित कोषबाट फिर्ता गर्नुपर्ने देखिन्छ।

४२. **खर्च समायोजन -** प्रदेश संचित कोषले देखाएको विवरण अनुसार प्रदेशको आन्तरिक हिसाव मध्ये रु.२ करोड ७६ लाख ९७ हजार साट्न बाँकी चेक रहेकोमा पुर्नआय लेखाङ्कन गरी हिसाव मिलान गर्नुपर्दछ।

४३. **विशेष तथा सशर्त अनुदान -** संघीय सरकारको सशर्त र विशेष अनुदान वापत प्राप्त गरेको रकमबाट खर्च पश्चात बाँकी हिसाव फिर्ता पठाउनुपर्ने व्यवस्था छ । यो वर्ष संघीय सरकारबाट सशर्त अनुदानमा रु.७ अर्व १९ करोड ६७ लाख ४१ हजार र विशेष अनुदान तर्फ रु.४५ करोड ८४ लाख ३३ हजार प्राप्त गरेकोमा विशेष अनुदान तर्फ व्यवस्था भएको बजेट खर्च नभएको र सशर्त अनुदान तर्फ रु.५ अर्व २ करोड ३९ लाख २७ हजार खर्च भएको हिसाव समायोजन पश्चात बाँकी रहने रु.२ अर्व ६३ करोड १२ लाख ४७ हजार प्रदेश संचित कोषबाट संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यहोरा औल्याएकोमा रकम ट्रान्सफर गरेको जनाएको छ।

४४. **प्रदेश आन्तरिक आय -** विनियोजन विधेयक, २०७५ अनुसार कूल राजश्व रु.१८ अर्व २९ करोड ७२ लाख अनुमान गरेकोमा रु.९ अर्व ७७ करोड ८७ लाख लाख ३५ हजार असूली भएको छ। प्राप्त गरेको राजश्व रकम अनुमानको तुलनामा ५३.४४ प्रतिशत देखिएको छ । स्थानीय तहबाट अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्राप्त हुने ४० प्रतिशत रकम प्राप्त नभएको, राजश्वको पूर्वानुमान वस्तुनिष्ठ तवरले हुने नसकेको, राजश्व प्राप्तीका वैकल्पिक श्रोतहरु पहिचान गरी आय वृद्धि गर्नेतर्फ कार्य योजना नबनाएको कारण राजश्व घटी असूल भएको छ।

४५. **प्रदेश विभाज्य कोष -** प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम ६० प्रतिशत प्रदेश संचित कोषमा र ४० प्रतिशत स्थानीय संचित कोषमा बाँडफाँड गर्ने व्यवस्था छ। यो वर्ष कूल रु.१ अर्व ३२ करोड ७८ लाख ३ हजार संकलन भएकोमा पहिलो किस्ता रु.१ अर्व १९ करोड ९३ लाख ७० हजार प्राप्त भएकोमा सोको ४० प्रतिशतले हुने रु.४७ करोड ९७ लाख ४८ हजार प्रदेश विभाज्य कोषमा ट्रान्स्फर गरेको र बाँकी ६० प्रतिशतले हुने रु.७१ करोड ९६ लाख २२ हजार आन्तरिक राजश्व खातामा ट्रान्सफर गरेकोमा संघीय सरकारबाट उक्त रकम फिर्ता लिई प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने देखिन्छ। साथै दोस्रो तथा तेस्रो किस्ताबाट (सवारी साधन संकलन) प्राप्त रु.१२ करोड ८४ लाख ३३ हजारको ६० प्रतिशतले हुने रु.७ करोड ७० लाख ५९ हजार प्रदेश संचित कोषमा र बाँकी ४० प्रतिशतले हुने रु.५ करोड १३ लाख ७३ हजार स्थानीय संचित कोषमा ट्रान्सफर गरी हिसाव मिलान गर्नुपर्ने देखिएको छ।

४६. **प्रदेश धरौटी -** गत वर्षको जिम्मेवारी रु.७ करोड ५९ लाख २६ हजारमा यस वर्ष रु.४५ करोड ६९ लाख ६५ हजार आय प्राप्त भई रु.५३ करोड २८ लाख ९१ हजार मा रु.५ लाख ३० हजार सदरस्याहा र रु.९ करोड ४९ लाख ३८ हजार फिर्ता खर्च समायोजन गर्दा रु.४३ करोड ७४ लाख २३ हजार बाँकी देखिन्छ। कार्यालय अनुसार रु.४२ करोड ५२ लाख ७२ हजार बाँकी देखिँदा स्रेस्ता तथा कोष अनुसार रु.१ करोड २१ लाख ५१ हजार फरक परेको छ। फरक हिसाव मिलान गर्नुपर्दछ।

४७. **खर्चको श्रोतगत अवस्था -** कूल खर्च मध्ये श्रोतगत विवरणमा प्रदेश सरकारको रु.४ अर्व ४३ करोड ४० लाख ३३ हजार र संघीय सरकारको रु.१० अर्व ६५ करोड ८३ लाख ४१ हजार रहेको छ। संघीय सरकार तर्फ समानीकरण अनुदान रु.५ अर्व ५० करोड ४७ लाख ८४ हजार, सशर्त अनुदान रु.५ अर्व २ करोड ३९ लाख २७ हजार र समपूरक अनुदान तर्फ रु.१२ करोड ९६ लाख ३० हजार खर्च भएको छ। संघीय

सरकारको खर्चमा रु.२५ करोड ९१ लाख २९ हजार विश्व बैंकको अनुदान तथा रु.१७ करोड ७९ लाख सोधभर्ना हुने ऋण रहेको छ।

४८. **विविध कोष -** विविध कोष तर्फ प्रदेश अन्तर्गत रहेका ८ जिल्लाको वर्षान्तमा स्रेस्ता अनुसार मौज्दात रु.२६ करोड ५७ लाख ७१ हजार रहेको देखिन्छ । बैंक अनुसार रु.२६ करोड ५६ लाख ३८ हजार देखिएकोले फरक परेको रु.१ लाख ३३ हजारको हिसाव मिलान हुनुपर्दछ।

४९. **आन्तरिक लेखापरीक्षण -** प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा निकायको प्रत्येक चौमासिक पछिको हिसावको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था छ । आन्तरिक लेखापरीक्षणमा सम्बन्धित निकायको उद्देश्य, गणितीय शुद्धता र कानूनको परिपालना, कार्यसम्पादनका क्रममा परिचालन भएको श्रोतको नतिजामूलक उपयोग, नीतिगत एवं प्रक्रियागत पक्षहरुको व्यवस्थापकीय अभ्यास र सञ्चालन संस्कृतिका सम्बन्धमा लेखाजोखा गरी सुझाव सहितको प्रतिवेदन गर्नुपर्ने उल्लेख छ। चौमासिक अवधिमा लेखापरीक्षण व्यवस्था नअपनाएको, व्यवस्थापकीय र संस्थागत संस्कृतिलाई सुझाव सहितको टिप्पणी नगरेको, आन्तरिक लेखापरीक्षणको वार्षिक प्रतिवेदन आश्विन मसान्त भित्र तयार गरी आर्थिक मामिला मन्त्रालयमा नपठाएको कारण आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिएन।

५०. **लेखा नीति र टिप्पणी -** प्रदेश सरकारले स्वीकृत गरेको मापदण्डबमोजिम कुनै निश्चित अवधिमा भएको आर्थिक कारोबारको समष्टिगतस्थिति दर्शाउने उद्देश्यले शीर्षकसमेत खुल्नेगरी वित्तीय विवरणको तयारी गर्ने कार्य प्रदेश सरकारको आर्थिक कार्यविधि ऐनमा उल्लेख छ । ऐनमा उल्लिखित प्रावधान अनुसार बजेट अनुमान, प्राप्ति र भुक्तानी विवरण तथा सोसँग सम्बन्धित लेखा टिप्पणीसमेतको विवरण बनाई लेखापरीक्षणमा पेश गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेशको केन्द्रीय आर्थिक विवरणमा लेखा नीति एवं टिप्पणी पूर्ण रुपले उल्लेख गरेको देखिएन।

प्रदेश लेखा नियन्त्रक कार्यालयले ३८ कार्यालयहरुको तलबी प्रतिवेदन पारित गर्नुपर्नेमा १९ वटाको पारित गरेको छ । २ कार्यालयको जिन्सी निरिक्षण गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गरेको देखिएन।

५१. **दरबन्दी पूर्ति -** प्रदेश लेखा नियन्त्रक कार्यालयको कूल दरबन्दी २० मा १७ पदहरु पूर्ति भएको छ। लेखा अधिकृत २ रिक्त देखिँदा पदपूर्ति गरी जनशक्तिको व्यवस्थापन हुनुपर्दछ।

५२. **धरौटी तर्फ -** वर्षान्तमा धरौटी मौज्दात रु.३ लाख ५३ हजार मध्ये रु.७७ हजार कार्यालयको नाम तथा ठेगाना नखुलेको रकम आवश्यक कारवाही गरी मिलान गर्नुपर्दछ।

५३. **विविध तर्फ -** प्रदेश लेखा नियन्त्रक कार्यालयमा नाम र ठेगाना नखुलेका कार्यालयको विविध तर्फको रु.३ लाख ७ हजार मौज्दात रहेको छ। पत्ता नलागेको यस्तो रकम कारवाही गरी सदरस्याहा गर्नुपर्दछ।

- **बेरुजू स्थिति -** मन्त्रालयतर्फ २ निकायमा यो वर्ष रु. ३ अर्व ७५ करोड ४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु. ३ अर्व ७० करोड ८९ लाख १७ हजार फछ्र्यौट भई रु. ४ करोड १० लाख ८७ हजार बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची १०** मा समावेश छ।

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्यांकन र प्रतिवेदन तथा संघसंगको समन्वय र सहकार्यमा सहप्रशासन, कानुन निर्माण र प्रदेश स्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.२१ करोड ६० लाख २१ हजार, राजस्व रु. ७ लाख २७ हजार, धरौटी रु.१४ लाख ५४ हजार र कोषतर्फ रु.६ करोड २६ लाख ४९ हजार समेत रु.२८ करोड ८ लाख ५१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **ऐन, कानून तर्जुमा -** प्रदेश सरकार प्रदेश नं २ (कार्य विभाजन) नियमावली, २०७४ को नियम २ अन्तरगत आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई तोकिएको ४१ कार्यहरु कार्यान्वयनको क्रममा रहेका छन् । लेखापरीक्षण अवधि २०७६।७।३० सम्म संसदमा पेश भएका मध्ये २२ कानून पारित भएका छन । १९ कानून प्रदेश सभामा टेवलसम्म भएका छन् । ७ कानून प्रदेश मन्त्रिपरिषद्को विधायन समितिमा रहेका छन् र २२ कानून सैद्धान्तिक सहमति भएका विधेयकको रुपमा रहेका छन् । मन्त्रालयले प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन कानुनहरुको प्राथमिकताका निर्धारण गरेको छैन । सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन पहिचान गरिएका कानुनहरु समयमै निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

२. **नीति कार्यान्वयन -** मन्त्रालयले प्रदेश सुरक्षा नीति, उपाधि सम्मान र विभूषण नीति, विपद् व्यवस्थापन नीति सडक सुरक्षा नीति, तर्जुमा गर्ने तथा सो को कार्यान्वयन गर्न आवश्यक ऐन, कानुन तथा कार्यविधि तर्जुमा लगायतका कार्यहरु सम्पादन भएको देखिएन । मन्त्रालयको कार्यक्षेत्र भित्रका नीति तर्जुमा तथा सोको कार्यान्वयनका लागि आवश्यक वातावरण सिर्जना गर्नेतर्फ मन्त्रालयको पहल हुनुपर्दछ ।

३. **बजेट वक्तव्य कार्यान्वयन -** यो वर्ष को वार्षिक नीति तथा कार्यक्रम अनुरुप सामुदायिक तथा परोपकारी संघ संस्थाको सहकार्यमा जनशक्तिको क्षमता बिकास तथा समन्वयात्मक रुपमा परिचालन गर्ने, सार्बजनिक निकायबाट भएका खर्चको सार्बजनिकरण गर्ने, सचेतनामूलक कार्यक्रम गर्ने, लैङ्गिक असमानता, लागुऔषध, आपका सरकार आपके द्वार, द्वन्द्व व्यवस्थापन, प्रदेश अनुसन्धान व्यूरो, बाल सुधार, प्रदेश रेडियो, प्रदेश सशक्तिकरण, भ्रष्टाचार सम्बन्धमा शून्य सहनशीलताको नीति अबलम्बन गर्ने लगायतका कार्यक्रम तथा उल्लेखित नीतिको लागि गोष्ठी संचालन सम्म गरी रु १ करोड ८ लाख ९१ हजार बजेट खर्च भएको तर कार्यक्रम कार्यान्वयनमा पूर्णता देखिएन । तोकिए बमोजिम नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्नुपर्दछ ।

४. **बजेट तथा कार्यक्रमको मूल्याङ्कन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी अर्धवार्षिक र वार्षिक रुपमा सो अवधि समाप्त भएको २ महिना भित्र विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । राजस्व, खर्च, आयोजना र कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त भएको समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान रकम, वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ती तथा परिचालनको यथार्थ विवरण तथा प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरुको कार्यान्वयन अवस्था र अन्य आवश्यक विवरणको आधारमा मूल्याङ्कन गरेको देखिएन ।

५. **लक्ष्य तथा प्रगति -** प्रदेश आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा ६५ बमोजिम यो ऐन र यस ऐन अर्न्तरगत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अर्न्तरगत आर्थिक कार्यविधि नियमावली, नबनिसकेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(८) बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित अगामी वर्षमा पनि चालु राख्नु पर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पुँजिगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा समीक्षा गर्न सकिएन ।

६. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ बमोजिम मन्त्रालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्चको दक्षता बढाउनुपर्नेमा खर्च सिर्जना गर्ने स्पष्ट आधार बेगर बजेट अनुमान तथा प्रस्तुतिका कारण मन्त्रालयको विनियोजन दक्षता कमजोर देखियो । बजेट प्रस्ताव, खर्चको स्पष्ट आधार तथा कार्यक्रमको लागि विनियोजन दक्षतामा प्रभावकारिता ल्याउनुपर्दछ ।

७. **शून्य प्रगति -** मन्त्रालयको लागि यो वर्ष सम्पन्न गर्न निर्धारण गरिएका क्रियाकलाप मध्ये सूचनाको हक सम्बन्धी कार्यशाला गोष्ठि, उपाधि सम्मान र विभूषण सम्बन्धित कानून निर्माणको मस्यौदा तयारी एवम् अन्तरक्रिया कार्यक्रम, शब्द व्यवस्थापन सम्बन्धी अर्न्तक्रिया कार्यक्रम, न्यायिक तथा अर्धन्यायिक निकायको फैसला कार्यान्वयन सम्बन्धी सूचना संकलन कार्यशाला, पत्रकारिता कार्यविधि, प्रदेशस्तरमा बनेका कानूनको प्रचार, प्रसार कार्यक्रम गोष्ठि, बालसुधार गृहको स्थापना सम्बन्धी कानून निर्माणको मस्यौदा तयारी एवं अर्न्तक्रिया र प्रदेशस्तरीय सुरक्षा गोष्ठी लगायतका कार्यक्रम संचालन हुन नसकी शून्य प्रगति देखिएको छ । कार्यक्रमको लक्ष्य अनुसार अपेक्षित प्रगति प्राप्त गर्ने तर्फ ध्यान दिन आवश्यक छ ।

८. **वित्तीय कार्यसम्पादन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार कार्यालयले बजेट तथा कार्यक्रम कार्यान्वयन गरी चौमासिक रुपमा प्रगति प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पठाउनु पर्ने र तालुक कार्यालयले त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको बार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा कार्यक्रम संचालन गरी खर्च गर्ने लक्ष्य तोकिएकोमा तेश्रो चौमासिकमा कुल खर्चको ७३ प्रतिशत र असार महिनामा मात्रै कूल खर्चको २६ प्रतिशत खर्च भएको छ । बार्षिक कार्यक्रममा तोकिए बमोजिम चौमासिक रुपमा खर्च भएको देखिएन । यस सम्बन्धमा प्रगतिको समीक्षा गरी आवश्यक सुधारका लागि कदम चाल्नुपर्दछ

९. **खरिद योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ तथा नियम ८ बमोजिम मन्त्रालयले एक वर्ष भन्दा बढी अवधि सम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक १० करोड रुपैंया भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरु योजना तयार गर्नुपर्ने साथै रु.१० लाख भन्दा बढी रकमको खरिद गर्नुपर्दा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा खरिद योजना तयार गर्नुपर्ने र आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भएपछि सो अनुरुप कार्यक्रम सञ्चालन गर्ने व्यवस्था रहेकोमा गुरुयोजना, मध्यकालिन खर्च योजना, वार्षिक खरिद योजना बनाएको देखिएन । नियममा तोकिए बमोजिमको खरिद योजना बनाउनुपर्दछ ।

१०. **खरिद -** यस वर्ष मन्त्रालयले मन्त्री, राज्यमन्त्री, सचिव लगायत कर्मचारीको लागि वोलपत्रबाट ३ र सिलबन्दी दरभाउपत्र बाट १ गरी ४ सवारी साधन खरिद गरेको छ । त्यस्तै सिलबन्दी दरभाउपत्र प्रतिस्पर्धाबाट ७ थान मोटरसाइकल खरिद भएको छ । सवारी साधन वापत रु.२ करोड ६१ लाख ८६ हजार र मोटरसाइकल खरिद रु.१५ लाख ९५ हजार समेत रु.२ करोड ७७ लाख ८१ हजार खर्च गरेको छ । त्यस्तै फर्निचर एवं मेशिनरी औजार लगायतका उपकरणहरु खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम आवश्यक पर्ने सामान र सोको लगत र लागत अनुमान तयारी गरी प्रतिस्पर्धात्मक तरिकाबाट खरिद गर्नुपर्नेमा पटकपटक १४ पार्टीवाट विभिन्न मितिमा रु.५१ लाख ३० हजारको सोझै खरिद गरेको छ । मेशिनरी, फर्निचर तथा अन्य उपकरण खरिदमा प्रतिस्पर्धा नगरी खरिद गरेको नियम सम्मत देखिएन ।

११. **सम्पत्तिको अभिलेख तथा प्रतिवेदन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ बमोजिम मन्त्रालयले आफ्नो जिम्मामा रहेको घर, जग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत तथा मातहत कार्यालयबाट प्राप्त प्रतिवेदन र आफ्नो कार्यालय समेतको जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी भाद्र मसान्त भित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाएको छैन ।

१२. **विपद् व्यवस्थापन -** प्रदेश नं. २ को विपद् व्यवस्थापन ऐन, २०७५ को दफा १४ बमोजिम प्राकृतिक विपद्को संभावित असर न्यूनीकरण गर्न, उद्धार, राहत एवम् आपतकालीन योजना तर्जुमा गर्न, राहात वितरण गर्न लगायतको कार्यमा आन्तरिक मामिला तथा कानून मन्त्रीको अध्यक्षतामा गठित समितिबाट कार्य गर्ने गरी प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको व्यवस्था छ । गठित समितिले विपद् पिडित उद्धार तथा राहत कोषको स्थापना र संचालन गर्न एक कोष स्थापना अन्तर्गत गत वर्ष संघीय शीर्षकबाट ट्रान्सफर गरेको रु.२ करोड र यो वर्ष प्रदेश सरकारले उद्धार, राहत तथा पुर्नस्थापना खर्च वापत व्यवस्था गरेको रु.४ करोड २५ लाख ५८ हजार तथा विभिन्न आय रु.९१ हजार समेत रु.६ करोड २६ लाख ४९ हजार कूल आयमा यो वर्ष रु.१२ लाख २८ हजार खर्च गरी रु.६ करोड १४ लाख २१ हजार बाँकी छ ।

सोको कार्यविधि तयार भएको छैन । साथै गत वर्ष ट्रान्सफर भएको संघीय सशर्त रकम संघीय संचित कोषमा दाखिला गरेको छैन ।

१३. **शान्ति सुरक्षा खर्च -** प्रदेश मन्त्रिपरिषद्को २०७५।२।१० को निर्णयानुसार आन्तरिक मामिला तथा कानून मन्त्रालयका मन्त्री तथा सचिवलाई भैपरी आउने शान्ति सुरक्षाको काममा विलभरपाई पेश गरी रहनु नपर्ने गरी एक पटकमा महिनाको बढीमा ५ पटकले मन्त्रीलाई प्रतिपटक रु.३० हजार र सचिवलाई रु.१० हजार यो वर्ष माननीय मन्त्रीलाई रु.१८ लाख र सचिवलाई रु.६ लाख समेत कूल रु.२४ लाख खर्च लेखेको छ ।

१४. **कार्यक्रमिक सहयोग -** मन्त्रालयले वजेट अवण्डामा राखी वार्षिक कार्यक्रम अन्तर्गत पटके निर्णयको आधारमा विभिन्न क्लब, संघ, संस्थालाई खेलकूद कार्यक्रममा रु.६ लाख ६० हजार कार्यक्रम सहयोग वापत खर्च लेखेको छ । खाना, खाजा, खेलसामाग्री, पुरस्कार जस्ता खर्चका विल संलग्न गरी अवण्डा वजेटबाट कार्यक्रमिक सहयोग गरेको नियमसंगत देखिएन ।

१५. **सहजकर्ता भर्ना -** प्रदेशमा रहेको हरेक गाउँ कार्यपालिकामा १।१ जना कानूनी सहजकर्ता भर्ना कार्यक्रमका लागि मन्त्रालयले ५९ जना सहजकर्ता सेवा करारमा नियुक्ति गर्न दरखास्त आह्वान बमोजिम ८५७ जना परीक्षार्थीको २०७५।९।१९ सम्म अर्न्तवार्ता लिई सकेपछि २०७५।९।१९ को मन्त्रिपरिषद्को निर्णय अनुसार उक्त परीक्षाको नतिजा स्थगित गरेको छ । मन्त्रालयले उक्त कार्यक्रमको दरखास्त आह्वान देखि अर्न्तवार्ता सम्म छनौट प्रक्रियामा बैठक, खाजा भत्ता वापत रु.२ लाख ७६ हजार खर्च गरेको देखिन्छ । अन्तरवार्ता लिईसकेपछि स्थगित गर्ने कार्यले खर्च अनुत्पादक बन्न पुगेको छ । यस्तो प्रवृत्ति नियन्त्रण हुनुपर्दछ ।

१६. **परामर्श सेवा -** सार्वजनिक खरिद नियमावली, २०६४ को निमय १९ मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि करमा दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले प्रदेश रेडियो तथा प्रदेश अनुसन्धान व्यूरो स्थापनाको लागि दर्ता नभएका व्यक्ति फर्मबाट कार्य गराई रु.१५ लाख ३ हजार परामर्श सेवामा खर्च गरेको छ । दर्ता नभएका फर्मबाट सेवा आपूर्ति गर्ने कार्य नियम सम्मत देखिएन ।

१७. **खर्च मापदण्ड -** आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. २ खर्च मापदण्ड निर्देशिका, २०७५ ले तालिम, गोष्ठी, सेमिनार लगायतका कार्यक्रम संचालन सम्बन्धी मापदण्ड तोकेको छ । मापदण्ड अनुसार तोकिएका नियमहरु र दर भन्दा अधिक दरमा खर्च गर्नु परेमा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । मापदण्डको पालना नगरी कार्यक्रम संचालनमा पारिश्रमिक वापत रु ९ हजार, विविध खर्चमा रु २० हजार, सहभागी भत्ता र यातायात खर्चमा रु १ लाख ५ हजार, सहजकर्ताको तलव बापत रु ९३ हजार वढी दरमा लागत अनुमान बनाई तोकेभन्दा वढी खर्च लेखेको रु ७० हजार र दोहोरो दैनिक भत्ता रु १८ हजार समेत रु ३ लाख १५ हजार असुल गर्नुपदर्छ ।

१८. **कानून मस्यौदा समिति बैठक -** खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम वैठक भत्ता दिने आधारमा स्पष्ट विषयवस्तु, कार्ययोजना तथा कार्यशर्त हुनुपर्ने व्यवस्था छ । यस वर्ष मन्त्रालयसँग सम्बन्धित कानून निर्माण, मन्त्रालयको प्राथमिकतामा परेका कानूनको सैद्धान्तिक सहमति दिने कार्यका लागि वर्ष भरी कार्यालय समय अगाडि र पछाडि वैठक बसी वैठक भत्ता वापत कार्यक्रम खर्चबाट र चालु खर्चबाट समेत रु.४० लाख ६४ हजार भुक्तानी गरेको छ । मस्यौदा उपर छलफल र निर्णय गर्दा वैठकमा १ वा २ बुँदा वा दफामा छलफल गरी वैठक टुङ्गाएको छ । छलफल भएका कानुनको अभिलेख राखी विभिन्न वैठकको उपस्थिति र निर्णयको आधारमा भत्ता खर्चमा मितव्ययिता अपनाई खर्च गर्नुपर्दछ ।

१९. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन मन्त्रालय अन्तर्गत सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** मन्त्रालय तर्फ २ निकायमा यो वर्ष रु. ५ करोड ३३ लाख ७५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट बेरुजू फछ्र्यौट हुन नसकि सोही बेरुजू बाँकी रहेको छ । सो मध्ये रु. ४ करोड ९७ लाख १२ हजार पेश्की बेरुजू रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची १०** मा समावेश छ ।

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

व्यापार  वाणिज्य र बजार प्रतिस्पर्धासम्बन्धी प्रादेशिक नीति कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन ऐन, नियम, खानी तथा खनिज पदार्थको अन्वेषणसम्बन्धी प्रादेशिक नीति, प्रदेशस्तरको संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, प्रदेशभित्र भूस्खलन नियन्त्रण जस्ता कार्य गर्ने गरी यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु. १ अर्ब ५५ करोड ९७ लाख ९३ हजार, राजस्व रु. २४ करोड ६३ लाख ९२ हजार हजार, धरौटी रु. २१ करोड ३६ लाख ३७ हजार र अन्य कारोबार रु. १९ करोड २८ लाख ५८ हजार समेत रु. २ अर्ब २१ करोड २६ लाख ८० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **नीति कार्यान्वयन -** वार्षिक नीति तथा कार्यक्रममा उल्लेखित  पर्यटन, सस्कृति, धार्मिक रीतिरिवाज, मठ मन्दिर संरक्षणका लागि आवश्यक नीति तर्जुमा गर्ने, प्रदेशको ऐतिहासिकताको संरक्षण र प्रवर्द्धन गरी सामाजिक जागरणका  कार्यक्रम तर्जुमा गर्ने उल्लेख भएकोमा नीतिहरु बनिसकेको देखिएन । वार्षिक नीति तथा कार्यक्रममा उल्लेखित कानूनको  तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

    विभिन्न मठ, मन्दिर, ताल तलैया धार्मिक महत्वका पोखरीहरुको सरसफाई र प्रचार प्रसार गर्ने, हरेक समुदायका भाषा, सस्कृति,कला, भेषभूषा, रहनसहन, चाडपर्व लगायतका परम्परागत मान्यतालाई संरक्षण गर्ने, आदरणीय शहिदहरुको त्याग र वलिदान प्रति सम्मान स्वरुप मधेशी शहिद प्रतिष्ठान कोष स्थापना गर्ने उल्लेख भएकोमा कोष संचालनमा आएको देखिएन । बजेटमा समेत उल्लेख भएका कार्यक्रमको संचालन तथा कार्यान्वयन गर्नुपर्दछ ।

२. **बजेट कार्यान्वयन -** जनताको बीचमा प्रदेश सरकारको वलियो उपस्थिति देखाउने, प्रदेश शासन व्यवस्था संचालनका सम्पूर्ण पूर्वाधारहरु तयार गरी जनतामा सुशासनको प्रत्याभूति दिलाउने, आय सुधार, गरीबी न्यूनीकरणका साथै आर्थिक सामाजिक रुपान्तरणमा कुटिर उद्योग विकास को लागि रु.४ करोड, वनको वैज्ञानिक व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न रु.१७ करोड ६० लाख, रामजानकी डोली विसौनी घर निर्माण गर्न रु.१ करोड २० लाख, भ्यूटावरको लागि रु.१ करोड र होमस्टे पूर्वाधार विकासका लागि रु.२ करोड ६० लाख लगायत विभिन्न कार्यक्रम को लागि बजेट व्यवस्था भएकोमा आधिकांश कार्यक्रम कार्यान्वयन भएको छैन । बजेटमा तय गरेको व्यवस्थाको कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्दछ ।

३. **बजेट तथा कार्यक्रमको मुल्याङ्कन -** बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी सम्बन्धित मन्त्रालयले अर्धवार्षिक वा वार्षिक रुपमा सो अवधि समाप्त भएको २ महिना भित्र विवरण सार्वजनिक गरेको देखिएन । मन्त्रालयको राजश्व, खर्च, आयोजना र कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त भएको अनुदान तथा मन्त्रालयको लागि प्रदेश सरकारले नीति तथा बजेटमा समावेश गरेको कार्यक्रमहरुको कार्यान्वयन अवस्थाको बारेमा मूल्याङ्कन गरी यथार्थ नतिजाको विवरण तयार गरेको पाइएन । बजेटमा समावेश भएका कार्यक्रमहरुको कार्यान्वयन अवस्थाको मूल्याङ्कन गर्ने व्यवस्था तोकिएको समयमा मिलाउने व्यवस्था गर्नुपर्दछ ।

४. **सेवा प्रवाह तथा मापदण्ड** - नेपालको संबिधान, २०७२ को अनुसूची-६ मा  प्रदेश सरकारले गर्ने कार्यसूचीको व्यबस्था छ । सूचिमा व्यबस्था भए अनुसार पर्यटन प्रहरी, प्रशासन र शान्ति सुरक्षा, वित्तीय संस्थाहरुको सञ्चालन, सूचना तथा सञ्चार, प्रदेश तथ्याङ्क, प्रदेश पर्यटकीय स्थलको संरक्षण, सस्कृति सम्पदाको पहिचान सहितको बिकास लगायत २१ अधिकार कार्य सूचीको व्यवस्था छ । सो अनुरुप मन्त्रालयले आफ्ना कार्यक्रम लक्षित गरी संचालन अभिलेख तयार गरेको छैन । सेवा प्रवाहको सूचीगत प्रगति विवरण तयार गर्नु पर्दछ ।

५. **वित्तीय प्रतिवेदन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको सात दिन भित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले तयार गर्ने प्रदेश तथा केन्द्रीय ढाँचाका वित्तीय प्रतिवेदन एवं कार्यसञ्चालनसँग सम्बन्धित प्रतिवेदनहरु उल्लेखित व्यवस्था अनुरुप विद्युतीय माध्यमबाट सार्वजनिक गरेको छैन । वित्तीय प्रतिवेदनहरुबाट सार्वजनिक सूचना प्रवाहित गर्नुपर्दछ ।

६. **वन, जल र वातावरण -** प्रदेशमा रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता (काठ, दाउरा, घाँसपात, गैर काष्ठ, वन पैदावार) को आपूर्ति, कृषि, पशुपालन, पर्यटन र सिंचाइमा समेत वन क्षेत्रको भूमिका उल्लेखनीय छ । वन अतिक्रमण नियन्त्रण तथा वन डढेलो नियन्त्रण, वन सम्बन्धी द्वन्द्व व्यवस्थापन, वन फडानी, विपद जोखिम न्यूनीकरण, वनमा आश्रित समुदायका लागि दिगो अनुकूलन कार्यक्रम सञ्चालन गरी वन तथा वातावरण क्षेत्रको व्यवस्थापन गर्नु प्रदेश सरकार समक्ष चुनौति रहेका छन् । प्रदेश सरकारले वन स्रोतको घनत्व, विविधता र वन उद्यमशीलता सिर्जना गर्न सक्ने गरी दीगो तथा वातावरण अनुकूलन कार्यक्रम कार्यान्वयनमा ल्याएको देखिएन ।

७. **खानी अन्वेषण र व्यवस्थापन –** श्रममूलक, निर्यातजन्य र आयात प्रतिस्थापनको लागि उद्योग क्षेत्रको भूमिकामा वृद्धि गर्नु र उद्योगको लागि आवश्यक पर्ने कच्चापदार्थको व्यवस्थापन गरी औद्योगिक वातावरण सिर्जना गर्नु प्रदेश सरकारको अधिकार तथा दायित्व रहेको छ । प्रदेशभित्र खानीजन्य वस्तुहरुको अनुसन्धान, अन्वेषण र उत्खनन्का कार्यक्रमहरुलाई अगाडि बढाई औद्योगिक क्षेत्र र सीपमूलक रोजगारी अगाडि बढाउनु पर्ने आवश्यकता प्रदेश सरकारको जिम्मामा रहेको छ । प्रदेश अन्तर्गत यस सम्बन्धी कार्य प्रारम्भ हुन सकेको छैन ।

८. **कानुनको तर्जुमा -** प्रदेश सरकारको कार्य विभाजन सम्बन्धी नियमावली, २०७४ अनुसार व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवं नियमन र सिन्डीकेट तथा कार्टेलिङ्ग नियन्त्रण सम्बन्धी कानूनको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

९. **जैविक विविधताको अध्ययन, अनुसन्धान -** प्रदेश सरकार कार्य विभाजन सम्बन्धी नियमावली, २०७४ अनुसार प्रदेश स्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवं लाभांश वांडफांडको नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । विगत वर्षहरुमा संघीय सरकारले जैविक विविधताको सन्दर्भमा गरेका अनुसन्धनात्मक कार्यहरुको स्वामित्व लिई व्यवस्थापन नियमन र लाभांश वांडफांडको नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१०. **संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धती निर्धारण -** वन्यजन्तु तथा संरक्षण क्षेत्रको कार्य संघीय सरकारको मातहत रहेको सन्दर्भमा कार्य विभाजन नियमावली, २०७४ को नियम ५४ मा उल्लेखित संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धती निर्धारणको लागि प्रदेश स्तरमा थप संरक्षण क्षेत्रको पहिचान गरी व्यवस्थापकीय पद्धती निर्धारण गर्नुपर्दछ ।

११. **एकीकृत हिसाव -** मन्त्रालयको २०७५।७६ मा कूल विनियोजन संघीय सरकार तर्फ रु.१ अर्व ३८ करोड ७७ लाख ५० हजार, राजश्व बाँडफाँडबाट रु. ६९ करोड ९९ लाख १ हजार र आन्तरिक श्रोत तर्फ रु.२२ करोड ४९ लाख २० हजार समेत रु.२ अर्व ३१ करोड २५ लाख ७१ हजारमा मन्त्रालय तथा अर्न्तगत कार्यालयलाई रु.१ अर्व ६६ करोड ७ लाख २१ हजार उपलब्ध गराएको छ । बाँकी रु.६५ करोड १८ लाख ४९ हजारमा नेपाल सरकारको सर्शत अनुदान रु.५८ करोड ३५ लाख ८६ हजार विनियोजन गरेको देखिदा सोको एकीकृत केन्द्रीय हिसाव विवरण तयार गरेको देखिएन । कूल विनियोजन अनुसार मन्त्रालय तथा कार्यालयमा गएको अख्तियारी तथा सर्शत बजेटको अख्तियारी बीच भिडान हुन नसक्दा मन्त्रालयको कूल विनियोजन र श्रोत अनुसारको खर्च तथा बाँकी यकिन हुन सकेन ।

१२. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ बमोजिम मन्त्रालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्चको दक्षता बढाउनुपर्नेमा खर्च सिर्जना गर्ने स्पष्ट आधार बेगर बजेट अनुमान गरेकोले ७८ प्रतिशत रकम खर्च हुन नसक्दा मन्त्रालयको विनियोजन दक्षता कमजोर देखियो । बजेट प्रस्ताव, खर्चको स्पष्ट आधार तथा कार्यक्रमको लागि विनियोजन दक्षतामा प्रभावकारिता ल्याउनुपर्दछ ।

१३. **कार्यक्रम संशोधन -** आर्थिक वर्ष २०७५।०७६ को लागि मन्त्रालय अन्तर्गतको पूँजीगत तर्फ ४८ र चालु तर्फ ४६ कार्यक्रमको लागि शुरुमा १ अर्व ६६ करोड ७ लाख २१ हजारको कार्यक्रमगत अख्तियारी उपलब्ध गराएकोमा पूँजीगत तर्फ ४८ कार्यक्रमलाई बढाई ७४ कार्यक्रम स्वीकृत गरी रु.५५ करोड ८० लाख ६० हजार थप घट गरेको र चालु तर्फ ४६ कार्यक्रमलाई बढाई ५५ कार्यक्रममा रु.११ करोड ६३ लाख थप घट गरेको देखिन्छ । मन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको विभिन्न बैठकबाट भएको निर्णय अनुसार कार्यक्रमहरुमा विभिन्न कारण जनाई कूल ५१ कार्यक्रम परिमार्जन तथा संशोधन गरेको छ । मन्त्रालयले

शुरुमा स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने शिलसिलामा त्यस्तो कार्यक्रमको उद्देश्य, लक्ष्य, स्वीकृत बजेट र आवधिक योजना अनुकूल हुनेगरी बनाउनुपर्नेमा आर्थिक वर्षको बीचँमा कार्यक्रम संशोधन गर्नु उपयुक्त देखिएन । कार्यक्रम संसोधन नहुने गरी बजेट तर्जूमा गर्नुपर्दछ ।

१४. **उपभोक्ता समिति मार्फत कार्य -** प्रदेश सरकार कार्यविभाजन नियमावली अनुसार मन्त्रालयको कार्य वर्गीकरणमा मूलतः कानून, ऐन, नियम, नीति, मापदण्ड, कार्यविधि, निर्देशिका, निर्णय, परिपत्र र अन्तर्गत निकायमा परेको समस्याको सहजीकरण, वैकल्पिक मार्ग पहिचान, प्रक्रियागत सरलीकरण, जनशक्ति व्यवस्थापन लगायतका कार्यमा केन्द्रीत हुने व्यवस्था छ । यो वर्ष मन्त्रालयले धर्मशाला मर्मत, तारवार, वृक्षारोपण, जानकी मन्दिर संरक्षण सुधार, सिंचाई कूलो मर्मत लगायतको कार्यमा उपभोक्ता समिति गठन तथा सोसँग सम्झौता गरी रु.१ करोड ४५ लाख ४१ हजार भुक्तानी गरेको छ । इकाई कार्यालयबाट सम्पादन गर्न सक्ने विभिन्न कार्यक्रमलाई उपभोक्ता समितिसँग सम्झौता गरी मन्त्रालयबाट गर्ने प्रक्रिया उपयुक्त देखिएन ।

१५. **एउटै कार्यमा विभिन्न निकायको संलग्नता -** एउटै उद्देश्य तथा कार्यक्षेत्रमा विभिन्न निकायको संलग्नता नहुने गरी कार्यक्रम छनौट तथा योजना प्राथमिकीकरण गर्नुपर्नेमा विभिन्न निकायको संलग्नता देखिएको छ । जानकी मन्दिरको संरक्षण तथा पूर्वाधार निर्माणमा पर्यटन, उद्योग, वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालय र मुख्यमन्त्रीको कार्यालय समेत संलग्न भएको देखिन्छ । यो वर्ष मन्त्रालयबाट उपभोक्ता समिति मार्फत मार्वल छपानमा रु.४७ लाख ३६ हजार खर्च गरेको छ । मन्त्रालय बीच एउटै उद्देश्यको कार्यमा विभिन्न निकायको संलग्नता नरहने गरी कार्यक्रम छनौट गर्नुपर्दछ ।

१६. **वित्तीय कार्यसम्पादन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार बजेट तथा कार्यक्रम कार्यान्वयन गरी चौमासिक रुपमा प्रगति प्रतिवेदन तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नु पर्ने व्यवस्था छ । मन्त्रालयले पेश गरेको बार्षिक कार्यक्रममा चौमासिक रुपमा कार्यक्रम संचालन गरी खर्च गर्ने लक्ष्य तोकेकोमा प्रथम चौमासिकमा रु.९ लाख ९८ हजार अर्थात कूल खर्चमा १.३९ प्रतिशत, दोस्रो चौमासिकमा शून्य प्रतिशत, तेश्रो चौमासिकमा कुल खर्चको ९८.६१ प्रतिशत जून आषाढ महिनामा मात्रै खर्च गरेको छ । बार्षिक कार्यक्रममा तोकिएको कार्य लक्ष्य बमोजिम चौमासिक रुपमा खर्च भएको देखिएन । मन्त्रालयले खर्च र प्रगतिको समीक्षा गरी अषाढमा मात्र खर्च गर्ने स्थितिलाई नियन्त्रण गर्नुपर्दछ ।

१७. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा रु.४९ लाख ३७ हजारको सोझै खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी बनाउनुपर्दछ ।

१८. **आर्थिक सहायता -** मन्त्रिपरिषदको मिति २०७६।१।१९ को वैठकबाट निर्णय भए बमोजिम २०७५ साल वैशाख ३० गते श्री रामजानकी नवमी तथा वृहत रामायण मेला मूल समारोह समितिलाई रु.१० लाख आर्थिक सहयोग उपलब्ध गराएकोमा मेला सञ्चालन भएको मिति भन्दा पछाडिको विल संलग्न गरी मन्त्रालयले रु.९ लाख ९६ हजार  आर्थिक सहायता उपलब्ध गराएको देखियो । समय अनुकूलको खर्चको विल भपाई नभएको रकम समेत समर्थन गर्नु उपयुक्त देखिएन ।

१९. **बजेट तथा कार्यक्रम स्थिति -** मन्त्रालयको लागि कार्यक्रम सञ्चालन गर्न रु.५० करोड ५५ लाख ४५ हजार विनियोजन भएकोमा रु.१० करोड ६५ लाख ८७ हजार अर्थात २१.०८ प्रतिशत खर्च भएको देखिन्छ । विभिन्न कार्यक्रम मध्ये १० कार्यक्रममा वजेट रकम खर्च नभई शुन्य प्रगति देखिन्छ । बजेटमा रकमको व्यवस्था गर्ने तर बजेट अनुरुप कार्यक्रम संचालन नहुनु उपयुक्त देखिएन । बजेट र कार्यक्रम बीच समय, जनशक्ति तथा श्रोतको उचितरुपले समन्वय गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२०. **पर्यटन कार्यक्रम -** बाराका ६, पर्साका ७, रौतहटका ४, सप्तरीका ५, सर्लाहीका ५, सिराहाका ७, महोत्तरीका ५, र धनुषाका १३ समेत गरी ४६ कार्यक्रम अन्तर्गत पोखरी, मन्दिर, पूर्वाधार, होमस्टे, संरक्षण, निर्माण, धर्मशाला, गुरुयोजना, पर्यटकीय स्थल विकासको लीग रु.५ करोड पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट बजेट प्राप्त गरेकोमा रु.१ करोड ५० लाख वृहत्तर जनकपुर परिषदमा पठाएको र मिथिला संग्राहालय स्थापना वापत रु.२० लाख, छठपोखरी चौतर्फि घाट रु.५ लाख, पर्यटकीय गन्तव्य २/२ थानको विकासको लागि रु.३० लाख, ऐतिहासिक गढी वापत रु.४५ लाख र मर्यादा पुरुषोत्तम श्रीराम तथा माताजानकी सम्बन्धी रामायण ट्रेल अध्ययन पूर्वाधार वापत रु.५० लाख निकाशा दिएको वाहेक रु.२

करोडको कार्यक्रम कार्यान्वयनमा आएको देखिएन । वजेट व्यवस्थापन अनुसार कार्यक्रम संचालन गर्नु पर्दछ ।

२१. **लेखापरीक्षण -** यो वर्ष वृहत्तर जनकपुर क्षेत्र विकास परिषदलाई समानीकरण अनुदान बाट सोझै खर्च लेखाङ्कन गरी रु.६ करोड ५ लाख उपलब्ध गराएको छ । अनुदानको श्रेस्ता परिषदमा नै रही सो रकमको लेखापरीक्षण गराएको छैन । कार्यक्रम बमोजिम परिषदबाट बचत रकमको विवरण लिई संघीय संचित कोष दाखिला गर्ने तथा निकाशा रकमको लेखापरीक्षण गराउनु पर्दछ ।

२२. **डोर हाजिर -** सिँचाई कुलो संरक्षण उपभोक्ता समिति महोत्तरीलाई सिँचाई कुलो मर्मत कार्य वापत २ हजार ५०० मिटर लम्बाई क्यानलको अर्थवर्क र फिलिङ्ग कार्य ७५ हजार क्यू मिटरको प्रति इकाई रु.४५५।- का दरले रु.३४ लाख १३ हजार कार्यमूल्याङ्कन गरी रु.३० लाख ७१ हजार भुक्तानी गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उक्त खर्च मानिसद्वारा गराएको डोर हाजिर समितिबाट अनुमोदन गराएको छैन । उक्त कार्य मेशिनबाट वा मानिसबाट गराएको खुलाएको छैन । डोर हाजिर, अनुगमन प्रतिवेदन र सार्वजनिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्दछ ।

२३. **मार्वल खरिद -** जानकी मन्दिरमा पर्यटन सेवा सुधार पूर्वाधार विकास कार्यक्रम अर्न्तगत जनकपुर मन्दिरमा एच.डि.पि. पाइप, जि.आइ.पाइप, वोरिङ्ग, पि.सि.सि. र मार्वल कार्य ७५२.५३ मि. स्क्वायर वाटरकुलर २ वटा, वाटर ट्यांकी १ लगायत १८ आइटमको लागत अनुमान रु.५२ लाख ६२ हजार मा मन्त्रालयले रु.४७ लाख ३६ हजार व्यहोर्ने गरी सम्झौता गरेकोमा १८ आइटम मध्ये ५ आइटमको कार्य मूल्याङ्कन रु.५२ लाख ४९ हजार गरी सम्झौता अनुसारको पूरै रकम भुक्तानी गरेको छ । सम्झौता भएका १३ आइटमको रु.८ लाख १८ हजार को कार्य नगराई कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखियो । मार्वलको कार्य ९०८.४१ स्क्वायर मिटर मूल्याङ्कन गरेकोमा संलग्न खरिद विल अनुसार उपभोक्ता समितिले १ हजार ८६० स्क्वायर मिटर खरिद गरेको देखिन्छ । खरिद गरेको भन्दा ९५२ मिटर स्क्वायर बढी मार्वलको खरिद मूल्य रु.१० लाख ९७ हजारको उपयोग सम्बन्धमा यकिन गर्नु पर्दछ ।

२४. **सेवा प्रवाह -** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न मन्त्रालयको लागि पहिचान गरिएका कानुन निर्माण कार्य बाँकी रहेको, दरबन्दी बमोजिम पदपूर्ति नभएको, मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षितरुपमा सेवा प्रवाह हुन सकेको पाइएन । संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

२५. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन मन्त्रालय अन्तर्गत सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढँगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा कानुनबमोजिम कार्य सम्पादन गर्न कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

## प्रदेश वन निर्देशनालय

२६. **योजनाको स्थिति -** पर्यटकीय महत्वका संरचनाको संरक्षण मर्मत र सौन्दर्यकरण तर्फ २० योजना, साना पर्यटकीय पूर्वाधार निर्माण सुधार तर्फ १६२ योजना, पर्यावरणीय तर्फ ८ योजना, तालतलैया संरक्षण तर्फ ३ योजना र सास्कृतिक तथा धार्मिक महत्वका संरचना मर्मत तथा संभार तर्फ ४ योजना समेत कूल १९७ योजनाको लागि रु.४३ करोड ८३ लाख ९० हजार बजेट व्यवस्था भएकोमा उक्त योजनाहरु उपभोक्ता समितिसँग सम्झौता गरी रु.१८ करोड ९ लाख ५७ हजार तेस्रो चौमासिक तथा आषाढ महिनामा किस्ता कायम समेत नगरी उपभोक्ता समितिलाई रकम भुक्तानी गरेकोमा सार्वजनिक लेखापरीक्षण समेत गराएको छैन । वर्षको अन्तमा योजना कार्यान्वयनमा ल्याउने र योजना पूर्णरुपले सम्पन्न नभई अधुरो रहने स्थिति उचित देखिएन ।

२७. **व्यवस्थापन सुधार -** मन्त्रालयले वन सम्वन्धी चालु कार्यक्रमको लागि रु.४० लाख निर्देशनालय तथा अन्तर्गत कार्यालयहरुको व्यवस्थापन सुधार अन्तर्गत कार्यक्रम खर्चमा समावेश गरेको छ । निर्देशनालयले ९ इकाईमा रकम विनियोजन तथा बाँडफाँडको प्रवन्ध नगरी तथा खर्चको वर्गीकरण र व्याख्या विपरित हुने

गरी भत्ता, अन्यभत्ता, पानी विजुली, ईन्धन, वीमा, मसलन्द, अनुगमन मूल्याङ्कन, भ्रमण खर्च, मेशिनरी औजार मर्मत लगायतमा रकमको बाँडफाँड गरी रु.३३ लाख १२ हजार खर्च गरेको छ । कार्यक्रम अनुरुपको वजेट नराखी कार्यालय व्यवस्थापन खर्च राख्दा खर्चको वर्गीकरण तथा व्याख्या विपरीत रहेको र क्रियाकलापमा निर्देशनालय तथा कार्यालयहरुको व्यवस्थापनमा बजेट छुट्टयाएकोमा अन्तर्गत कार्यालयलाई बाँडफाँड नगरी सबै बजेट निर्देशनालयले उपयोग गरेको देखिएकोमा कार्यक्रम, खर्च शीर्षक र बजेट बाँडफाँड नियम सम्मत देखिएन ।

२८. **घटी समानुपातिक कट्टी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम ४० उपभोक्ता समितिसँग पर्यटकीय महत्वका संरचना निर्माणमा भएको सम्झौता अनुसार कार्य मूल्याङ्कन नभई घटी भएमा सम्झौताको अनुपातमा समानुपातिक कट्टी नगरी उपभोक्ता समितिलाई रु.१४ लाख बढी भुक्तानी दिएको रकम असूल गर्नुपर्दछ ।

## डिभिजन वन तथा भू-जलाधार व्यवस्थापन कार्यालय

२९. **लगत -** जिल्ला वन कार्यालयहरुले आफ्नो क्षेत्रबाट वार्षिक रुपमा संकलन गरेको काठ दाउरा तथा गत विगतबाट सरेको काठ मौज्दात लगायत अन्य वन सम्पदाको वन नियमावली बमोजिम बर्गीकरण समेत गरी लगत राख्नु पर्ने र चालु वर्षमा विक्री वितरण भएको परिमाण, जिम्मेवारी परिमाण र वर्गिकरण अनुसार काठको मूल्य उल्लेख गरी राजश्वको आर्थिक विवरणमा खुलासा गर्नु पर्नेमा लगत राखेको छैन । काठ दाउराको बर्गिकरण बमोजिम मूल्याङ्कन गरी लगत राख्नुपर्दछ ।

३०. **विरुवा उत्पादन -** विरुवा उत्पादन सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

३०.१. डिभिजन वन कार्यालय, धनुषाले यो वर्ष वार्षिक कार्यक्रम अनुसार विभिन्न जातका १ वर्षे विरुवा ६ नर्सरीबाट ६ लाख १० हजार र २ वर्षे विरुवा ५ नर्सरीबाट ९ लाख ३७ हजार उत्पादन गरी गत वर्षको मौज्दात मध्ये ७ हजार ५२० र यस वर्ष उत्पादन मध्ये एक वर्षे ३ लाख २२ हजार र २ वर्षे उत्पादन भएका पूरै ९ लाख ३७ हजार विरुवा मौज्दात रहेको विवरण प्राप्त भएको छ । उत्पादित विरुवा समयमा नै वितरण तथा वृक्षारोपण हुनुपर्दछ ।

३०.२. डिभिजन वन कार्यालय सिरहाले यो वर्ष ९ लाख ९१ हजार विरुवा उत्पादन गरेको, १ लाख ४० हजार विरुवा खरिद गरेको र ४ लाख २३ हजार विरुवा वितरण गरेको छ । उत्पादित मध्ये २ लाख विरुवा डुवानमा परेको खुलाएको छ । उत्पादन गरेको विरुवा लामो समय नर्सरीमै मौज्दात रहेकोले रोपण कार्यको व्यवस्था मिलाउनु पर्दछ । त्यसैगरी रोपण भएका विरुवाको उचित संरक्षण र सम्बर्द्धनको व्यवस्था गर्नु पर्दछ ।

३०.३. डिभिजन वन कार्यालय, सप्तरीले वर्षे विरुवा उत्पादनको लागि प्रति विरुवा रु. ९ दर कायम भएको अवस्थामा २ वर्षे विरुवा उत्पादनको लागि प्रति विरुवा रु.२० दर कायम गरी बजेट विनियोजन भए अनुसार पूरै रकम खर्च गरेको छ । वन विभागको स्वीकृत नर्म्सलाई आधार बनाई प्रति विरुवाको लागि नर्म्स नं. १९.७ अनुसार २ वर्षे विरुवाको लागि ५x८ इन्चको २०० गेजको पोलिब्याग प्रयोग गरी प्रति केजी ३४० ट्यूवलाई आधार मानि ८ लाख विरुवा उत्पादन गर्न २ हजार ३५३ के.जी. आवश्यक पर्ने तथा प्रति १० हजारलाई ६३ केजीका दरले आधार मान्दा ८ लाख विरुवा उत्पादन गर्न ५ हजार ४० के.जी. आवश्यक पर्ने देखिन्छ । नर्म्समा एकरुपता ल्याउने गरी सुधार गर्नुपर्दछ ।

३०.४. डिभिजन वन कार्यालय, जलेश्वरले परकौली नर्सरीमा ३ प्याकेजमा २ कर्मचारीलाई १ वर्षे बिरुवा उत्पादनको लागि रु.६९ लाख पेश्की दिएकोमा रु.६९ लाख २ हजारको कार्यसम्पन्न पेश गरी फछ्र्यौट गरेको छ । लागत अनुमानमा उल्लेख भएको ज्यामी संख्या भन्दा बढी ज्यामी देखाई रु.१० लाख ५४ हजार बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

३०.५. उत्पादित विरुवा मध्ये डिभिजन कार्यालय बाराबाट ८८ हजार विरुवा ५५ हेक्टर क्षेत्रफलमा रोपण भएको, निजी संघ संस्था, उपभोक्ता मार्फत २ लाख ८८ हजार रोपण भएको विवरण प्राप्त भएको छ । कार्यालयले कार्यक्रमवाइज विरुवा उत्पादन तथा वितरणको रेकर्ड अद्यावधिक नगरेको, वृक्षारोपण हुनु पर्ने क्षेत्रको कार्य योजना बनाएको छैन । मौज्दातमा उल्लेख भएका विरुवा १२ लाख ६६ हजारको अवस्था विवरणमा खुलाएको छैन । वृक्षारोपणको व्यवस्थित कार्ययोजना स्वीकृत सहितको अभिलेख व्यवस्थित हुनुपर्दछ ।

३१. **मुद्दा व्यवस्थापन -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

३१.१. आफ्नो अधिकार सीमा भित्र परेका मुद्दाको कार्य सम्पादन सम्झौता अनुसार समयमा किनारा लगाउनु पर्दछ । धनूषा कार्यालयबाट पेश भएको विवरण अनुसार दुई वर्ष नाघेका ११ तथा गतवर्षको वन पैदावार चोरी निकासी, वन अतिक्रमण, वन्य जन्तुको अबैध शिकार लगायतका २३ मुद्दाको जिम्मेवारी सर्न आएकोमा यो वर्ष दायर भएका १५ मुद्दा समेत जम्मा ३८ मुद्दा फैसला हुन बाँकी लगत मध्ये ३ मुद्दा फैसला भई ३५ मुद्दा बाँकीको जिम्मेवारी सरेको देखियो । दुई वर्ष नाघेका ८ मुद्दा बाँकी रहेकोले दायर भएका मुद्दाको फैसला समयमा हुन नसक्दा न्यायिक निरुपण गरी समयमा मुद्दाको फैसला गरी न्याय सम्पादनलाई समय सापेक्ष बनाउनुपर्दछ ।

३१.२. डिभिजन वन कार्यालय, बाराले जिल्ला अदालत, कलैयामा वन सम्बन्धी चोरी निकासी तथा वन्यजन्तु र हानी नोक्सानी सम्बन्धमा दर्ता गरेको मुद्दाको विवरण अनुसार गत वर्षसम्मको वन पैदावार हानी नोक्सानी तर्फ १६ मुद्दा जिम्मेवारी सरेको र २०७५।७६ मा वन अतिक्रमण तर्फ १, वन्यजन्तु तर्फ २ र वन पैदावार हानी नोक्सानी तर्फ २२ समेत २५ मुद्दा गरी कूल ४१ मुद्दामा ६२ प्रतिवादीलाई साल तथा विभिन्न जातका गोलिया तथा चिरान ६१९.९८ क्यू.फिट काठको नोक्सानी उपर मुद्दा चलाएकोमा सोको अदालतबाट कारवाही किनारा हुन बाँकी देखिन्छ ।

३१.३. डिभिजन वन कार्यालय, बारा तर्फ २०७५।७६ मा वन पैदावार हानी नोक्सानी गरेका २९ मुद्दा जिम्मेवारी सारेकोमा २०७५।७६ मा ३ मुद्दा दर्ता भएको र ३ मुद्दा फछ्र्यौट गरी ८ प्रतिवादीको १०.९१ क्यू.फिट साल काठको मुद्दाको कारवाही किनारा लगाउन बाँकी देखिन्छ । कार्यालयले २०७१ देखिको मुद्दाको समय अनुसार आयु बर्गीकरण एवम् न्यायिक सिद्धान्तको आधारमा कारवाही किनारा गरी बाँकी मुद्दा फछ्र्यौट गर्नुपर्दछ ।

३२. **वन क्षेत्र अतिक्रमण तथा नियन्त्रण -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

३२.१. वन अतिक्रमण नियन्त्रण नीति, २०६८ मा तोकिएको कार्यविधि अपनाई वनको अतिक्रमण हुन नदिने र अतिक्रमित भएको अवस्थामा अतिक्रमण हटाउनु पर्दछ । धनूषा कार्यालयबाट प्राप्त विवरण अनुसार विभिन्न इलाका वन कार्यालय अन्तर्गत नदी बेसिनमा समेत ८७२ हेक्टर वन २ हजार १६२ घर धुरीले उपयोग गर्दै आएको अवस्था छ । अतिक्रमित वन क्षेत्रबाट अतिक्रमण हटाउने कार्ययोजना सहित थप प्रयास गर्नुपर्दछ ।

३२.२. बारा जिल्ला अन्तर्गत कूल ४७ हजार १८२ हेक्टर वन क्षेत्र मध्ये भरतगंज सिगौंल, निजगढ, सपही, डुमरवाना, रतनपुरी, ककडी, हलखोरिया, चकरी, करैया, हरैया, अमलेखगंज लगायत १३ स्थानको १ हजार १९४ हेक्टर वन विगत देखि अतिक्रमण भई आएकोमा अतिक्रमण घटाउन सकेको छैन । जितपुर सिमरा चकरीमा विगत देखि भएको अतिक्रमण हटाइ आर्थिक वर्ष २०७५।७६ मा ७.१९८ हेक्टर जग्गामा साल, सतिसाल, जामून, खयर, मसला लगायतका विरुवा रोपण गरी तारवार लगाएको छ । अतिक्रमण कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

३२.३. डिभिजन बन कार्यालय, रौतहटले यो वर्ष खोरकट्टी सामुदायिक वनको ४ नं. सेक्टरमा १० हेक्टर जमिनमा अतिक्रमण हटाई सिसौ, खयर र मसला वृक्षारोपण र तारबार गरेको पाइएतापनि अतिक्रमित क्षेत्रमा हटाउने कार्ययोजना सहितको जनचेतना लगायतको कुनै कार्यक्रम संचालन गरेको देखिएन । विगत ३ वर्षमा ९ हजार ५५० हेक्टर वन अतिक्रमण भएको छ । अतिक्रमित वनक्षेत्रमा वनको पूर्नभरणको कार्ययोजना समेत बनाएको छैन ।

३३. **वन्यजन्तु तथा मानव द्वन्द्व व्यवस्थापन कोष -** डिभिजन वन कार्यालय, धनुषाले यस वर्ष जैविक विविधता संरक्षण अन्तर्गत धनुषाधाम संरक्षित वन परिषद्को नाममा रहेको वन्यजन्तु तथा मानव द्वन्द्व व्यवस्थापन कोषमा पूँजीगत बजेटबाट खर्च रु.८ लाख सोझै पठाएको छ । उक्त कोष रकमको कार्यालयबाट अनुगमन हुनुपर्दछ ।

३४. **होमस्टे -** वन डिभिजन कार्यालय पर्साले प्रदेश सरकार भित्र रहेको होमस्टेहरुको पूर्वाधार विकास गर्न पहुँच मार्गमा सोलार बत्ती जडान गर्न र सामुदायिक भवन निर्माण कार्यको लागि प्राप्त रकमबाट गैर सरकारी संस्थाको लागि संचालकको नाममा संयुक्त रुपमा दर्ता भएको जग्गामा भवन निर्माण गरी रु.२८ लाख

भुक्तानी गरेको छ । उक्त जग्गाको स्वामित्व व्यक्तिगत हुँदा आपसमा लेनदेन गरी विक्री गर्न सक्ने अवस्था रहेकोले व्यक्तिगत जग्गामा सार्वजनिक स्रोत उपयोग गरी खर्च गरेको मनासिव देखिएन ।

३५. **अनुपातिक कट्टी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८(४) मा उपभोक्ता समितिले सम्पन्न गरेको कामको योगदानको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। भू- तथा जलाधार व्यवस्थापन कार्यालय, रौतहटले एक उपभोक्ता समितिबाट रु.६५लाख ७७ हजारको कार्य गराउदा सम्भौता अनुसार उपभोक्ताको योगदान कट्टी गरी रु.५७ लाख २१ हजार खर्च लेख्नु पर्नेमा रु.६१ लाख २६ हजार खर्च लेखेकोले बढी भुक्तानी गरेको रु.४लाख ५ हजार असुल गर्नुपर्दछ ।

३६. **कार्यक्रम -** विभिन्न ७८ क्रियाकलापको लागि डिभिजन वन कार्यालय बारालाई रु.१२ करोड ३ लाख १२ हजार बजेट व्यवस्था भएकोमा ४० क्रियाकलाप कार्यान्वयनमा नल्याएको र ३८ क्रियाकलापसमेत पूर्ण तथा आंशिक रुपमा सम्पन्न गरी डिभिजनले ३९.२८ प्रतिशत भारीत प्रगति प्राप्त गरेको छ । वार्षिक रुपमा सम्पादन गर्ने क्रियाकलाप पूर्ण रुपले कार्यान्वयनमा नल्याउदाँ व्यवस्था भएको कार्यक्रममा रु.९ करोड ४४ लाख ७८ हजार कार्यान्वयनमा आएको पाईएन । बजेटमा रकमको व्यवस्था गर्ने तर कार्यक्रम बमोजिम प्रगति प्राप्त नहुनुले विनियोजन दक्षतामा प्रभावकारिता देखिएन । कार्यक्रम, समय, बजेट र कार्य लक्ष्य बीच समन्वय गरी क्रियाकलाप संचालनमा दक्षता बढाउनुपर्दछ ।

३७. **वन व्यवस्थापन -** डिभिजन वन कार्यालय बारा अर्न्तगत सरकारद्वारा व्यवस्थित वनमा ढलापडा तथा सुखडखडा रुखहरु संकलन गरेतापनि वृक्षारोपण हुन नसकेको, सामुदायिक तथा साभ्रेदारी वनमा वैज्ञानिक तरिकाको व्यवस्थापन नहुदाँ पुनरुत्पादनमा कमी आएको, बारा जिल्लामा ४ साभ्रेदारी वन हस्तान्तरण गरेतापनि सीमित पैदावारले मात्र आंशिक माग पुरा हुन नसकेको, साभ्रेदारी वन प्रति जनताको अपनत्व महसुस हुन नसकेको, संभाब्य सामुदायिक वनको क्षेत्रफल करिब १०हजार हेक्टर रहेकोमा ४१ सामुदायिक वन हस्तान्तरण भएको, हस्तान्तरण भएका सामुदायिक वनहरु पनि विभिन्न कारणले विधान तथा कार्ययोजना अनुसार व्यवस्थित हुन नसकेको, हुनाले क्षेत्रफलमा वृद्धि हुन नसकेको, जिल्ला अन्तर्गत हालसम्म कुनै पनि वन क्षेत्र कवुलियती वनको रुपमा हस्तान्तरण भएको छैन । वन व्यवस्थापनमा सुधार हुनुपर्दछ ।

३८. **सामुदायिक वन उपभोक्ता समूह -** वन नियमावली, २०५० बमोजिम सामुदायिक वन उपभोक्ता समूहहरुबाट नियमित रुपमा प्रतिवेदनहरु प्राप्त गरी समितिको क्रियाकलापहरुको अनुगमन गर्नुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय बारा अर्न्तगत ४१ समूह दर्ता गरी वन उपभोक्ता समूहलाई हस्तान्तरण गरेको र सो मध्ये १० समूहमा वैज्ञानिक वन व्यवस्थापन लागु गरेको देखिन्छ । ९ वटा नवीकरण हुन बाँकी उल्लेख छ । सामुदायिक वन उपभोक्ता समूहको अभिलेख व्यवस्थित गरी नवीकरण नगर्ने वन उपभोक्ता समूहलाई नवीकरण गराउने, उपभोक्ता समूहको लेखापरीक्षण प्रतिवेदन लिई कार्यालयबाट विश्लेषण समेत हुनुपर्दछ ।

३९. **संचित कोष -** डिभिजन वन कार्यालय बारा अर्न्तगत आपूर्तितर्फ गत वर्षको जिम्मेवारी रु.२ करोड २९ लाख ६१ हजार मा यो वर्षको आम्दानी रु.९९ लाख २१ हजार रही स्वीकृत कार्य योजना बमोजिम रु.५६ लाख ७ हजार खर्च गरी रु.२ करोड ७२ लाख ७५ हजार बाँकी देखाएकोमा सबै खाताहरु यो वर्ष एकीकरण गरी प्रदेश ख-६ खातामा रकम ट्रान्सफर गर्दा उक्त कोषमा रु.३ करोड १ लाख ९५ हजार मौज्दात देखिएकोले आपूर्ति तर्फको मौज्दात घटाई बाँकी रु.२९ लाख १९ हजार प्रदेश संचित कोषमा दाखिला गर्नु पर्दछ । नेपाल भारत विद्युत प्रशारण तथा व्यापार आयोजना हेटौडा डिभिजनबाट जिल्लाको ५९.१० हेक्टर जग्गा अस्थायी रुपमा प्रयोग गरेवापत डिभिजनले प्राप्त गरेको रु.२ लाख ९६ हजार प्रदेश संचित कोषमा दाखिला गर्नुपर्दछ ।

४०. **काठ मौज्दात -** डिभिजन वन कार्यालय बारा अन्तर्गत गत वर्षको जिम्मेवारी काठ मौज्दात ८२ हजार ४७७.३४ क्यूफिटमा ४८ हजार ४५१.०२ लिलाम, ७ हजार २५६.४६ आपूर्तिलाई दिएको र टि.सि.एन. लाई ९८९.६५ विक्रि वितरण पश्चात २५ हजार ४०६.२१ क्यूफिट काठ मौज्दात देखिन्छ । आपूर्ति समितिमा हस्तान्तरण भई गएका १९ हजार ७०१.८३ मा ५ हजार ८९५.९८ विक्रि भई १३ हजार ८०५.८५ बाँकी रहेको उल्लेख गरेको छ । मौज्दात काठ विक्री गर्नुपर्दछ ।

राष्ट्रिय वन तर्फ को सरकारद्धारा व्यवस्थित वन, गढीमाई साभ्रेदारी वन, तामागढी र व्यवस्थित वनको बरामद समेत ५२ हजार २६९ क्यूफिट मध्ये २०७५।७६ मा ३३ हजार ०४२.१८ लिलाम विक्रि, ७

हजार ६२६.४६ आपूर्ति समितिमा गई ११ हजार ६००.३६ काठ मौज्दात रहेकोमा सो काठ विक्रि गरी रोयल्टी तथा राजश्व प्राप्त गर्नुपर्दछ। काठ मौज्दात मध्ये ६ हजार ६८२।०२ (गढीमाई) र २ हजार ५५१।१७ (व्यवास्थित वन) को विक्रिको सूचना प्रकाशन गरेको र हलखोरिया साझेदारी वनको २५५।१७ क्यू. फिटको सूचना प्रकाशन गरेको देखिदैन । मौज्दातको परिचालन गरी राजश्व प्राप्त गर्नु पर्ने तथा आपूर्ति समितिमा मौज्दात काठ दाउरा उपभोक्तामा विक्रि हुन नसके कार्यालयमा फिर्ता गराई लिलाम विक्रिको कारवाही समेत अगाडि बढाउनुपर्दछ ।

४१. **धरौटी जफत -** डिभिजन वन कार्यालय बारा अन्तर्गत वन पैदावार संकलन तथा विक्री वितरण निर्देशिका, २०७३ बमोजिम प्रथम सकारकर्ताले बोलपत्र स्वीकृत भई सकार रकम र मूल्यअभिवृद्धिकर दाखिला गरी छोडपूर्जी लिने सूचना पठाएको बाटोको म्याद बाहेक १५ दिन भित्र रकम दाखिला गरी छोडपूर्जि नलगेमा निजले राखेको बोलपत्र धरौटी रकम जफत गरी दोस्रो बढी सकार गर्नेको बोलपत्र स्वीकृत गर्नुपर्ने र त्यसरी बोलपत्र स्वीकृत गर्दा पहिलो सकार कर्ताले कबोल गरेको अंकमा जफत गरिएको धरौटी रकम घटाउदा हुन आउने रकम भन्दा कम नहुने गरी विक्रि गर्नुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय बाराले सकारकर्ताले तोकेको अवधि भित्र रकम जम्मा नगरेकोमा निजको सकार रकममा धरौटी घटाउदा हुने रकम भन्दा बढी सकार गर्ने दोस्रो सकारकर्ताको बोलपत्र स्वीकृत नगरी ढिला रकम जम्मा गरेको भए तापनि पहिलो सकारकर्तालाई नै छोडपूर्जि दिएको देखियो । यसरी पहिलोको धरौटी जफत गरी दोस्रोको बोलपत्र स्वीकृत नगर्दा रु.३ लाख ७६ हजार व्ययभार परेको रकम असुल हुनुपर्दछ ।

४२. **छोडपूर्जि -** डिभिजन वन कार्यालय बाराले ३ पाने छोडपुर्जि नं. ३०२ मिति २०७५।४।१५ बाट लट नं. ६३, ६५, ७९, ८१, ९५ र ९९ को विभिन्न जातको काठ ३ हजार १७८.८० क्यू.फिट को रोयल्टी रुं ९ लाख ५८ हजार मूल्यअभिवृद्धिकर रु.१ लाख २५ हजार गरी जम्मा रु.१० लाख ८३ हजार असुल नगरी टि.सि.एन. लाई छोडपुर्जि दिएको देखिएकोले रकम दाखिला प्रमाण बेगर छोडपुर्जि दिएको रकम असुल गर्नुपर्दछ ।

४३. **वन रोयल्टी** - आर्थिक वर्ष २०७५।७६ को असार मसान्तसम्म छोडपुर्जि भएको डिभिजन वन कार्यालय, बारा अर्न्तगत राष्ट्रिय वन तर्फको पार्टीलाई छोडपुर्जी दिएको १५ हजार ४५०.७५ क्यू.फिट काठको सकार रकम रु.९० लाख ७ हजार, मूल्यअभिवृद्धिकर रु.१४ लाख ३ हजार, संकलन खर्च रु.१७ लाख ८१ हजार गरी कुल रु. १ करोड २४ लाख ५६ हजार असुल गरेकोमा कार्यालयले उक्त रकम सम्बन्धित राजस्व शीर्षक र संकलकलाई भुक्तानी गरेको प्रमाण पेश गर्नु पर्दछ ।

४४. **मोटरसाइकल -** कार्यालयमा प्राप्त मालसामान जिन्सी खातामा आम्दानी वाधी संरक्षण गर्नुपर्ने व्यवस्था छ । योवर्ष भू-तथा जलाधार व्यवस्थापन कार्यालय,रौतहटले खरिद गरेको रु. २ लाख ५० हजारको १ थान मोटरसाइकल एक कर्मचारीको जिम्मामा रहेकोमा हराएको जनाएको छ । सो सम्बन्धमा छानविन गरी आवस्यक कारवाही गर्नुपर्दछ ।

४५. **पेश्कीबाट खर्च -** डिभिजन वन कार्यालय, सर्लाहीले यो वर्ष चालू खर्चसमेत रु.९ करोड २८ लाख ६२ हजार खर्च गरेकोमा रु.२ करोड ५४ लाख ४८ हजार पेश्की मार्फत खर्च गरेको छ । पर्साले प्रदेश सरकारको पूँजीगत खर्चतर्फ रु.३ करोड ६८ लाख ५३ हजार खर्च गरेकोमा रु.३ करोड ११ लाख ५३ हजार अर्थात ८४.५३ प्रतिशत र संघीय सरकार हस्तान्तरित कार्यक्रम पूँजीगत अन्तर्गत रु.१ करोड १४ लाख ७१ हजार खर्च गरेकोमा रु.७७ लाख ६४ हजार अर्थात ६७.६८ प्रतिशत कर्मचारीलाई पेश्की दिई अमानतबाट कार्य गराई खर्च गरेको छ । यसरी पेश्की माथि पेश्की दिई अमानतबाट कर्मचारीमार्फत कार्य गराउँदा सार्वजनिक खरिद ऐनको पालना भएको देखिएन ।

## उद्योग विकास कार्यालय, धनुषा

४६. **बजेट तथा कार्यक्रम -** आर्थिक वर्ष २०७५।०७६ मा कार्यालयलको लागि रु.४ करोड ६३ लाख ७२ हजार बजेट व्यवस्थामा रु.२ करोड ३३ लाख ६५ हजार खर्च भई ५०.३८ प्रतिशत प्रगति देखिएको छ । अनिवार्य दायित्व भित्र खर्च गर्ने गरी यो वर्षको कार्यक्रम प्राप्त गरेकोमा बजेटको प्रभावकारी कार्यान्वयन भएको पाइएन । लघु उद्यम विकास कार्यक्रम अन्तर्गत प्रतिस्पर्धामा छनौट भएका सेवा प्रदायक संस्थाद्वारा नयाँ लघु उद्यमी सृजना गर्ने क्रियाकलापको लागि रु.१ करोड ८ लाख ९० हजारको कार्यक्रम संचालन भएको छैन । सो कार्यक्रमसँग सम्बन्धित प्रविधि हस्तान्तरण लगायतको कार्यक्रम पनि संचालन नहुँदा रु.२ करोड ३० लाखको बजेट कार्यान्वयनमा आएको पाइएन । बजेटमा रकमको व्यवस्था गर्ने तर कार्यक्रम बमोजिम क्रियाकलाप संचालन नहुँदा बजेट तथा कार्यक्रमको उपादेयता देखिएन ।

४७. **उद्योग प्रशासन -** जिल्ला भित्रको उद्योग प्रशासनको कार्य गर्न घरेलु, साना तथा लघु उद्योगको दर्ता गरी संचालन गर्ने व्यवस्था अनुरुप २०७५।७६ सम्म कूल उद्योग ११ हजार २५० दर्ता भएको अभिलेखबाट देखिन्छ। उद्योग दर्ताको अभिलेख सफ्टवेयरमा राखी अभिलेख नतिजा तयार गर्नुपर्दछ।

- **बेरुजू स्थिति -** मन्त्रालय तर्फ १८ निकायमा यो वर्ष रु. १३ करोड २९ लाख ९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु. ४१ लाख २४ हजार फछ्र्यौट गरेकोले रु १२ करोड ८७ लाख ८५ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ। सो मध्ये रु. ५१ लाख १९ हजार पेश्की बेरुजू रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची १०** मा समावेश छ।

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेशभित्रको कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण खाद्य पोषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने उद्देयले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु. १ अर्व ४७ करोड ४५ लाख  ८१ हजार, राजस्व रु. १ करोड ८ लाख २० हजार, धरौटी रु २ करोड २७ लाख ९१ हजार र अन्य कारोबार तर्फ रु. १ करोड ९३ लाख २७ हजार समेत रु. १ अर्व ५२ करोड ७५ लाख १९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **नीति कार्यान्वयन -** कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन, चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा कार्यान्वयन र नियमन, भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजांच, भूमिसुधार, भू उपयोग, वर्गिकरण तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन, जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन लगायतका नीतिहरुको तर्जुमा तथा कार्यान्वयन गरेको पाइएन । मन्त्रालयले नीतिहरु स्वीकृत गरी  कार्यान्वयनमा ल्याउनुपर्दछ ।

२. **बजेट कार्यान्वयन -**  कार्यक्रम बमोजिम बजेटमा रकमको प्रर्याप्त व्यवस्था हुने तर वार्षिक कार्यक्रम बमोजिम वित्तीय कार्य सम्पादन स्थिति कमजोर देखिँदा बजेट र कार्यक्रम बीचको सामन्जस्यता देखिएन । पूँजीगत खर्चमा संघीयसर्शत अनुदान तर्फ फर्निचर खरिदमा रु.१ करोड बजेट व्यवस्था भएकोमा शर्सत अनुदान पुस्तिकामा कार्यालय नै उल्लेख नहुँदा बजेट कार्यान्वयनमा आएको पाइएन । त्यस्तै प्रशासनिक पूँजीगत तर्फ रु.६२ करोड ८५ लाख ९० हजारको बजेट व्यवस्थामा संघीय सरकार तर्फ रु.३ करोड ८८ लाख ६१ हजार एवं प्रदेश सरकार तर्फ रु.१० करोड ९५ लाख ४ हजार खर्च भई समग्रमा २२.५३ प्रतिशत मात्र खर्च भएको छ । बजेट तथा कार्यक्रम बनाउँदा कार्यक्रमको लागत, जनशक्ति व्यवस्था, कार्यान्वयन समय, अपेक्षापूर्ण लक्ष्य बीच समन्वय गरी निर्माण गर्नुपर्नेमा सो प्रक्रिया अपनाएको देखिएन । चालु तथा पूँजीगत तर्फ रु. ४८ करोड २५ लाख ८६ हजारको बजेट कार्यन्वयनमा आएको पाईएन । बजेट मात्र व्यवस्थापन गर्ने तर निर्धारण गरेका कार्यक्रमको सञ्चालन नहुनुले कार्यान्वयनमा असर परेको छ । बजेट र कार्यक्रम बीचको कार्यान्वयन पक्ष बलियो बनाउनुपर्दछ ।

३. **कानून निर्माण -** मन्त्रालयले आफ्नो वार्षिक कार्यक्रम नीति अनुरुप भू उपयोग नीति, भू उपयोग ऐन, कृषि जग्गाको चक्लावन्दी ऐन तर्फ कुनै ठोस पहल भै नसकेको, कृषि बिकास सम्बन्धी नीति तथा कानूनी व्यवस्था सम्बन्धमा मन्त्रालयले विभिन्न ऐन नीतिहरुको मस्यौदा तयार गर्ने कार्यमा संलग्न भएपनि प्रदेश सहकारी ऐन, २०७६ संसदमा विचाराधीन रहेको, दुग्ध विकास वोर्ड ऐन प्रमाणीकरण हुन बाँकी रहेको, भूमि व्यवस्थापन विधेयक, २०७६ मन्त्रालयमा छलफलको क्रममा रहेको उल्लेख गरेको छ ।

४. **कार्यविधि -** कृषि, भूमि व्यवस्थापन र सहकारी सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन तथा कार्यान्वयनका लागि विभिन्न नीति तथा कार्यक्रम सञ्चालन एवम् कार्यान्वयन कार्यविधि स्वीकृत गरी सो अनुरुप कार्यक्रम सञ्चालन गर्ने व्यवस्था प्रदेश सरकार कार्य विभाजन नियमावलीमा उल्लेख छ । यो वर्ष मन्त्रालयले पशुपंछी विकास तर्फ १२ कार्याविधि, योजना अनुगमन तर्फ ८ कार्यविधिलाई २०७५।७६ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । घाँसेवाली विकास उत्पादनमा आधारित अनुदान वितरण, एकल महिला जिविकोपार्जन, माछा वजार पूर्वाधार निर्माण, पशु आहारा उद्योग, टमाटर केचप, तरकारी तथा फलफूल प्रशोधन, विद्युतीय उपकरण संग सम्वन्धित कार्यविधिहरु स्वीकृत हुन बाँकी  छन् । कार्यविधि स्वीकृत गरी सञ्चालन तथा कार्यान्वयनमा ल्याउनुपर्दछ । मन्त्रालयसँग सम्बन्धित थप कार्यविधि एवम् निर्देशिका समेत बनाई कार्यान्वयनमा ल्याउन र सो अनुरुप बजेट व्यवस्थापन गर्नुपर्दछ ।

५. **प्रगति -** चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित अगामी वर्षमा पनि चालु राख्नु पर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पूँजीगत तर्फका कार्यक्रममा खर्च गरेको छ । वार्षिक

कार्यक्रमको आधारमा प्रगति प्रतिबेदन तयार नगरेकोले सोको समीक्षा समेत गरेको पाईएन । परिमाण र लागत को आधारमा प्रगतिको समीक्षा गर्ने व्यवस्था हुनुपर्दछ ।

६. **बजेट तथा कार्यक्रमको मूल्याङ्कन -** बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी सम्बन्धित मन्त्रालयले अर्धवार्षिक वा वार्षिक रुपमा सो अवधि समाप्त भएको २ महिना भित्र विवरण सार्वजनिक गरेको छैन । मन्त्रालयको राजश्व, खर्च, आयोजना र कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त भएको समानीकरण अनुदान तथा विशेष अनुदान, मन्त्रालयको लागि प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरुको कार्यान्वयन अवस्थाको बारेमा मूल्याङ्कन गरी यथार्थ नतिजाको विवरण तयार गरेको छैन । बजेटमा समावेश भएका कार्यक्रमहरुको कार्यान्वयन अवस्थाको मूल्याङ्कन र सार्वजनिकीकरण गर्ने व्यवस्था तोकिएको समयमा मिलाउने व्यवस्था गर्नुपर्दछ ।

७. **शून्य प्रगतिः -** प्रत्येक जिल्लामा सार्वजनिक, निजी तथा सहकारीको साझेदारीमा टमाटर क्याचप, तरकारी प्रशोधन, फलफूल जूस प्रशोधनसँग सम्बन्धित साना ८ उद्योग स्थापना अनुदान, सभाहलको लागि फर्निसिङ्ग, प्रादेशिक माटो परीक्षण घुम्ति सेवा सञ्चालनका लीग अत्याधुनिक प्रयोगशाला सहितको भ्यान खरिद, कृषि सहकारी तथा कृषकहरुलाई १०० संख्यामा ट्रयाक्टर वितरण अनुदान, प्रदेश नं. २ मा रहेका गौशालाहरुको पूर्वाधार निर्माण अनुदान, अन्तर निकायसँग समन्वय गरी कानुन सम्बन्धी अभिमुखीकरण तालिम, कार्यक्रम क्षेत्रगत शर्त निर्माणका लागि परामर्श सेवा, कृषिको निर्देशिका सम्बन्धी मापदण्ड, गुठी जग्गाको संरक्षण र अभिलेख व्यवस्थाको आवश्यक नीति निर्माण तथा कार्यान्वयन, कृषि उपज परीक्षण प्रयोगशाला जाँच लगायतका कार्यक्रम संचालन हुन नसकी शून्य प्रगति रहेको छ । प्रतिफल नहुनुमा स्रोत साधनको कमी, समयको अभाव, जनशक्तिको न्यूनता र निकायगत समन्वयको समस्या उल्लेख गरेको छ । जनशक्तिको व्यवस्थापन र समयसंग निकायगत समन्वय गरी अपेक्षित प्रगति हासिल गर्नुपर्दछ ।

८. **अनुदान र कार्यक्रम खर्च -** विशेष प्रकारका पटके कार्यक्रम आयोजना सञ्चालनमा कुनै संस्था तथा व्यक्तिलाई लागत साझेदारीको आधारमा अनुदान दिँदा सोबाट भएको प्रगति विवरण लिई जुन कामको लागि रकम दिएको हो सो काममा खर्च भएको र लेखापरीक्षण गराएको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालय र अन्तर्गत कृषि एवं पशुपंछी लगायत फार्मको पूर्वाधार सुदृढीकरण अनुदान, मेशिनरी औजार, हाट बजार, बजार सेड, भवन निर्माण, बजारीकरण, पूर्वाधार, भण्डारण, थ्रेसर, पावर ट्रिलर, स्प्रेयर, ट्रयाक्टर, उपकरण, डिपफ्रिज, मिल्क क्यान, चिलिङ्गभ्याट, कन्टेनर लगायतमा लागत साझेदारीको आधारमा रु. १ अर्ब ४ करोड १२ लाख खर्च गरेकोमा सोको पृष्ठपोषण मूल्याङ्कन गरेको देखिएन । अनुगमनलाई मन्त्रालयबाट प्रभावकारी र नतिजा योग्य बनाई उपलब्धीको मापन समेत गर्नुपर्दछ ।

९. **सोलार पम्प अनुदान -** कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७६ अनुरुप ८५ र १५ प्रतिशतको लागत साझेदारीमा २९५ थान सोलार पम्प अनुदान दिलाउन यो वर्ष रु.२ करोड ६८ लाख बजेट व्यवस्था अनुरुप प्राविधिक स्पेशिफिकेशन अनुसार कूल लागत रु.३ करोड ९ लाख ७५ हजारमा १ वोलपत्र मात्र परी रु.२ करोड ९७ लाख ९५ हजारमा एक इनिजियरिङ्ग प्रा.लि.सँग २०७६।२।१५ मा सम्झौता गरेको छ । शुरुको सम्झौतामा प्रति सोलार १९५ थान थप गरी कार्यक्रम समेत संशोधन गरेको छ । सम्झौता अनुसार प्रति सोलार पम्पको रु.१५हजार १५० उपभोक्ताबाट र मन्त्रालयबाट रु.८५हजार ८५० व्यहोर्ने गरी सप्लायर्ससँग भएको सम्झौता अनुसार छनौट भएका उपभोक्ता मध्ये सर्लाहीका ४४, बाराका २३, पर्साका २१, महोत्तरीका ११, रौतहतका १४, धनुषाका ४५, सिराहाका २६, सप्तरीका ४८ समेत कूल २३२ थानको लागत साझेदारीको रकम बैंकमा जम्मा भएपश्चात रकम वितरण गरेको छ । २९५ थानको लागतमा छनौट भएका २९५ थानको ६३ उपभोक्ताले रकम जम्मा नगरेतापनि आपूर्तकलाई रु.१ करोड ९९ लाख १७ हजार भुक्तानी गरेको छ । उपभोक्तालाई उपलब्ध गराएको पम्पको उपयोग र सोबाट परेको प्रभाव तथा नतिजा उपर मन्त्रालयबाट अनुगमन र मूल्याङ्कन गर्नुपर्दछ ।

१०. **शीत भण्डार -** आर्थिक वर्ष २०७५।७६ को वार्षिक कार्यक्रम अनुसार ८ जिल्लामा ८ शीत भण्डार निर्माण गरी कृषि उपजको संकलन तथा भण्डारण निर्माण गर्न उद्देश्यले यो वर्ष कार्यक्रम बमोजिम प्रस्ताव आव्हान, प्रस्ताव छनौट, आशयपत्र लगायतको कार्य पूरा गरी ८ संस्था छनौट गरेको छ । ती संस्थासँगका सम्झौता अनुसार ७ संस्थाहरु निर्माण व्यवसायी छनौटको लागि इविडिङ्गको प्रक्रियामा रहेको उल्लेख गरेको छ । त्यस्तै १ संस्थासँग इविडिङ्गको माध्यमबाट निर्माण व्यवसायी छनौट भई सेवा प्रदायक संस्थाको दोस्रो रनिङ्ग विल लागत साझेदारीको आधारमा भुक्तानी गरेको छ । लागत अनुसारको कार्य सञ्चालन गर्न प्रकृति अनुसार १ वर्षमा ३ किस्ता उपलब्ध गराउने, शीत भण्डार निर्माणको लागि प्रदान गर्ने अनुदान रकम

बढीमा रु. १५ करोड मात्र भुक्तानी गर्ने, सम्पन्न शीत भण्डार १० वर्ष सम्म सम्बन्धित पक्षले सञ्चालन गर्ने सम्झौतामा उल्लेख छ । यो वर्ष शीत भण्डार भवन निर्माणको लागि रु.२३ करोड ५ लाख बजेट व्यवस्था रहेकोमा रु.१ करोड १३ लाख ८२ हजार भुक्तानी गरेको छ । सम्झौता अनुसार शीत भण्डार निर्माणको खरिद प्रक्रियामा विलम्वको कारण निर्धारित समयमा सम्पन्न गर्नुपर्ने कार्य पूरा हुने स्थिति देखिदैन । निर्माण व्यवसायी तथा संस्थासँग अद्यावधिक योजना र निर्माणको कार्यविवरण लिएको समयमा कार्य सम्पन्न गर्नुपर्दछ ।

११. **पशुपंछी पालन विशेष कार्यक्रम -** आर्थिक वर्ष २०७५।७६ को स्वीकृत कार्यक्रम अनुसार प्रदेश नं. २ को मधेश आन्दोलनका घाइतेलाई र शहिद परिवारलाई पशुपंछी पालन विशेष कार्यक्रमको लागि रु.१ करोड ८५ लाखको वजेट व्यवस्था अनुरुप घाइते परिवारको लागि ८ जिल्लाका ५८ र शहिद परिवारको लागि ६४ समेत १२२ भैसी वितरण अनुदानको लागि रु. १ करोड ४६ लाख ४० हजारमा इविडिङ्ग प्रतिस्प्रर्धाको माध्यमबाट पर्न आएको २ वोलपत्र मध्ये एक सप्लायर्ससंग रु.१ करोड ३८ लाख ७ हजारको भैसी आपूर्ति गर्ने सम्झौता गरेको छ । शत प्रतिशत अनुदानमा १२२ भैसी र १२१ प्रति गोठ रु.३० हजारले भैसी आपूर्ति भएपछि रु.१ करोड ७४ लाख ३७ हजार  आपूर्तक तथा परिवारलाई भुक्तानी गरेको छ । मुर्राक्रस-३ देखि ६ वर्ष, १ अथवा २ वेत, ३५० देखि ४०० केजी तौल, स्वास्थ्य प्रमाणपत्र, पशुधन वीमा समेतको औषतमा १ भैसीको लागत मूल्य रु.१ लाख ११ हजार पर्न गएको छ । प्रदान भएको भैंसीको ट्याग, सोको वीमा नवीकरण, गोठ निर्माण, ३ वर्ष सम्म परिवारको पालन अवस्था, पशुको लागि अपनाउने असल अभ्यास पद्धतिको मूल्याङ्कनलाई निरन्तरता दिनुपर्दछ ।

१२. **पशुसेवा सुदृढीकरण -** कार्यक्रम अनुसार ८ जिल्लाका स्थानीय तहमा रहेको पशु सेवा शाखा सुदृढीकरणको लागि मेशिनरी औजार, सेट वर्डिजो, कासट्रेटस ३, माइक्रोस्कोप १, सर्जिकल सेट १ र सेन्ट्रिफ्यूजल मेशिन १ लगायत उपकरणका सेट उपलब्ध गराउने उद्देश्यका साथ यो वर्ष १३६ तहका लागि ६ श्रोत केन्द्र समेत १४२ संख्यामा वितरण गर्न रु.४ करोड ९६ लाख ४० हजारको कार्यक्रम अनुरुप रु.४ करोड ३६ लाख १६ हजारको लागत अनुमान तयार गरेको छ । सोको प्रकाशित सूचना अनुसार इविडिङ्गको माध्यमबाट पर्न आएको ३ वोलपत्र मध्ये एक सर्जिकल एण्ड लावोरेटरी कन्सर्नको १८.४५ प्रतिशत घटीले रु.३ करोड ५५ लाख ६८ हजार मूल्य अभिवृद्धिकर समेतको वोलपत्र स्वीकृत गरी सोही रकम उपकरण आपूर्ति वापत आपूर्तकलाई भुक्तानी गरेको छ । खरिद गरीएका मौज्दातमा रहेका उपकरणहरु वितरण गर्नु पर्दछ ।

१३. **कम्प्युटर्स उपकरण -** कार्यक्रम अनुसार प्रदेश नं. २ को मालपोत तथा नापी कार्यालयहरुको लागि व्रान्डेड डेक्स्टप, लेजर प्रिन्टर, यूपिएस, इन्भर्टर, फोटोकपी, स्क्यानर र क्यामेरा खरिद तथा वितरण कार्यक्रमको लीग रु.१ करोड ९३ लाख ६२ हजारको लागतमा पर्न आएका ४ वोलपत्र मध्ये सवैभन्दा घटी मूल्यअभिवृद्धिकर समेत रु.१ करोड २३ लाख ११ हजारको  एक इन्टरनेशनलको वोलपत्र स्वीकृत गरेको छ । खरिद गरेको उपकरण वीरगंज, गौर र चन्द्रनिगाहपुर मालपोतलाई वितरण गर्न बाँकी देखिन्छ । शाखाको डकुमन्टेशन सुदृढीकरण तथा डिजिटाईजेशन सम्बन्धी कार्यमा उपकरणहरु प्रयोगको मूल्यांकन प्रतिवेदन समेत तयार गर्नु पर्दछ ।

१४. **उपकरण वितरण अनुदान -** यो वर्षको स्वीकृत विकास कार्यक्रम अनुसार सहकारी संघ, विषयगत सहकारी संघ तथा महिला सहकारीहरुको लागि कम्प्युटर, प्रिन्टर वितरणको लागि खरिद सम्बन्धी सूचना अनुसार १०० थान उपकरणको रु.७८ लाख ५३ हजार, पशुहरुमा कृत्रिम गर्भाधानको लागि स्थानीय तहको पशु सेवा शाखाहरुलाई तरल नाइट्रोजन कन्टेनर तथा सिमेन रेफ्रि वितरण अनुदान वापत २०४ थान कन्टेनर रेफ्रि वापत रु.१ करोड १ लाख ८३ हजार, पशुपालक किसानहरुको लागि ३४७ थान च्यापकटर वापत रु.१ करोड ३५ लाख ९५ हजार बराबरको उपकरण आपूर्ति गरी भुक्तानी गरेको छ । मन्त्रालयले आपूर्ति गरेका उपकरणको वितरण तथा सोको अनुगमन समेत गर्नुपर्दछ ।

१५. **मर्मत सम्भार -** प्रत्येक सवारी साधानको मर्मत अभिलेख र सोको मापदण्ड तयार गरी प्रत्येक सवारीमा भएको मर्मत खर्च, मर्मत आदेश, तथा प्रयोग गर्ने पदाधिकारीले प्रमाणित गरी मर्मत खर्च, समय संग समन्वय हुनेगरी सवारी मर्मत संभार खर्च नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । मन्त्रालय अन्तर्गत रहेका सवारी साधनको नियन्त्रण अभिलेख र मर्मत संभार अभिलेख राखेको छैन । यो वर्ष सवारी साधन मर्मतमा रु.१८ लाख खर्च लेखेको छ । सवारी मर्मतको प्रतिस्पर्धा, खरिद मूल्यमा हालसम्मको मर्मत खर्च, मर्मत आदेश, सवारी प्रयोग गर्ने पदाधिकारीको स्वीकृति, पुराना सामानको फिर्ता दाखिला समेत देखिने गरी अभिलेख राख्नु पर्दछ ।  सवारी नियन्त्रण अभिलेख व्यवस्थित गरी मर्मत संभार खर्च नियन्त्रण गरिनु पर्दछ ।

१६. **सोझै खरिद - सा**र्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला वोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा रु.४९ लाख ५२ हजारको सामान सोझै खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धी हुनुपर्दछ ।

१७. **चौमासिक खर्च -** यो वर्ष रु.६६ करोड ४८ लाख ८७ हजारको बजेटमा रु.१४ करोड ८३ लाख ६५ हजार पूँजीगत खर्च गरेको छ । उक्त खर्च मध्ये दोस्रो चौमासिकमा रु.८३ लाख ३६ हजार र तेस्रो चौमासिकमा रु.११ करोड ६१ लाख ४९ हजार रहेको छ । तेस्रो चौमासिकमा भएको खर्च मध्ये आषाढमा मात्र रु.९ करोड ६ लाख ४९ हजार अर्थात कूल खर्चमा ६१ प्रतिशत खर्च गरेको छ । कार्यक्रम र समय अनुसार दोस्रो चौमासिक भित्र पूँजीगत कार्य प्रगति प्राप्त गर्नुपर्नेमा आषाढमा आधिकांश रकम खर्च गर्नु उपयुक्त देखिएन । चौमासिक रुपमा कार्यक्रम बमोजिम खर्च गर्ने ब्यवस्था मिलाउनुपर्दछ ।

१८. **परामर्शदाताको लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले तयार गरको नर्म्स सम्बन्धित परामर्श सेवाको कार्यक्षेत्रगत शर्त र त्यस्तो प्रकृतिको चालु वा अघिल्ला वर्षहरुमा अन्य सार्वजनिक निकाय वा सम्बन्धित निकायले खरिद गर्दा लागेको वास्तविक लागत जस्ता कुराहरुलाई आधार लिनु पर्ने व्यवस्था छ । मन्त्रालयबाट नर्म्स नै स्वीकृत नगरी रु.२२ लाख ८४ हजारको लागत तयार गरेको देखियो । नर्म्स स्वीकृत गरी लागत तयार गर्नुपर्दछ ।

१९. **वाह्य प्रशिक्षक -** आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. २ को खर्च निर्देशिका, २०७५ मा तालिमको केन्द्रतहमा वाहेक अन्य निकायबाट संचालित सबै प्रकारका तालिममा प्रशिक्षकको पारिश्रमिक प्रदेशस्तर कार्यक्रममा रु.१ हजार २०० र कक्षा सञ्चालन वापत रु.१ हजार गरी २ हजार २०० प्रति कक्षा दिने गरी लागत अनुमान तयार गर्नुपर्नेमा मन्त्रालयले ३७ तालिममा वाह्य प्रशिक्षकलाई ५७४ कक्षाको रु.३ हजार ५०० का दरले लागत तयार गरी भुक्तानी गरेकोमा प्रति कक्षा रु १ हजार ३०० का दरले बढी लागत अनुमान स्वीकृत गरी निर्देशिका भन्दा रु.७ लाख ४६ हजार बढी भुक्तानी गरेको छ । निर्देशिकामा उल्लेखित रकम भन्दा बढी भुक्तानी दिएको रकम असूल गर्नुपर्दछ ।

२०. **खर्च मापदण्ड -** आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश नं. २ खर्च निर्देशिका, २०७५मा तालिम, गोष्ठी सेमिनार लगायतका कार्यक्रम संचालन सम्बन्धी मापदण्ड तोकेको छ । मापदण्ड अनुसार तोकिएका नियमहरु र दर भन्दा अधिक दरमा खर्च गर्नु परेमा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यो वर्ष सञ्चालन गरेको ३३७ तालीममा निर्देशिकाले तोकेको दर भन्दा बढी दरमा लागत अनुमान तयार गरी रु.३ लाख ३७ हजार बढी खर्च लेखेको छ । मापदण्ड वेगर खर्च लेखेको रकम असुल गर्नुपर्दछ ।

२१. **ईकाइ दर -** कृषि सम्वन्धि तथ्यांक संकलन र कृषि उपजको व्यवसायिक उत्पादन तथा वजारीकरणको लागि अध्ययन कार्यमा कार्य शर्त बमोजिम तयार गर्दा लागत अनुमानमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ को अनूसूची १(क) बमोजिम खर्च शीर्षकको प्रति इकाइ दर उल्लेख गर्नु पर्ने व्यवस्था छ । मन्त्रालयले इकाई दर उल्लेख नगरी एकमूष्ठ रुपमा रु.९ लाख ९० हजार प्रस्तावकर्ता लाई भुक्तानी गरेको नियम सम्मत देखिएन ।

२२. **पारिश्रमिक तथा सोधभर्ना -** एकीकृत प्रादेशिक कृषि बजार स्थापनाको संभाव्यता अध्ययन परियोजना तयारी कार्यमा एक परामर्शदाताले पेश गरेको प्रस्ताव बमोजिम टिम लिडर तथा अन्यको ४ हप्ता देखि ७ हप्ता सम्मको पारिश्रमिक प्रस्ताव गरेकोमा उक्त कार्य २५ दिन भित्र सम्पन्न गरी पूरै हप्ताको पारिश्रमिक भुक्तानी गरेकोमा रु.१ लाख ३८ हजार बढी हप्ताको भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ । सोही परामर्शदातालाई सोधभर्ना योग्य खर्चमा रु १ लाख १५ हजार भुक्तानी गरेकोमा सोधभर्नासंग सम्बन्धित विल भरपाई बेगर प्रस्तावदातालाई रकम भुक्तानी गरेकोमा सोको विल भपाई समेत पेश गर्नुपर्दछ ।

२३. **जिन्सी अभिलेख -** जिन्सी सामानको अभिलेख व्यवस्थित तवरले राख्नुपर्ने व्यवस्था प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा व्यवस्था छ । मन्त्रालयले जिन्सी सामानको सम्पत्ति वर्गीकरण गरी संकेत नदिएको, खरिद गरी दाखिला भएका सामानको उत्पादन गर्ने देश वा कम्पनीको नाम, साइज, स्पेशिफिकेशन, अनुमानित आयु, सामान प्राप्तीको श्रोत, मूल्य अभिवृद्धि कर समेतको रकम लगायतको प्रक्रिया खुलाई जिन्सी खातामा

अभिलेख पूर्णरुपले व्यवस्थित गरेको देखिएन । सम्पूर्ण विवरण खुल्नेगरी जिन्सी अभिलेख व्यवस्थित गर्नु पर्दछ । सरकारी गाडी ६ मध्ये कृषि विकास निर्देशनालयमा १ पठाई ५ बाँकी रहेको र १ गाडीको मूल्य नखुलाएको, १५ मोटरसाइकल मध्ये १ को मूल्य नखुलाएको छैन । मूल्य खुलाई सम्पत्ति व्यवस्थापन गर्नुपर्दछ ।

२४. **सेवा प्रवाह -** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । मन्त्रालयको लागि पहिचान गरिएका कानुन निर्माण कार्य बाँकी रहेको, दरबन्दी बमोजिम पदपूर्ति नभएको, मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको र सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेकोले सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२५. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन मन्त्रालय अन्तर्गत सम्पादन गर्ने भूमि व्यवस्था, कृषि एवं सहकारी सम्बन्धी कार्यक्रमहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३०, ३१ र ३२ को व्यवस्था अनुसार तयार गरी लागु गर्नुपर्नेमा तयार गरको देखिएन । कार्य प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यहोरा गतवर्ष पनि औँल्याइएकोमा स्थिति यथावत छ ।

## कृषि विकास निर्देशनालय

२६. **कार्यक्रम कार्यान्वयन -** निर्देशनालयलाई तोकिएका वार्षिक कार्यक्रम मध्ये प्रदेश नं. २ मा माटो दिवश मनाउने, वार्षिक प्रगति समीक्षा, योजना तर्जुमा गोष्ठी, कृषि पर्यटन कार्यक्रम, कृषि बजार सूचना तथा वालीनालीको तथ्याङ्क सम्बन्धी वार्षिक पुस्तिका प्रकाशन, प्रादेशिक फुड ब्यालेन्ससिट पुस्तिका प्रकाशन जस्ता कार्यक्रम संचालन हुन नसकी कार्यक्रम कार्यान्वयनको प्रगति अवस्था सून्य रहेको छ । सो कार्यक्रमको लागि रु.१ करोड १५ लाख ७५ हजार कार्यान्वयनमा नआउँदा बजेटको वित्तीय कार्यदक्षता कमजोर देखियो । वित्तीय दक्षता अभिवृद्धि गर्न कार्यक्रम र बजेट बीच समन्वय गर्नुपर्दछ ।

२७. **सेड निर्माण -** सार्वजनिक, निजी तथा सहकारीको साझेदारीमा कृषि उपजको सहज वजारीकरणको लागि बजार निर्माण कार्यक्रम संचालन र कार्यान्वयन गर्न, प्राङ्गागरिक तथा वातावरण मैत्री कृषि उत्पादन र वजारीकरणलाई प्रोत्साहन गर्न र कृषि उपजहरुको उत्पादन देखि उपभोग सम्मको चरणहरुलाई व्यवस्थित, सरल, सुलभ र गुणस्तरीय बनाउन प्रदेश सरकारबाट बजार निर्माण अनुदान कार्यविधि, २०७६ स्वीकृत गरेको छ । सो अनुसार उपज निर्माणमा निर्देशनालयले ९७ संस्था/समूह छनौट गरी ८८ सेड निर्माण वापत पर्साका ९, वारा ३, रौतहट २५, सर्लाही ११, महोत्तरी ६, धनुषा ५, सिराहा १०, सप्तरीका १९ समूहलाई रु.१६ करोड ९६ लाख २५ हजार भुक्तानी गरेको छ । कार्यविधि बमोजिम सेड/भवन/पूर्वाधार निर्माणमा ८५ प्रतिशत र औजार उपकरण खरिदमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने व्यवस्था अनुरुप ३ किस्तामा कार्य प्रगति तथा कार्य सम्पादनको आधारमा भुक्तानी गर्ने व्यवस्था रहेकोमा आषाढको तेस्रो हप्तामा एकैपटक भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२७.१. प्रत्येक समूह तथा कृषिसँग सम्बन्धित सहकारी संस्थासँग भएको सम्झौता अनुसार प्रति समूह/संस्थालाई फर्निचर व्यवस्थापनका लागि रु.६२ हजार ५०० का दरले ८५ प्रतिशतले हुने रु.५३ हजार १२५ अनुदान उपलब्ध गराएकोमा ३९ सहकारी संस्था र ४९ समूहले खरिद गरेको फर्निचरको दाखिला गरेको प्रतिवेदन पेश गरेको छैन । फर्निचरमा ८५ प्रतिशत अनुदान उपलब्ध गराउने व्यवस्था कार्यविधिमा उल्लेख भएको देखिएन । पूर्वाधार निर्माण बाहेकमा ५० प्रतिशत अनुदान उपलब्ध गराउनु पर्नेमा थप ३५ प्रतिशत रु.१९ लाख २५ हजार कार्यविधिले निर्धारण गरे भन्दा बढी अनुदान दिएको रकम असूल गर्नुपर्दछ ।

२७.२. पूर्वाधार सेड निर्माणको सम्झौता अनुसार ३ किस्ता अनुरुप प्राविधिकबाट भएको कार्यको फोटो अपलोड गरी पूर्णरुपमा निर्माण सम्पन्न भएपश्चात मूल्याङ्कन गरी भुक्तानी गर्नुपर्नेमा निर्माणाधीन ४४ सेड घरलाई पूर्णरुपमा कार्य सम्पन्न देखाई सम्बन्धित समूह तथा संस्थालाई रु.८ करोड ३४ लाख ९० हजार भुक्तानी गरेको छ । निर्माण सम्पन्न नहुदै कार्य सम्पन्न देखाई नापजाँच गर्ने, सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

२७.३. सेड घर निर्माणको ८८ लक्ष्यलाई कार्यक्रम संशोधन पश्चात ११८ सेड घर निर्माणको लक्ष्यमा परिवर्तन गरेको छ । ८ जिल्लाको लागि निर्माण लक्ष्यको वितरण समानुपातिक देखिएन । रौटहटमा २५ र सप्तरीमा १९ अर्थात दुई जिल्लामा ३७ र अन्य ६ जिल्लामा ६३ प्रतिशत लक्ष्य निर्धारण गरेको उचित देखिएन । कार्यक्रम संचालन गर्दा भूगोल, जनसंख्या तथा अन्य व्यवस्थालाई मध्यनजर गरी सन्तुलन र वितरणलाई प्रभावकारी बनाउनुपर्दछ ।

२८. **स्यालो ट्युवेल -** प्रदेश भित्रको सुख्खा खडेरीबाट प्रभावित क्षेत्रमा सिँचाईको व्यवस्थापन गरी कृषि उत्पादन र उत्पादकत्व बढाउन र समग्रमा कृषिको व्यवसायीकरण गरी न्यून आय भएका कृषकलाई अनुदान उपलब्ध गराई प्रोत्साहन गर्ने उद्देश्यले स्यालो ट्युवेल अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ बमोजिम यो वर्ष १५ प्रतिशत उपभोक्ता कृषक समूह र ८५ प्रतिशत अनुदानबाट लागत ब्यहोर्ने गरी सिराहा तथा सप्तरीका १२१, धनुषाका २१८, महोत्तरीका ३२, सर्लाहीका ३२, बाराका १०, रौतहटका ३७ समेत ४५० स्यालो ट्युवेल जडान वापत प्रति समूहलाई रु.८५ हजारको लागतमा ८५ प्रतिशतले ४५० थानको रु.३ करोड २५ लाख ३० हजार भुक्तानी गरेको छ । कृषक समूहलाई वितरण गरेको स्यालो ट्यूवेल जडानको वर्षगत अभिलेख राख्नुपर्दछ ।

## उष्ण प्रदेशीय वागवानी नर्सरी विकास केन्द्र

२९. **कार्यक्रम स्थिति -** यो वर्ष सम्पन्न गर्नुपर्ने २ हेक्टर भन्दा बढी क्षेत्रफलमा फलफूल खेती विस्तारका लागि प्रस्तावमा आधारित अनुदान रु.१ करोड ३० लाख, पुष्पखेती विस्तारका लागि श्रोत सामाग्री संरचना निर्माण अनुदान रु.१० लाख र लक्षित वर्गका कृषकहरुलाई अनुदानमा फलफूल विरुवा वितरण वापत रु.४ लाख समेत कूल रु.१ करोड ४४ लाखको कार्यक्रम संचालन गर्न नसकी केन्द्रको भौतिक तथा वित्तीय प्रगति शून्य रहन गएको छ । प्रस्तावित अनुदान सम्बन्धी कार्यक्रमको लागि २०७६।३।४ मा मात्र मन्त्रालयबाट अनुदान सम्बन्धी कार्यविधि स्वीकृत भई आएको कारण कार्यक्रम संचालन गर्न नसकेको केन्द्रले जनाएको छ । ढिलोगरी कार्यविधि बनाएको कारण केन्द्रको बजेट कार्यान्वयनमा नआउँदा लक्षित वर्गमा जाने अनुदानबाट उपलब्धि हुन सकेको छैन ।

३०. **योगदान लागत -** केन्द्रले कार्यक्रम बमोजिम यो वर्ष वागवानी व्यवस्थापनमा स्थिर लागत बाहेक उत्पादन सेवा तर्फ रु.३२ लाख ७० हजार खर्च गरेकोमा सोको विक्रिबाट रु.९ लाख १७ हजार आय प्राप्त गरेको छ । चल लागतमा योगदान आय २८ प्रतिशत रहेको छ । सामान्य सेवा मात्र पुऱ्याउने स्थितिमा योगदान लागत सम्म आय प्राप्त नगर्ने हो भने केन्द्रको दीगोपना र संचालन स्थितिको सम्बन्धमा विकल्प छनौट गर्नुपर्ने देखियो ।

३१. **अन्य निर्माण -** यो वर्ष केन्द्रले कम्पोष्ट मल हाउस, वाउन्ड्री वाल, गेट, कम्पाउण्ड, ग्यारेज हाउस तथा आवास गृह मर्मत वापत १३ निर्माण व्यवसायीसँग पटक पटक खरिद सम्झौता गरी निर्माण कार्यमा रु.६० लाख ३५ हजार भुक्तानी गरेको छ । खरिदको एकमुष्ट सम्झौता गरी कार्यान्वयन नगरी पटक पटक खरिद सम्झौता गरेको उचित देखिएन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३२. **परामर्श सेवा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नं. र मूल्यअभिवृद्धिकर दर्ता प्रमाण पत्र लिएकालाई मात्र परामर्शसेवामा प्रकृया पुर्याई कार्यमा लगाउनु पर्नेमा केन्द्रले दर्ता नभएका व्यक्तिलाई परामर्श वापत रु.५ लाख ९५ हजार भुक्तानी गरेको छ । नियमावलीको प्रावधान पूरा नगरी विशेषज्ञ सेवामा नियुक्ति गरी भुक्तानी गरेको नियम सम्मत देखिएन । भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम १५ प्रतिशत कर रु.८९ हजार समेत कट्टी नगरेकोले कर रकम असूल गर्नुपर्दछ ।

## कृषि ज्ञान केन्द्रहरु

३३. **अख्तियारी तथा खर्च -** प्रदेश अन्तर्गतका सवै कार्यालयहरुले प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार श्रावण १५ भित्र अख्तियारी प्राप्त गर्नुपर्नेमा शुरु अख्तियारी २०७५।७।१३ मा प्राप्त गरेको देखिन्छ । बजेट तथा कार्यक्रमको प्राप्तिमा ढिलाईको कारण सवै कार्यालयको कूल खर्चको तुलनामा औषत ५० प्रतिशत खर्च भएको छ । अख्तियारी तथा कार्यक्रम समयमै प्राप्त गरी कार्यक्रम संचालन गर्नुपर्नेमा अधिकांश खर्च आषाढमा गर्ने स्थितिलाई नियन्त्रण गर्नुपर्दछ ।

३४. **अनुगमन -** कृषि ज्ञान केन्द्र बाराले कृषक तथा कृषकसमूहलाई कृषि उपजमा वृद्धि गरी उत्पादकत्व बढाउने उद्देश्यले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगत २०७३।७४ देखि छनौटमा रहेका ६० पकेट क्षेत्र मध्ये २९ पकेटको वित्तीय अनुदानको कार्यक्रम संचालन गरेको र २०७५।७६ मा थप २७ पकेट क्षेत्र छनौटको कार्यक्रममा नयाँ ४ पकेट क्षेत्रमा मात्र अनुदान उपलब्ध गराएको देखिन्छ । विभिन्न कार्यविधिको आधारमा ५० देखि ८५ प्रतिशत सम्म अनुदान वापत विभिन्न ब्लक, समूह, सहकारी संस्थालाई यो वर्ष रु.१ करोड ५५ लाख २१ हजार अनुदान भुक्तानी गरेको छ । समूह, संस्था तथा ब्लकलाई गएको अनुदान अर्न्तगतका उपकरणहरुको उपयोग तथा प्रयोगको अनुगमन गरी उपलब्धीको सुनिश्चितता गर्नुपर्दछ ।

३५. **मूल्य अभिवृद्धि कर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई लागत अनुमानमा समावेश भएको मूल्य अभिवृद्धि कर कट्टी गरेर मात्र सम्झौता गर्नुपर्ने व्यवस्था भएकोमा ज्ञान केन्द्र बाराले उपभोक्ता समितिबाट कार्य गराउदा मूल्य अभिवृद्धि कर सहितको सम्झौता गरी मूल्य अभिवृद्धिकर सहित भुक्तानी गरेकोमा उपभोक्ता समितिले पेश गरेको कर विजकको भन्दा बढी मूल्यअभिवृद्धिकर भुक्तानी गरेको रु.२ लाख ३९ हजार असुल गर्नुपर्दछ ।

३६. **मल विउ विजनको अनुदान** - कृषकहरुलाई मल विउ विजनमा अनुदान वापत २ पटकको लागि वार्षिक बजेट रु.१ करोड ८० लाख व्यवस्था गरेकोमा ज्ञान केन्द्र बाराले यो वर्ष गहुँको २०७.६ मे.ट. मा ४५ प्रतिशत अनुदानको रु.६१ लाख १८ हजार र धान विउ ३२ मे.ट. मा ५० प्रतिशत अनुदान रु.९ लाख २७ हजार तथा मलमा ७५ प्रतिशत अनुदान वापत रु.१६ लाख ५० हजार अनुदान दिएको छ । कृषकहरुलाई दिइने अनुदानको प्रतिशत वार्षिक कार्यक्रममा नै तोक्नु पर्नेमा वार्षिक कार्यक्रममा नतोकी गहुँ विउमा २०७५।८।८ को मन्त्रीस्तरीय निर्णयले ४५ प्रतिशत र धान विउमा २०७५।१२।२१ को मन्त्रीस्तरीय निर्णयले ५० प्रतिशत अनुदान दिने निर्णय गरेको देखियो । कार्यविधि तयार गरी सोही बमोजिम अनुदान दिने व्यवस्था गर्नुपर्दछ ।

३७. **मौज्दात -** कृषि ज्ञान केन्द्र सप्तरीले राष्ट्रिय बिउ विजन कम्पनी लिमिटेड इटहरीबाट विभिन्न जातको १६४.०५५ मे.टन बिउ रु ९२ लाख १७ हजारमा खरिद गरेको छ । खरिद मध्ये ५० प्रतिशत अनुदानमा रु.४६ लाख ८ हजार हुनेमा कार्यालयले आफै वितरण गर्न खरिद गरेको ४२.०३५ मे.टनको रु.२४ लाख ५४ हजार को जर्ती रु.१३ हजार समेत रु.४६ लाख २२ हजार भुक्तानी गरेको छ । कार्यालयले रु.९ लाख ९८ हजार बराबरको ३.६३६ मे.टन वितरण गरी नगदै बुझाएको रु. २ लाख १६ हजार बराबरको धान बिउ मौज्दातमा राखेको छ । मौज्दातमा बिउ राख्दा उमार शक्ति ह्रास आउने र रोपण योग्य नहुने हुदा बिउको व्यवस्थापन हुनुपर्दछ ।

३८. **कार्यविधि र निर्देशिका -** वार्षिक कार्यक्रम कार्यान्वयनको लागि अनुदान कार्यक्रम संचालन सम्बन्धी कार्यविधि र निर्देशिका स्वीकृत गराएर मात्र कार्य गर्नुपर्नेमा ज्ञान केन्द्रहरुले मन्त्रीस्तरीय निर्णयले विउ अनुदान कार्यमा सूचीकृत डिलर वा विक्रेताले कृषकबाट वेहोर्नुपर्ने रकम डिलर वा विक्रेताले कृषकबाट असूल गरी अनुदान रकम केन्द्रबाट लिने र बढीमा ७ प्रतिशत कमिशन थप गरी विक्रि गर्न पाउने गरी डिलर वा विक्रेताले कृषकलाई विउ वितरण गरेको भरपाई पेश गरेको आधारमा अनुदान रकम भुक्तानी गरेको छ । कृषकबाट बेहोर्ने रकम ज्ञान केन्द्रले कार्यालयमा नगद आम्दानी गरी नगद र अनुदान रकमको खरिद बिलको आधारमा विउ विजन वितरण गर्नुपर्दछ ।

## पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय

३९. **कार्यक्रम -** प्रदेश नं. २ का १८ देखि ५० वर्षका युवाहरुलाई पशुपालन क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम तथा विउ पूँजी सहितको व्यवसायिक पशु उत्पादन प्रवर्द्धन गरी युवा विदेशिने कार्यलाई न्यूनीकरण गर्ने, युवाहरुको आय आर्जनमा टेवा पुर्‍याई कृषक परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुर्‍याउन र प्रदेशलाई दुध, मासु र फलफुलको आवश्यकतामा आत्मनिर्भर बनाउने उद्देश्यले प्रदेश सरकारले कार्यक्रम संचालन गर्न रु.६५ करोड ९९ लाख बजेट व्यवस्था गरेकोमा ढिलो अख्तियारीको कारण रु.४ करोड ९८ लाख ७८ हजार मात्र खर्च भई वित्तीय प्रगति २४.४२ प्रतिशत हासिल गरेको छ । कार्यक्रम संचालन नहुँदा कार्यक्रमको उद्देश्य पुरा हुन सकेको देखिएन ।

४०. **विनियोजन दक्षता -** यो वर्ष निर्देशनालयलाई रु.३४ करोड २० लाख ९५ हजार बजेट व्यवस्था भएकोमा रु. ५ करोड ६६ लाख १६ हजार खर्च गरी १६.५५ प्रतिशत वित्तीय प्रगति गरेको छ । विनियोजित बजेट

मध्ये रु.७४ लाख ५० हजारको सवारी साधन खरिद नगरेको, युवा लक्षित अनुदानमा २५ प्रतिशत कार्य पूरा नगरेको, कार्यक्रम खर्चमा रु. ७ करोड १२ लाखको कार्य लक्ष्यलाई कार्यान्वयनमा नल्याएको, भवन निर्माण कार्यक्रम अन्तर्गत रु.४ करोड ३६ लाख व्यवस्था भएकोमा कार्यको शुरुवात समेत हुन नसकेको, मेशिनरी औजार खरिदमा रु.५ करोड ५२ लाख ७८ हजार कार्यान्वयनमा आउन नसकेबाट समग्रमा व्यवस्था भएको बजेटबाट रु.२८ करोड ५४ लाख ८० हजार खर्च हुन सकेको देखिएन । बजेटमा रकमको व्यवस्था गर्ने तर कार्यक्रम अनुरुप खर्च नहुदा विनियोजन दक्षता कमजोर रहेको पाइयो । बजेट, कार्यक्रम र विनियोजन दक्षता वृद्धि गरी कार्य सम्पादन गर्नुपर्दछ ।

## राइजोवियम तथा घाँसेवाली विउ विजन प्रयोगशाला

४१. **च्यापकटर -** यो वर्ष प्रयोगशालाले किसानहरुलाई पशु आहारामा सहयोग पुऱ्याउन मोटर जडित च्यापकटर १३० थान प्रतिथान रु.४१ हजार ५०० ले भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञकेन्द्र ८ ले सिफारिस गरेको फार्म तथा कृषकलाई निशुल्क वितरण गरेको छ । यो वर्ष ३४७ थान च्यापकटर मन्त्रालयले पनि खरिद गरी वितरण गरेको र प्रयोगशालाको कार्यक्रममापनि रहेबाट कार्यक्रम संचालनमा समन्वय भएको पाईएन । कार्यक्रमको समन्वय गरी एकद्वार प्रणाली अपनाउनु पर्ने र वितरण भएका यान्त्रिकरणको अनुगमन समेत हुनुपर्दछ ।

## भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द

४२. **बजेट कार्यान्वयन** - धनुषा केन्द्र अर्न्तगत स्थानीय तहको समन्वयमा पशुपंछी हाट बजारको पूर्वाधार सुदृढीकरणको लागि अनुदान सहयोग रु.१ करोड र सार्वजनिक तथा निजी क्षेत्रको सहकार्यमा माछा पसलहरुको पूर्वाधार निर्माण रु.१२ लाख ५० हजार समेत रु.१ करोड १२ लाख ५० हजारको कार्यक्रम संचालन हुन नसकी प्रगति शून्य रहेको छ । लक्षित कार्यक्रमहरु समयमा नै सम्पन्न गर्नुपर्दछ ।

४३. **अनुदान -** विज्ञ केन्द्र धनुषाले यो वर्ष पशुपन्छी पूर्वाधारमा सुदृढीकरण गर्ने उद्देश्यले मिल्क क्यान, यन्त्रउपकरण, भौतिक पूर्वाधार, श्रोतकेन्द्र स्थापना तथा सुदृढीकरण, मत्स्य पोखरी निर्माण, डिप फ्रिज, मासु पसल स्तरोन्नतिको लागि अनुदान उपलब्ध गराउने कार्यक्रम अर्न्तगत प्रतिस्पर्धाको आधारमा रु १ करोड २८ लाख ९९ हजार र सोझै खरिद मार्फत रु ४४ लाख ८० हजार मूल्यका ११२ थान डिप फ्रिज, २ हजार ९०६ थान मिल्क क्यान लगायतका सामानहरु डेरी पसल, मासु पसल, दूध उत्पादन समुह, पशु फर्म र व्यवसायिक कृषकलाई वितरण गरेको छ । पशुपालन दूध तथा मासु उत्पादनको व्यवसायीकरण गर्न प्रति श्रोत केन्द्र २०० गाई, १०० भैसी र ५०० माउ बाखा रहेको श्रोत केन्द्रलाई साझेदारीको आधारमा रु १ करोड १० लाख अनुदान दिएको छ । त्यस्तै ६ सँस्थालाई साइलोपिट अनुदान रु ११ लाख ८७ हजार, कृषक समूहमा प्रति कृषक २ वटा बाखा र ५० कुखुरा वापत रु ४५ लाख ५५ हजार अनुदान वापत खर्च लेखेको छ । समूह, श्रोतकेन्द्र र व्यवसायिक कृषकमा गएको अनुदान तथा पशु व्यवस्थापनको लागि सुधार गरेका पूर्वाधारहरुको अनुगमन प्रतिवेदन पेश गरेको छैन । अनुगमन गरी अनुदान उपयोगको प्रभाव विश्लेषण सहितको प्रतिवेदन पेश हुनुपर्दछ ।

४४. **बोलपत्र -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा ६मा बोलपत्रदाता बीच आपसमा मिलेमतो गरी बालेपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्र रद्द गर्नुपर्ने व्यवस्था छ । बिज्ञ केन्द्र महोत्तरीले ५२५ थान मिल्क क्यान र १०० थान डिपफ्रिज खरिदको लागि न्यून कबोल गर्ने एक ट्रेडर्स को लागत अनुमान भन्दा ६४.८ प्रतिशत घटीको रु ४४ लाख २१ हजारको बोलपत्र स्वीकृत गरेकोमा संझौता गर्न नआएको कारण दोस्रो घटीवाला सप्लायर्सको रु ६८ लाखको बोलपत्र स्वीकृत गरी कार्य गराएको छ । ऐनको उल्लेखित व्यवस्था अनुसार त्यस्तो बोलपत्र रद्द गर्न सकिनेमा रद्द नगरी कार्य गराँउदा रु २३ लाख ७९ हजार बढी व्ययभार पर्न गएको छ ।

४५. **दाखिला -** विज्ञ केन्द्र, धनुषाले भवन निर्माण वापत प्रोभिजनल आईटमको सोधभर्ना योग्य खर्चमा बढी भुक्तानी गरेको रु २ लाख १४ हजार, परामर्शदातालाई सम्झौता भन्दा बढी भुक्तानी रु १० हजार, दुइ दुध सँकलन केन्द्र पूर्वाधार निमार्ण तर्फ कार्य मूल्याङ्कन अनुसार दिनुपर्ने अनुदान भन्दा बढी रु १ लाख ६ हजार, घुम्ती कोषमा पुरानो ऋण रु १ लाख ९ हजार समेत रु ४ लाख ३९ हजार असुल गरी सँचित कोषमा दाखिला गर्नुपर्दछ ।

४६. **अनुगमन मूल्याङ्कन :** विज्ञ केन्द्र, सिरहाले पशुपंक्षीको श्रोतकेन्द्र, हाट बजार, फार्म सुदुढीकरण, पशुजन्य उद्योगको सुदिढिकरण, दूध संकलन केन्द्रको पूर्वाधार लगायतका कार्यक्रमको कार्यबिधि बमोजिम ३४७ संस्थालाई रु ९ करोड ३२ लाख ५२ हजार अनुदान उपलब्ध गराएकोमा कार्यविधि बमोजिम अनुगमन गरी प्रतिवेदन गरेको पाईएन । विज्ञ केन्द, महोत्तरीले माछा पोखरी निर्माणको लागि १४जनालाई आषाढ महिनामा रु.९० हजार देखि २ लाख सम्मको दरले रु.१९ लाख ४४ हजार अनुदान उपलब्ध गराएकोमा खर्चको बिल भरपाई र प्राविधिक मूल्याङ्कन पेश गरेको छैन । अनुगमन गरी उपलब्धि मूल्यांकन गर्नुपर्दछ ।

४७. **बढी भुक्तानी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६मा खर्चको बिल भरपाई तथा अन्य कागजात रहे नरहेको जाँच गरेर भुक्तानी गर्नुपर्नेमा बिज्ञ केन्द्र, महोत्तरीले एक औषधि पसलको बिलको जम्मा रु.४ लाख ७३ हजार रहेकोमा रु.८ लाख ८६ हजार भुक्तानी गरकोले बढी भुक्तानी गरेको रु.४ लाख १९ हजार असुल गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** मन्त्रालय तर्फ १७ निकायमा यो वर्ष रु. १५ करोड ९९ लाख ३४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु. १ लाख २५ हजार फछ्र्यौट गरेकोले रु १५ करोड ९८ लाख ९ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये रु. १ करोड २५ लाख ७४ हजार पेश्की बेरुजू रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची १०** मा समावेश छ ।

# भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेशस्तरको सडक ऊर्जा विद्युत, सिँचाइ, खानेपानी र जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापनसम्बन्धी अध्ययन अनुसन्धान नीति, कानुन, मापदण्ड, गुरुयोजना कार्यान्वयन समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु. ५ अर्व ४७ करोड ९३ लाख १७ हजार, राजस्व रु १ अर्व ६० कारोड ९९ लाख ५६ हजार र धरौटी रु २३ करोड ७१ लाख ८४ हजार समेत रु. ७ अर्व ३२ करोड ६४ लाख ५७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य सम्पादन स्थिति –** प्रादेशिक यातायात व्यवस्था नीति, विपद् व्यवस्थापन नीति, सडक सुरक्षा नीति, प्रादेशिक जलस्रोत, विद्युत, सहरी विकास तथा आवास , पुनर्वास तथा पुनरर्स्थापना नीति तर्जुमा गर्ने तथा सोको कार्यान्वयन गर्न आवश्यक सडक ऐन, विद्युत ऐन, सडक सुरक्षा ऐन, जलस्रोत ऐन लगायतका कानुन तथा कार्यविधि तर्जुमा गर्ने कार्यक्रम कार्यन्वयन हुन सकेको छैन । आवश्यक कानुन तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

२. **बजेट वक्तव्यको कार्यान्वयन -** प्रदेशको आर्थिक एवं सामाजिक रुपान्तरणको आधारशीला तयार गर्ने आर्थिक वर्ष २०७५।७६ को बजेटको उद्देश्य रहेको छ । प्रदेशको आर्थिक विकास र सामाजिक एकीकरणका लागि सडक संजालको विकास गर्न प्रदेशमा सडक संजाल विकास र विस्तारका लागि रु.१ अर्व २६ करोड, "हर खेतमे पानी, हर हातमे काम" सिँचाई अभियानलाई सार्थक बनाउने र झाँझ सिँचाई प्रणाली, नारायणी सिँचाई प्रणाली लगायतमा रु.५२ करोड ५२ लाख, नमूना एकीकृत विकास कार्यक्रम, प्रदेशको समग्र उर्जा विकासको लागि रु.८ करोड २० लाख, गागन, औंकसी, कमला, वागमती, गौरव, जमा, पचरौता, जलाद, झिम, दुधौरा, पसाह, बलुवा, विगही, साँडा लगायतका नदीहरुको नियन्त्रण र आपतकालिन तथा बाढी पुर्नस्थापनाको लागि रु.३६ करोड १८ लाख एवं सेटेलाइट सिटी संभाव्यता अध्ययनको लागि रु.२ करोड ८५ लाख लागतका प्रमुख कार्य सम्पादन गर्ने बजेट वक्तव्यमा उल्लेख भएकोमा सोको एकीकृत वित्तीय तथा भौतिक समीक्षा, कार्यक्रम प्रगति तथा उपलब्धि विवरण तयार नगरेबाट बजेटको कार्यन्वयन स्थिति मूल्याङ्कन गर्न सकिएन ।

जनकपुर चुरोट कारखाना लि. कम्पाउण्ड भित्र सोलार प्लान्ट स्थापना कार्यक्रमको लागि बजेट व्यवस्था भएकोमा सो कार्यक्रम संचालन भएको छैन । सौर्य उर्जा तर्फको बजेट विस्तृत परियोजना प्रतिवेदन वाहेक कार्यान्वयनमा नआएको, सेटेलाईट सिटीको संभाव्यता अध्ययन र नमूना एकीकृत विकास कार्यक्रम संचालन नभएको अवस्था छ । बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक छ ।

३. **विनियोजन -** प्रदेश सरकारको विनियोजन विधेयक, २०७५ अनुसार आर्थिक वर्ष २०७५।७६ को लागि मन्त्रालयको शुरुमा रु.९ अर्व ९४ करोड २९ लाख ८३ हजार बजेट विनियोजन भए पछि प्रदेश सरकारको राजश्व बाँडफाँडबाट रु.२ अर्व १६ करोड ७५ लाख २ हजार थप गरी रु.१२ अर्व २१ करोड ४ लाख ८५ हजार पुगेको देखिन्छ । उक्त बजेट मध्ये अन्तर्गत कार्यालय र मन्त्रालय समेतमा रु.६ अर्व ४७ करोड ९६ लाख ६१ हजार खर्च भई रु.५ अर्व ७३ करोड ९ लाख २४ हजार बाँकी देखिन्छ । बजेट तथा कार्यक्रम बनाउँदा सीमाको आधारमा अवण्डा समेत नरहने गरी कार्यक्रमको समग्र विवरण तयार गरेका छैन । छुट्टयाएको बजेट शुरुमै अन्तर्गत निकायमा एकमुष्ट अख्तियारी उपलब्ध गराउनुपर्नेमा अवण्डामा राखी पटक पटक रकम उपलब्ध गराउनु उपयुक्त देखिएन ।

४. **अख्तियारी -** बजेट स्वीकृत भएको १५ दिन भित्र सम्बन्धित निकायमा एकमुष्ट अख्तियारी पठाउनुपर्नेमा वर्षान्तसम्म पटक पटक गरी पठाएको देखियो । प्रथम चौमासिक अवधिभित्र कार्यालय तथा निकायलाई खर्च गर्ने अख्तियारी नदिएको कारण प्रथम चौमासिकको पूँजीगत खर्च शून्य रहेको छ ।

४.१. संघीय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम तर्फ २०७५।१०।१६ मा संघीय सरकारबाट ३६ सडक तथा पुल निर्माणको लागि रु.५० करोड ३६ लाख २८ हजार अख्तियारी प्राप्त भएकोमा सोही अनुरुप यातायात पूर्वाधार निर्देशनालयलाई अख्तियारी प्रदान गरेको छ । सो कार्यक्रम संचालनमा २०७६।३।३० मा थप रु.५ करोडको अख्तियारी तथा निकाशा प्राप्त भएकोमा समय अभावको कारण अख्तियारी उपलब्ध गराउन

असमर्थ रहेको देखियो । सिंचाइ पूर्वाधार विकासको लागि संघीय सरकारको सशर्त अनुदान वापत रु.९९ करोड ३४ लाख ६ हजारको अख्तियारी २०७५।८।१२ मा डिभिजन कार्यालयहरुलाई उपलब्ध गराएको छ ।

४.२. संघीय सरकार सर्शत अनुदान तर्फ भवन निर्माणमा व्यवस्था भएको बजेट रु.१ अर्ब ६५ करोड २६ लाख ७१ हजारको बजेट शहरी विकास तथा भवन कार्यालयहरुलाई २०७५।८।२० मा उपलब्ध गराएको छ । त्यस्तै भवन कार्यालयलाई २०७६।३।१२ मा रु.२ करोड २७ लाख १६ हजारको थप अख्तियारी दिएको छ ।संघीय सरकारबाट हस्तान्तरित सर्शत पूँजीगत तर्फ ४ खानेपानी डिजिभन कार्यालयलाई २०७५।८।१९ मा रु.७२ करोड ३२ लाख ७३ हजारको अख्तियारी प्रदान गरेको छ । समयमै अख्तियारी प्रदान गर्नु पर्दछ ।

४.३. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार प्रदेश आर्थिक कार्यविधि नियमावली नबनेको अवस्थामा संघीय आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार रकम निकाशा, खर्चको कार्यविधि अपनाउने व्यवस्था छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ बमोजिम मन्त्रालयलाई बजेट विवरण र खर्च गर्ने अख्तियारी प्राप्त भएको १५ दिन भित्र सम्बन्धित मन्त्रालय सचिवले आफ्नो मन्त्रालय कार्यसंचालन इकाई कार्यालय/ विभागीय प्रमुख तथा कार्यक्रम संचालन गर्ने कार्यालय प्रमुखलाई खर्च व्यहोर्ने श्रोत खोली बजेट खर्च गर्ने अख्तियारी दिनुपर्नेमा मन्त्रालयको लागि व्यवस्था भएको बजेटबाट मन्त्रालय स्वयम्लाई अख्तियारी नदिई बचत बजेटबाट खर्च गर्दै आएको स्थितिले मन्त्रालयको स्वीकृत बजेट यकिन भएन ।

अन्य कार्यालयलाई अख्तियारी दिई बाँकी बजेट मन्त्रालयको हुने गरी कारोवार गरेबाट मन्त्रालयको इकाईगत बजेटको रकम सुनिश्चित गर्ने अवस्था देखिएन । यसमा सुधार गर्नुपर्दछ ।

५. **वर्षान्तमा रकमान्तर -** वर्षान्तमा कार्यक्रम तथा बजेटमा रकमान्तर स्वीकृत गर्न नहुने व्यवस्था छ । सचिवस्तर निर्णयले सिँचाई संरचना निर्माण खर्च शीर्षकबाट सडक तथा पुल निर्माण तर्फ २०७६।१।१५ मा रु.४ करोड २५ लाख र सोही मितिमा सिँचाई, पूँजीगत अनुसन्धान तथा परामर्श, उर्जा, वातावरणीय सरसफाई तथा अन्य सार्वजनिक निर्माणको खर्च शीर्षक बाट सडक तथा पुल मा रु.९ करोड ३३ लाख, भवन निर्माणमा रु.९७ लाख र खानेपानी संरचना निर्माणमा रु.१० लाख रकमान्तर गरेको छ । त्यस्तै २०७६।२।१६ मा मनुस्मारा सिँचाई प्रणाली दोश्रोमा व्यवस्था भएको बजेट रु.१ करोड ५० लाखलाई नदी नियन्त्रणमा रु.७५ लाख र स्यालो डिप् ट्युवेल तर्फ रु.७५ लाख रकमान्तर गरी सिँचाई प्रणालीको बजेट शून्य बनाएको छ ।

बजेट हस्तान्तरणको प्रक्रिया वेगर बजेट बिनियोजन गर्ने संचालन हुन नसक्ने कार्यक्रममा बजेट व्यवस्था गर्ने र वर्षको अन्त्यमा आई रकमान्तर गर्दा आर्थिक अनुशासन कायम हुन सक्दैन । तसर्थ बजेट र कार्यक्रमको कार्यान्वयन स्थितिलाई ध्यान दिई रकमको व्यवस्थापन गर्नुपर्दछ ।

६. **समपूरक अनुदान -** संघीय मन्त्रालयले २०७५।११।२ को समपूरक र विशेष अनुदानको मार्गदर्शन बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयलाई भौतिक पूर्वाधार तर्फ रु.४४ करोड र मुख्यमन्त्री "वेटी पढाउ वेटी बचाउ" अभियानको लागि रु.६८ करोड ७८ लाख ९८ हजार अख्तियारी उपलब्ध गराएको छ । यो मन्त्रालयलाई ८ जिल्लाका ८ सिँचाई योजनाको लागि प्रदेश सरकारको ६० र संघीय सरकारको ४० प्रतिशत अनुदानमा संचालन हुने सिँचाई आयोजनाको लागि प्रदेश सरकारबाट रु.६६ करोड र संघीय सरकारबाट ४४ करोड समेत रु.१ अर्बको लागत रहने गरी कार्यक्रम प्राप्त गरेकोमा सो मध्ये ४ वटा भूमिगत जलस्रोत तथा सिँचाई विकास डिभिजन पर्सा, सर्लाही, महोत्तरी र सिरहाको लागि नेपाल सरकारको श्रोत तर्फ समपूरक वापत रु. १० करोड ७ लाख मात्र निकाशा दिएको तर प्रदेश सरकारको श्रोतको रकम सोही अनुपातमा ६० प्रतिशतले रु. १५ करोड १० लाख उपलब्ध गराएको देखिएन । संघीय सरकारले दिएको उक्त रकम मध्ये प्रथम किस्ताको निकाशा रु.१० करोड ७ लाख मात्र देखिँदा बाँकी रु.३३ करोड ९३ लाख र सो अनुपातको प्रदेश बजेटबाट योजना कार्यान्वयन भएको छैन । समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ अनुसार बजेटको कार्यान्वयन गर्नुपर्दछ ।

७. **कार्यक्रम संशोधन -** मन्त्रालयले शुरुमा तय भएका कार्यक्रमहरुमा संशोधन नगरे तापनि स्थान, समय, बजेट, तथा विवादित योजनाहरुमा सोही योजना र बजेट भित्र रही क्रियाकलापमा संशोधन गरेको अवस्था छ । कार्यक्रम र क्रियाकलापको सुनिश्चितता गरेर मात्र बजेट निर्माण प्रक्रियामा ध्यान दिनुपर्नेमा दिएको देखिएन । सडक तथा पूल निर्माण तर्फ पूर्वाधार विकास कार्यालय पर्साले कार्यक्रम गर्न नसक्ने गरी मन्त्रालयमा बजेट सर्मपण गरेकोले मन्त्रालयमा फिर्ता भई सोबाट माग भई आएका योजनामा खर्चगर्ने गरी

कार्यक्रम संशोधन गरेको छ । त्यस्तै भौगोलिक सूचना प्रणालीमा सडकलाई आवद्ध गर्ने कार्यक्रम संचालन गर्न रु.८० लाख विनियोजन भएकोमा सो कार्यक्रमलाई संशोधन गरी अन्य अनुसन्धान तथा परामर्श खर्च शीर्षकमा कार्यक्रम संशोधन गरेको छ । त्यस्तै २०७६।२।१६ मा सिँचाई तर्फका ५ आयोजनाको ५० लाखको कार्यक्रम संशोधन गरी भूमिगत पावर ड्रिल स्यालो तथा डिप ट्युवेल सिँचाई आयोजनामा परिणत गरेको छ । सुनिश्चितता गरेर मात्र बजेट व्यवस्था गर्नुपर्ने र वर्षान्तमा कार्यक्रम संशोधन गर्ने प्रक्रिया नियन्त्रण गर्नुपर्दछ ।

८. **अबण्डा -** बजेटमा व्यवस्था भएको रकम अवण्डा राखी पटक पटक अख्तियारी दिन नहुने व्यवस्था छ । मन्त्रालयले संघीयसरकारको निसर्त पूँजीगत कार्यक्रम मा व्यवस्था भएको रु.६ अर्व ५४ करोड ९२ लाख कार्यक्रम तथा योजना अनुरुप अन्तर्गत निकाय तथा कार्यालयलाई निकाशा दिनुपर्नेमा २०७५ पौषमा २ अर्व १० करोड पठाएको, तत्पश्चात पटक पटक गरी २०७६ आषाढ २९ सम्म अवण्डाबाट अख्तियारी दिएको देखिन्छ । अवण्डामा रकम राखी निकाशा दिने प्रक्रिया नियन्त्रण हुनु पर्दछ ।

९. **कार्यक्रम स्वीकृत -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा मन्त्रालयले कार्यालयको उद्देश्य, नीतिगत लक्ष्य र स्वीकृत बजेट अन्तर्गत आयोजना वा कार्यक्रम स्वीकृत भएपछि सोको अधीनमा रही आफ्नो मन्त्रालय र अन्तर्गत संचालन हुने कार्यक्रम मन्त्रालयबाट स्वीकृत हुने व्यवस्था छ । मन्त्रालयबाट स्वीकृत भएको कार्यक्रम केन्द्रीयस्तरको भएमा मन्त्रालयले नीति आयोगमा जानकारी दिनुपर्नेमा दिएको देखिँदैन । स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र सम्बन्धित निकाय तथा कार्यालयमा पठाउनुपर्नेमा २०७६।३।३० सम्म पनि थप अख्तियारीहरु पठाएको देखिन्छ । कार्यक्रम स्वीकृतमा ढिलाई गर्ने र बजेट बाँडफाँड तर्फ कार्यक्रमको प्राथमिकीकरण गरेको देखिएन । समयमै कार्यक्रम स्वीकृत गर्नु पर्दछ ।

१०. **वहुवर्षीय ठेक्का व्यवस्थापन -** आर्थिक मामिला तथा योजना मन्त्रालयले २०७५।०७६ मा क्रमागत रुपमा संचालन हुने योजना तथा कार्यक्रमको लागि भौतिक पूर्वाधार विकास मन्त्रालय समेतको लागि रु.९५ करोड २१ लाख देखाएकोमा भौतिक पूर्वाधार तर्फका क्रमागत योजनाहरु र सोको क्रमागत भुक्तानी गर्नुपर्ने कूल रकम, योजनामा भुक्तानी भएको रकम, सम्झौता अनुसार आगामी वर्ष व्यवस्थापन गर्नुपर्ने बजेटको विवरण माग गरेकोमा प्राप्त भएन । वहुवर्षीय ठेक्का तथा बजेट एवं कार्यक्रमको अभिलेख राखी क्रमागत योजनाको अवस्थाको सुनिश्चितता गर्न सक्ने गरी सुधार गर्नुपर्दछ ।

११. **भुक्तानी बाँकी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० अनुसार चालु बजेटले नखाम्ने गरी बढी खर्च हुनेगरी दायित्व सृजना गर्न नमिल्ने र विशेष कारण वा परिस्थितिले दायित्व सृजना भएमा सोको सम्पूर्ण प्रमाण राखी भुक्तानी दिन बाँकी कच्चावारी प्रमाणित गरी सम्वन्धित निकायमा पठाउने उल्लेख छ । मन्त्रिपरिषद्को २०७६।४।९ को बैठकबाट आर्थिक वर्ष २०७५।७६ मा प्रदेशका विभिन्न कार्यक्रम तथा विकास निर्माण कार्यक्रमहरुको छानविन गरी स्तर मूल्याङ्कन तथा कार्य सम्पादनको आधारमा भुक्तानी गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिवको संयोजकत्वमा ८ सदस्यीय सिफारिस समिति गठन भएको देखिन्छ । समितिमा प्राप्त भएका भुक्तानी बाँकीको विवरण तथा निर्णय अनुसार पुस्तिकामा उल्लेख भएका योजनाहरुमध्ये भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत रु.३८ करोड ८१ लाख ९९ हजार, सामाजिक विकास मन्त्रालय र मन्त्रालयले पुर्वाधार कार्यालयमा दिएको अख्तियारी समेतको रु.३१ करोड ५८ लाख ४५ हजार, निर्वाचन क्षेत्र विकास तर्फको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको रु.१० करोड ३७ लाख ५७ हजार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रु.१ करोड ५२ लाख ७ हजार र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत रु.१७ करोड ६६ लाख ५९ हजार समेत रु.९९ करोड ९६ लाख ६८ हजार छुट भुक्तानी निर्णय पुस्तिकामा देखाएको छ । सोको स्तर मूल्याङ्कन एवं भुक्तानी सम्बन्धी जानकारी प्राप्त हुन सकेन ।

गठित समितिले २०७६।५।१६ सम्मको छुट भुक्तानीको तथ्याङ्क संकलन गरी प्रदेश सभामा छानविनको लागि पठाएको उल्लेख गरेको र प्रदेश सभाबाट छानविन भई सोको प्रतिवेदन सभा समक्ष पेश भएको वुझिन आएकोमा लेखापरीक्षणको क्रममा माग गर्दा उपलब्ध नगराएकोले सोको अन्तिम स्थिति यकिन गर्न सकिएन । भुक्तानी बाँकी रहेको सन्दर्भमा आषाढ २३-२६ मा आएको बाढीले निर्माण संरचना वगाएको, सम्पन्न भएको काम नापजाँच नभएको, आयोजनामा समय अभावले प्राविधिक मूल्याङ्कन नभएको, आर्थिक वर्षको अन्तिममा अख्तियारी गएकोले बजेट खर्च हुन नसकेको कारण उल्लेख गरे तापनि छुट भुक्तानीको बजेट तथा कार्यक्रम लेखापरीक्षणमा पेश भएन । यस सम्बन्धमा सम्बन्धित पक्ष जिम्मेवार हुनुपर्दछ ।

१२. **पूँजीगत अनुसन्धान तथा परामर्श -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार आगामी आर्थिक वर्षमा गर्न सकिने खर्चको सीमा निर्धारण गर्नुपर्ने, नयाँ आयोजनाको हकमा रकम प्रस्ताव गर्दा संभाव्यता अध्ययन गर्न आवश्यक हुने तथा संभाव्यता अध्ययन पश्चात आगामी वर्ष खर्च हुन सक्ने रकम प्रस्ताव गर्नुपर्ने उल्लेख छ । श्रोतको सुनिश्चितता र कार्यक्रम संचालनको प्रक्रिया निश्चित भएपछि मात्र विस्तृत परियोजना प्रतिवेदन तयार गरी सो अनुरुप बजेट तथा कार्यक्रमको माध्यमबाट खर्च गर्नुपर्दछ । यो वर्ष मन्त्रालयले मौजूदा सूचिबाट ३ वटा प्रस्तावको आधारमा १५८ र यातायात पूर्वाधार निर्देशनालयले २७ स्थानको विस्तृत परियोजना प्रतिवेदन तयार गरे वापत परामर्शदातालाई रु. ११ करोड ७५ लाख ९९ हजार भुक्तानी गरेको छ ।

आयोजना संचालन गरिने समय, बजेट, कार्यक्रम, कार्यनीति तयार नभएको अवस्थामा आगामी वर्षमा संचालन गरिने बजेटबाट कार्यगर्न तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन बमोजिम योजना कार्यान्वयनमा आउने अवस्था देखिदैन । प्रतिवेदनको कार्यान्वयन सुनिश्चितता नगरी यसरी खर्च लेख्न मिल्दैन । साथै लेखेको खर्च उपलब्धीमुलक देखिएन ।

१३. **चौमासिक खर्च -** मन्त्रालयले उपलब्ध बजेट चौमासिक कार्यलक्ष्य अनुसार खर्च गरी अपेक्षित प्रगति प्राप्त गर्नुपर्दछ । यो वर्ष मन्त्रालयले पूँजीगत तथा कार्यक्रम शीर्षकमा कूल रु.३० करोड ९२ लाख ५ हजार रहेकोमा प्रथम चौमासिकमा १.४२ प्रतिशत, दोस्रो चौमासिकमा १७.७३ प्रतिशत र तेस्रो चौमासिकमा ८०.८४ प्रतिशत र आषाढमा मात्र ६२.४५ प्रतिशत खर्च गरेको छ । कार्यक्रममा व्यवस्था भएको अधिकांश रकम आषाढमा खर्च गरेकोले समय र गुणस्तरमा असर परेको छ । चौमासिक लक्ष्य अनुसार सन्तुलित रुपमा बजेट खर्च गरी अपेक्षित उपलब्धि हासिल गर्नु पर्दछ ।

१४. **क्रमागत योजना -** मन्त्रालय तथा मातहतका यातायात पूर्वाधार निर्देशनालय र पूर्वाधार विकास कार्यालयहरुबाट सडक पुलका योजनाह क्रमागत योजनाको रुपमा संचालन गर्ने गरी ५ पुल तथा ८ सडकको निर्माण तथा स्तरोन्नतिको कार्य गर्न रु.१ अर्ब ६९ करोड ३५ लाख ३७ हजारको लागत तयार गरेको छ । मन्त्रालयले आर्थिक वर्ष ०७५।७६ मा रु.३२ करोड ६४ लाख ६५ हजार, २०७६।७७ मा रु.८८ करोड २८ लाख ८७ हजार र २०७७।७८ मा रु.२४ करोड ७८ लाख ८८ हजार खर्च गर्ने गरी बजेट सुनिश्चितताको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाएकामा सो अनुसारको बजेटको आश्वस्तता लेखापरीक्षणमा पेश भएन । बाराको गढीमाई भवन तथा कम्पाउण्डवालको खरिद लागत रु.८ करोड ६२ लाख ६३ हजारलाई क्रमागतमा राख्ने २०७५।१०।१३ मा सचिवस्तरीय निर्णय भएकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाएको क्रमागत योजनामा संलग्न गरेको देखिएन ।

१५. **बजेट तथा कार्यक्रमको मूल्याङ्कन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी अर्धवार्षिक र वार्षिक रुपमा सो अवधि समाप्त भएको २ महिना भित्र विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । राजस्व, खर्च, आयोजना र कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त भएको समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान रकम, वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ती तथा परिचालनको यथार्थ विवरण तथा प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरुको कार्यान्वयन अवस्था र अन्य आवश्यक विवरणको आधारमा मूल्याङ्कन गर्नुपर्नेमा गरेको देखिएन् । मूल्याँकन गर्ने कानुनी व्यवस्थालाई मन्त्रालयले कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१६. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला वोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्दछ । मन्त्रालयले यो वर्ष रु.४ करोड ९ लाख १० हजारको सोझै खरिद गरेको छ । सोझै खरिद गर्न कार्यलाई निरुत्साहित गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ ।

१७. **अनुगमन तथा मूल्याङ्कन खर्च -** भ्रमण खर्च नियमावली, २०७४ बमोजिम कार्यक्रमको अनुगमन तथा निरीक्षण कार्यको पूर्ण विवरण, उद्देश्य, भ्रमण अभिलेख, तथा गर्नुपर्ने सुधारका उपायहरु सहितको भ्रमण प्रतिवेदनको आधारमा खर्च लेख्नुपर्नेमा सो बेगर यो वर्ष रु.३९ लाख ४३ हजार खर्च लेखेको छ । यसरी खर्च लेख्ने स्थितिमा नियन्त्रण तथा सुधार गरिनुपर्दछ ।

१८. **कार्यालय सम्बन्धी खर्च -** यो वर्ष मन्त्रालयले कार्यालयमा आवश्यक पर्ने सामान खरीद गरी रु.३६ लाख खर्च लेखेको छ। आवश्यक पर्ने समान प्रतिस्पर्धा नगरी खरिद गर्नु उपयुक्त देखिँदैन। मन्त्रालयले रु.३ लाख २२ हजार मुल्यको यो वर्ष खरिद गरेको छ। ३० थान बल्याङ्केट खर्च भइ जाने खातामा प्रविष्टी गरेको छ। खरिद भएका समानहरु आवास तथा कार्यालयमा प्रयोग भएकोमा सहायक जिन्सी खाता समेत तयार गरेको छैन। खर्च भई जाने र नजाने जिन्सीमा समानको मुख्य रुपमा भाडाकुडा, कार्पेट फर्निचरका सामान, सामसुङ्ग मोवाईल ४ थान, फ्यान, लगायतका सामान खर्च भई जाने जिन्सीमा देखाई खर्च गरेको छ। कार्यालय तथा आवास प्रयोगमा रहेका सामानको विवरण तयार गरी जिन्सी आभिलेख दुरुस्त राख्नुपर्दछ।

१९. **बैठक भत्ता -** यो वर्ष विभिन्न ऐन नियमको मस्यौदा उपर छलफल, योजना/आयोजना, ठेक्का व्यवस्थापन, मूल्याङ्कन लगायतमा वैठक भत्ता रु.१० लाख ८७ हजार खर्च लेखेको छ। अत्यावश्यक जनशक्ति मात्र संलग्न भई मापदण्ड बमोजिम खर्च लेख्नुपर्नेमा समितिमा सबै कर्मचारी तथा आमन्त्रित राखी भत्ता खर्च लेखेको छ। कानूनले तोकेको मापदण्ड अनुसार खर्च लेख्नु पर्दछ।

२०. **सोधभर्ना हुने खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्ने आधार, नर्म्स र अनुसूची १ (क) मा लागत अनुमानको ढाँचा तोकेको छ। लागत अनुमानको ढाँचामा मालसामान वा उपकरण वा सेवा लगायतका सोधभर्ना हुने खर्चको विस्तृत विवरण तयार गरी लागत अनुमान साथ राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयले परामर्श सेवाको लागत अनुमान तयार गर्दा स्थानीय यातायात, दैनिक भत्ता, होटल खर्च, अफिस भाडा जस्ता सोधभर्ना हुने खर्चलाई लागतको सूचीमा लमसममा राखी तयार गरेको र सोही आधारमा परामर्शदातालाई रु. १२ लाख ७० हजार सोधभर्ना हुने खर्चका विल भरपाई वेगर भुक्तानी दिएकोले प्रमाण पेश नगरी विल वेगर भुक्तानी गरेको रकम असूल गर्नुपर्दछ।

२१. **अन्य सुविधा -** मुख्यमन्त्री र मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ ले तोके अनुसारको सुविधा मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट खर्च लेख्ने व्यवस्था गरेको छ। मन्त्रालयले मन्त्रीहरुको आवास व्यवस्थापनका लागि फर्निचर, वासिङ मेशिन, ग्यास गिजर खरिद गरी विभिन्न मितिमा खर्च लेखेको छ। यसरी कानूनले व्यवस्था गरेको निकाय देखि वाहेकको कार्यालयबाट समेत रु.६ लाख ५९ हजार दुई राज्यमन्त्रीको लागि खर्च भएको छ। थप सुविधा वापतको खर्च लेख्न मिल्ने देखिदैन।

२२. **आवास सुविधा -** नीजि घर भाडामा लिएर बसेका राज्य मन्त्रीलाई भौतिक पूर्वाधार विकास मन्त्रालयबाट रकम उपलब्ध गराउने गरी माननीय भौतिक पूर्वाधार विकास मन्त्रीले राखेको प्रस्ताव अनुसार प्रत्येकलाई रु.४ लाख उपलब्ध गराउने गरी प्रदेश मन्त्रिपरिषद्ले २०७५।७।९ मा निर्णय गरेको छ। सो अनुरुप ६ राज्य मन्त्रीलाई रु.२४ लाख खर्च लेखेको छ। मुख्यमन्त्री र मन्त्रीहरुको परिश्रामिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ४ बमोजिम सरकारी घरको वन्दोवस्त नभएका मन्त्रीलाई आवास सुविधा वापत मासिक रु. १८ हजार को दरले भुक्तानी हुँदाहुँदै थप रु. ४ लाखका दरले आवास व्यवस्थापनमा गरेको थप सुविधा भुक्तानी गर्न मिल्ने देखिएन।

२३. **पचास प्रतिशत मु.अ.कर -** आर्थिक ऐन, २०७६ अनुसार २०७६ जेष्ठ १५ गते पछाडिको ठेक्का वा करार वापतको भुक्तानी गर्दा करदाताले भुक्तानी लिने मूल्य अभिवृद्धि करको ५० प्रतिशतते हुने मु.अ.कर रकम कार्यालयले असुल गरी सम्बन्धित करदाता दर्ता भएको आन्तरिक राजश्व कार्यालय मार्फत करदाताको भ्याट नं. उल्लेख गरी राजश्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले परामर्शदाता तथा निर्माण व्यवसायीलाई सो अवधि भन्दा मु.अ.करको ५० प्रतिशतले हुने रु.३८ लाख ३७ हजर भुक्तानी दिएको छ। उक्त कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्दछ।

२४. **कार्यमूल्याङ्कन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्य मूल्याङ्कनको आधारमा बील विजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यस वर्ष प्रदेश नं. २ का विभिन्न जिल्लामा जियो व्याग, नाइलन, क्रेट, ग्याविन वक्स गरेवापत उपलब्ध गराउने विभिन्न आपूर्तिकर्तालाई रु. १ करोड ४६ लाख ७४ हजार भुक्तानी गरेको छ। प्रतिस्पर्धी बेगर खरिद गरिएका ती निर्माण सामाग्रीको उपयोग देखिने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छैन। खरिद गरेका सामानको प्रयोग र सोको प्राविधिक मूल्याँकन पेश गर्नुपर्ने तथा प्रतिस्पर्धा बेगर खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२५. **दायित्व सिर्जना -** बजेटमा रकमको व्यवस्था हुँदा हुँदै दायित्व सिर्जना गर्नु हुदैन । मन्त्रालयले विभिन्न पार्टीलाई भुक्तानी दिएको रु.१८ लाख ८० हजार र धरौटी रु.१ लाख ९० हजार समेत रु.२० लाख ७० हजारको चेक २०७६ कात्तिकसम्म साटीएकोले बजेट नै फ्रिज गरेको छ । मन्त्रालयको कारण नभई आपूर्तकको कारणबाट खर्च तथा धरौटी तर्फ उत्पन्न दायित्व भुक्तानी गर्न मिल्दैन । उक्त रकम धरौटी दायित्वको अभिलेखबाट घटाई समायोजन गर्नुपर्दछ ।

२६. **जनचेतना कार्यक्रम -** मन्त्रालय बहुआयामिक विकासका लागि ६ गैर सरकारी संस्थासंग सडक, बहुआयामिक चेतना, कृषि जागरण र हरित अभिवृद्धि लगायतमा सोझै सम्झौता गरी ती संस्थालाई रु.३३ लाख ९७ हजार खर्च लेखेको छ । मन्त्रालय मार्फत यस्ता साना कार्यक्रम संचालन गर्नु उपयुक्त देखिएन ।

२७. **बढी भुक्तानी-** बिल भरपाई, नर्म्स, मापदण्ड तथा कार्यक्रममा तोकिएको दर र परिमाण भन्दा बढी भुक्तानी गर्न मिल्दैन । मन्त्रालयले एक कटेजमा भएको कार्यक्रममा सहभागी भत्तामा समेत मूल्य अभिवृद्धि कर थप गरी बढी भुक्तानी गरेको रु.१ लाख ४४ हजार, २ उपभोक्ता समितिलाई श्रमदान बापतको बढी ज्याला भुक्तानी गरेको रु.१ लाख ९१ हजार, विभिन्न समिति तथा आर्पूतकलाई बिजक बेगर तथा बढी मूल्य अभिवृद्धि कर भुक्तानी गरेको रु.२ लाख २३ हजार, एक कर्मचारीलाई श्रावणको तलब भत्ता दोहोरो भुक्तानी दिएको रु.२९ हजार, एक उपभोक्ता समितिलाई नहर खन्ने पुर्ने कार्यमा नर्मस भन्दा बढी भुक्तानी गरेको रु.४० हजार, एक कार्यक्रममा उपस्थित संख्या भन्दा बढी भुक्तानी गरी फछर्यौट गरेको रु.१ लाख ६३ हजार, अर्को एक उपभोक्ता समितिलाई नदी नियन्त्रण कार्यमा दिनुपर्ने भन्दा बढी रकम भुक्तानी गरेको रु.३७ हजार, ५ उपभोक्ता समितिलाई नदी नियन्त्रणतर्फ कार्य मूल्याङकन भन्दा डिजल खपतको मूल्याङकन बढी देखाई भुक्तानी गरेको रु.१ लाख ४६ हजार समेत रु.९ लाख ७३ हजार असुल हुनुपर्दछ ।

२८. **कर्मचारी दरबन्दी/पदपूर्ति -** मन्त्रालयमा कूल ५५ जनाको दरवन्दीमा ३० कार्यरत रही २५ पद रिक्त छ । रिक्त दरवन्दीको कारण मन्त्रालयको कार्यमा कठिनाई रहेको, ५ महाशाखा भएपनि १ जना मात्र महाशाखा प्रमुख रहेको, सचिवहरुको पटक पटक फेरवदलले अख्तियारी तथा कार्यक्रम उपलब्ध गराउन ढिलाई भएको, अन्तर्गतका निकायहरुमा कार्यालय प्रमुख लगायत कर्मचारीहरुको पदस्थापन ढिलाई भएको जानकारी प्राप्त भएको छ । दरबन्दी अनुसार पदपुर्ति गर्नुपर्दछ ।

२९. **सेवा प्रवाह -** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । मन्त्रालयको लागि पहिचान गरिएका नयाँ कानुन निर्माण कार्य बाँकी रहेको, दरबन्दी बमोजिम पदपूर्ति नभएको मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको र सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य नभएकोले मन्त्रालयको सेवा प्रवाहको प्रभावकारितामा असर परेको छ । संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

**आन्तरिक नियन्त्रण -** मन्त्रालयले आन्तरिक नियन्त्रण व्यवस्थालाई प्रभावकारी बनाउन, प्रदेश मन्त्रालय अन्तर्गत सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन । कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

## यातायात पूर्वाधार निर्देशनालय

३१. **बजेट तथा कार्यक्रम -** निर्देशनालयलाई आर्थिक वर्ष २०७५।७६ को लागि प्रदेश सरकार पूँजीगत तर्फ रु.४ करोड १० लाखको बजेटमा ६ वटा पुल तथा सडकको ३३ कि.मि. मा स्तरोन्नति गर्न अपेक्षित भार ०.८० मा भारीत प्रगति ०.१० मात्र रहेको छ । वजेटमा व्यवस्था भएको रकम खर्च हुन नसकेकोले न्यून प्रगति भएको छ । त्यस्तै संघीयसरकारको श्रोत तर्फ ३६ वटा सडक पुल निर्माणको लागि रु. ५० करोड ३६ लाख २८ हजारको कार्यक्रम २०७५।१०।१६ मा प्राप्त गरेकोमा २०७६।२।३१ को संशोधित अख्तियारी तथा कार्यक्रम बमोजिम मन्त्रालयले २०७५।११।१२ मा डि.पि.आर. समेत नभएका योजनामा विस्तृत परियोजना प्रतिवेदनसमेत तयार गर्ने गरी योजनागत बजेट संशोधन गरी कार्यक्रम पठाएको देखिन्छ । सोही दिन अर्थात २०७६।२।३१ मा नै योजनागत व्यवस्था भएको बजेटमा पुनः संशोधन गरी अख्तियारीमा रु.४३

करोड ८० लाख ८८ हजार घटाई रु.६ करोड ५५ लाख ४० हजार कायम गरेको देखिएको तर ट्रेजरी प्रणालीमा भने रकम संशोधन भएको छैन । ढिलो गरी अख्तियारी एवं सोसँग सम्बन्धित बजेट र कार्यक्रम पठाउने तथा वर्षान्तमा आई कार्यक्रम संशोधन गर्नु उपयुक्त हुदैन । वित्तीय अनुशासन पालना गर्नुपर्दछ ।

३२. **उपभोक्ता समिति-** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट सञ्चालिट हुने निर्माण कार्यमा लोडर, रोलर, डोजर, विटुमिन बाइलर, आदि जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नहुने उल्लेख छ । उपभोक्ता समितिबाट कार्य गराई निर्देशनायलले रु. ६० लाख भन्दा वढी लागतको कार्यमा आईटमवाईज योगदान समेत नखुलाई सम्झौता अनुसार रु.२ करोड ९ लाख २१ हजार भुक्तानी गरेको छ । सडक निर्माण जस्तो जटिल कार्य उपभोक्ता समिति मार्फत गर्नु उपयुक्त देखिएन । कार्य सम्पन्न भएकोमा सार्वजनिक लेखापरीक्षण नगरेको, उपभोक्ताले खरिद गरेको करविजक संलग्न गर्ने नगरेको, ढुवानी तथा भरपाईको आधारमा खर्च गरेको र श्रम तथा सामग्री उपयोगको अनुपात नमिलेको अवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिसँग जटिल कार्यगर्दा गुणस्तरमा समेत असर पर्ने देखिँदा नियमको पालना हुनुपर्दछ ।

३३. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम ५ लाख भन्दा बढीको सोझै खरिद गर्न नपाइने तथा कार्यालयले वार्षिक खरिद योजना वनाई खरिद कार्यलाई टुक्रा नपारी प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्नुपर्नेमा यस वर्ष निर्देशनालयले विस्तृत परियोजना प्रतिवेदनहरु तयारी वापत रु. १ करोड ३१ लाख ४१ हजारको परामर्श सेवा सोझै खरिद गरेको देखियो । वार्षिक खरिद योजना स्वीकृत गरी प्रतिस्पर्धाद्वारा खरिद गर्नुपर्दछ ।

## जलस्रोत तथा सिँचाई विकास डिभिजन

३४. **अधुरो ठेक्काहरु -** आर्थिक वर्ष २०६८।६९ देखिका धनुषा डिभिजनमा १३ ठेक्का मध्ये ८ ठेक्काको सम्पन्न गर्नुपर्ने अवधि समाप्त भइसकेको र ५ ठेक्काको अवधि निरन्तर रहेकोमा उक्त अधुरो ठेक्काहरु सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम ६ (आठौं संशोधन) अनुरुप २०७६ साल जेठ २३ गते अघि खरिद सम्झौता भएको कारण निवेदन अनुसार म्याद थपको लागि प्रमुख सचिवमा पेश गरेको उल्लेख गरेको छ । उक्त ८ ठेक्काको सम्झौता अंक रु.५७ करोड ८६ लाख २ हजार रहेकोमा २०७५।७६ सम्म रु.४२ करोड २० लाख ९२ हजार भुक्तानी भएको देखिन्छ । यी ठेक्काको अवधि आठौं संशोधन अनुरुप २०७७साल आषाढ भित्र सम्पन्न गर्नुपर्ने अवस्था छ । सो योजनामा गएको कार्यपरिचालन पेश्की रु.२ करोड १६ लाख ९२ हजार फछ्र्यौट हुन बाँकी देखिन्छ । म्याद थपको प्रक्रिया रहेका यी ८ योजनामा बजेट तथा कार्यक्रमको व्यवस्था गरी सम्झौता बमोजिमको कार्य सम्पन्न गराउनुपर्दछ ।

३५. **अधुरो अवस्था -** धनुषामा रहेको जल्लाद नदी नियन्त्रण तर्फ २०७३, २०७४ र २०७६ मा ठेक्का व्यवस्थापन भएका ४ सिँचाई योजनाहरुको भौतिक प्रगति ५० प्रतिशत भन्दा न्यून रहेका छ । आर्थिक वर्ष २०७५।७६ मा बजेट व्यवस्था नभई ती योजना अधुरो अवस्थामा रहेको, वलुवा नदी नियन्त्रण तर्फ २०७४ मा भएका २ ठेक्काको लागि यो वर्ष बजेट नै विनियोजन नभएको अवस्थाले खरिद र बजेट व्यवस्थापन बीच समन्वय भएको देखिएन । वजेट व्यवस्थापन गरी अधुरो योजनाहरु सपन्न गर्नुपर्दछ ।

३६. **बजेट व्यवस्थापन -** खरिद लागत रु.१ अर्व ११ करोड ३७ लाख रहेको ३४ मझौला सिँचाई योजनाको लागि धनुषामा यो वर्ष रु.१० करोड ५३ लाख ३६ हजार बजेट व्यवस्था भएको छ । कार्य प्रगतिको आधारमा डिभिजनले २०७६।७७ को लागि रु.८२ करोड ९४ लाख ५० हजार वजेट आवश्यक पर्ने उल्लेख गरेको छ । समयमा आवश्यक बजेट व्यवस्थापन नहुँदा मझौला सिंचाई योजनाहरु अलपत्र हुने देखिन्छ । आवश्यक वजेट व्यवस्थापन गरी निर्माणधीन योजनाहरु समयमै सम्पन्न गर्नु पर्दछ ।

३७. **लागत -** यो वर्ष धनुषा डिभिजनले खरिद व्यवस्थापन गरेका ४ ठेक्काको स्वीकृत योजना अनुसार रु.१८ करोड ३८ लाख लागत रहेको छ । प्रतिस्पर्धीबाट ठेक्काहरु रु. ११ करोड ९७ लाखमा सम्झौता भएकोले औषत ३४ प्रतिशत अर्थात रु.६ करोड ४१ लाख घटीमा सम्झौता भएको देखिन्छ । लागत अनुमान स्वीकृत रकमको अन्तर बढी देखिँदा लागत अनुमानको वास्तविकता यकिन गर्न सकिएन् । लागत अनुमान वस्तुपरक तवरले तयार गर्नुपर्दछ ।

३८. **उपभोक्ता समिति-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य

कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । सोही नियमको उपनियम ७ मा प्रत्येक किस्तामा गरेको खर्च सार्वजनिक गरेको सूचना टाँस गर्ने र सामाजिक परीक्षण गराउनुपर्ने व्यवस्था छ । धनुषा अन्तर्गत उपभोक्ता समितिले गरेको कामको भुक्तानी मागगर्दा विल, भरपाई, वैठक अनुमोदन, खर्च सार्वजनिक तथा सामाजिक परीक्षण गरेको प्रमाण नलिई मूल्याङ्कनको आधारमा भुक्तानी दिएको छ । यो वर्ष विभिन्न सिँचाई योजनामा रु.२५ करोड भन्दा बढी भुक्तानी गरेको छ । उपभोक्ता समितिलाई व्यवस्थित र पारदर्शी गराउन तोकिएको मापदण्ड पूरा गरेपछि मात्र मूल्याङ्कन गरी भुक्तानी दिनुपर्दछ ।

३९. **लाभग्राही योगदान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (क) मा ६० लाख भन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाइमा उपभोक्ता समितिले गर्नुपर्ने योगदानको अंश खुलाउनुपर्ने व्यवस्था छ । धनुषाको पूर्वाधार कार्यालयले यस वर्ष ६० लाख भन्दा बढीको ९ योजनामा प्रत्येक इकाईको उपभोक्ताको योगदान समावेश नगरी कुल लागत अनुमानमा उपभोक्ताको योगदान समावेश गरेको देखियो । अंशगत योगदान खुलाई लागत तयार गर्नुपर्दछ ।

४०. **जिन्सी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) मा जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि मर्मत ३ महिना र लिलाम ६ महिना भित्र गर्नुपर्ने व्यवस्था छ । जिन्सी प्रतिवेदनमा टुटफुट, मिन्हा गर्नुपर्ने सामान रहेकोमा लिलामको कारवाही अगाडि वढाएको देखिएन । साथै निर्माणसँग सम्बन्धित आकस्मिक कार्यका लागि धनुषा डिभिजनमा रु.१ करोड ८७ लाख २३ हजार वरावरका सिमेन्टको खाली बोरा, जियो ब्याग, ग्यावियन वक्स, नाइलन कैरेट, जियो टेक्सटायल सामान मौज्दातमा देखिन्छन् । आवश्यकताको आधारमा मात्र खरिद प्रक्रिया अवलम्बन गर्नुपर्नेमा मौज्दात रहने गरी वोरा, ब्याग लगायतका सामानको मौज्दात बढी रहनु उपयुक्त देखिएन । मौज्दातको परिचालन गर्नुपर्दछ ।

४१. **धरौटी हिसाव -** डिभिजन धनुषाको नाममा विभिन्न व्यक्ति, संस्था, समिति एवं निर्माण व्यवसायीको कट्टी गरेको धरौटी प्रदेश सरकार तर्फ रु.९५लाख ९० हजार र संघीय सरकार तर्फ रु.१ करोड ५९ लाख ५९ हजार रहेको छ । संघीय धरौटीलाई प्रदेश धरौटीमा ट्रान्स्फर गर्नुपर्नेमा गरेको छैन । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९,५०,५१ र ५२ को कार्यविधि पूरा गरी पुरानो धरौटी (संघीय तर्फ) सदरस्याहा गर्नुपर्ने र एकीकृत रुपमा धरौटी मौज्दातको आयु वर्गीकरण गरी सोको प्रयोजन समेत खुलाई व्यक्तिगत विवरण समेत तयार गरी धरौटी हिसावको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

४२. **सामान खरिदमा ओभरहेड भुक्तानी -** वस्तु खरिदमा बिक्रीको मान्य सिद्धान्त अनुरुप आपूर्तकको नाफा पहिल्यै जोडिने हुँदा ओभरहेड समावेश गरी भुक्तानी गर्न मिल्दैन । जलश्रोत तथा सिचांई विकास डिभिजन धनुषाले जिल्ला दररेट अनुसारको मूल्यमा १५ प्रतिशत ओभरहेड थपी लागत अनुमान तयार गर्दा सोझै खरिद गरेको नाईलन कैरेट १ हजार १०७ थानको औषत खरिद दरले रु.११ लाख ३५ हजार, सिमेन्ट बोरा ३ लाख ३९ हजार थानको रु.६ लाख ३ हजार, जियो ब्याग २ हजार २१७ थानको रु.१ लाख २३ हजार र डिभिजन बाराले नाईलन कैरेट १ हजार १०७ थानको रु.३ लाख १२ हजार, सिमेन्ट बोरा १ लाख थानको रु.२ लाख २१ हजार, डिभिजन रौतहटले जिल्ला दररेट भन्दा बढी दरमा सिमेन्टको खाली वोरा खरिदमा रु.१८ लाख ६० हजार बढी भुक्तानी गरी रु.४२ लाख ५४ हजार आपूर्तकलाई भुक्तानी गरी बढी व्ययभार पारेको छ । । रौतहट कार्यालयले नदी नियन्त्रण कार्यमा खरिद गरेका सामानमा ओभरहेड समावेश गरी आपूर्तकलाई भुक्तानी गर्दा रु.४ लाख २ हजार बढी खर्च लेखेको छ । भूमिगत जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, सर्लाहीले खरिदमा आपूर्तिकर्तालाई रु.६ लाख ६२ हजार ओभरहेड भूक्तानी गरेको छ ।सोझै खरिदमा विक्रेताको नाफा बिक्री मूल्यमा जोडिने हुँदा व्ययभार पारेको रकम असुल गर्नुपर्दछ ।

४३. **सामान जडान -** भूमिगत जलश्रोत तथा सिचाई बिकास डिभिजन कार्यालय, लाहानले यो वर्ष रु ४५ लाख ५ हजारका पम्प तथा उपकरण लगायत विभिन्न सामान सोझै खरिद गरेको छ । खरिद गरेका सामान सम्वन्धित योजनामा जडान गरेको देखिएन । सामान जडान गरेको नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

४४. **मर्मत खर्च -** सिंचाई आयोजना निर्माण तथा मर्मत संभार गर्नुपूर्व मर्मत कार्यबाट थप सिंचाई हुने क्षेत्रफल, उत्पादकत्वमा हुने वृद्धि, लाभान्वित जनसंख्या र मागका आधारमा दिगोपना पहिचान गर्नुपर्दछ । डिभिजन महोत्तरीले दुधमती सिंचाई आयोजना बनौली नहरको ड्यामको हाईट बढाउने र नहर लाईलिङ्ग कार्य जल

उपभोक्ता समिति मार्फत गराई रु.२३ लाख ६८ हजार भुक्तानी गरेको छ। हेडबर्क्सको हाईट बढाउने कार्य बाहेक ११८ मीटर नहर लाईनिङ्ग कार्यमात्र गरेकोमा नहर गहिरो भएको जनाई करिब ३०० मीटर तल पर्खाल लगाई पानी चढाउनु परेको नहरको ३ फिट नउकासी निर्माण कार्य गरेकोले निर्मित संरचना भत्कने स्थलगत अवलोकनको क्रममा स्थानीयले गुनासो गरेका छन् । लागत अनुमान तथा डिजाइन त्रुटिपुर्ण गरेको कारण नहर लाइनिङ्ग कार्यको दिगोपना सुनिश्चित हुने गरी सुधार गरी उपयोगमा ल्याउनु पर्दछ।

४५. **ओभरहेड खर्च** - सार्वजनिक खरिद नियमाबली, २०६४ को नियम ९७ मा लागत अनुमानमा ओभरहेड समावेश गरी भुक्तानी गर्न नमिल्ने उल्लेख छ। उपभोक्ता समितिसंग संझौता गरी निर्माण कार्य गराउँदा भुमिगत जलस्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय, महोत्तरीले ९ वटा डिप टयूवेल निर्माण कार्यको लागि एम.एस. पाईप, माइस्टोन पाईप खरिदको रु ३७ लाख ३३ हजारको बिलमा रु ४ लाख ५२ हजार ओभरहेड समावेश गरी भुक्तानी गरेको छ। उपभोक्ता समितिलाई ओभरहेड वापत भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ।

४६. **परामर्श दातालाई भुक्तानी -** विशेषज्ञ परामर्शदाताको समय र योग्यतालाई आधार मानी भुक्तानी गर्ने व्यवस्था छ। डिभिजन सर्लाहीले १० वटा विस्तृत सर्भेवापत परामर्शदातालाई भुक्तानी दिँदा विज्ञको कार्यअवधि, लागत अनुमान र कार्य सम्पन्न रकममा उल्लेख भएका टिम लिडर, रिभर ईन्जिनियर, हाईड्रोलोजिस्ट र अन्य फिल्ड विज्ञको लागि काम गर्नुपर्ने तोकेको अवधि भन्दा ५७ दिनसम्म घटि अवधि खटेको अवस्थामा समेत पूरै भुक्तानी गरेको छ। अतः घटी अवधि खटेको अवस्थामा लागत सम्झौता अनुसार बढी भुक्तानी गरेको रु.४३ लाख ९२ हजार असुल गर्नुपर्दछ।

४७. **बढी दरमा भुक्तानी -** भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन सर्लाहीले स्यालो ट्यूबेल र डिप ट्यूवेल आयोजनाको जिल्ला दर भन्दा बढी दरमा ज्यामीको लागत अनुमान गरेको कारण रु.५ लाख १२ हजार बढी भुक्तानी दिएको छ। जलश्रोत तथा सिचाई विकास डिभिजन, रौतहटले एक सिंचाई योजनाको कामको मूल्याङ्कन अनुसार रु.२७ लाख ४५ हजार मूल्य अभिवृद्धिकर समेत खर्च लेख्नुपर्नेमा रु.३२ लाख ३१ हजार खर्च लेखेकोले बढी भुक्तानी हुन गएको रु.४ लाख ८६ हजार समेत रु.९ लाख ९८ हजार असुल गर्नुपर्दछ।

## पूर्वाधार विकास कार्यालयहरु

४८ **निर्वाचन क्षेत्र -** यस सम्बन्धमा धनुषा कार्यालय अन्तर्गत निम्न व्यहोरा देखिन आएका छन्:

४८.१. प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम संचालन कार्यविधि, २०७५ बमोजिम सभासदले १ वर्ष भित्र कार्यान्वयन गर्न सकिने योजनाहरु छनौट गरी अनुसूची १ बमोजिमको कार्यान्वयन तालिका समेत बनाई पूर्वाधार विकास कार्यालयमा प्रत्येक आर्थिक वर्षको पहिलो चौमासिक भित्र पेश गरीसक्नु पर्नेमा प्रदेश नं. २ का समानुपातिक १३ जना र प्रत्यक्ष निर्वाचित १६ जना सभासदले प्रथम चौमासिक भित्र योजना छनौट र कार्यान्वयन तालिका पेश गरेको देखिएन। पौष महिनामा ३, माघमा ११, फाल्गुणमा ७, चैत्रमा १, वैशाखमा १ र मिति नखुलाई ५ जना सभासदले कार्यान्वयन तालिका वेगर योजनाको नाम र रकम खुलाएको विवरण मात्र पेश गरेको देखियो। छनौट र कार्यान्वयन तालिका समयमै पेश गर्नुपर्दछ।

४८.२. कार्यक्रम संचालन कार्यविधि, २०७५ मा छनौट भएका योजनाहरु प्रथम चौमासिक भित्र कार्यान्वयनका लागि पूर्वाधार विकास कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। योजना संशोधन गर्न पाउने व्यवस्था नदेखिएकोमा यस वर्ष १ पटक योजना छनौट गरी कार्यान्वयनका लागि पेश गरी सकेपछि पुनः नियमावली विपरित चैत्रमा २ सभासदले १०, वैशाखमा ४ सभासदले २१, जेष्ठमा ४ सभासदले ५७, असारमा २ सभासदले २ योजना संशोधन गरी पेश गरेको देखियो। नियमावलीको पालना गर्नुपर्दछ।

४८.३.कार्यक्रम संचालन कार्यविधि, २०७५ को नियम ८ अनुसार प्रदेश सभाका सम्बन्धित सदस्यले वर्षमा कम्तिमा १ पटक अनुगमन गरी अनुगमन प्रतिवेदन पूर्वाधार कार्यालयमा र पूर्वाधार विकास मन्त्रालयले चौमासिक रुपमा प्रत्यक्ष निर्वाचित सदस्य समेतको अनुगमन समिति गठन गरी अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन पेश गरेको देखिएन। अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

४८.४. कार्यक्रम संचालन कार्यविधि नियमावलीको नियम ९(६) बमोजिम जाँचपास भई सकेका कार्यक्रम वा योजनाको हिसाव फरफारक गरी सोको जानकारी सम्बन्धित प्रदेश सभा सदस्यलाई दिई हिसावको विवरण कार्यालयले चौमासिक रुपमा सार्वजनिक गर्नुपर्नेमा गरेको देखिएन ।

४८.५. कार्यक्रम संचालन कार्यविधि नियमावलीको नियम १२ बमोजिम कार्यान्वयन गरिएका योजना/आयोजनको किसिम, संचालित स्थान, वडा नं. खुल्नेगरी लाभग्राही संख्या, रकम, प्रदेश सभा सदस्यको नाम खुलेको विवरण सहितको प्रगति प्रतिवेदन कार्यालयले मन्त्रालयमा अनिवार्य रुपमा प्रत्येक चौमासिकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा सो बमोजिम प्रगति प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाएको देखिएन । नियमावली अनुसारको प्रगति तोकिएको समय भित्र नै पेश गर्ने व्यवस्था कार्यान्वयन हुनुपर्दछ ।

४८.६. निर्वाचन क्षेत्र विकास कार्यक्रम तर्फ २९ सदस्यहरुको कार्यक्रम संचालन कार्यविधि बमोजिम कूल ५३० योजना छनौट गरी कार्यान्वयन गर्न सकिने व्यवस्था छ । यो वर्ष सदस्यहरुबाट कूल ४२८ योजना छनौट गरेकोमा कार्यालयले १५३ योजनाको कार्य तथा भुक्तानी बाँकी रहेको जनाएको छ । बाँकी २७५ सम्पन्न योजनाको भुक्तानी गरेको देखिन्छ । योजना छनौट प्रक्रियामा ढिलाई गर्ने, उपभोक्ता समितिसँग वर्षको अन्त्य तिर आई सम्झौता गर्ने, अख्तियारी एवं बजेट तथा कार्यक्रम ढिलो प्राप्त हुने, बीच बीचमा छनौट योजना संशोधन गर्ने, अनुगमन समेत प्रभावकारी रुपले नगर्ने स्थितिले योजना कार्यान्वयन पूर्णरुपमा हुन सकेको छैन ।

उपभोक्ता समितिसँग एकै आर्थिक वर्षमा कार्य सक्नेगरी सम्झौता भएकोमा कार्य बाँकी तथा भुक्तानी बाँकी जनाउनुले योजना र कार्यान्वयन बीच समन्वय समेत देखिएन । योजना धेरै छनौट गर्नु, जनशक्ति कमहुनु, वर्षान्तमा सम्झौता गर्नु र कार्य बाँकी रहन गई भुक्तानी समेत हुन नसक्नुले योजना कार्यान्वयन प्रभावकारी बन्न सकेको देखिएन । योजना छनौट तथा कार्यान्वयन प्रभावकारी हुनु पर्दछ ।

४८.७. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालन हुने निर्माण कार्यमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी सम्बन्धित प्राविधिकको सिफारिस वाहेक लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन, डिस्ट्रीव्युटर र व्वाईलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न नपाइने उल्लेख छ । निर्वाचन क्षेत्र विकास कार्यक्रम संचालन कार्यविधि नियमावली, २०७५ को नियम ३ (५) मा श्रममा आधारित योजना छनौट गरी भौतिक पूर्वाधार निर्माणमा कम्तिमा १० र अन्य कार्यक्रममा कम्तिमा २० प्रतिशत जनसहभागीता हुने योजना छनौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष नमुना छनौट गरी लेखापरीक्षणको गर्दा ४ उपभोक्ता समितिबाट हेभी मेशिन प्रयोग गरी रु. १ करोड २५ लाख भुक्तानी दिएको देखियो । यस्तो कार्य नियन्त्रण हुनुपर्दछ ।

४८.८. कार्यक्रम संचालन कार्यविधि नियमावली, २०७५ को दफा ७ मा रु.५ लाख सम्म प्रशासनिक कार्यको लागि निर्वाचन क्षेत्रको सम्पर्क कार्यालय र संचालनको निमित्त मसलन्द, प्रदेश सभासदस्यको प्रतिनिधि, प्रदेश सभा सदस्यद्वारा अनुगमनको लागि खटाएको व्यक्तिको पारिश्रमिक, दैनिक भ्रमण भत्ता एवं सम्पर्क कार्यालयको घरभाडामा खर्च गर्न सकिने व्यवस्था छ । कार्यालयले नियमावलीले तोकेको भन्दा फरक शीर्षकमा निर्माण कार्यको अनुगमन खर्च समेत भुक्तानी गरेको छ । गाडी भाडा, प्रतिनिधिको पारिश्रमिक र घर भाडामा आय कर ऐन अनुसार अग्रीम कर घटी कट्टी गरेको देखियो । तोके भन्दा बढी रकम र अग्रीम कर रु.१ लाख ४१ हजार असूल गर्नुपर्ने तथा प्रशासनिक खर्चका विल भरपाई एवं भ्रमण प्रतिवेदन वापत रु.५० लाख ६६ हजार भुक्तानी भएकोमा सोको विल भपाई पेश हुनुपर्दछ ।

४८.९. आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ बमोजिम भुक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । ढुङ्गा, माटो, बालुवाको ढुवानी समेत एकमुष्ट भरपाईबाट खर्च जनाउँदा समाग्रीको मूल्य नछुट्टिदा एकमुष्टमा कर गणना गरिएको छ । कार्यालयले छुट्टयाई ढुवानी कर रकम असूल गरिनुपर्दछ । कार्यालयले पूर्वाधार बजेट उपशीर्षकबाट उपभोक्ता समिति मार्फत कार्य गराउँदा पेश गरेको विल भरपाईको आधारमा नछुट्टयाएको ढुवानी, भाडा, अग्रिम कर र सामाजिक सरक्षा कर समेत कट्टी गर्नुपर्ने कर भन्दा घटी कट्टी गरेको छुट कर रु.५० लाख ७६ हजार सम्बन्धितबाट असूल गरी सम्बन्धित राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

४९. **ग्राभेल सप्लाई -** यो वर्ष धनुषा कार्यालयले विभिन्न १५ कम्पनीसँग सोझै सम्झौता गरी विभिन्न सडकमा ग्राभेल सप्लाई तथा मिलाउने कार्य वापत रु.७२ लाख ५हजार भुक्तानी गरेको छ । पूर्वाधार विकास कार्यालय, रौतहटले रु ७५ लाख ८३ हजार वरावरको ग्राभेलको कार्य सोझै खरिद गरेकोछ । आवधिक मर्मतको कार्य वर्षा अगाडि गर्नुपर्नेमा वर्षाको समय जेष्ठ र आषाढमा ग्राभेल राख्दा कार्यमा गुणस्तर नहुने तथा सडकको दीगोपना समेत नरहने हुँदा वर्षान्तमा आई ग्राभेल विछ्याउने कार्य नियन्त्रण गर्नुपर्दछ ।

५०. **गैरसरकारी संस्थाबाट कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा गैर सरकारी संस्थाबाट कार्य गर्दा प्रभावकारी र मितव्ययी हुने भएमा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ । सेवा प्राप्त गर्दा लागत अनुमान तयार गर्नुपर्ने तथा कानून बमोजिम मौजुदा सूचीमा समावेश भएका संस्थालाई सूचना प्रकाशन गरी जानकारी गराउनुपर्नेमा पूर्वाधार विकास कार्यालय, रौतहटले प्रतिस्पर्धा बेगर रु.१ करोड ४ लाख ५५ हजारको कार्य संस्था मार्फत सोझै गराएको छ । कानुनको पालना गर्नुपर्दछ।

५१. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु. ५ लाख सम्म सोझै खरिद गर्न सकिने कार्यविधि भएकोमा कार्यालयले ६ वटा फर्मबाट विभिन्न सडकको सर्भे, डिजाइन र लागत अनुमान खर्च, ४ वटा फर्मबाट फर्निचर तथा फिक्चर्स, ३ वटा फर्मबाट ल्याप्टप कम्प्युटर लगायत मेशिनरी औजर लगायत र २ वटा फर्मबाट धनुषाले मुख्यमन्त्री कार्यालयमा गाडी पार्किङ्ग स्थल निर्माण गरी कूल जम्मा रु.५८ लाख ३० हजार धनुषा कार्यालयले प्रतिस्पर्धा नगराई सोझै खरीद गरेको छ । प्रतिस्पर्धा गराई मितव्ययी ढङ्गबाट खरिद गर्नुपर्दछ ।

निर्वाचन क्षेत्र विकास कार्यक्रम तर्फ यस वर्ष २२ वटा निर्माण व्यवसायीहरुबाट रु.९२ लाख २६ हजारको निर्माण कार्य सोझै खरिद गरेको छ । यसरी प्रतिस्पर्धा वेगर सोझै खरिद गर्दा कामको गुणस्तरमा कमी आउने हुँदा एउटै प्याकेज बनाई प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्दछ ।

५२. **म्याद थप -** धनुषा कार्यालय अर्न्तगत रौजा वर्दिवार्स सडक स्तरोन्नतिको लागि २०७०।७१ मा निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा कार्य सम्पन्न गर्न नसकेको र २०७५ चैत्र सम्म म्याद थप गरेकोमा सो अवधिभित्र पनि सडकको कार्य पूरा भएको देखिएन । निर्माण व्यवसायीसँग भएको कूल सम्झौता रु. १९ करोड ४८ लाख २ हजार मा तेस्रो विल २०७६।२।१७ मा रु.२ करोड ३० लाख ३७ हजार भुक्तानी भई कूल कार्यमध्ये रु.७ करोड ४६ लाख ४४ हजार भुक्तानी दिएकोमा सम्झौता बमोजिम ३८ प्रतिशत मात्र प्रगति देखिएको छ । तेस्रो रनिङ विलसम्मको कार्यमध्ये निर्माण व्यवसायीले ग्यावियन, मेशिनरी, विटुमिनस, वायोइन्जियिरिङ्ग तथा विविध कार्यहरु गर्न बाँकी देखिन्छ । पटक पटक म्याद थप गर्ने तर थप गरेको समयमा पनि कार्य सम्पन्न नहुँदा सम्झौता बमोजिमको माइलस्टोन समेत आकर्षण गरेको देखिएन् । सम्झौताको शर्त अनुसार कारवाही गर्नुपर्दछ ।

५३. **सामाजिक विकास कार्यक्रम -** धनुषा पूर्वाधार कार्यालय अर्न्तगत सामुदायिक विद्यालयका कक्षा कोठा निर्माण, पुस्तकालय, प्रयोगशाला, शौचालय, कम्पाउण्डवाल, गेट, खेल मैदान, कम्प्युटर खरिद, बगैँचा सौन्दर्यकरण निर्माण र सामुदायिक भवन निर्माण, रंग रोगन, जनजाति कल्याण आश्रम, रत्नसागरको भवन तथा बाउण्ड्रीवाल लगायत २९ वटा सरकारी निकाय, समिति वोर्डको निर्माण तथा मर्मत संभारको कार्य गर्न रु.२७ करोड ६ लाख ५० हजारको अख्तियारी प्राप्त गरेकोमा रु. ७ लाख ५२ हजार खर्च गरी वित्तीय प्रगति ०.७ प्रतिशत हासिल गरेको छ । सो वाहेक सामुदायिक विद्यालय, भवन, स्वास्थ्य चौकी, दलित छात्रावास, मठमन्दिर, धर्मशाला, मसानघाटहरुको निर्माण, मर्मत संभार तथा रंग रोगनका कार्यहरु गर्नरु.१९ करोड १० लाख ५० हजारको अख्तियारी प्राप्त गरेकोमा अन्य सार्वजनिक निर्माण शीर्षकको रु. ५ लाख, पदौल बेहडावेला र अनकारा स्वास्थ्य चौकीको भवन निर्माणको रु. ६० लाख, धनुषा जिल्लाको दलित छात्रावास निर्माणको रु.१६ करोड ७६ लाखमा ४ करोड ७८ लाख ७ हजार मात्र खर्च भई वित्तीय प्रगति २५.०२ प्रतिशत हासिल गरेको छ । वित्तीय तथा भौतिक प्रगति हासिल गर्न समयमै कार्यक्रम तथा अख्तियारीको व्यवस्था गर्नुपर्दछ ।

५४. **लागत मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा १ वर्ष भन्दा बढीको ठेक्कामा मूल्य समायोजन दिन सकिने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, रौतहटले सडक निर्माण वापत एक निर्माण व्यवसायीलाई पाँचौ विल वापत रु.८३ लाख ८६ हजार भुक्तानी गर्दा कार्य परिचालन पेश्की रु.७९लाख नघटाई लागत मूल्य समायोजन दिएकोले पेश्की गणनामा वढी भुक्तानी दिएको लागत मूल्य रु.१४ लाख ५३ हजार असुल हुनुपर्दछ ।

५५. **हातेपम्प वितरण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ बमोजिम बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने र सोको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, रौतहटले रु.५९ लाख ५० हजार वरावरको हातेपम्प जडान गरेको प्राविधिक प्रतिवेदनमा देखाउनु पर्नेमा प्रतिवेदन राखेको छैन । हातेपम्प प्रयोगको प्राविधिक प्रतिवेदन पेश हुनुपर्दछ ।

५६. **मापदण्ड र नर्म्स** - बिल भरपाई, नर्म्स, मापदण्ड तथा कार्यक्रममा तोकिएको दर र परिमाण भन्दा बढी भुक्तानी गर्न मिल्दैन । पूर्वाधार कार्यालय धनूषाले ह्याण्डपम्पको बढी भुक्तानी गरेको मूल्य अभिवृद्धि कर रु.४९ हजार, ३ निर्माण व्यवसायीले एज बिल्ड नक्सा पेश नगरेकोले शर्त अनुसार कट्टी गर्नुपर्ने रु.६ लाख, सडक मर्मत समूहलाई बढी खर्च लेखेको रु.३२ हजार, निर्माण व्यवसायीलाई शोधभर्ना योग्य खर्च बढी लेखेको रु.६६ हजार, बीड आईटममा रहेको मोटरसाईकल बापतको निर्माण व्यवसायीले फिर्ता गर्ने स्थितिमा खरिद बील नपुगेको रु.१ लाख २७ हजार र गैह्र सरकारी संस्था ८ लाई नर्म्स भन्दा बढी भुक्तानी गरेको रु.४ लाख ७८ हजार समेत रु. १३ लाख ५२ हजार असुल गर्नु पर्दछ ।

५७. **वढी भुक्तानी -** प्रदेशसभा सदस्य निर्वाचन विकास क्षेत्र कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली पहिलो संशोधन, २०७५ दफा ३(५) (ग) बमोजिम कार्यक्रम संचालनमा कम्तीमा २० प्रतिशत जनसहभागिता जनाउनु पर्नेमा पूर्वाधार विकास कार्यालय, रौतहटले उपभोक्ता समितिमार्फत कार्य गराएको विभिन्न कार्यकममा २० प्रतिशत जनसहभागिता कट्टी गरी खर्च लेख्नुपर्नेमा सो नगरी बढी भुक्तानी गरेको रु.४ लाख ५३ हजार असुल गर्नुपर्दछ ।

५८. **जिन्सी दाखिला -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १३ मा जिन्सी आम्दानी बाँधी खर्च लेख्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, रौतहटले विद्यालय, संघ/संस्था हरुलाई विभिन्न सामान वापत रकम भुक्तानी गरेकोमा रु.३४ लाख ५० हजारको सामान सम्बन्धित संस्थाको सम्पति खातामा दाखिला गरको छैन । जिन्सी दाखिला वेगर रकम भुक्तानी गर्नु नियमसम्मत देखिएन ।

५९. **कार्यकम -** पूर्वाधार विकास कार्यालय,रौतहटले उपभोक्ता समितिबाट वितरणमुखी कार्यक्रम छनौट गरी रु रु.६५लाख खर्च गरेको छ । कार्यकम छनौटमा ध्यान दिनु पर्दछ ।

६०. **लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ बमोजिम कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिए वमोजिम लेखा र वित्तीय विवरण पेश गरी लेखापरीक्षण गराउनु पर्नेमा पूर्वाधार विकास कार्यालय, सिरहाले यस वर्षको विनियोजन, राजश्व तथा धरौटी लगायत सबै कारोबारको समय अभावको कारण दर्शाई लेखापरीक्षण गराएको छैन । कानून वमोजिम कारवाही गरी लेखापरीक्षण गराउनु पर्दछ ।

## खानेपानी तथा सरसफाइ डिभिजन

६१. **प्रतिस्पर्धा** - खानेपानी तथा सरसफाई हाह्वान गरेको बोलपत्रमा प्रतिस्पर्धात्मक तवरले बोलपत्र पेश हुँदा ४८.७७ प्रतिशत घटेको छ । डिभिजन कार्यालय, बाराले ड्रिलिङ्ग एण्ड डिप ट्यूवेल जडानको लागि खरिद भएका ८ ठेक्कामा १ बोलपत्र मात्र सामेल हुँदा प्रतिस्पर्धामा मिलेमतोको अवस्था सिर्जना भई लागत अनुमानमा ०.५२ प्रतिशत मात्र घटेको देखिन्छ । खरिदमा फर्म बिच प्रर्तिस्पर्धा नहुँदा तथा १ मात्र बोलपत्र पर्दा औषतमा ८ ठेक्कामा तुलनात्मक रुपले रु. १ करोड ४ लाख ९५ हजार नेपाल सरकारलाई नोक्सानी परेको देखिन्छ । खरिदलाई प्रतिस्पर्धी बनाउनु पर्दछ ।

६२. **पाइपको ढुवानी -**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ बमोजिम निर्माण सामाग्री वा ढुवानीको प्रचलित बजार दरको आधारमा ढुवानी दर निर्धारण गरी ढुवानी खर्च लेख्नु पर्ने व्यवस्था भएकोमा डिभिजन कार्यालयबाराले यस वर्ष विभिन्न सप्लायर्सबाट एच.डि.पि. पाइप खरिद गर्दा खरिद दरमा बारामा २ र पर्सामा ३ प्रतिशतका दरले ढुवानी खर्च जोडी भुक्तानी गरेको छ । जिल्ला दररेट निर्धारण समितिले एकरुपता कायम गर्नु पर्ने देखिन्छ

६३. **पाईप जडान -** पाइप तथा फिटिङ्स/औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा नापी किताबमा जडान देखिए अनुसार जिन्सी खाताबाट मौज्दात घटाउनु पर्दछं । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बाराले यस वर्ष जिन्सी खाताबाट खर्च जनाई सम्वन्धित योजनाको लागि निकासा गरिएका मध्ये औष मूल्य प्रतिमिटर ४.३९ का

दरले हुने रु. ८ लाख ६३ हजार मूल्यको १ हजार ९६७ मिटर एच.डी.पी.ई. पाइप जडान गरेको प्रमाण पेश गरेको छैन । सम्वन्धित योजनामा जडान गरेको प्रमाण पेश हुनु पर्दछ ।

६४. **पाइप तथा फिटिङ्गस मौज्दात-** खानेपानी आयोजनाहरुको कुल लागतमा पाइप तथा फिटिङ्गको अंश उल्लेख्य रहने गरेको सन्दर्भमा सामाग्री खरिद गर्दा प्रतिस्पर्धात्मक विधिबाट गर्नुको साथै स्वीकृत वार्षिक कार्यक्रमको परिधि भित्र रही पुरानो मौज्दात समेतलाई ख्याल गरी खरिद गर्नुपर्दछ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय सप्तरीले ६४ आयोजनामा गत वर्षको ६० हजार ३३३ मिटर मौज्दात पाईपमा यस वर्ष ८२ हजार २१६ मिटर खरिद गरी १ लाख ४२ हजार ५४९ मिटर पाइप मध्ये विभिन्न आयोजनामा २३ हजार ३८९ खर्च देखाई रु ५ करोड ८ लाख २४ हजार मूल्यका विभिन्न साइजका १ लाख १९ हजार १६० मिटर पाइप र विभिन्न साईजका रु ४ करोड ४५ लाख ५८ हजार मूल्य वरावरको फिटिङ्गस सामाग्रीहरु मौज्दात राखेको छ । खानेपानी तथा सरसफाई डिभिजन, सर्लाहीले सर्लाही र रौतहट जिल्लाको लागि रु.४६ लाख ६२ हजारको फिटिङ्गस सामाग्री र रु.२ करोड २६ लाख ५२ हजारको पाइप मौज्दात राखेको छ । सोमध्ये संचालनमा शुरुवात देखिनै विवादमा रहेको २ आयोजनाको रु.२४ लाख ४४ हजारको पाइप मौज्दात कार्यालय परिसरमा छ । विगतको मौज्दात र खपतको स्थितिलाई ध्यान दिई खरिद व्यबस्थापन हुनु पर्दछ ।

६५. **बढी भुक्तानी -** डिभिजन सप्तरीले आर.सि.सि. ओभरहेड टंकी निर्माणको लागि एक विल्डर्ससँग भएको सम्झौता अनुसार प्रथम रनिङ्ग विलको भुक्तानी गर्दा रु. ९ लाख ५० हजार भुक्तानी दिनुपर्नेमा रु. १२ लाख ५० हजार भुक्तानी गरेकोले भुक्तानी दिएको रु ३ लाख र डिभिजन कार्यालय सर्लाहीले उपभोक्ताको योगदान कट्टी नगरी भुक्तानी दिएको रु.२ लाख ३८ हजार समेत रु. ५ लाख ३८ हजार असुल हुनुपर्दछ ।

६६. **जनश्रमदान -** सार्वजनिक खरिद नियमाबली, २०६४ को नियम ९७ मा निर्माण कार्यको लागत अनुमान मध्ये बढी जनश्रमदान गर्ने उपभोक्ता समिति वा लाभग्राही समुदायसंग संझौता गरी कार्य गराउनुपर्ने उल्लेख छ । डिभिजन महोत्तरीले रु ८४ लाख ७ हजारमा ४ वटा चैाकीदार र अपरेटरका लागि क्वार्टर तथा पम्प हाउस उपभोक्ता समिति मार्फत निर्माण गरेकोमा १० प्रतिशतलेहुने रु ८ लाख ४१ हजार योगदान कट्टी नगरी भुक्तानी गरेको छ। श्रमदान नजुटाई पूरै खर्च लेख्नु उपयुक्त देखिएन ।

## शहरी विकास तथा भवन डिभिजन

६७. **किस्ता -** आर्थिक वर्ष २०७५।७६ मा धनुषा तर्फ विभिन्न समितिलाई २३१ आवास निर्माण वापत रु.२ करोड ७० लाख २७ हजार, महोत्तरी तर्फ २४१ आवास निर्माण वापत रु.२ करोड ८१ लाख ९७ हजार र सर्लाही तर्फ २८९ आवासको लागि रु.३ करोड ३८ लाख १३ हजार विभिन्न समिति मार्फत निर्माण गर्न प्रथम किस्ता उपलब्ध गराएकोमा सोको प्रगति स्थिति खुलाएको छैन । २०७५।७६ मा सम्झौता भएका ३ जिल्लाका ७६१ लाभग्राहीलाई प्रथम किस्ता वापत जग खन्ने कार्य शुरुगरेपछि अनुदान रकम (३ लाख ३६ हजार) को ३५ प्रतिशतले हुने रु.१ लाख १७ हजारका दरले पेश्की स्वरुप रु.८ करोड ९० लाख ३७ हजार भुक्तानी गरेकोमा लेखापरीक्षण अवधिसम्म निर्माण कार्यको मूल्याङ्कन प्राप्त भएको देखिएन । मूल्याङ्कन गरी किस्ता रकम फछ्र्यौट गर्नुपर्दछ ।

६८. **म्याद थप -** आर्थिक वर्ष २०७४।७५ देखि सम्पन्न हुन बाँकी महोत्तरीका ५१२, सर्लाहीका ९९६ लाभग्राही मध्ये महोत्तरीमा कुनै पनि आवास सम्पन्न भएको देखिएन । सर्लाहीमा ९९६ मध्ये ११० मात्र सम्पन्न भई ८८६ पूराना आवास सम्पन्न भएका छैनन् । जेठ २०७४ देखि शुरुभएका यी आवासको सम्पन्न गर्नुपर्ने समय २०७४ आश्विनमा सामाप्त भएतापनि म्याद थप नगरी यो वर्ष दोस्रो र तेस्रो किस्ताको रकम निर्माण समितिको खातामा उपलब्ध गराएकोमा सबैको अद्यावधिक मूल्याङ्कन पेश भएको छैन ।

६९. **उपभोक्ताको बिल -** शहरी विकास तथा भवन डिभिजन कार्यालय पर्साले बारा जिल्ला महागढी माई नगरपालिका वडा नं. १० मा रङ्गशाला निर्माण कार्यवापत उपभोक्ता समितिलाई रु.६४ लाख ९० हजारको कार्य मूल्यांकन गरी रु.४८ लाख भुक्तानी दिएको छ । माटो खरिद गरी सम्याउन एक्साभेटर प्रयोग गरेको अवस्थामा मानिसले कार्य गरेको देखाई उपभोक्ताले रु.१४ लाख ४ हजारको डोर हाजिर पेश गरेको सम्बन्धमा छानविन गर्नुपर्दछ ।

७०. **कन्टिजेन्सी खर्च -** भवन डिभिजन कार्यालय, पर्साले संघीय सरकारबाट जनता आवास कार्यक्रमको लागि विनियोजन भएको रु. ६० करोड ६८ लाखमध्ये रु.१० करोड २१ लाख ६ हजार खर्च गरेको छ । कुल

खर्चको आधारमा निर्देशिका बमोजिम २ प्रतिशतले हुने रु.५१ लाख ५ हजार मात्र कन्टीन्जेन्सी खर्च गर्नुपर्नेमा रु.९६ लाख १७ हजार खर्च गरेकोले रु.४५ लाख १२ हजार बढी खर्च गरेको छ । बढी खर्च लेख्ने प्रवृतिमा नियन्त्रण हुनुपर्दछ ।

७१. **गुठी जग्गा -** गुठीको स्वामित्वमा रहेको जग्गामा आवास निर्माण गर्न नपाउने व्यवस्था छ । साथै जनता आवास कार्यविधि बमोजिम लाभग्राहीको आफ्नै नाममा जग्गा भई तिरो बुझाएको प्रमाणको आधारमा लक्षित वर्गलाई आवास निर्माणमा अनुदान दिने व्यवस्था छ । शहरी बिकास तथा भवन डिभिजन कार्यालय धनुषाले यस वर्ष धनुषा जिल्ला अन्तर्गत जनकपुर उप-महानगरपालिका-२४ वसैयामा लाभग्राही समिति र निर्माण समिति गठन गरी प्रथम किस्ता वापत रु.१ लाख १७ हजारका दरले ७ समितिका ८१ घरलाई रु.९४ लाख ७७ हजार भुक्तानी गरेकोमा निर्माण स्थल गुठी जग्गामा पर्ने उजुरीको आधारमा कार्य रोक्का गरेको छ । भुक्तानी गरेको रकमको स्वामित्व छानविन गरी स्वामित्वमा नरहेको आवास वापत घरको किस्ताको हिसाव गरी रकम फिर्ता गर्नुपर्दछ ।

७२. **मूल्याङ्कन र भुक्तानी -** धनुषा डिभिजन अर्न्तगत जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम कार्य प्रगतिको आधारमा जग खन्ने कार्य सम्पन्न भएपछि २५ प्रतिशत, डि.पि.सि. को काम सम्पन्न भएपछि थप ३० प्रतिशत, गारो तयार भएपछि थप ३५ प्रतिशत र छाना तथा झ्याल ढोका र शौचालयको कार्य सम्पन्न भएपछि १० प्रतिशत उपलब्ध गराउने व्यवस्था छ । कार्यालयले निर्माण समितिलाई अद्यावधिक प्राविधिक मूल्याङ्कन संलग्न नगरी पेश्की रकम थप भुक्तानी गरेको देखियो । २०७४।७५ मा सम्झौता भएका महोत्तरी जिल्ला अन्तर्गत ५९ निर्माण समितिका ४१७ घरको हालसम्म रु.६ करोड ५८ लाख ०७ हजारको कार्य मूल्याङ्कन भएकोमा रु.१२ करोड ३३ लाख ५ हजार भुक्तानी गरेको छ । मूल्याङ्कन अद्यावधिक गर्नुपर्दछ ।

७३. **दोहोरो भुक्तानी -** भवन डिभिजन कार्यालय पर्साले यो वर्ष बारा, पर्सा र रौतहटका १ हजार ६ सय ८२ लाभग्राहीलाई रकम भुक्तानी गर्दा ३ व्यक्तिलाई दोहोरो भुक्तानी गरेको रु.२ लाख २५ हजार असुल गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** मन्त्रालय तर्फ ३० निकायमा यो वर्ष रु. १ अर्व ७ करोड ८९ लाख २३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु. ३७ लाख ९ हजार फछ्र्यौट गरेकोले रु १ अर्व ७ करोड ५२ लाख १४ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये रु. ३४ करोड ८९ लाख ८१ हजार पेश्की बेरुजू रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची १०** मा समावेश छ ।

# सामाजिक विकास मन्त्रालय

प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षासम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हकसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्थासम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन, खेलकूद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु. १ अर्व ८९ करोड ८० लाख ५७ हजार, राजस्व रु ५२ लाख ९४ हजार, धरौटी रु. ८६ लाख ७ हजार, अन्य कारोबार रु. ३ करोड ७७ लाख ६२ हजार र अन्य संस्था र समिति तर्फ रु. ९१ करोड ६३ लाख ५३ हजार समेत रु. २ अर्व ८६ करोड ६० लाख ७३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **बजेट वक्तव्यको कार्यान्वयन -** नागरिकको आयस्तरमा सुधार गरी गरीबी न्यूनीकरण गर्ने र प्रदेशको आर्थिक एवं समाजिक रुपान्तरणको आधारशीला तयार गर्दै जाने मुख्य उद्देश्यका साथ आर्थिक वर्ष २०७५।७६ मा मन्त्रालयको लागि रु.२ अर्व ९९ करोडको बजेट व्यवस्था गरेको छ । सामाजिक सुरक्षा र मातृभाषा शिक्षाको विकास, सगरमाथा-जनकपुर र नारायणी उपक्षेत्रीय अस्पताललाई रु.३० करोड, सप्तरी जिल्लाको रुपनी प्रहरी अस्पताललाई प्रदेशको ट्रमा सेन्टरको रुपमा विकास गर्न रु.१ करोड, सुप्रानेट झुल वितरण गर्न रु.५ करोड, राजर्षि जनक विश्वविद्यालयको लागि रु.१ करोड, ८ वटै जिल्लामा दलित विद्यार्थी छात्रावास निर्माणको लागि रु.८ करोड र "खेलेगा मधेश, खिलेगा मधेश" पूर्वाधारको लागि रु.९ करोड ७४ लाख जस्ता प्रमुख कार्य सञ्चालन गर्ने बजेट वक्तव्यमा उल्लेख भएकोमा राजर्षि जनक विश्वविद्यालयको लागि निकासा दिएको रकम उपमहानगर पालिकामै मौज्दात रहेको, सुप्रानेट झुलको कार्यक्रम संसदबाट पारित भएकोमा सो कर्यक्रम २०७५।१०।८ मा संशोधन गरी डाक्नेश्वरी नगरपालिकाको सामुदायिक भवन निर्माणमा तथा अन्य कार्यक्रममा कार्य गर्ने गरी संशोधन गरेको छ । "खेलेगा मधेश, खिलेगा मधेश" को कार्यक्रम बजेटमा पनि थपघट गरी कार्यक्रम संशोधन गरेको छ । संसदबाट पारित भएका कार्यक्रमलाई संशोधन गरिनुले संसदीय स्वीकृतिको अभ्यास पालना भएको देखिएन । बजेट बक्तब्यको कार्यान्वयन पक्षलाई ध्यान दिन आवश्यक छ ।

२. **वित्तीय कार्यसम्पादन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार मन्त्रालयले बजेट तथा कार्यक्रम कार्यान्वयन गरी चौमासिक रुपमा प्रगति प्रतिवेदन तयार गर्नु पर्ने साथै त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नु पर्ने व्यवस्था छ । बार्षिक कार्यक्रममा तोकिए बमोजिम मन्त्रालयले चौमासिक रुपमा खर्च गरेको देखिएन । प्रगतिको समीक्षा गरी आवश्यक सुधारका लागि योजना तय गर्नु पर्दछ । साथै निर्धारित समय भित्र वित्तीय वार्षिक कार्य सम्पादन पूरा गर्नु पर्दछ ।

३. **मन्त्रालयको नीति कार्यान्वयन -** महिला तथा बालबालिकाका संबिधान प्रदत्त हक अधिकारको रक्षाका लागि आवश्यक नीति तर्जुमा, सामाजिक जागरण, सामाजिक विभेदको अन्त्य, अपाङ्गता सम्बन्धी नीति, एकल महिला, बृद्ध बृद्धा, उच्च शिक्षा तथा शैक्षिक परामर्श सेवाको मापदण्ड, स्वास्थ्य वीमा, औषधि व्यवस्थापन, सूर्ति मदिरा लागुपदार्थको मापदण्ड, प्रदेश स्तरका शिक्षक व्यवस्थापन मापदण्ड तर्जुमा र कार्यान्वयन लगायतका नीति बनाई कार्यान्वयनमा ल्याएको देखिएन । मन्त्रालयले नीति, कानून, मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

४. **कार्यक्रम संशोधन -** संसदमा पेश गरेको वजेट तथा कार्यक्रम अनुरुप मन्त्रालयको शुरुमा ३२२ कार्यक्रम लगायत प्रशासनिक खर्च समेत रु.२ अर्व ९९ करोड ९५ लाख ९३ हजार बजेट स्वीकृत भएको देखिन्छ । मन्त्रालय अन्तर्गतका कूल ३२२ कार्यक्रम मध्ये १६० कार्यक्रमको रु.७० करोड ४५ लाख १२ हजार शीर्षक संशोधन, नयाँ शीर्षक कायम, कार्य हुन नसकेको लगायतका कारणले मन्त्रालयको अनुरोधमा २०७५।१०।७ मा आर्थिक मामिला तथा योजना मन्त्रालयले कार्यक्रम संशोधन गरेको छ । बजेट बमोजिम संसदबाट कार्यक्रम स्वीकृत गर्ने तर आर्थिक वर्षको मध्यमा आई कार्यक्रम र बजेट थपघट गर्ने प्रक्रियाले आर्थिक अनुशासन कमजोर देखियो । खर्च शीर्षक नै परिवर्तन हुनेगरी संशोधन गर्ने, मन्त्रालय र अन्तर्गतको बजेट तथा कार्यक्रमको निर्दिष्टता गरी प्राथमिकता निर्धारण नगर्ने, बजेटमा दिगो विकासका लक्ष्यलाई समन्वय नगर्ने, कार्यक्रम र बजेट तयार गर्ने पदाधिकारी नतोक्ने स्थितिले बजेट र कार्यक्रमको सञ्चालन र उपलब्धिमूलक स्थिति प्राप्त हुन सकेन । कार्यक्रम संशोधन गर्ने परीपाटी नियन्त्रण गर्नुपर्ने तर्फ विशेष ध्यान दिन आवश्यक छ ।

५. **तथ्याङ्कीय स्थिति -** प्रदेश नं. २ को स्वास्थ्य तथा शिक्षाको तथ्याङ्कीय स्थिति निम्न छ । स्वास्थ्य तथा शिक्षामा गुणस्तरीय कार्यक्रम सञ्चालन गरी राष्ट्रिय आधारमा घटी देखिएका तथ्याङ्कीय सूचनामा अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

| विवरण | राष्ट्रिय तथ्याङ्क | प्रदेश तथ्याङ्क |
|---|---|---|
| राष्ट्रिय औषत आयु | ६८.८ | ७०.४ |
| बाल मत्युदर (प्रति हजार) | ४०.८ | ५८.५ |
| मानव विकास सूचकांक | ०.४९० | ०.४२१ |
| गरीबी सूचांक | ३१.१ | ४१.९ |
| साक्षरता दर | ५९.६ | ४०.९ |
| राष्ट्रिय गरीबीको दर | २५.२ | २७.४७ |
| गरीबीको बहुआयमिक दर | २८.६ | ४७.९ |
| सहकारी संस्था | ३४५१२ | ५८५७ |
| कूल निक्षेप | २२ खर्व | ४ प्रतिशत |
| कर्जा प्रवाह | २२ खर्व | ८ प्रतिशत |
| कूल सडक | ७५००० कि.मि | २४.४ प्रतिशत |
| विद्युत उत्पादन | १००० मेघावाट | ० प्रतिशत |

६. **बजेट समर्पण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ बमोजिम कार्यक्रममा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रमको आर्थिक वर्षको दोस्रो चौमासिक अवधि सम्म पनि सन्तोषजनक रुपमा कार्यान्वयन हुन नसक्ने अवस्था जनाएमा बजेट समर्पण हुने व्यवस्था छ । माननीय मन्त्रीको २०७६।२।१६ को निर्णयानुसार पूँजीगत तर्फ ग्रामीण स्वास्थ्य कार्यक्रम अन्तर्गत एम्बुलेन्स खरिद तथा वितरणको लागि रु.४ करोड, सप्तरीमा प्रदेशस्तरीय औधोगिक प्रतिष्ठान स्थापना गर्न रु.१ करोड समेत रु.५ करोड तथा चालु खर्च अन्तर्गत बेटी पढाउ बेटी बचाउ सहयोगी सामाग्रीको रु.१ करोड, खेलकुद प्रतियोगिता र अञ्चल अस्पताल भवन निर्माणको रु.८ करोड ५ लाख, प्राविधिक धार विद्यालय रु.१ करोड, यूवा उद्यम कार्यक्रम लगायतका २१ करोड ९ लाख ९९ हजारको कार्यक्रम गर्न नसकिने उल्लेख गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गरेको छ । उपलब्ध बजेट खर्च नगरी समर्पण गर्ने कार्यमा नियन्त्रण गरिनुपर्दछ ।

७. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ बमोजिम मन्त्रालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्चको दक्षता बढाउनुपर्नेमा खर्च सिर्जना गर्ने स्पष्ट आधार बेगर बजेट अनुमान तथा प्रस्तुतिका कारण मन्त्रालयको विनियोजन दक्षता कमजोर देखियो । बजेट प्रस्ताव, खर्चको स्पष्ट आधार तथा कार्यक्रमको लागि विनियोजन दक्षतामा प्रभावकारीता ल्याउनुपर्ने देखिएको छ ।

८. **लक्ष्य तथा प्रगति -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६५ बमोजिम यो ऐन र यस ऐन अन्तरगत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अन्तरगत आर्थिक कार्यविधि नियमावली, बनिनसकेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(८) बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित आगामी वर्षमा पनि चालु राख्नु पर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पुँजीगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको उपलब्धी मुल्याङ्कन गर्न सक्ने स्थिति छैन । वार्षिक कार्यक्रमको समीक्षा हुनुपर्दछ ।

९. **अनुदान रकम** - सरकारी तथा गैर सरकारी संस्थाहरुलाई दिइने अनुदानसम्बन्धी निर्देशिका, २०७५ मा मन्त्रालयले अनुदान तय गर्ने व्यवस्था छ । मन्त्रालयले यस्तो अनुदान सरकारी तथा सामुदायिक संस्थाहरुको हकमा प्रदेशस्थित सम्बन्धित स्थानीय तहमार्फत उपलब्ध गराउने उल्लेख छ । यस्तो अनुदान सम्झौतामा उल्लेख भएको रकमको बराबरी २ किस्तामा उपलब्ध गराइने, दोस्रो किस्ता पहिलो किस्ताको उपलब्धिको आधारमा उपलब्ध गराउने र अनुदान रकम खर्च नभएको अवस्थामा सम्बन्धित मन्त्रालयमा फिर्ता गर्नुपर्ने

उल्लेख छ । मन्त्रालयले स्वीकृत गरेका ६ संस्थाहरुलाई रु ३४ लाख सशर्त अनुदानको रकम उपभोक्ता समितिको खातामा पठाएको छ । मन्त्रालयसंगको सम्झौतामा प्राप्त अनुदानको हिसाब स्वीकृत लेखा प्रणाली अनुसार राख्नु पर्ने, अनुदान प्राप्त गर्ने संस्थाले भौतिक प्रतिवेदन र प्राविधिक प्रतिवेदन चौमासिक सकिएको ७ दिनभित्र मन्त्रालयमा पठाउनु पर्ने, लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने, खर्च नभएको अनुदान रकम मन्त्रालयमा फिर्ता गर्नुपर्ने शर्त रहेकोमा सम्झौताको पालना गरेको देखिएन ।

१०. **व्यवसायिक शिक्षा अनुदान -** नेपाल सरकारको सशर्त अनुदान तर्फ भवन निर्माण, फर्निचर, मेशिनरी औजार, कार्यक्रम तथा छात्रवृत्ति लगायतमा प्रदेश २ अन्तर्गतका प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद प्रदेश २ कार्यालय र अन्तर्गत ५ शिक्षालयको लागि मन्त्रालयले रु. १८ करोड ७१ लाख ४३ हजार निकाशा दिएको छ । अनुदान रकमको प्रभावकारी अनुगमन गरिनु पर्दछ ।

११. **खरिद योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ तथा नियम ८ बमोजिम मन्त्रालयले एक वर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक १० करोड रुपैँया भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरु योजना तयार गर्नुपर्ने साथै रु.१० लाख भन्दा बढी रकमको खरिद गर्नुपर्दा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा खरिद योजना तयार गर्नुपर्ने र आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भएपछि सो अनुरुप कार्यक्रम सञ्चालन गर्ने व्यवस्था रहेकोमा खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना बनाएको देखिएन । नियममा तोकिए बमोजिमका योजना बनाउनुपर्दछ ।

१२. **कार्यसम्पादन स्थिति -** प्रदेश सरकार प्रदेश नम्बर २ (कार्यविभाजन नियमावली, २०७४) बमोजिम मन्त्रालयले गर्नुपर्ने कार्यहरुमध्ये प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन, प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, समाजकल्याण र संघसंस्था सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन, महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, खेलकूद प्रशासन तथा संघसंस्थाको समन्वय र नियमन जस्ता कार्यक्रमहरुको नीति, कानून तथा मापदण्ड तर्जुमा, व्यवस्थापन, कार्यान्वयन, नियमन तथा समन्वयात्मक कार्यहरु गरेको नदेखिदा तोकिए बमोजिम कार्य सम्पादन गर्नुपर्दछ ।

१३. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा वोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा रु.६२ लाख ६७ हजारको सोझै खरिद गरेको छ । खरिद प्रतिस्पर्धी र मितव्ययी हुनुपर्दछ ।

१४. **आर्थिक सहायता -** सशर्त अनुदानको रकम तोकिएको शर्त अनुसारका कार्यक्रममा खर्च गर्नुपर्नेमा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ३२९९ को पत्रसाथ प्राप्त २०७५।१२।१८ को मन्त्रिपरिषद्को निर्णय बमोजिम तेस्रो सहिदकप टि-ट्वान्टी क्रिकेट टुर्नामेन्ट, २०७५ प्रतियोगिताका लागि रु.७ लाख सशर्त अनुदानबाट बिल भरपाई वेगर आर्थिक सहायता उपलब्ध गराएको छ । सानो कार्यक्रम तथा वजेट समेत मन्त्रिपरिषद्बाट निर्णय गराई भुक्तानी दिलाउने पद्धति उपयुक्त देखिएन । सर्शत अनुदानबाट सहायता प्रदान गर्ने कार्य नियन्त्रण हुनुपर्दछ ।

१५. **क्यान्सर अस्पताल स्थापना अध्ययन -** आर्थिक वर्ष २०७५।७६ को कार्यक्रम अनुसार क्यान्सर, मुटु, बाल, मानसिक अस्पताल स्थापनाको संभाव्यता अध्ययन गर्न गठित कार्यदलबाट प्राप्त प्रतिवेदनमा रु.१० अर्ब ६२ करोड लागत लाग्ने विस्तृत परियोजना प्रतिवेदन पेश भएको छ । निजी साझेदारीको मोडेलमा सञ्चालनमा ल्याउने प्रदेश सरकारको कार्यक्रम अनुरुप विभिन्न जिल्लामा पूर्वाधार तथा जग्गाको संभाव्यता सम्बन्धमा गठित समितिले छलफल चलाए तापनि जग्गाको छनौट र पूर्वाधारको व्यवस्थापन भने हुन सकेको छैन । कार्यक्रम बमोजिम पूर्वाधारको छनौट र व्यवस्थापनलाई कार्यान्वियनमा ल्याउनु पर्दछ ।

१६. **उत्तरपुस्तिका खर्च र व्ययभार -** वि.सं. २०७५ सालको एस.ई.ई. परीक्षाको लागि उत्तरपुस्तिका खरिदमा जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडसँग मूल तथा थप उपरपुस्तिका का दरले रु. ७.५० र रु.१.८८ क्रमशः ७ लाख ५४ हजार तथा ५ लाख २७ हजार ८०० थानको मूल्य अभिवृद्धि कर समेत रु.७५ लाख ११ हजार भुक्तानी गरेकोमा पुनः पूरक परीक्षाको लागि १ लाख १० हजार मूलउत्तरपुस्तिका र ५ लाख ४६ हजार थप उत्तरपुस्तिका वापत रु.२० लाख ९२ हजारको खरिद गरेको छ । थप उत्तर पुस्तिका खरिद वापत बजेटमा रकमको अभावको कारण यो वर्ष रु.९ लाख २९ हजार भुक्तानी गरी रु.११ लाख ६३ हजार

भुक्तानी गर्न बाँकी हिसावमा लेखाङ्कन गरेको छ। प्रश्नपत्र सुरक्षाको लागि प्रहरी कार्यालयमा राखेकोमा एक प्रहरीबाट प्रश्नपत्र आउट गरेको कारण पहिला अनुमानित उत्तरपुस्तिकाको परिमाणमा परीक्षार्थीले दिएको २ दिनको उत्तरपुस्तिका रद्ध गर्नुपरेको अवस्थाले पछिल्लो पटक खर्च सिर्जना भएको रु.२० लाख ९२ हजार नेपाल सरकारलाई थप व्ययभार परेको छ।

१७. **खर्च शीर्षक -** आर्थिक संकेत वर्गीकरण र व्याख्या, २०७४ को परिच्छेद ३ अनुसार विनियोजन भएको बजेट खर्च गर्दा तोकिएको संकेत र शीर्षकको अधिनमा रही खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। मन्त्रालयलाई यो वर्ष कर्मचारी वैठक भत्ता, कार्यालय सामाग्री, पत्रपत्रिका छपाइ र सूचना प्रकाशन लगायतका खर्च शीर्षकमा बजेट व्यवस्था भएकोमा सम्बन्धित खर्च शीर्षक तथा संकेत अनुसार खर्च नलेखी यस वर्ष ती शीर्षकको खर्च अन्य शीर्षकबाट रु.३३ लाख १ हजार लेखेकोले नियमसम्मत देखिएन। मन्त्रालयले खर्च गर्दा वित्तीय अनुशासन कायम हुने गरी नियमसम्मत ढंगले खर्च गर्नुपर्दछ।

१८. **मापदण्ड -** प्रदेश नं. २ को खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम खर्च लेख्नुपर्नेमा मापदण्डको पालना नगरी कार्यक्रम संचालनमा आन्तरिक प्रशिक्षकलाई प्रशिक्षण वापतको रु ५२ हजार, नर्म्समा नभएको बाहेकको कार्यालयले संचालन गरेको गोष्ठी तालिममा टिप्पणिकर्ता आवश्यक नपर्नेमा टिप्पणिकर्ताको रु ६० हजार, नर्म्स भन्दा बढि यातायात खर्च रु.१ लाख १७ हजार, नर्म्स भन्दा फरक विषयमा ६५ हजार र सहभागी भत्ता प्रतिवेदन र वाह्य प्रशिक्षकलाई नर्म्स भन्दा बढि रु ९८ हजार समेत ३ लाख ९२ हजार मापदण्ड बेगर बढी खर्च लेखेको छ। मापदण्ड बेगर खर्च लेखी व्ययभार बढाउने कार्य नियन्त्रण हुनु पर्दछ। साथै बढी भुक्तानी गरेको रकम असूल गर्नुपर्दछ।

१९. **सेवा प्रवाह -** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ। मन्त्रालयको लागि पहिचान गरिएका कानुन निर्माण कार्य बाँकी रहेको, दरबन्दी बमोजिम पदपूर्ति नभएको मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षितरुपमा सेवा प्रवाह हुन सकेको पाइएन। संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ।

२०. **कार्यक्रम स्थगित -** नेपाल सरकारको हस्तान्तरित सर्शत अनुदानको कार्यक्रम तर्फ स्वयम्सेवक सेवा छनौटको लागि २०७५।१२।२८ मा सव ईन्जिनियर, शिक्षक, अनमी, स्टाफनर्स, हेल्थअसिस्टेन्ट लगायत ९७ पदको लागि विज्ञापन भई फाराम भरेका उमेद्वारहरुको अन्तरवार्ता २०७६।२।१५ देखि २०७६।२।२४ गते सम्म सञ्चालन हुँदा छनौटको सन्दर्भमा रु.१३ लाख ३७ हजार खर्च भएकोमा उक्त कार्यक्रमको नतिजा २०७६।७।३० सम्म स्थगित भएको अवस्था छ। समयमा कार्यक्रम टुङ्गिन नसक्दा स्वयम् सेवक वापतको बजेट व्यवस्था कार्यान्वयनमा आएको पाइएन। कार्यक्रम सञ्चालनमा सहजीकरणको वातावरण मिलाइनु पर्दछ।

२१. **आन्तरिक नियन्त्रण -** मन्त्रालय अन्तर्गत सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढँगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन। कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ।

## शिक्षा निर्देशनालय

२२. **स्यानेटरी प्याड र व्याग खरिद -** यस वर्ष शिक्षा निर्देशनालयले नमूना सामुदायिक विद्यालयका छात्राहरुलाई वितरण गर्न स्यानेटरी प्याड १४ हजार ५०० थान र व्याग १ हजार २०० थान सिलबन्दी दरभाउ पत्रको आधारमा खरिद गरी रु.४० लाख ६८ हजार एक स्टोरलाई भुक्तानी दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म खरिद गरेका सामान वितरण नगरी प्याड तथा ब्याग मौज्दात रहेको देखियो। छात्रा छनौट गरी वितरण गर्नुपर्दछ।

## प्रादेशिक अस्पताल, जनकपुरधाम

२३. **प्रगति** - संघीय सरकारको हस्तान्तरित कार्यक्रमतर्फ अस्पतालले रु.१४ करोड ८५ लाख ७८ हजार खर्च गरेको मध्ये कार्यक्रम बमोजिम अन्य सेवा तथा अन्य सामाजिक सुरक्षातर्फ रु.१० लाख बजेट खर्च नगरी शून्य प्रगति रहेको, कर्मचारी तालीम गोष्ठी लगायतमा रु.२८ लाख ७५ हजारमा रु.१३ लाख ३८ हजार खर्च गरी रु.१५ लाख ३७ हजार वजेट कार्यान्वयनमा नल्याएको, निशर्त चालु अनुदान रु.५ करोड ४८ लाख ८१ हजार समितिमा सारेको, सशर्त चालु अनुदान रु.५ करोड ४८ लाख ८८ हजारमा रु.२ करोड ५ लाख ४५ हजार खर्च गरी बाँकी रु.३ करोड ४३ लाख ४३ हजार बजेट कार्यान्वयनमा ल्याएको देखिएन । कार्यक्रममा व्यवस्था भएको हाइड्रोशिल बिरामीहरुको अप्रेशन, सोको जटिल उपचार, हात्तीपाइले सर्भिलेन्स रक्त नमूना तथा संकलन, मेडिकल अभिमुखीकरण तथा, इम्प्लान्ट तालिम जस्ता कार्यक्रम संचालन हुन नसकी शुन्य प्रगति देखियो । वार्षिक बजेट बमोजिम कार्यक्रम संचालन गर्नुपर्दछ ।

२४. **श्रोत अनुमान र खर्चको सीमा निर्धारण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६ बमोजिम अस्पताल विकास समिति तर्फ आयको कार्यक्रम र शीर्षक वाइज श्रोत अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्नेमा गरेको देखिएन । आर्थिक वर्ष २०७५।७६ को प्रस्तावित बजेट अनुमान तयार नगरेको र वर्षान्तमा रु.१४ करोड ९५ लाख ६१ हजार खर्च गरेको छ । समिति गठन नभएकोले उच्च व्यवस्थापनबाट उक्त खर्च मात्र समर्थन गरेको छ । श्रोतको अनुमान र खर्चको सीमा निर्धारण नगरी गरेको वास्तविक खर्च सीमा भित्र रहेनरहेको बिश्लेषण गर्न सकिने अवस्था पाइएन । आर्थिक वर्ष २०७६।७७ को लागि समिति तर्फ रु.२० करोड ६५ लाख ८९ हजार र खर्च तर्फ रु.१८ करोड ६९ लाख ५१ हजारको वजेट प्रस्ताव गर्दा त्यस्तो खर्च सिर्जना गर्ने स्पष्ट आधार तथा पुष्ट्याई गर्ने आवश्यक सूचना विस्तृत रुपमा खुलाएको छैन । साथै उक्त प्रस्ताव समितिमा छलफल समेत गराइनु पर्दछ ।

२५. **बजेट तथा कार्यक्रम मूल्याङ्कन** - अस्पतालले आर्थिक वर्ष २०७५।७६ को प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी विवरण सार्वजनिक गर्नुपर्नेमा गरेको छैन । कार्यक्रम बमोजिम समितिको आय तथा अनुदानको प्राप्ती र परिचालनको यथार्थ विवरण साथै कार्यान्वयनको अवस्था खुल्ने गरी विवरण सार्वजनिक गर्नुपर्दछ ।

२६. **मेडिकल अडिट** - अस्पतालले वर्ष भर सम्पादन गरेका क्रियाकलाप लगायत विश्व स्वास्थ्य संगठनको मापदण्ड बमोजिम प्राप्त गरेको र गर्न नसकेको सूचकको यथार्थ स्थिति सम्बन्धमा मेडिकल अडिट गरी पृष्ठपोषणको आधारमा आगामी दिनमा गरिने सुधारको विस्तृत कार्ययोजना बनाउनु पर्नेमा बनाएको देखिएन । जनशक्ति, सेवा प्रवाह, रोग र रोगको निदान, नागरिक प्रतिक्रिया, उपकरणको व्यवस्थापन, सरकारी स्वास्थ्य नीति र सेवाको उपलब्धता, दिगो विकास लक्ष्य, फोहोर व्यवस्थापन, वित्तीय व्यवस्थापन, सेवाको सहजीकरण, प्रदेश सरकारको स्वास्थ्य नीति तथा कार्यक्रम, बच्चा तथा वृद्ध स्वास्थ्य, पोषण रोग नियन्त्रण उपाय, उपचारात्मक सेवा लगायतका विषयमा तोकिएको मापदण्ड र सूचकमा अस्पतालको वास्तविक स्थिति र उपलब्धि सुधार गर्न स्वास्थ्य नीति, दिगो विकास र विश्व स्वास्थ्य संगठनको मापदण्ड बमोजिम सूचक तथा क्रियाकलाप बनाई मेडिकल अडिटको व्यवस्था अपनाउनुपर्दछ ।

२७. **खरिद योजना तथा खरिद कारवाही** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ बमोजिम खरिद योजना र खरिद कारवाहीको आवश्यकता पहिचान गर्ने व्यवस्था छ । अस्पतालले वर्षभरीमा औषधी, उपकरण लगायतका औषधीजन्य सामाग्रीको आवश्यकता पहिचान गर्नुपर्नेमा नगरेको, आपूर्तिकर्ताको उपलब्धता यकिन गर्न बजारमा प्रचलित खरिद सम्झौताको जानकारी पूर्णरुपमा प्राप्त नगरेको, खरिदको विवरण, परिमाण र क्षेत्रलाई आवश्यकताको आधारमा विश्लेषण नगरेको, खरिदलाई बढी सुविधा जनक रुपमा समूहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने कार्य भएको देखिएन । खरिद योजना र खरिदको लागत अनुमान तयार गरी एकमूष्ट खरिद गर्नुपर्नेमा आवश्यकताको आधारमा पटक पटक गरी रु.१४ करोड भन्दा बढीको खरिद गरेको छ । गुरुयोजना र सोको आधारमा वार्षिक योजना समेत तयार नगरेबाट खरिदको आवश्यकता, खरिद गरिएको औषधी उपकरण बीच तालमेल रहेको पाइएन । खरिद योजना, आवश्यकता पहिचान, समूह विभाजन र लागतमा ध्यान दिई खरिद कारवाही गर्नु पर्दछ ।

२८. **खरिदको लागत अनुमान** - औषधी खोप वा भ्याक्सिन, सिरिन्ज, रगत, प्रयोगशालामा उपयोग हुने रिएजेन्ट्स रसायन, रोगको निदान तथा उपचारको लागि प्रयोग हुने यन्त्र, उपकरणको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ बमोजिम खरिदको लागत अनुमान तयार गर्दा खरिद सम्बन्धी

सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्ने, सोको रकम र लागत तथा समय बीच तादात्म्यता मिलाउने व्यवस्था रहेकोमा खरिदको लागत अनुमान तयार गर्दा समय, विधि, प्याकेजलाई ध्यान नदिई बजेट केन्द्रित भएको देखिन्छ । खरिदको लागत अनुमान सम्बन्धित मालसामानको स्पेशिफिकेशन र गुणस्तर तथा दीगोपनालाई समेत ध्यान दिई गर्नुपर्नेमा सो प्रक्रिया अवलम्बन गरेको देखिएन । खरिदको समय, विधि र प्याकेजलाई ध्यान दिनु पर्दछ ।

२९. **निरीक्षण र स्वीकृति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ बमोजिम आपूर्ति भएका औषधी, उपकरण, कार्यालय सामान, प्रयोगशालाका रसायनहरु प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको परीक्षण गरी स्वीकृत गर्नुपर्ने र गुणस्तर तथा स्पेशिफिकेशन अनुसार नभएमा आपूर्तकलाई फिर्ता गर्ने व्यवस्था छ । औषधीको अधिकतम उपयोग, इमर्जेन्सी स्टक, मिनिमम उपयोग, लिड टाईम, १८ महिनाको मान्य अवधिलाई ध्यान दिई खरिदको परिमाण निश्चित गर्नुपर्नेमा गरेको देखिदैन । साथै उपकरण तर्फ निर्माता कम्पनी, देश, आयू, वारेन्टी, दिगोपन लगायतको पक्षलाई ध्यान दिई निरीक्षण गर्नुपर्दछ । सो अनुसार निरीक्षण र स्वीकृती गरेको देखिएन । औषधी तथा उपकरणको निरीक्षण प्रकृया प्रभावकारी बनाउनुपर्दछ ।

३०. **एकीकृत वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ बमोजिम समितिमा प्राप्त भएको शीर्षक वाइजको आय तथा खर्च, संघ र प्रदेश सरकारबाट प्राप्त गरेको अनुदान, आन्तरिक आयको छुट्टाछुट्टै र एकीकृत रुपमा विवरण तयार गरी तोकिएको अवधि भित्र सामाजिक विकास मन्त्रालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयमा एकीकृत विवरण पठाउनु पर्नेमा तोकेको समय भित्र पठाएको देखिएन । २०७६ आश्विनमा आन्तरिक लेखापरीक्षण प्रतिवेदन र २०७६।१०।२९ मा महालेखा परीक्षक समक्ष आर्थिक विवरण पेश गर्नुले एकीकृत विवरण ढिलोको कारण लेखापरीक्षणमा समेत असर परेको छ । समयमा एकीकृत आर्थिक विवरण पेश गर्नु पर्दछ ।

३१. **संभावित दायित्व सम्बन्धी व्यवस्था -** अस्पताल विकास समितिले स्थायी कर्मचारी सम्बन्धी सेवा तथा शर्त, सुविधा, सेवा वा पदबाट अलग हुँदा तिर्नुपर्ने दायित्व र जोखिम उपर वहन गर्नुपर्ने दायित्व सम्बन्धी कार्यविधि बनाई कोषहरुको स्थापना गरेको छैन । यो वर्ष एक डाक्टर कार्यथलोमा दुर्घटनामा परी रु.२ लाख समितिबाट सोझै अस्पतालको बिल भरपाईको आधारमा खर्च लेखेको छ । यस्तो प्रकृतिको खर्च भुक्तानी दिन जोखिम तथा कल्याण कोषको स्थापना तथा रकम जम्मा गर्ने विकल्पहरुको पहिचान समेत गरेको छैन । जोखिम प्रति दायित्वबाट पर सर्न स्पष्ट खाकाँ चित्र सहित संभावित दायित्व सम्वन्धि व्यवस्था र कार्यविधि तयार गर्नुपर्दछ ।

३२. **मर्मत -** मर्मत गर्दा मर्मत आदेश स्वीकृत गराई खर्च गर्नुपर्ने व्यवस्था छ । उपचारका उपकरण, इलेक्ट्रिक, इलेक्ट्रोनिक, सरसफाई, प्रयोगशाला, एसी, एम्बुलेन्स, फर्निचर, फर्निसिङ्ग लगायतको मर्मतमा यो वर्ष रु.४३ लाख ९० हजार खर्च लेखेको छ । मर्मत गर्नुपर्दा मर्मत आदेशको स्वीकृति गरी गराई सम्बन्धित आपूर्तकको खातामा भुक्तानी दिनुपर्दछ । तथा सोधभर्नाबाट खर्च गर्ने प्रणाली नियन्त्रण गर्नुपर्दछ ।

३३. **कार्यालय सम्बन्धी खर्च -** अस्पतालले आवश्यक पर्ने सामानहरु चालु प्रकृति र पूजिगत प्रकृति छुट्टयाई प्रतिस्पर्धात्मक रुपमा गुणस्तरको सुनिश्चितता रहने गरी एकमूष्ठ खरिद कारवाही अवलम्बन गर्नुपर्नेमा आवश्यकताको आधारमा  खरिद गर्ने प्रक्रिया अवलम्बन गरेको, पूंजिगत प्रकृतिका सामान समेत खर्च लेखेको, उपकरणहरु दाखिला नगरी खरिद खर्च लेखेको,  सहायक जिन्सी रजिष्टर खडा नगरेको, चालु र पूँजीगत खर्च नछुट्टयाएको, व्यय अनुमान तयार नगरेको आदि व्यहोरा देखिएका छन । चालु र पूँजीगत प्रकृतिका खर्च वापत यो वर्ष रु.८९ लाख खर्च लेखेको छ । खरिदमा प्रतिस्पर्धी विधि अवलम्बन गर्न तथा चालु र पूंजिगत प्रकृति छुट्टयाई सामान खरिद गर्नुपर्दछ ।

३४. **प्रयोगशाला -** अस्पतालको ल्यावमा रिएजेन्ट्सहरु एकैपटक प्राप्त नहुँदा अस्पताल प्रयोगशालाको स्याम्पल नतिजाको समय हप्तौ लाग्ने गरेको छ । एकै पटक रिएजेन्ट्स खरिद नगरी पृथक रुपले खरिद गर्दा र मौज्दातमा रसायन नरहँदा छिटो र गुणस्तरीय सेवामा प्रभाव पर्न गएको छ । केन्द्रीय प्रयोगशालाको गुणस्तर आश्वस्तता प्रतिवेदन परीक्षण गर्दा सन २०१९।१२।८ र २०१९।१५।६ मा सेरम एल्वुमिन ४, सेरम पोटासियम ४, एस.जि.ओ.टी./एआस्ट ३.५, सेरम कोलेष्ट्रोल ४, सेरम सोडियम ४ देखिदाँ प्रयोगशाला नतिजा अस्वीकारको स्थितिमा छ । मेसिनमा आएको खराबी हो वा परीक्षण विधिमा फरक परेको कारण

गुणस्तर र मापदण्ड भित्र नतिजा नआउँदा रोगको निदानमा गंभीर असर पर्न सक्छ । वायोमेडिकल इन्सपेक्सन गरी गुणस्तरीय सेवा प्रदान गर्नुपर्दछ ।

३५. **ओजेटी शुल्क -** विश्व विद्यालय तथा अध्ययन अध्यापन गराउने संस्थाबाट विद्यार्थीको प्रयोगात्मक ज्ञानको लागि अन द जब ट्रेनिङ्ग अन्तर्गत अस्पताल विकास समितिले संस्थासँग नवीकरण तथा प्रति विद्यार्थी समय उपयोगको आधारमा शुल्क लिएको अवस्था छ । सम्झौता गरेका र पेश भएका कागजातको आधारमा वार्षिक नवीकरण शूल्क प्रति संस्था रु.२ लाख ५० हजार वार्षिक र प्रति विद्यार्थी मासिक रु.३००० तथा रु.५००० का दरले बुझाउने गरी सम्झौता गरेको देखिन्छ । सो वापत २०७५।७६ मा अस्पतालको आर्थिक विवरणले रु.२६ लाख ३४ हजार आम्दानी देखाएको छ । सम्झौता अनुसार अस्पतालले संस्थासँग विगतदेखि लिन बाँकी रहेको रकम पुष्टी हुने विवरण तयार गरेको देखिएन । अस्पतालले २०७६।८।१३ मा रामजानकी हेल्थ फाउण्डेशनसँग रु.५४ लाख बुझाउन पत्राचार गरेतापनि असुल भएको देखिदैन । अर्को २ संस्था संग रु.३ लाख ८२ हजार उठ्न बाँकी छ । संस्थागत रुपमा गत विगत देखिको बाँकी रकमको सम्बन्धमा छानविन गरी सम्झौता अनुसारको रकम असुल गर्नुपर्दछ ।

३६. **भाडा वक्यौता -** समितिको निर्णयानुसार भाडामा लगाएको विभिन्न सटरहरुको सम्झौता दर अनुसार भाडा रकम शर्त बमोजिम असुल गर्नुपर्ने व्यवस्था छ । भाडा वक्यौताको अद्यावधिक लगत अस्पातलले राखेको छैन । २०७६ माघ मसान्तसम्म भाडामा लिएका विभिन्न ९ व्यक्तिसँग सम्झौता तथा पेश गरेको विवरण अनुसार रु.३६ लाख ५७ हजार असुल गर्न बाँकी देखिएको छ । उक्त रकम असुल गरी समितिको खातामा दाखिला गर्नुपर्दछ ।

३७. **नाइट ड्यूटी भत्ता -** अस्पतालले ल्याब यूनिटमा कार्यरत ८ जना कर्मचारीहरुलाई सार्वजनिक बिदाको दिन र रात्रीको समयमा काम गरेवापत क्रमश एक दिन बराबरको तलब तथा शुरु स्केलको २५ प्रतिशत रकम नाइट ड्यूटी भत्ता वापत यस वर्ष रु.१५ लाख ४४ हजार खर्च लेखेको छ । उक्त समयमा काम गरेको डयुटी हाजिर राखेको नदेखिदाँ उपस्थिति प्रमाणित हुने गरी हाजिर अभिलेख राख्नु पर्दछ ।

३८. **विद्युत महसुलमा थप दस्तुर -** अस्पतालले विद्युत महशुल समयमा भुक्तानी गरी नियमानुसारको छुट लिनु पर्नेमा यसवर्ष वक्यौता रकम र चालु वर्षको समेत जरिवाना वापत थप भुक्तानी गरेको छ । विगत वर्ष देखि भुक्तानी गर्न बाँकी वक्यौता रकमको बिल तथा विवरण लिई एकमुष्ट वक्यौताको विवरण तयार नगरी विद्युत प्राधिकरणले जरिवाना थप गरी पठाएको बिल बमोजिम मात्र भुक्तानी गरेको छ । वक्यौता रकमको यकीन र बजेट व्यवस्था नगरी चालु वर्षको बजेटबाट रु.११ लाख ५९ हजार थप दस्तुर समेत भुक्तानी गरेको नियम सम्मत देखिएन । थप दस्तुर भुक्तानीमा नियन्त्रण हुनुपर्दछ ।

३९. **स्वयमसेवक -** अस्पतालले आन्तरिक श्रोतबाट २० स्वयमसेवकलाई मासिक रु.१० हजारका दरले यस वर्ष रु. २१ लाख ७ हजार खाजा भत्ता भुक्तानी दिएको छ । यस्तो खर्च नियन्त्रण गरी दरबन्दी अनुसार खर्च लेख्नु पर्दछ ।

४०. **संचित कोष दाखिला -** स्वास्थ्य संस्थामा प्रसूति गराए वापत यातायात खर्च र संस्थागत अनुदान उपलव्ध गराउनको लागि वजेट व्यवस्था भएकोमा अस्पतालले डाक्टर तथा स्टार्फ नर्सको तलव वापत रु.७४ लाख ४५ हजार, विद्युत महसूल रु.३६ लाख, वास्तविक प्रसूति भन्दा बढी संख्याको अनुदान रु.३२ लाख ७८ हजार, नवजात शिशु उपचार कार्यक्रम वापत नर्म्सले तोकेको मापदण्ड वेगर रु.२२ लाख १ हजार समेत रु.१ करोड ६५ लाख २४ हजार मापदण्ड बेगर समितिको खातामा ट्रान्फर गरेकोले समितिबाट फिर्ता लिई संघीय संचित कोष दाखिला गर्नु पर्दछ ।

४१. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को नियम ८५ अनुसार रु.२० लाख सम्मको औषधी सोझै खरिद गर्न सकिने व्यवस्था भएकोमा अस्पतालले विभिन्न ९ फर्मबाट ६५ पटक रुं२० लाख भन्दा बढी रु.२ करोड ७६ लाख ४३ हजारको औषधी खरिद गरेको छ । नियममा तोकिएको सीमा समेतलाई नाघी खर्च गर्नु उपयुक्त देखिएन । सीमा भन्दा बढीको खरिद कार्य नियन्त्रण हुनु पर्दछ ।

४२. **जिन्सी दाखिला** - खर्च भई नजाने जिन्सी सामानहरु जिन्सी खातामा स्पेशिफीकेशन, मूल्य, आयू र उत्पादक देश समेत खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था छ । अस्पतालले ८८ लाख ५१ हजार मूल्यका रेफ्रिजेरेटर, सिलिङ्ग, फ्यान, कटरी मेशिन, इएनटी उपकरणहरु, क्यामेरा, प्रयोगशाला सर्जिकल सामान,

मोबाईल फोन, एअर कूलर लगायत विभिन्न सामानहरु जिन्सी खातामा दाखिला गरेको पाईएन । खरिद सामानहरु दाखिला गर्नुपर्दछ ।

४३. **अस्पताल परिसर -** अस्पतालमा सेवा दिइने कक्षहरु आकस्मिक कक्ष, लेवररुम, डेलीभरी, प्याथोलोजी सेवा, वहिरंग विभागमा रहेका शौचालय दुर्गन्धयुक्त छन् । साबुन सहितको शौचालय नरहेको र प्रसुति कक्षको सरसफाई तथा गन्ध व्यवस्थापनमा उचित सतर्कता नअपनाएको, अस्पतालको हाताभित्र ढल व्यवस्थापन हुन नसकेको, ३८० के.भि.ए.को जेनेरेटर सुरक्षणको लागि टहरा व्यवस्थापन गर्नुपर्नेमा नगरेको, अस्पतालबाट निस्कने फोहोर मेशिनमा जलाई व्यवस्थापन हुन नसकेको, कतिपय फोहोर बाहिर फ्याक्ने गरेकोले, क्लोथ वासिङ्ग मेशिनको व्यवस्था नरहेको, र म्यानूअल रुपमा लौण्ड्री हुने गरेको देखिएबाट सोमा सुधार गरी अस्पतालबाट प्रवाह हुने सेवा गुणस्तरीय र प्रभावकारी बनाउनु पर्दछ ।

४४. **दरबन्दि पदपूर्ति -** नेपाल सरकारतर्फको कूल दरबन्दी १४० मा ८६ पदपूर्ति भई ५४ रिक्त रहेको र समिति तर्फ १७५ मा २१५ पदपुर्ति भएको छ । ६५ पदहरु फाजिलमा देखाएको छ । मेडिकल सुपरीन्टेण्डेन्ट, गाईने, फिजिसियन, पेडियाट्रीसियन, सर्जन, एनेस्थियोलोजिष्ट, रेडियोलोजिष्ट, अर्थो, प्याथो, डेण्टल, डर्माटोलोजिष्ट लगायत सिनियर कन्सल्टेण्ट गरी २३ विशेषज्ञ पदहरु रिक्त छन । विशेषज्ञ पदहरु रिक्त हुँदा सेवामा असर परेको छ । रिक्त पद पूर्ति भई गुणस्तरीय सेवा प्रवाह हुनुपर्दछ ।

४५. **प्रोत्साहन -** विभिन्न सेवा प्रवाह गर्ने कर्मचारीलाई वापत विभिन्न दरले प्रोत्साहन भत्ता रु.१ करोड १० लाख खर्च लेखेको छ । सामान्य लेखा सिद्धान्त बमोजिम जोखिममा कार्यगर्दा कूल विक्रीमा चल लागत घटाई प्राप्त हुने योगदान लागतमा तोकिए बमोजिम प्रोत्साहन उपलब्ध गराउनु पर्नेमा चल लागत ( औषधी, रसायन, खरिद) नघटाई प्राप्त विक्रीमा उपलब्ध गराउनु लेखा सिद्धान्त विपरित छ । विक्रीमा प्रोत्साहन दिने कार्य तत्काल नियन्त्रण गर्नुपर्दछ । साथै सेवा प्रवाह अनुसार लागत र विक्रीको वर्गीकरण गरेको नदेखिँदा सो व्यवस्थामा समेत सुधार हुनुपर्दछ ।

४६. **धरौटी -** गत वर्षको जिम्मेवारी रु.९४ लाख ९१ हजारमा यो वर्षको आम्दानी रु.३८ लाख २४ हजार समेत रु.१ करोड ३३ लाख १५ हजार कूल आयमा रु.६ लाख १९ हजार फिर्ता खर्च लेखी रु.१ करोड २६ लाख ९६ हजार आर्थिक वर्ष २०७६।७७ लाई जिम्मेवारी सारेको छ । धरौटी हिसाब संघ तथा प्रदेश गरी दुवै तर्फ रहेको र अस्पताल प्रदेश तर्फ रुपान्तरित भएकोमा संघीय धरौटी हिसाब रु.१ करोड १५ लाख ६४ हजारलाई प्रदेश धरौटीमा ट्रान्सफर गरी हिसाब एकीकरण गरेको छैन । वर्षान्तमा दुवै तर्फ बाँकी देखिएको धरौटीको नामनामेसी विवरण तयार गरेको छैन । म्याद समाप्त भएका, फिर्ता गर्न नपर्ने, नामनामेसी नखुलेका धरौटीलाई प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम आय लेखाङ्कन गर्ने तथा आयु वर्गीकरण गर्ने कार्य भएको पाइएन । धरौटीको व्यक्तिगत विवरण तयार गर्नुपर्दछ ।

४७. **करार कर्मचारीको तलब** - प्रादेशिक अस्पतालले स्वीकृत दरबन्दी भित्रका कर्मचारीको तलव मात्र खर्च लेख्नुपर्नेमा बिगत बर्षदेखि मध्यमान्चल क्षेत्रिय निर्देशनालयबाट करारमा नियुक्त भएका ८ जना स्टाफनर्सहरुको म्यादथप र स्वीकृत दरबन्दी बेगर यस बर्ष स्वास्थ्य निर्देशनालय धनुषाको २०७५।१०।५ को निर्देशानुसार रु २४ लाख ४४ हजार तलव खर्च लेखेको छ । दरवन्दी वेगर खर्च लेख्ने स्थिति नियन्त्रण हुनुपर्दछ । साथै खर्च लेख्न आदेश दिने नियुक्तीकर्तालाई जिम्मेवार समेत बनाउनु पर्दछ ।

४८. **फार्मेसी**- यसतर्फ निम्न व्यहोरा देखिन आएका छन् :

४८.१.फार्मेसी संचालन निर्देशिका बमोजिम औषधिको सिफारिस जेनेरिक नामबाट गर्नुपर्ने व्यवस्था छ । सो प्रक्रिया पूर्णरुपमा अवलम्बन गरेको देखिएन । ट्रेड नेमबाट औषधी सिफारिस गर्ने प्रक्रिया नियन्त्रण गर्नुपर्दछ । उदाहरण र.नं. २९१६ को प्यासेन्ट पूर्जामा कोट्रिम डीएस लेखी सिफारिस गरेको छ । कोट्रिम ट्रेड नाममा रहेको देखिन्छ । फार्मेसी संचालन निर्देशिका बमोजिम प्रत्येक महिना विक्रीको १०% र प्रत्येक वर्ष खुद नाफाको ९०% रकम अस्पतालको मूल खातामा जम्मा गर्ने व्यवस्था छ । यो वर्ष खुद नाफा रु.७ लाख ९५ हजार देखाएकोमा सो अनुसारको ९० प्रतिशत समितिमा आय लेखाङ्कन गरेको छैन । प्रत्येक महिना विक्रीको १० प्रतिशत रकम समितिमा आय लेखाङ्कन गरेको पनि देखिएन । निर्देशिकाले तोकेको मापदण्ड पालना गर्नुपर्दछ ।

४८.२. फार्मेसीको आर्थिक वर्ष २०७४।७५ को औषधीको ओपनिङ्ग स्टक मूल्य रु.२६ लाख १८ हजार र आर्थिक वर्ष २०७५।७६ मा फार्मेसीले खरिद गरेको मूल्य रु.८९ लाख ९३ हजार समेत रु.१ करोड १६ लाख ११

हजारमा विक्री रु.९३ लाख १६ हजार देखिएकोमा २०७६।७७ लाई जिम्मेवारी रु.२२ लाख ९५ हजार देखाएको तर सफ्टवेयर रेकर्ड अनुसार रु.३६ लाख ७३ हजार देखिएबाट स्टक मूल्यमा रु.१३ लाख ७९ हजार फरक परेको छ । खरिद फिर्ता, औषधीको मान्य अवधिको समापनको कारण देखिएको फरक हिसाबमा सम्बन्धित आपूर्तकलाई औषधी फिर्ता गरी हिसाव मिलान गर्नुपर्नेमा नगरेकोले मौज्दात बढी देखिएको छ । हिसाव मिलान गर्नुपर्दछ ।

४८.३.फार्मेसीको लागि औषधी खरिद टेण्डर रेट स्वीकृत भएको एक मेडिकल हलबाट आवश्यकतानुसार पटक पटक रु.४० लाख ८६ हजार र अन्य ९ सप्लायर्सबाट रु.३३ लाख ५३ हजार समेत रु.७४ लाख ३९ हजार भुक्तानी गरेको छ । आपुर्तिकर्ताले औषधी नदिई सोही दरमा अन्यबाट खरिद गरेको जनाएतापनि स्वीकृत आपूर्तकले औषधी आपूर्ति गर्न नसकी अन्य फर्मबाट खरिद गरेर ल्याउनु खरिद सम्झौता र खरिद ऐन अनुकुल देखिएन । स्वीकृत आपूर्तिकर्ताबाट सम्पूर्ण औषधीको आपूर्ति व्यवस्थापन हुनुपर्दछ ।

## अन्य अस्पताल

४९. **मेशिन जडान -** लहान अस्पतालले स्वस्थ्य सेवा बिभागले खरिद गरी २०७१।६।१ मा पठाएको रु.३४ लाख ८० हजार मूल्यको एक एक्सरे मेशिन सञ्चालनमा ल्याएको छैन । मेशिन जडान गर्दा सञ्चालनमा नआएपछि सप्लायर्सलाई अर्को मेशिन प्रतिस्थापन गर्नुपर्ने तथा वारेन्टी पिरियडमा मर्मत गराउनुपर्नेमा नगरी अलपत्र अबस्थामा राखेको छ । मेशिन मर्मत गरी परिचालनमा ल्याउनु पर्दछ ।

५०. **संचित कोष दाखिला -** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३३ मा खर्च नभै बाकी रकम फिर्ता दाखिला गर्नुपर्ने व्यवस्था छ । गौर अस्पतालले कार्यक्रम संचालनमा यस वर्ष संघीय सरकार तर्फको रु.४० लाख १४ हजार निकाशा प्राप्त गरेकोमा रु. २० लाख खर्च गरी बाँकि रहेकोरु.२० लाख १४ हजार संघीय संञ्चित कोष दाखिला गरेको छैन उक्त रकम संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्दछ ।

५१. **सम्पति सुरक्षा र संरक्षण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा सम्पतिको सुरक्षा र संरक्षण गर्नुपर्ने व्यवस्था छ । गौर अस्पतालको प्रयोगशालामा रहेको माइक्रोस्कोप २ माइक्रो पिपेट २ र क्रोरीमिटर १ समेत ५ थान कर्मचारीको लापरवाहीले हराएको भनि अस्पतालले गरेको छानविन प्रतिवेदनवाट देखाएको छ । यसरी रु.३५ लाख वरावरको सार्वजनिक सम्पत्ति प्रयोगशालाबाट चोरी हुनु र लामो समयसम्म फिर्ता ल्याउन नसक्नुले अस्पतालको सुरक्षा व्यवस्था नाजुक देखिन्छ । जिम्मेवार व्यक्तिबाट असुल गरी अस्पतालको प्रयोजनमा ल्याउनु पर्दछ।

५२. **रकम दाखिला -** अस्पताल विकास समिति, सर्लाहीले प्राप्त गरेको आन्तरिक आयमध्ये दर्ता गरेको बिरामी संख्याको आधारमा कर्मचारीले इर्मजेन्सी तर्फको रु.६ लाख ३७ हजार, ओ.पि.डि. तर्फ रु.१ लाख ३४ हजार तथा नगदै राखि दाखिला नगरेको रु.२ लाख ३४ हजार समेत रु.९ लाख ८७ हजार अस्पताल विकास समिति सर्लाहीको खातामा दाखिला गर्नुपर्नेमा गरेको छैन । रकम दाखिला गराउनु पर्दछ ।

## वी.पी. मेमोरियल पोलिटेक्निक इन्स्टिच्यूट

५३. **हिनामिना तथा मस्यौट -** संस्थालाई कुनै किसिमको हानी नोक्सानी तथा क्षति हुन गएमा त्यसरी पर्न गएको हानीनोक्सानी तथा मस्यौट एवं किर्ते उपर पर्न गएको नोक्सानी सरकारी बाँकी सरह असूल गर्ने व्यवस्था छ । यो वर्ष वी.पी. मेमोरियल पोलिटेक्निक इन्स्टिच्युटको विनियोजन तर्फ बैंकबाट चेक माग लिने क्रममा १० थान र ४० थान छुट्टाछुट्टै प्याकेज बनाई सहायक ल्याव प्रशिक्षकले ४० थान कार्यालयमा बुझाएको र १० थान स्वयम् आफैले राखी १ प्रति कार्यालयबाट समेत चोरी तथा कार्यालय प्रमुख र लेखा प्रमुखको किर्ते दस्तखत मिलाई राष्ट्रिय वाणिज्य बैंकका विभिन्न शाखाबाट रु.६२ लाख ५७ हजार विनियोजन कोषबाट झिकी किर्ते तथा मस्यौट गरेको छ । मस्यौट गर्ने व्यक्ति कानूनी कारवाहीको दायरामा रहेको कारण असूल उपर भई पून: कोषमा रकम दाखिला भएको छैन । यसरी सरकारी रकम किर्ते गरी मस्यौट तथा नोक्सानी पुऱ्याउने कार्यमा संलग्न सवै पक्ष उपर विस्तृत छानविन गरी कानूनी कारवाही गर्नु पर्दछ । साथै प्रचलित कानूनमा भएको व्यवस्था बमोजिम मस्यौट रकम सरकारी बाँकी सरह असूल हुनु पर्दछ ।

५४. **आर्जन कोष तर्फ -** आर्थिक वर्ष २०७५।७६ मा यो वर्षको खुद धरौटी रु.४ लाख ६० हजार समायोजन पश्चात बाँकी रहने रु.४२ लाख २२ हजार परिषदको आर्थिक विनियमावली बमोजिम ७५ प्रतिशतले हुने

रु.३१ लाख ६७ हजार  केन्द्रीय कोषमा ट्रान्स्फर गर्नुपनमा गरेको छैन । रकम कोष हिसावमा ट्रान्सफर गर्नुपर्दछ ।

५५. **छोटो अवधि तालिम -** मेसन १, टेलरिङ्ग ८, व्युटिसियन ७, इलेक्ट्रिसियन १२, प्लम्बरिङ्ग ३ र कम्प्युटर ४ गरी ३५ तालिम ३९० घण्टे ६५ दिन विभिन्न स्थानमा संचालन गरेवापत यो वर्ष रु.१ करोड २३ लाख २ हजार  खर्च लेखेको छ । तालिममा सहभागीहरुले ३९० घण्टा पूरा गरे वापत प्रमाण पत्र लिएको नदेखिएको, तालिममा प्रयोग गर्ने सामाग्रीहरुको खर्च मापदण्ड अनुसार नभएको, घरभाडा वापत रु.३ लाख ५० हजार प्रति तालिम खर्च लेखेकोमा सोको सम्झौता तथा घरको नक्सा/पेश नभएको, तालिम सामाग्रीहरु प्रयोग तथा खर्चको विवरण पेश नभएको, खरिद भएका सामाग्रीको दाखिला नभएको, प्रति सहभागी सामग्री लागतको प्रक्रिया बमोजिम खरिदको आवश्यकता बीच तालमेल नरहेको, तालिम समापन पछिको पृष्ठपोषण विश्लेषण नगरेको, तालिम प्रतिवेदन तयार नगरेको, प्रशिक्षार्थी उपलब्धि मूल्याङ्कन समेत भएको नदेखिँदा खर्चको उपलब्धि एकिन गर्न सकिएन । साथै एन.एस.टी.वि. मा प्रति व्यक्ति ९००।- का दरले ७०० जनाको रु.६ लाख ३० हजार सीप परिक्षण मूल्याङ्कनको लागि पठाएकोमा सीप परीक्षणको कार्य समेत पूरा भएको देखिएन । सीप परीक्षण बाट उपलब्धिको मापन गर्नुपर्दछ ।

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, प्रदेश २ कार्यालय

५६. **हिनामिना तथा मस्यौट -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन, २०७६ को दफा ७४ मा सरकारी नगदी, जिन्सी दुरुपयोग वा मस्यौट गरेमा आवश्यक कारवाही गर्नुपर्ने व्यवस्था छ । यो वर्ष र २०७६ श्रावणमा सहायक ल्याव प्रशिक्षकले किर्ते दस्तखतबाट वाणिज्य वैंकबाट प्रदेश कार्यालयको नाममा नयाँ चेकबुक निकाली तथा कार्यालयबाट १ प्रति चेक चोरी रु.१ करोड १५ लाख ४५ हजार वैंक खाताबाट झिकी मस्यौट गरेको देखिन्छ । मस्यौटको सन्दर्भमा किर्ते गर्ने व्यक्ति कानूनी दायरामा रहेको कारण उक्त रकम असूल उपर भई कार्यालयमा दाखिला भएको छैन । सरकारी रकम किर्ते गरी मस्यौट तथा नोक्सानी पुऱ्याउने संलग्न सवै पक्ष उपर विस्तृत छानविन गरी कानूनी कारवाही गरी मस्यौट रकम सरकारी बाँकी सरह असूल गर्नुपर्दछ ।

५७. **सीप विकास तथा जनचेतना तालिम -** सीप विकास तथा जनचेतना तालीममा १८ महिने वा सो भन्दा बढीको टिएसएलसी प्रोगाम अन्तर्गत कम्प्यूटर, कृषि, पशु, स्वास्थ्य लगायत अध्ययन गराउने प्राविधिक कलेजहरुलाई ३ किस्तामा १ विद्यालयलाई रु.२५ लाखका दरले प्रति जिल्ला ८ विद्यालयलाई रु.२ करोड अनुदान निकाशा दिएको छ । अनुदान निकाशा गरेको रकमको अनुगमन र मूल्याङ्कन प्रभावकारी हुनुपर्दछ ।

५८. **कार्यक्रम खर्च -** यो वर्ष कार्यालयले कम्प्यूटर, सिलाइ कटाई, व्युटीसियन, वायरिङ्ग, मेशन, वेल्डिङ्ग लगायत प्राविधिक सीप सम्बन्धी ६५ दिने ३९० घण्टाको लागि ६ शिक्षालयको २८० तालिम र ८ सामुदायिक विद्यालयलाई २० तालिम वापत रु.१० करोड ६५ लाख ६० हजार शिक्षालयमा निकाशा प्रदान गरेको छ । सीप तालिमको एन.एस.टी.वि.को प्रतिफल मूल्याङ्कन गर्नुपर्ने र सामुदायिक विद्यालयमा गएको तालिम वापतको रकमको अनुगमन गरेको छैन । कार्यक्रम अनुरुप अनुदान खर्चको अनुगमन गर्नुपर्दछ ।

## स्वास्थ्य निर्देशनालय

५९. **अख्तियारी तथा बजेट खर्च -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम श्रावण १५ भित्र सम्बन्धित मन्त्रालयले खर्च गर्ने अख्तियारी तथा कार्यक्रम पठाउनुपर्नेमा ढिलो गरी अख्तियारी पठाउँदा निर्देशनालय तथा अन्तर्गत कार्यालयको चौमासिक कार्यक्रम कार्यान्वयनमा असर परेको देखिन्छ । निर्देशनालयको मात्र कूल बजेट रु.३३ करोड ८८ लाख ८० हजारमा कूल खर्च रु.२४ करोड ६ लाख ९४ हजार भई रु.९ करोड ८१ लाख ८६ हजार कार्यान्वयनमा आएको देखिएन । निर्देशनालयले कूल खर्च मध्ये २०७६ आषाढमा मात्र रु.१९ करोड ६८ लाख ३ हजार अर्थात ८२ प्रतिशत खर्च लेखेको छ । ढिलो अख्तियारीको कारण बजेट खर्चको भार आषाढमा पर्दा गुणस्तरीय उपलब्धिमा समेत प्रभाव परेको देखिन्छ । निर्देशनालयको वार्षिक रुपमा सम्पादन गर्ने ११५ क्रियाकलाप मध्ये ५१ क्रियाकलाप संचालन हुन नसकी प्रगति शून्य रहेको छ । एफ.सि.एच.भि. कोष परिचालन तालिम, मेडिकल इथिक्स, सुक्ष्म योजना तर्जुमा, जनस्वास्थ्य लक्षित कार्यक्रम, ई.टि.वि./डिएच आइएस तालिम, कण्डम खरिद, कुष्ठरोग सहयोगी औषधी खरिद, पोषण ढुवानी, कुपोषण व्यवस्थापन, प्रदेश तहमा विभिन्न किट खरिद लगायतका कार्यक्रम संचालन हुन नसकी रु.९ करोड ८१ लाखको बजेट कार्यान्वयनमा आएको देखिएन । कार्यक्रम, बजेट र समयलाई अख्तियारी बाट व्यवस्थापन गरी बजेट कार्यान्वयनमा ल्याउनु पर्दछ ।

६०. **तथ्याङ्कीय स्थिति -** प्रदेश २ मा ६१ लाख १३ हजार जनसंख्या रहेकोमा जनसंख्याको स्वास्थ्य सम्वन्धि तथ्याङ्कीय अवस्थाको प्रतिवेदन सुधार गर्नुपर्ने अवस्थामा देखिएको छ । संस्थागत डेलिभरीमा सुधार हुन नसकेको, एच.आइ.भि. संक्रमित संख्या प्रत्येक वर्ष वढेको, कुष्ठरोगको मात्रा बढी देखिएको, गाउँघर क्लिनिकको लक्ष्यमा वृद्धि नगरेको ४ पटक गर्भ जाँचको आंकडा न्यून रहेको देखिएबाट सूचकहरुमा सुधार गर्न आवश्यक देखिएको छ । प्रदेश पूर्णरुपमा खोप घोषणा हुन नसकेको, कुपोषणको दर उच्च रहेको, अस्पतालको तथ्याङ्क डिएचआईएस-२ मा प्रविष्टी गर्न नसकेको, प्रदेश स्तरमा सहयोगात्मक सुपरिवेक्षण, अनुमान, डाटा भेरिफिकेशन र चौमासिक समीक्षाको कार्यक्रम नरहेको देखिँदा उल्लेखित सूचक तथा कार्यक्रममा सुधार गर्नुपर्दछ ।

६१. **खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (८) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्न नहुने व्यवस्था छ । निर्देशनालयले एल.पि.ए. सेवाको मेशिन जडानको पूर्वाधारको लागि कल्चरल प्रयोगशाला प्रि. फ्याव निर्माण कार्यका लागि रु.२४ लाख ९९ हजारको लागत अनुमान तयार गरी सोही लागतमा एक कन्स्ट्रक्सन प्रा.लि. लाई सोझै काममा लगाई रु.२४ लाख ५९ हजार भुक्तानी गरेको छ । निर्देशालयले एउटै फर्म तथा अन्य फर्मबाट पटक पटक रु.१ करोड ४३ लाख २८ हजारको सोझै खरिद गरेको छ । प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य गरेको नियम सम्मत देखिएन ।

६२. **औषधि खरिद -** निर्देशनालयलाई यो वर्ष औषधि तथा औषधिजन्य उपकरण खरिद गर्न रु.११ करोड ७७ लाख बजेट व्यवस्था भएकोमा औषधि तथा औषधिजन्य उपकरण खरिद वापत आपूर्तकलाई रु.१० करोड ५१ लाख ४४ हजार भुक्तानी गरेको छ । आपूर्तकको ३ बिजकबाट मूल्य अभिवृद्धि कर समेत रु.४ करोड ११ लाख ४० हजार भुक्तानी गर्नुपर्नेमा सोमा पून: मूल्य अभिवृद्धि कर रु.४ लाख ४७ थप गरी दोहोरो भुक्तानी भएको मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ

६३. **वितरण -** प्रदेश नं. २ अर्न्तगतका ५० स्थानीय तहमा वालवालिका खोप सम्वन्धि इलोक्ट्रनिक अभिलेख राख्न कम्प्युटर, प्रिन्टर र यु पि एस ५०/५० थान, वाइनोकुलर माइक्रोस्कोप १५ थान, कर्भिकल क्यान्सर स्क्रिनिङ एण्ड क्राइथेरापी भिआइए ८ थान, कालाजार औषधि छर्कने मेसिन १५० थान, फुल्लि अटोमेटेड केमेस्टि एनालाइजर २ थान, हेमाटोलोजि एनालाइजर २ थान, सेमि अटोमेटिक वायो केमेस्ट्रि एनालाइजर २ थान र रिएजेन्ट फर हेमाटोलोजी ८ थान लगायत रु १ करोड ८५ लाख ६७ हजार मूल्यका उपकरण तथा रसायन मौज्दातमा रहेका छन । मन्त्रालयवाट वितरण गर्ने स्थान तथा सँस्था छनौट नगरेको कारण मौज्दातमा रहेको उल्लेख छ । मौज्दातमा रहेको सामान वितरण गर्नुपर्दछ ।

६४. **मौज्दात -** निर्देशनालयले यो वर्ष १५२ किसिमका मेडिकल तथा सर्जिकल औषधि तथा उपकरण खरिदवापत रु १० करोड ५१ लाख ४४ हजार आपूर्तकलाई भुक्तानी गरेको छ । साथै खरिद भएका औषधि मध्ये एमोक्सिलिन ७ लाख १८ हजार ९००, अलवेण्डाजोल ५ लाख १४ हजार ६४० फरस सल्पेट ३ लाख २१ हजार ५००, मेटफर्मिन २ लाख ०८ हजार २६०, आइरन फलिक एसिड ७५ लाख ७२ हजार, सल्फामेथाजोल ४ लाख ११ हजार ७५०, जिङ ८ लाख ९६ हजार, र भिटामिन वि कप्लेक्स २ लाख १३ हजार ६००।- ट्याव्लेट मौज्दातमा राखेको छ । मौज्दातमा रहेका औषधि वितरण गर्नुपर्दछ ।

## स्वास्थ्य कार्यालय

६५. **एम्बुलेन्स -** मोवाईल एम्बुलेन्स खरिद गर्न स्वास्थ्य कार्यालय महोत्तरीले क्याटलग सपिङ्ग माध्यममा एक आपूर्तकसंग रु ६० लाखमा आपूर्ति गर्न २०७६।३।२२मा संम्झौता गरेको छ । सम्झौता अनुसार जमानत लिई आपूर्तकलाई रकम उपलब्ध गराएकोमा २०७६।१२।५ सम्म एम्बुलेन्स आपूर्ति नगरेकोले व्यवसायीलाई सम्झौताको शर्त बमोजिम कारबाही गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** मन्त्रालय तर्फ २१ निकायमा यो वर्ष रु. १० करोड ८१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु. ७६ लाख ५८ हजार फछ्र्यौट गरेकोले रु ९ करोड २४ लाख २३ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये रु. ४ करोड १ लाख ७ हजार पेश्की बेरुजू रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची १०** मा समावेश छ ।

- अन्य संस्था र समिति तर्फ १० निकायमा रु. ८ करोड ६४ लाख ५१ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट फछ्र्यौट हुन नसकि सोही रकम नै बेरुजू बाँकी रहेको छ । सो मध्ये रु. १ करोड ६६ लाख ८५ हजार पेश्की बेरुजू रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची ११** मा समावेश छ ।

# मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटील संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारकोतर्फबाट अदालतमा उपस्थित भई वहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु. ३ करोड १९ लाख ५९ हजार, राजश्व रु.४५ हजार र धरौटी रु.६ लाख ८८ हजार समेत रु.३ करोड २६ लाख ९२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **मुद्दाको प्रतिरक्षा -** मुख्य न्यायाधिबक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन २०७५।६।२५ मा प्रमाणिकरण भई लागू भएको छ । यो वर्ष २१ मुद्दाको लगत रहेकोमा ७ मुद्दा फछ्यौट भई १४ बाँकी छन् । लगत बाँकी मध्ये सर्वोच्च अदालत तर्फ ६, उच्च अदालत जनकपुरमा ११, उच्च अदालत जनकपुर अस्थायी इजलास विरगंजमा २, र उच्च अदालत जनकपुर राजविराज इजलासमा २ रहेकोमा उत्प्रेषण परमादेश तर्फ १५, निषेधाज्ञा ५ र बन्दीप्रत्यक्षीकरण तर्फ १ मुद्दा बाँकी छन् । चालु वर्ष उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले सागरनाथ वन प्रदेश अर्न्तगत रहने गरी मुद्दाको कारवाही अगाडि बढाएकोमा सो सम्वन्धमा न्यायाधिवक्ताबाट कानूनी राय माग गरेकोमा राय प्रदान गरेको छ ।

२. **सेवा प्रवाह -** संघीयशासन व्यवस्था बमोजिम प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण लगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य हुन बाँकी रहेको कारण कार्यालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको छैन । क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

३. **लक्ष्य प्रगति -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६५ बमोजिम यो ऐन र यस ऐन अर्न्तरगत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अर्न्तरगत आर्थिक कार्यविधि नियमावली, नबनिसकेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(८) बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित आगामी वर्षमापनि चालु राख्नु पर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पुँजिगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा समीक्षा गर्न सकिएन ।

४. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरुले आफ्नो ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र लागुगरिसक्नु पर्ने व्यवस्था छ । तर यो ऐन, २०७५।१।५ गते जारी भएकोमा हाल सम्म लागु नभएको र दफा ३१ अनुसार आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनका लागि सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतको अध्यक्षतामा आन्तरिक नियन्त्रण समिति गठन गर्नुपर्नेमा उक्त समिति पनि गठन भएको छैन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

५. **वित्तीय कार्य सम्पादन -** यो वर्ष कार्यालयलाई व्यवस्था भएको कूल बजेट रु.३ करोड ८४ लाख १६ हजारमा रु.३ करोड १९ लाख ५९ हजार अर्थात ८३ प्रतिशत खर्च गरेको देखिन्छ । पूँजीगत तर्फ व्यवस्था भएको बजेट रु.१ करोड ६० लाख ५० हजारमा दुई सवारी साधन खरिद गरी व्यवस्था भएको बजेटमा रु.१ करोड ५३ लाख ७० हजार अर्थात ९५ प्रतिशत खर्च गरेको छ । उक्त खर्चमा महिन्द्रा स्कार्पियो र हुन्डाई आई ट्वान्टी रु.१ करोड ३ लाख तथा १ मोटर साइकल रु.१ लाख ८२ हजारमा गरेको छ । पूँजीगत तर्फ

व्यवस्था भएको बजेट मध्ये तेस्रो चौमासिकमा मात्र ४३.३४ प्रतिशत र आषाढमा मात्र ३० प्रतिशत खर्च गरेको छ । अषाढ महिनामा बढी खर्च गर्ने स्थिति नियन्त्रण गर्नुपर्दछ ।

६. **कानूनी सहायता -** प्रदेश मन्त्रिपरिषद्‌बाट स्वीकृत प्रदेश कानूनी सहायता अधिकृतको नियुक्ति तथा सेवा शर्त सम्बन्धी निर्देशिका, २०७५ अनुसार असहाय, अशक्त, नागरिकता विहीन, नावालक, महिला, दालित, मुस्लिम, आर्थिक र सामाजिक रुपमा पछाडि परेका ब्यक्तिलाई दिइने कानूनी राय सल्लाह तथा परामर्श उपलब्ध गराउने, प्रदेश कानूनी सहायता अधिकृत नियुक्ति गरी असमर्थ व्यक्तिको तर्फबाट अड्डा अदालतहरुमा बहस, पैरवी, लेखापढी, फैसला कार्यान्वयन तथा कानूनी कारवाहीका लागि कार्य गर्न कानूनी सहायता अधिकृत नियुक्ति गर्ने व्यवस्था छ । उल्लेखित निर्देशिका अनुरुप रा.प. तृतीय श्रेणीको अधिकृतले पाए सरहको शुरु तलब स्केल मासिक पारिश्रमिकमा उपलब्ध गराउन सक्ने निर्देशिकाको प्रावधान अनुरुप २०७५ आश्विन देखि ८ जिल्लामा ११ जना नियुक्ति गरी यो वर्ष रु.२१ लाख ९६ हजार खर्च गरेको छ । ती जिल्लामा नियुक्त अधिकृतले २११ मुद्दामा कानूनी सहायता प्रदान गरेको उल्लेख छ ।

७. **सेवा सुविधा -** मुख्य न्यायधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ को दफा १४ मा उच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४ मा सुविधामा उल्लेख भएको तर दरबन्दी वाहिरको सहयोगी, चालक, र निजी स्वकीय सचिवलाई यो वर्ष दशैं खर्च र पोशाक भत्ता वापत रु.९५ हजार खर्च लेखेको छ । अर्थ मन्त्रालयको २०७६।६।६ को पत्रबाट सुविधा वापत नियुक्त गरिएका सहयोगी पदहरुलाई चाडपर्व खर्च एवम् पोशाक सुविधा एवं महङ्गी भत्ता उपलब्ध गराउन नमिल्ने निर्णय समेत देखिँदा उक्त रकम असूल हुनुपर्दछ ।

८. **जिन्सी अभिलेख -** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार एउटै व्रान्ड तथा किसिमका खप्ने सामानको एउटै जिन्सी खाता पानामा जिन्सी लगत नराखेको, महत्वपूर्ण सवारी, मेशिनरी औजार तथा फर्निचरको साइज, मोडल, जिन्सीको अभिलेख खातामा लेखाङ्कन नगरेको तथा राखेको अभिलेख समेत पूर्ण नभएकोले तत्काल अभिलेखलाई सुधार गरी एकिकरण गर्नुपर्दछ । खप्ने जिन्सी सामानको मूल्य समेत खुलाई अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

९. **अमानतबाट खर्च -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४५ मा सामान्य प्रकृतिको मर्मत संभार, सानातिना नियमित कार्य वा सरसफाई जस्ता कार्य अमानतबाट गर्न वा उपभोक्ता समितिबाट गराउन सकिने र नियमावलीको नियम ९८ मा अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृती लिनुपर्ने व्यवस्था छ । कार्यालयले निर्माणसंग सम्वन्धित कार्य कर्मचारीबाट गराई रु.१ लाख ६३ हजार खर्च लेखेको छ । अमानतबाट गराएकोमा १ तह माथिको स्वीकृती लिएको देखिएन ।

१०. **पेश्की -** न्यायाधिवक्ता अमेरिका भ्रमणका लागि आतेजाते टिकट खर्च र कार्यक्रम सञ्चालन हुने दिन सम्मको खर्च सम्बन्धित संस्थाले वेहोर्ने र थप ७ दिनको कानून बमोजिम पाउने भ्रमण भत्ता खर्च मुख्य न्यायाधिवक्ताको कार्यालयबाट वेहोर्ने गरी निर्णय भए बमोजिम दिएको पेश्की रु.२ लाख ५९ हजार असूल फछ्र्यौट गर्नु पर्दछ ।

११. **कार्यक्रम खर्च -** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची- ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नु पर्ने व्यवस्था छ । यस वर्ष मुख्य न्यायाधिवक्तालाई स्पष्ट भ्रमणको उद्देश्य र भ्रमण प्रतिवेदन पेश नगरी प्रशासनिक कामकाज र सरकारी कामकाज देखाई भ्रमण आदेश स्वीकृत गरी प्रदेश नं. २ भन्दा वाहिर र काठमाडौं गएको रु.२ लाख ७१ हजार दैनिक भत्ता भुक्तानी गरेको छ । कार्य र उद्देश्य खुलाई भ्रमण अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

१२. **प्रमाण -** मुख्य न्यायाधिवक्ताको कार्यालय को सहआयोजनामा २०७६।१।१५ मा राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्यको अध्यक्षतामा महिला हिंसा न्यूनीकरण, मानव अधिकारको संरक्षण एवं सुरक्षा, नेपाल प्रहरीको जवाफदेहिता विधेयक र राष्ट्रिय अभियानको कार्यक्रम २०७५।१२।१८ गते जनकपुरधाममा सञ्चालन गरी उपस्थित ९० जनाको ब्रेकफाष्ट र खाना वापतको रु.९९ हजार कार्यालयले भुक्तानी गरेको छ । मुख्यन्यायाधिवक्ता कार्यालयको स्वीकृत कार्यक्रम भित्र नपरेको उक्त कार्यक्रम खर्च आयोजक कार्यालय

राष्ट्रिय मानव अधिकार आयोगबाट नभएको प्रमाण कागजात र लागत सहभागिताको प्रमाण पेश नभएकोले वास्तविक खर्च यकिन हुन सकेन ।

- **बेरुजू स्थिति -** कार्यालय तर्फ यो वर्ष रु. ७ लाख ९३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट फछ्र्यौट हुन नसकि सोही रकम बाँकी रहेको छ । सो मध्ये रु. २ लाख ५९ हजार पेश्की बेरुजू रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची १०** मा समावेश छ ।

# प्रदेश नीति तथा योजना आयोग

प्रदेशमा विकासको संभावना र असरलाई अध्ययन गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति र योजना तर्जुमा अनुगमन र मूल्याङ्कन, विषय क्षेत्रगत नीति तर्जुमा, स्रोत साधनको आँकलन र परिचालन, सन्तुलित विकासको रणनीति तर्जुमा, आवधिक योजना, बजेट सिमा निर्धारण र प्रदेश प्राथमिकता आयोजनाको छनौट एवं निर्धारण गर्ने उद्देश्यले प्रदेश नीति तथा योजना आयोगको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु. ४ करोड २६ लाख ४० हजार र राजश्व रु.१० हजार समेत रु. ४ करोड २६ लाख ५० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आयोगको गठन -** मुख्यमन्त्री अध्यक्ष रहेको आयोगमा प्रदेश सरकारबाट नियुक्त १ उपाध्यक्ष, १ महिला सहित बढीमा ६ सदस्य र आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव सदस्य सचिव रहनेगरी समावेशीकरणको सिद्धान्त बमोजिम बढीमा ८ जनाको आयोग गठन हुने व्यवस्था अनुरुप २०७४।७५ मा १ उपाध्यक्ष र १ सदस्य नियुक्ति भएकोमा २०७५।७६ मा ३ सदस्य थप भई पदेन समेत ७ सदस्यीय आयोग गठन भएकोमा सोही वर्ष सबै सदस्य दफा १५ बमोजिम हटाई नयाँ उपाध्यक्ष १ मात्र कार्यरत रहेको अवस्था छ ।

२. **आयोगको कार्य -** आयोगले २०७५।७६ को ३ वर्षे मध्यमकालीन खर्च संरचना तयार गरेको, २०७५।७६ मा २०७६।७७ देखि लागु हुने गरी ५ वर्षे प्रदेश योजना आधारपत्र तयार गरी मन्त्रिपरिषद्मा पेश गरेकोमा उक्त आधारपत्र २०७६ कार्तिक सम्मपनि स्वीकृत भएको देखिएन । आयोगले प्रदेशको नाम र केन्द्रको विकल्प तोक्न उपाध्यक्षको अध्यक्षतामा ८ जिल्लामा सुझाव संकलन कार्यक्रम गरी प्रतिवेदन सरकारमा पेश गरेकोमा प्रदेशको नाम र केन्द्र प्रदेश सरकारबाट स्वीकृत भई प्रदेश सभामा पेश भएको समेत देखिएन ।

३. **पूँजीगत खर्च -** आयोगको लागि पूँजीगत तर्फ यो वर्ष रु.३ करोड २१ लाख २० हजार बजेट व्यवस्था भएकोमा सफ्टवेयर, फर्निचर तथा मेशिनरी औजारमा रु.१२ लाख ५६ हजार खर्च भएको, ५ सवारी साधन खरिदमा रु.२ करोड ७१ लाख ४८ हजार खर्च गरेको छ ।

- **बेरुजू स्थिति -** कार्यालयको लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची-१०** मा रहेको छ ।

# परिच्छेद –४

# प्रतिवेदन कार्यान्वयनको स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरुजूका सम्बन्धमा सो बेरुजूको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था छ । यस सम्बन्धी व्यहोरा निम्न छन्:

१. **फछ्र्यौट -** यो वर्ष प्रदेशको सरकारी कारोबार तर्फ विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको ११६ इकाईको लेखापरीक्षण हुदाँ १० इकाईको प्रमाण तथा प्रतिक्रिया पेश भई सैद्धान्तिक दफा १ र लगती दफा ६३ बाट रु. ३ अर्ब ७२ करोड ८९ लाख ९३ हजार फछ्र्यौट भएको र बाँकी १०६ इकाईको प्रतिक्रिया प्राप्त भएतापनि फछ्र्यौट हुन नसकि शुरु बेरुजू नै कायम भएको छ । समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १० इकाईको प्रतिक्रियाबाट बेरुजू फछ्र्यौट भएको छैन । कानून बमोजिम बेरुजू असूल फछ्र्यौट गर्नुपर्ने देखिएको छ ।

   गत वर्ष प्रदेशको सरकारी कारोबार तर्फको रु. १६ करोड ४६ लाख ९ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेकोमा फछ्र्यौटको लागी अनुरोध हुन नआएबाट बेरुजू सम्परीक्षण समेत भएको छैन ।

२. **बेरुजू न्यूनीकरण -** प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औँल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरु स्थापनाको सुरुवाती चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिदलगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनु पर्दछ ।

# परिच्छेद –५
# सुधारका क्षेत्रहरु

१. **कानून निर्माण र नीति कार्यान्वयन -** वार्षिक कार्यक्रम तथा सार्वजनिक खर्चका सम्वन्धमा ऐन, कानून, कार्यविधी र मापदण्ड बनाई कार्यमा सहजिकरण ल्याउन कानूनहरुको निर्माण गरी सरकारद्धारा प्रवाह हुने सेवा प्रवाहलाई प्रभावकारी रुपले सुधार गर्नुपर्दछ ।

२. **बजेट -** प्राथमिकतामा रहेका कार्यक्रमको वजेट समयमा विनियोजन गर्ने, योजनाको आधारपत्र बमोजिम वजेट तर्जूमा गर्ने, त्रिवर्षिय खर्च प्रक्षेपण सहितको खर्च संरचना वजेट तर्जूमा गर्दा नै तयार गर्ने, गैर वजेटरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने र उपलब्धीमूलक र प्रतिफलमुखी क्षेत्रमा प्राथमिकता रहने गरी वजेट तर्जूमा र विनियोजनका क्रियाकलापमा सुधार ल्याउनुपर्ने देखिएको छ । साथै वजेट तर्जूमा गर्दा नै दीगो विकास लक्ष्यको सुचकलाई अवलम्वन गर्नुपर्ने देखिएको छ ।

३. **खर्च -** वजेटको उपादेयतालाई स्थापित गरेर मात्र वजेट अनुरुप खर्च उपयोगको कार्य प्रक्रिया शुरु गर्नुपर्ने, निकायगत श्रोत खर्च गर्दा समन्वय गर्नुपर्ने र खर्चमा प्रतिस्पर्धात्मक एवम् मापदण्डलाई पूर्ण रुपमा प्रयोगमा ल्याउने र भुक्तानी गर्न बाँकी योजना तथा खर्च सकेसम्म सिर्जना नगर्ने गरी वजेटको परिधि भित्ररही खर्च प्रक्रियामा सुधार गर्नुपर्ने देखिएको छ ।

४. **कानुनको पालना -** लेखा राख्ने, लेखा दाखिला गर्ने र लेखापरीक्षण गराउने सम्बन्धमा निरीक्षण गरी आन्तरिक नियन्त्रण र रेखदेख गर्ने जिम्मेवारी मन्त्रालयलाई तोकेकोमा नियन्त्रण र अनुगमन प्रभावकारी रुपमा भएको छैन । तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेको, भुक्तानीमा कर कट्टि नगरेको, जिन्सी निरीक्षण नगरेको, राजस्व आयको गोश्वारा भौचर नउठाएको, लगबुक व्यवस्थित नराखेको, खर्चको मापदण्ड पालना नगरेको र मर्मत अभिलेख नराखेको अवस्था विद्यमान छ । कानुनीको व्यवस्थाको पालना गर्ने गराउने तर्फ सुधार गर्नुपर्दछ ।

५. **व्ययभार नियन्त्रण -** एउटै प्रकृतिका कार्यक्रम तथा सेवा दुई वा सो भन्दा बढी निकायमा रहँदा साधन र स्रोतको मितव्ययी तवरले व्यवस्थापन हुन नसक्नुका साथै सेवा प्रवाहमा सेवाग्राहीलाई प्रभावकारी तवरले प्रतिफल उपलब्ध गराउन नसक्ने अवस्था रहन्छ । निर्माण तथा लक्षित वर्गको कार्यक्रममा हुन गएको दोहोरोपनाबाट पर्नजाने अनावश्यक व्ययभार कमगर्न मन्त्रालयगत कार्यक्षेत्रको स्पष्टता, कार्यक्रम संचालनमा पारदर्शिता र एकद्वार सेवा लगायतका उपायहरु अवलम्बन गरी प्रशासनिक व्ययभार नियन्त्रण गर्ने गराउने तर्फ सुधार हुनुपर्दछ ।

६. **बजेट कार्यान्वयन -** बजेट तर्जुमा, कार्यान्वयन र खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नुपर्दछ । चालु खर्च नियन्त्रण गर्न मितव्ययिता सम्बन्धी निर्देशिका र मापदण्ड बनाई लागू गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने र आयोजना व्यवस्थापनमा सुधार गरी पूँजीगत खर्च वृद्धि गर्नुपर्दछ ।

७. **ठेक्का व्यवस्थापन -** अख्तियारी तथा कार्यक्रम पठाउने सन्दर्भमा हुने ढिलाई र श्रोत परिचालन तथा उपादेयतामा देखिएको समस्या संगै त्यसको प्रत्यक्ष असर ठेक्का व्यवस्थापन र कार्य सम्पादन स्थितिमा परेको छ । समयमै अख्तियारी तथा कार्यक्रम पठाउने तथा कार्यालयको दक्षता वृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरी कार्य सम्पादन स्थितिमा सुधार गर्नुपर्दछ ।

८. **योजना तर्जुमा -** श्रोत साधनको पूर्वानुमान नगरी योजना तर्जुमा गर्दा कार्यक्रम तथा वजेटको सुनिश्चितता नहुने, योजना अधुरो रहने, साना योजनामा खर्च हुने, सहभागितात्मक रुपमा योजना छनौट नहूने अवस्था सिर्जना भै प्रभावकारिता समेत न्यून रहँदा योजना तर्जुमा प्रक्रियामा जिम्मेवारी र जवाफदेहिता स्पष्ट हुने गरी सहभागितात्मक योजना प्रक्रिया अवलम्वन गर्न सुधार गर्नुपर्दछ ।

९. **उपभोक्ता समिति -** जटिल प्राविधिक पक्ष समेत रहेको र मेशिनरीको बढी प्रयोग हुने काम वाहेक सामान्यतया श्रम प्रधान प्रविधि अपनाइने आयोजना वा कार्यक्रम मात्र उपभोक्ता समिति मार्फत गराउनु पर्ने र जटिल प्राविधिक पक्ष भएको काम उपभोक्ता समितिबाट गराउदा गुणस्तर नहुने हुँदा भारी उपकरण प्रयोग हुने काम प्रतिस्पर्धात्मक तरिकाले कार्य गर्न सुधार गर्नुपर्दछ ।

१०. **ठेक्का सम्झौता कार्यान्वयन -** सम्झौता अनुसार निर्माण कार्य सम्पन्न नगरी विभिन्न कारण देखाई म्याद थप माग गरेको आधारमा निर्माणको अवधिहरु थपिदै गएको अवस्था छ । निर्माण व्यवसायीको कमजोर व्यवस्थापन वा ढिला सुस्तिले कार्य प्रगति नभएको, सम्झौता अनुसार कार्य नभएको वा असान्दर्भिक कारणको अवस्थामा पूर्व निर्धारित क्षतिपूर्ति वाहेक म्याद थप गर्ने परिपाटीमा सुधार गर्ने र कार्यतालिका बमोजिम कार्य सम्पन्न गर्नु गराउनु पर्ने गरी सुधारको प्रक्रिया अगाडि बढाउनुपर्दछ ।

११. **अनुदान नीति -** प्रदेश सरकारले एकै प्रकृतिका तथा कार्यक्षेत्र भएका संस्थाहरुलाई उपलब्ध गराउने अनुदानमा एकरुपता देखिदैन । अनुदान रकम उपयोगका आधारमा नीति तथा निर्देशिका तयार गरी अनुगमन गर्ने व्यवस्थामा सुधार गर्नुपर्दछ ।

१२. **खरिद -** विद्यूतीय खरिदलाई अनिवार्य गर्ने, खरिद योजना र खरिदको गुरुयोजना तयार गर्ने, मन्त्रालयगत खरिद प्रक्रिया सूचना प्रणालीमा आवद्ध गर्ने, सवारी साधन खरिद प्रक्रियामा नियन्त्रण कायम गर्ने, कार्यतालिका अनुरुप निर्माण खरिदलाई प्राथमिकतामा राख्ने र खरिद प्रक्रियालाई कार्यक्रम, वजेट र श्रोत परिचालन संग समन्वय गरी खरिद स्थितिमा सुधार गर्नुपर्दछ ।

१३. **प्रतिवेदन -** तोकेको समयमा मन्त्रालयले केन्द्रीय हिसाव तयार गर्ने, श्रावण महिना भित्र प्रत्येक इकाईहरु बाट वित्तीय प्रर्तिवेदन तयार गर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समय भित्रै कार्यान्वयनमा ल्याउने, आयोजना प्रतिवेदनमा प्रतिफल तथा मूल्याङ्कनको अवस्था दर्शाउने, प्रतिवेदन प्रणालीमा पूर्णतः सूचना प्रविधि प्रयोगमा ल्याई प्रतिवेदन प्रणालीलाई सुधार गर्नुपर्दछ ।

१४. **प्रशासकीय व्यवस्थापकीय क्षमता-** कर्मचारी दक्षतामा अभिवृद्धि गरी सार्वजनिक खर्चमा मित्व्ययीता ल्याउने, व्यवस्थापनले अवलम्वन गरेका कार्य प्रक्रियाको समीक्षा गर्ने, कार्यान्वयन गरिने क्रियाकलाप र सोको लागत प्रति व्यवस्थापकीय क्षमतालाई समन्वय गर्ने र अनिवार्य दायित्व भित्रका कार्यहरु सम्पादन गरी प्रतिफलमुखी र कार्यान्वयनमुखी दक्षतामा वृद्धि गर्न प्रशासकीय क्षमतामा सुधार ल्याउनुपर्दछ ।

१५. **राजस्व संकलन -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्कलगायतका क्षेत्रमा अभिवृद्धि गरी राजस्व संकलनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

१६. **आयोजना व्यवस्थापन -** संभाव्यता अध्ययन, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन मूल्याङ्कन लगायत विभिन्न चरणमा ध्यान दिँदै आयोजना सञ्चालन गर्नुपर्दछ । प्रदेश गौरवका आयोजना र पहिलो प्राथमिकताका आयोजनाको छनौट गरी पूँजीगत खर्चलाई उपलब्धिमूलक क्षेत्रमा खर्च हुने व्यवस्था मिलाउनुपर्दछ ।

१७. **परामर्श सेवा -** सार्वजनिक निकायले खरिदको गुरु योजना तथा वार्षिक खरिद योजना बनाई प्रतिस्पर्धात्मक रुपमा परामर्श सेवाको खरिद कार्य गराउनु पर्दछ । परामर्श सेवाको लागत अनुमान तयार गर्ने नर्म्स वा आधार निर्धारण गर्नुपर्ने समेत देखिएको छ ।

१८. **सगंठनात्मक व्यवस्था र सेवा प्रवाह -** सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन आवश्यक व्यवस्था मिलाउनुपर्दछ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था हुनु पर्दछ । प्रदेश तहबाट प्रवाह हुने सेवालाई व्यवस्थित गर्ने, घुम्ती सेवा प्रदान गर्ने, सेवा मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो सुनुवाई सयन्त्रको व्यवस्था र आवधिकरुपमा सार्वजनिक सुनुवाई गर्ने प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

१९. **लेखाङ्कन प्रणाली -** सार्वजनिक निकायको लेखा प्रणाली, लेखा ढाँचाको स्वीकृति तथा वित्तीय प्रतिवेदन प्रणालीमा समयसापेक्ष सुधार गरी सार्वजनिक कोषको पारदर्शिता र विश्वसनीयता प्रवर्द्धन गर्न सार्वजनिक क्षेत्रको लागि नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेपसास) तथा प्रदेश तहको सञ्चित कोष हिसाब तयार गर्ने ढाँचा लगायत प्रदेश तहमा प्रयोग हुने लेखाको ढाँचा महालेखापरीक्षकबाट स्वीकृत गराई लागू गर्नुपर्दछ ।

२०. **आन्तरिक नियन्त्रण प्रणाली -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्यलाई मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ ।

२१. **प्रदेश कानुन -** संविधानको धारा ५७(६) मा प्रदेश सभाले कानुन बनाउँदा संघीय कानुनसँग नबाझिने गरी बनाउनु पर्ने र संघीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने उल्लेख भएकोले प्रदेशबाट निर्माण हुने कानुन संघीय कानुनसँग सामन्जस्यता हुने गरी निर्माण गर्नुपर्दछ ।

२२. **सभा, सम्मेलन, समारोह खर्च -** सार्वजनिक निकायले सभा सम्मेलन जस्ता आकस्मिक खरिद कार्यका लागि कार्यविधि स्वीकृत गरी मितव्ययी एवं प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गर्नुपर्दछ ।

२३. **प्रदेश तहको वित्तीय व्यवस्थापन -** प्रदेश तहको वित्तीय व्यवस्थापनमा सुधार गर्न खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्यांकनसँग आवद्ध गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने, प्रदेश गौरवका आयोजना र प्राथमिकता प्राप्त आयोजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।

# अनुसूचीहरु

अनुसूची-१
(प्रतिवेदनको परिच्छेद २ दफा २ सँग सम्बन्धित)

## लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरु
## (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु.हजारमा)

| क्र.सं. | मन्त्रालय र निकायको नाम | कार्यालय संख्या | बेरुजू भएका कार्यालयको संख्या | बेरुजू रकम |
|---|---|---|---|---|
| १. | प्रदेश व्यवस्थापिका संसद सचिवालय | १ | १ | १७९६६ |
| २. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | १ | ७९३ |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | २ | २ | १६९४९६ |
| ४. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ९ | २ | ४१०८७ |
| ५. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २ | २ | ५३३७५ |
| ६. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | २१ | १८ | १२८७८५ |
| ७. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २४ | १७ | १५९८०९ |
| ८. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३२ | ३० | १०७५२१४ |
| ९. | सामाजिक बिकास मन्त्रालय | २३ | २१ | ९२४२३ |
| १०. | प्रदेश निति तथा योजना आयोग | १ | १ | ० |
| | **जम्मा** | **११६** | **९५** | **१७३८९४८** |

अनुसूची-१ (क)
(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

## लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण
## २०७५।७६

| सि.नं. | लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण | संख्या |
|---|---|---|
| **१.** | **प्रदेश व्यवस्थापिका संसद सचिवालय** | **१** |
| **२.** | **मुख्य न्यायाधिवक्ताको कार्यालय** | **१** |
| **३.** | **मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय** | **२** |
| ३.१. | मन्त्रिपरिषद सचिवालय | १ |
| ३.२. | ग्रामिण प्रशिक्षण केन्द्र | १ |
| **४.** | **आन्तरिक मामिला तथा कानून मन्त्रालय** | **२** |
| ४.१. | मन्त्रालय | १ |
| ४.२. | प्रदेश प्रहरी कार्यालय | १ |
| **५.** | **आर्थिक मामिला तथा योजना मन्त्रालय** | **९** |
| ५.१. | मन्त्रालय | १ |
| ५.२. | प्रदेश लेखा नियन्त्रक कार्यालय | १ |
| ५.३. | प्रदेश लेखा इकाई | ७ |
| **६.** | **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय** | **२१** |
| ६.१. | मन्त्रालय | १ |
| ६.२. | प्रदेश वन निर्देशनालय | १ |
| ६.३. | घरेलु तथा साना उद्योग कार्यालय | ८ |
| ६.४. | डिभिजन वन कर्यालयहरु | ८ |
| ६.५. | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | १ |
| ६.६. | भू-जलाधार व्यवस्थापन कर्यालयहरु | २ |
| **७.** | **सामाजिक विकास मन्त्रालय** | **३३** |
| ७.१. | मन्त्रालय | १ |
| ७.२. | शिक्षा विकास निर्देशनालय | १ |
| ७.३. | स्वास्थ्य निर्देशनालय | १ |
| ७.४. | शिक्षा तालीम केन्द्र | २ |
| ७.५. | व्यवसायिक तथा सीप विकास तालीम केन्द्र | १ |
| ७.६. | रोजगार सूचना केन्द्र | १ |
| ७.७. | स्वास्थ्य कार्यालयहरु | ८ |
| ७.८. | आयूर्वेद कार्यालयहरु | ८ |
| ७.९. | प्रादेशिक अस्पताल विकास समिति | १ |
| ७.१०. | जिल्ला अस्पताल विकास समिति | ६ |
| ७.११. | प्राविधिक शिक्षा तालिम परिषद | १ |
| ७.१२. | मिथिला विदेह क्षेत्र प्रवर्द्धन समिति | १ |
| ७.१३. | गजेन्द्र नारायण सिंह सगरमाथा अस्पताल | १ |
| **८.** | **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय** | **२४** |
| ८.१. | मन्त्रालय | १ |
| ८.२. | कृषि विकास निर्देशनालय | १ |

| | | |
|---|---|---|
| ८.३. | पशुपंक्षी तथा मत्सय विकास निर्देशनालय | १ |
| ८.४. | कृषि र पशु तालिम केन्द्र | २ |
| ८.५. | राइजो वियम तथा विउ विजन प्रयोगशाला | २ |
| ८.६. | उष्ण प्रदेशिय वागवानी केन्द्र | १ |
| ८.७. | बाली संरक्षण प्योगशाला | १ |
| ८.८. | माटो तथा मलपरीक्षण प्रयोगशाला | १ |
| ८.९. | कृषि ज्ञान केन्द्रहरु | ६ |
| ८.१०. | पशु विज्ञ केन्द्रहरु | ६ |
| ८.११. | मत्सय विकास केन्द्रहरु | २ |
| **९.** | **भौतिक पूर्वाधार विकास मन्त्रालय** | **३२** |
| ९.१. | मन्त्रालय | १ |
| ९.२. | यातायात पूर्वाधार निर्देशनालय | १ |
| ९.३. | यातायात व्यवस्था कार्यालय | ६ |
| ९.४. | पूर्वाधार विकास कार्यालयहरु | ३ |
| ९.५. | शहरी विकास तथा भवन कार्यालयहरु | ३ |
| ९.६. | खानेपानी तथा सरसफाई डिभिजनहरु | ४ |
| ९.७. | जलश्रोत तथा सिंचाई विकास डिभिजनहरु | ८ |
| ९.८. | भूमिगत जलश्रोत तथा सिंचाई डिभिजनहरु | ४ |
| ९.९. | सडक डिभिजनहरु | २ |
| **१०.** | **प्रदेश निति तथा योजना आयोग** | **१** |
| १०.१. | नीति आयोग सचिवालय | १ |
| | **जम्मा** | **१२६** |

अनुसूची-२
(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

# सरकारी कार्यालयको लेखापरीक्षण रकम
## २०७५।७६

(रु.हजारमा)

| मन्त्रालय/निकायको नाम | विनियोजन | | | | राजस्व | | | | धरौटी | | | | अन्य कारोबार | | | | लेखापरीक्षण सम्पन्न रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लेखापरीक्षण गर्नुपर्ने | | समपन्न | | लेखापरीक्षण गर्नुपर्ने | | समपन्न | | लेखापरीक्षण गर्नुपर्ने | | समपन्न | | लेखापरीक्षण गर्नुपर्ने | | समपन्न | | |
| | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | |
| प्रदेश व्यवस्थापिका संसद सचिवालय | १ | ३५२९७४ | १ | ३५२९७४ | १ | ५४६ | १ | ५४६ | १ | ४०६२ | १ | ४०६२ | ० | ० | ० | ० | ३५७५८२ |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | ३१९५९ | १ | ३१९५९ | १ | ४५ | १ | ४५ | १ | ६८८ | १ | ६८८ | ० | ० | ० | ० | ३२६९२ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | २ | १२७४८७२ | २ | १२७४८७२ | १ | ५२३ | १ | ५२३ | १ | ३९६९ | १ | ३९६९ | १ | १३८८८६ | १ | १३८८८६ | १४१८२५० |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | ९ | १७६१८१६ | ९ | १७६१८१६ | ३ | ७९०४०३० | ३ | ७९०४०३० | ३ | ८२६ | ३ | ८२६ | ० | ० | ० | ० | ९६६६६७२ |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | २ | २१६०२१ | २ | २१६०२१ | २ | ७२७ | २ | ७२७ | २ | १४५४ | २ | १४५४ | १ | ६२६४९ | १ | ६२६४९ | २८०८५१ |
| उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | २१ | १५५९७९३ | २१ | १५५९७९३ | १९ | २४६३९२ | १९ | २४६३९२ | २१ | २१३६३७ | २१ | २१३६३७ | ११ | १९२८५८ | ११ | १९२८५८ | २२१२६८० |
| भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | २४ | १४७४५८१ | २४ | १४७४५८१ | २१ | १०८२० | २१ | १०८२० | २० | २२७९१ | २० | २२७९१ | ४ | १९३२७ | ४ | १९३२७ | १५२७५१९ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | ३२ | ६४७९६६१ | ३१ | ५४७९३१७ | २६ | १६१०३४८ | २५ | १६०९९५६ | २६ | २७६८५७ | २५ | २३७१८४ | ० | ० | ० | ० | ७३२६४५७ |
| सामाजिक बिकास मन्त्रालय | २३ | १८९८०५७ | २३ | १८९८०५७ | १४ | ५२९४ | १४ | ५२९४ | १६ | ८६०७ | १६ | ८६०७ | ७ | ३७७६२ | ७ | ३७७६२ | १९४९७२० |
| प्रदेश नीति तथा योजना आयोग | १ | ४२६४० | १ | ४२६४० | १ | १० | १ | १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४२६५० |
| **जम्मा** | **११६** | **१५०९२३७४** | **११५** | **१४०९२०३०** | **८९** | **९७७८७३५** | **८८** | **९७७८३४३** | **९१** | **५३२८९१** | **९०** | **४९३२१८** | **२४** | **४५१४८२** | **२४** | **४५१४८२** | **२४८१५०७३** |

अनुसूची-३
(प्रतिवेदनको परिच्छेद २ दफा ३ सँग सम्बन्धित)

# सरकारी निकाय/मन्त्रालयको लेखापरीक्षण वक्यौता विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | मन्त्रालय/निकायको नाम | विनियोजन | | राजस्व | | धरौटी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| १. | भौतिक पूर्वाधार विकास मन्त्रालय (पूर्वाधार विकास कार्यालय, सिरहा) | १ | १०००३४४ | १ | ३९२ | १ | ३९६७३ | १ | १०४०४०९ |
| | **जम्मा** | **१** | **१०००३४४** | **१** | **३९२** | **१** | **३९६७३** | **१** | **१०४०४०९** |

अनुसूची-४
(प्रतिवेदनको परिच्छेद १ दफा २ सँग सम्बन्धित)

# अन्य संस्था तथा समितिको लेखापरीक्षण विवरण
# २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | मन्त्रालय/निकायको नाम | लेखापरीक्षण | | प्रतिवेदन | | लेखापरीक्षण सम्पन्न रकम | वक्यौता वर्ष |
|---|---|---|---|---|---|---|---|
| | | गर्नुपर्ने | सम्पन्न | अन्तिम | प्रारम्भिक | | |
| १. | सामाजिक विकास मन्त्रालय (समिति तथा अन्य संस्था) | १० | १० | ० | १० | ९१६३५३ | ० |
| | **जम्मा** | **१०** | **१०** | **०** | **१०** | **९१६३५३** | **०** |

अनुसूची-५
(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

# आय-व्यय हिसाब तयार गर्ने अन्य संस्था तथा समिति
# लेखापरीक्षण रकम, बेरुजू र सञ्चालन नतिजा
# २०७५।७६

(रु.हजारमा)

| क.सं. | संस्थाको नाम | लेखापरीक्षण गर्नुपर्नें आर्थिक वर्ष | लेखापरीक्षण रकम | बेरुजू रकम | लेखापरीक्षण भएको अन्तिम वर्षको संचालन नतिजा | | | | | | | | | | यो वर्षको बचत | बर्षान्तको मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | वर्षको शुरु मौज्दात | आय | | | | व्यय | | | | | | |
| | | | | | | बिक्रीरसेवा शुल्क | अनुदान | अन्य आय | जम्मा | प्रत्यक्ष खर्च | सञ्चालन खर्च | कर्मचारी खर्च | अन्य खर्च | जम्मा खर्च | | |
| | **समिति/अन्य संस्था** | | | | | | | | | | | | | | | |
| १ | प्राबिधिक शिक्षा तथा व्याबसायिक तालिम परिषद,धनुषा | २०७५/७६ | ३४६२३६ | १३५२१ | ० | ७१४४ | ३४१००२ | ३९७२ | ३५२११८ | ७६३९ | १८१४९१ | १५७१०६ | ० | ३४६२३६ | ५८८२ | ५८८२ |
| २ | बिदेह मिथिला क्षेत्र प्रवर्द्धन बिकास समिति प्रदेश नं २ ,जनकपुर | २०७५/७६ | ३८९९ | २५० | ० | ० | ३८९९ | ५३ | ३९५२ | ० | ४१९ | ३४८० | ० | ३८९९ | ५३ | ५३ |
| ३ | प्रादेशिक अस्पताल, जनकपुर | २०७५/७६ | ४०३०८८ | ४९२७१ | ३४३६८ | ८०८३६ | ३०९१३९ | २१६८३ | ४११६५८ | ८४५९ | २७७२४० | ६९१२१ | ४८२६८ | ४०३०८८ | ८५७० | ४२९३८ |
| ४ | **कलैया अस्पताल बारा** | २०७५/७६ | १५६६० | १७४१ | २१२५ | १०६८८ | ६३४९ | ३३९ | १७३७६ | ३०७६ | २७४१ | ६५७६ | ३२६७ | १५६६० | १७१६ | ३८४१ |
| ५ | **लहान अस्पताल ,सिरहा** | २०७५/७६ | २२६०० | ९०० | २३४६ | १४७८० | १०७३९ | १२० | २५६३९ | २१७३ | ११४६ | ४०३६ | ५२४५ | २२६०० | ३०३९ | ५३८५ |
| ६ | सिरहा अस्पताल सिरहा | २०७५/७६ | १०४४९ | २५० | ५७६ | १९८१ | ८५८० | ० | १०५६१ | २५० | ० | ८५४ | ९३४५ | १०४४९ | ११२ | ६८८ |
| ७ | गजेन्द्रनारायण सिंह शगरमाथा अन्चल अस्पताल सप्तरी | २०७५/७६ | ३०६०८ | ५३६२ | २२९ | १७८३३ | ११८२९ | ३१०० | ३२७६२ | ० | १२४९ | १७८२७ | ११५३२ | ३०६०८ | २१५४ | २३८३ |
| ८ | *जिल्ला अस्पताल जलेश्वर,महोत्तरी* | २०७५/७६ | १७२५५ | ५७७ | ८५२ | १२९५७ | ६७८७ | ० | १९७४४ | ९९४५ | ५९२४ | ८६३ | ५२३ | १७२५५ | २४८९ | ३३४१ |
| ९ | सर्लाही जिल्ला अस्पताल,सर्लाही | २०७५/७६ | ५०१९२ | ११७७७ | ६१९० | ० | १०४४३ | ३५०५१ | ४५४९४ | ० | १५००० | १०४४३ | २४७४९ | ५०१९२ | -४६९८ | १४९२ |
| १० | *गौर अस्पताल* | २०७५/७६ | १६३६६ | २८०२ | ३४०१ | ७५१२ | ९५४७ | ० | १७०५९ | ९५४७ | २५२३ | ४२९६ | ० | १६३६६ | ६९३ | ४०९४ |
| | **सामाजिक बिकास मन्त्रालय कुल जम्माः** | | **९१६३५३** | **८६४५१** | **५००८७** | **१५३७३१** | **७१८३१४** | **६४३१८** | **९३६३६३** | **४१०८९** | **४९७७३३** | **२७४६०२** | **१०२९२९** | **९१६३५३** | **२००१०** | **७००९७** |

अनुसूचि-६
(प्रतिवेदनको परिच्छेद २ दफा २.७ सँग सम्बन्धित)

# पेश्की बाँकीको विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | मन्त्रालय/निकायको नाम | कर्मचारी पेश्की | | अन्य पेश्की | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्ष सम्म | यो वर्ष | गत वर्ष सम्म | | | यो वर्ष | | | |
| | | | | मोविलाईजेशन | प्रतितपत्र | अन्य | मोविलाईजेशन | प्रतितपत्र | अन्य | |
| १. | सरकारी कार्यालय तर्फ | १०० | १३८१७ | ० | ० | १०७००० | ४९३७८२ | ० | २८४०९ | ६४३१०८ |
| २. | समिति तथा अन्य संस्था तर्फ | ० | १३२०३ | ० | ० | ० | ० | ० | ३४८२ | १६६८५ |
| **जम्मा** | | **१००** | **२७०२०** | **०** | **०** | **१०७०००** | **४९३७८२** | **०** | **३१८९१** | **६५९७९३** |

अनुसूचि-७
(प्रतिवेदनको परिच्छेद २ दफा २.६ सँग सम्बन्धित)

# कुल असूली विवरण
# २०७५।७६

(रु.हजारमा)

| क.सं. | मन्त्रालय/निकाय | लेखापरीक्षणको दौरानमा | प्रारम्भिक प्रतिवेदन पठाएपछि | सम्परीक्षणको क्रममा | कूल जम्मा |
|---|---|---|---|---|---|
| १ | सरकारी कार्यालय तर्फ | ८११७ | ५१६८ | ८३४ | १४११९ |
| २ | समिति तथा अन्य संस्था तर्फ | १८ | ० | ० | १८ |
| | **जम्मा** | **८१३५** | **५१६८** | **८३४** | **१४१३७** |

अनुसूचि-८
(प्रतिवेदनको परिच्छेद २ दफा २.८ सँग सम्बन्धित)

## अग्रिम कर कट्टी नगरेको समष्टिगत स्थिति
## २०७५।७६

(रु.हजारमा)

| सि.नं. | मन्त्रालय/निकायको नाम | असूल गर्नुपर्ने | | असूल भएको | | असूल गर्न बाँकी रकम |
|---|---|---|---|---|---|---|
| | | कार्यालय संख्या | रकम | कार्यालय संख्या | रकम | |
| १. | सरकारी कार्यालय तर्फ | ३२ | १५९४३ | ५ | ९०९ | १५०३४ |
| २. | समिति तथा अन्य संस्था तर्फ | २ | २८८ | ० | ० | २८८ |
| | **जम्मा** | **३४** | **१६२३१** | **५** | **९०९** | **१५३२२** |

अनुसूचि-९
(प्रतिवेदनको परिच्छेद १ दफा ६.१ र ६.२ सँग सम्बन्धित)

# राजश्वको शिषर्कगत आम्दानी विवरण
# २०७५।७६

(रु. हजारमा)

| राजश्व संकेत | राजश्व शिर्षक | रकम |
|---|---|---|
| ११४१० | मूल्य अभिवृद्धि कर | ४९४२२१९ |
| ११४२० | अन्त शुल्क | १५७७५५४ |
| ११४४० | विशेष सेवामा लाग्ने कर | २४ |
| ११४५० | पूवाधार सेवाको उपयोग कर | ७३०१८८ |
| ११५६० | वैदेशिक व्यापारमा आधारित कर | ३ |
| ११६०० | अन्य कर | ६५४०४२ |
| १४१५० | भाडा रोयल्टी | ४०८७ |
| १४१७० | राजश्व बाँडफाँड बाट प्राप्त आय | ३४१३१८ |
| १४२१० | वस्तु तथा सेवा विक्री प्राप्त रकम | ५३८३ |
| १४२२० | प्रशासनिक सेवा शुल्क | १३९७५० |
| १४३१० | दण्ड जरिवाना तथा जफत | २१७२ |
| १४५२० | अन्य राजश्व | ४ |
| १५१०० | वेरुजू | १३५०६ |
| ३३१०० | बाँडफाँड हुने राजश्व | १३६८४८५ |
| | **जम्मा** | **९७७८७३५** |

अनुसूची-१०
(प्रतिवेदनको परिच्छेद २ दफा २ सँग सम्बन्धित)

# सरकारी कार्यालयहरुको बेरुजू बर्गिकरण
# २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | मन्त्रालयर निकायको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | | दफा संख्या | | रकम | असूल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | जम्मा | पेश्की | | |
| | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | रकम | सैद्धान्तिक | लगति | | | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | | कर्मचारी पेश्की | अन्य पेश्की | कुल जम्मा |
| १ | प्रदेश व्यबस्थापिका संसद सचिवालय | २७ | ११ | १७९६६ | ० | ० | ० | २७ | ११ | १७९६६ | १००१९ | ४०४४ | ३०७७ | ० | ० | ७१२१ | ८२६ | ० | ८२६ |
| २ | मुख्य न्यायधिवक्ताको कार्यालय | १४ | ८ | ७९३ | ० | ० | ० | १४ | ८ | ७९३ | १३२ | १६४ | २३८ | ० | ० | ४०२ | २५९ | ० | २५९ |
| ३ | मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ५४ | ७२ | १७३६६३ | ० | ३ | ४१६७ | ५४ | ६९ | १६९४९६ | ४१२५ | ६५९२० | २१०२१ | ० | ० | ८६९४१ | ३३२ | ७८०९८ | ७८४३० |
| ४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ४६ | २० | ५३३७५ | ० | ० | ० | ४६ | २० | ५३३७५ | ३८४ | २६३६ | ६४३ | ० | ० | ३२७९ | ० | ४९७१२ | ४९७१२ |
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ६५ | १४ | ३७५०००४ | ० | १० | ३७०८९१७ | ६५ | ४ | ४१०८७ | ११०६ | ० | ३९९८१ | ० | ० | ३९९८१ | ० | ० | ० |
| ६ | उद्योग,पर्यटन,बन तथा बातावरण मन्त्रालय | २९४ | १६७ | १३२९०९ | १ | २४ | ४१२४ | २९३ | १४३ | १२८७८५ | ११२८७ | ८५३० | १०३८४९ | ० | ० | ११२३७९ | ५११९ | ० | ५११९ |
| ७ | सामाजिक बिकास मन्त्रालय | १२५ | १६३ | १०००८१ | ० | १४ | ७६५८ | १२५ | १४९ | ९२४२३ | ४०६४ | ३८८९७ | ९३५५ | ० | ० | ४८२५२ | ५०११ | ३५०९६ | ४०१०७ |
| ८ | भुमि व्यबस्था,कृषि तथा सहकारी मन्त्रालय | २५८ | १५६ | १५९९३४ | ० | ४ | १२५ | २५८ | १५२ | १५९८०९ | ६३०६ | ११४९०१ | २६०२८ | ० | ० | १४०९२९ | ४३५ | १२१३९ | १२५७४ |
| ९ | भौतिक पुर्वाधार बिकास मन्त्रालय | ६०१ | ४०५ | १०७८९२३ | ० | ७ | ३७०९ | ६०१ | ३९८ | १०७५२१४ | ५९२७५ | १९६२५६ | ४७०७०२ | ० | ० | ६६६९५८ | १८३५ | ३४७१४६ | ३४८९८१ |
| १० | प्रदेश निति तथा योजना आयोग | ५ | १ | २९३ | ० | १ | २९३ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | **कुल जम्मा** | **१४८९** | **१०१७** | **५४६७९४१** | **१** | **६३** | **३७२८९९३** | **१४८८** | **९५४** | **१७३८९४८** | **९६६९८** | **४३१३४८** | **६७४८९४** | **०** | **०** | **११०६२४२** | **१३८१७** | **५२२१९१** | **५३६००८** |

अनुसूची-११
(प्रतिवेदनको परिच्छेद २ दफा २ सँग सम्बन्धित)

# आय-व्ययको कारोबार गर्ने अन्य संस्था तथा समितिको बेरुजू बर्गीकरण
# २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | मन्त्रालयर निकायको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | असुल गर्नुपर्न | नियमित गर्नपर्ने | | | | | पेश्की | | |
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कंचारी पेश्की | अन्य पेश्की | जम्मा |
| | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | | | | | | | | | |
| १ | बिदेह मिथिला क्षेत्र प्रवर्द्धन बिकास समिति प्रदेश नं २ ,जनकपुर | ५ | १ | २५० | ० | ० | ० | ५ | १ | २५० | ० | ० | ० | ० | ० | ० | २५० | ० | २५० |
| २ | कलैया अस्पताल बारा | १३ | ८ | १७४१ | ० | ० | ० | १३ | ८ | १७४१ | ४७१ | १२६ | ० | ० | ० | ५९७ | ११४४ | ० | ११४४ |
| ३ | प्रादेशिक अस्पताल, जनकपुर | ५३ | ४५ | ४९२७१ | ० | ० | ० | ५३ | ४५ | ४९२७१ | २६५२० | ३७०० | १६९०९ | ० | ० | ४७१२९ | ३९२ | १७५० | २१४२ |
| ४ | प्राबिधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद,धनुषा | १४ | ३ | १३५२१ | ० | ० | | १४ | ३ | १३५२१ | ११५४५ | ० | १९७६ | ० | ० | १३५२१ | ० | ० | ० |
| ५ | गजेन्द नारायण सिंह सगरमाथा अञ्चल अस्पताल, सप्तरी | २२ | १६ | ५३६२ | | | | २२ | १६ | ५३६२ | १८५४ | १९२ | १५१८ | | ० | ३५६४ | ६६ | १७३२ | १७९८ |
| ६ | सर्लाही जिल्ला अस्पताल,सर्लाही | १६ | ४ | ११७७७ | ० | ० | ० | १६ | ४ | ११७७७ | ९८७ | ० | ११८९ | ० | ० | २१७६ | ९६०१ | ० | ९६०१ |
| ७ | *जिल्ला अस्पताल जलेश्वर,महोत्तरी* | ३ | ४ | ५७७ | ० | ० | ० | ३ | ४ | ५७७ | ९ | १६८ | | ० | ० | १७७ | ४०० | ० | ४०० |
| ८ | लहान अस्पताल ,सिरहा | ६ | १ | ९०० | ० | ० | ० | ६ | १ | ९०० | ० | ० | ० | ० | ० | ० | ९०० | ० | ९०० |
| ९ | सिरहा अस्पताल सिरहा | ४ | १ | २५० | ० | ० | ० | ४ | १ | २५० | ० | ० | ० | ० | ० | ० | २५० | ० | २५० |
| १० | *गौर अस्पताल* | ५ | ५ | २८०२ | ० | ० | ० | ५ | ५ | २८०२ | २३८ | ० | २३६४ | ० | ० | २६०२ | २०० | ० | २०० |
| **सामाजिक विकास मन्त्रालय कुल जम्मा** | | **१४१** | **८८** | **८६४५१** | **०** | **०** | **०** | **१४१** | **८८** | **८६४५१** | **४१६२४** | **४१८६** | **२३९५६** | **०** | **०** | **६९७६६** | **१३२०३** | **३४८२** | **१६६८५** |

अनुसूचि-१२
(प्रतिवेदनको परिच्छेद २ दफा १ सँग सम्बन्धित)

## सरकारी कार्यालय तर्फ (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार) बेरुजू फछ्र्यौट तथा सम्परीक्षणको विवरण २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | मन्त्रालय/निकायको नाम | गत वर्ष सम्मको बाँकी | सम्परीक्षण भएको | गत वर्ष सम्मको बाँकी | यो वर्षको थप | दोस्रो प्रतिवेदन सम्मको बाँकी बेरुजू | दोस्रो प्रतिवेदन सम्मको बाँकी बेरुजू मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|
| १. | सरकारी कार्यालय तर्फ | १६४६०९ | ० | १६४६०९ | १७३८९४८ | १९०३५५७ | ६५९७९३ |
| २. | समति तथा अन्य संस्था तर्फ | ० | ० | ० | ८६४५१ | ८६४५१ | १६६८५ |
| | **जम्मा** | **१६४६०९** | **०** | **१६४६०९** | **१८२५३९९** | **१९९०००८** | **६७६४७८** |

अनुसूचि-१३
(प्रतिवेदनको परिच्छेद २ दफा २.१ सँग सम्बन्धित)

## लेखाउत्तरदायी अधिकृतहरुको विवरण र सोअवधिको वेरुजू स्थिति
## २०७५।७६

(रु. हजारमा)

| क्र.सं. | मन्त्रालय/निकायको नाम | लेखाउत्तरदायी अधिकृतको नाम | अवधि | | आ.व.२०७५।७६ को कूल वेरुजू | ले.प.अंकको तुलनामा वेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | देखी | सम्म | | |
| १. | प्रदेश व्यवस्थापीका संसद सचिवालय | सचिव श्री दीवाकर पौडेल | २०७५/४/१ | २०७५/७/१३ | १७९६६ | ५.०२ |
| | | नि.सचिव श्री शान्तिराज प्रसाई | २०७५/७/१४ | २०७५/१२/१२ | | |
| | | नि. सचिव श्री रंजित कुमार यादव | २०७५/१२/१३ | २०७६/३/३० | | |
| २. | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | सचिव श्री हरि फुयाल | २०७५/४/१ | २०७५/१२/५ | १६९४९६ | ११.९५ |
| | | सचिव श्री कोमल वहादुर खत्री | २०७५/१२/६ | २०७६/३/३१ | | |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | सचिव डा.किरण रुपाखेती | २०७५/४/१ | २०७५/८/३० | ४१०८७ | ०.४२ |
| | | सचिव श्री मुक्ति प्रसाद आर्चाय | २०७५/८/२३ | २०७६/१/२७ | | |
| | | सचिव श्री प्रेम कुमार श्रेष्ठ | २०७६/१/२८ | २०७६/३/३० | | |
| ४. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सचिव श्री जगदीश रेग्मी | २०७५/४/१ | २०७५/१२/२६ | ५३३७५ | १९.०० |
| | | नि. सचिव अरुण कुमार झा | २०७५/१२/२७ | २०७६/३/३० | | |
| ५. | उद्योग,पर्यटन वन तथा वातावरण मन्त्रालय | सचिव श्री मेघनाथ काफ्ले | २०७५/४/१ | २०७५/७/७ | १२८७८५ | ५.८२ |
| | | सचिव श्री विद्यानाथ झा | २०७५/७/१४ | २०७६/१/१५ | | |
| | | सचिव श्री जगदीश प्रसाद गुप्ता | २०७६/१/१५ | २०७६/३/३० | | |
| ६. | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | सचिव डा.वंशी शर्मा | २०७५/४/१ | २०७५/१२/१७ | १५९८०९ | १०.४६ |
| | | सचिव श्री विजयचन्द्र झा | २०७५/१२/१८ | २०७६/३/३१ | | |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | सचिव श्री जिवद मण्डल | २०७५/४/१ | २०७५/८/१० | १०७५२१४ | १४.६७ |
| | | सचिव श्री पुस्करनाथ घिमिरे | २०७५/८/११ | २०७६/३/३० | | |
| ८. | सामाजिक विकास मन्त्रालय | सचिव श्री देविराम भण्डारी | २०७५/४/१ | २०७६/१/६ | १७८८७४ | ६.२४ |
| | | सचिव श्री दिलिप कुमार ठाकुर | २०७६/१/७ | २०७६/३/३० | | |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | उपसचिव श्री कृष्ण प्रसाद वराल | २०७५/४/१ | २०७५/७/३० | ७९३ | २.४२ |
| | | उपसचिव श्री ऋद्विनाथ निरौला | २०७५/८/१० | २०७६/३/३० | | |

अनुसूची-१४

प्रदेश सरकार

प्रदेश लेखा नियन्त्रक कार्यालय

आ.व. २०७५/७६ को प्रारम्भिक आर्थिक प्रतिवेदन

प्रदेश नं. २ जनकपुरधाम

**आय**

| क.सं. | विवरण | रकम | रकम | रकम | रकम | रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | गत वर्षको मौज्दात जिम्मेवारी सारेको (अ.ल्या.) | | | | | ४०८,६४३,२२९.७५ |
| २ | यस वर्षको आय : | | | | | २३,३९२,४८३,४८३.७१ |
| | राजस्व तथा अनुदान: | | | | २३,३९२,४८३,४८३.७१ | |
| क | राजस्व | | | ८,४२७,८७६,२३३.७१ | | |
| अ | कर | | ७,९०४,०३०,३३५.७४ | | | |
| आ | अन्य राजस्व | | ५१०,३३९,४८४.२५ | | | |
| इ | गतवर्षको नगद मौज्दात तथा बेरुजु | | १३,५०६,४१३.७२ | | | |
| ई | | | - | | | |
| उ | | | - | | | |
| ख | अनुदान | | | १४,९६४,६०७,२५०.०० | | |
| अ | समानीकरण | ७,०१६,१००,०००.०० | | | | |
| | समपुरक | २९३,३३३,३३३.०० | | | | |
| | सशर्त | ७,१९६,७४१,२५०.०० | | | | |
| | विशेष अनुदान | ४५८,४३२,६६७०० | | | | |
| आ | सोधभर्ना हुने गरि भएको खर्च रकममध्ये सोधभर्ना प्राप्त | | ० | | | |
| १ | चालु आ.व. को | | | | | |
| २ | गत विगत आ.व. को | | | | | |
| इ | सोझै भुक्तानी (प्रत्यक्ष अनुदान) | | | | | |
| ई | वस्तुगत अनुदान | | | | | |
| ३ | वित्तीय व्यवस्था | | | | | |
| क | ऋण लगानी फिर्ता | | | | | |
| अ | आन्तरिक ऋण लगानी फिर्ता | | | | | |
| आ | वैदेशिक ऋण लगानी फिर्ता | | | ० | | |
| ख | शेयर विक्री | | | | ० | |
| अ | आन्तरिक शेयर विक्री | | | ० | | |
| आ | वैदेशिक शेयर विक्री | | | ० | | |
| ग | वैदेशिक ऋण प्राप्ती | | | | ० | |
| अ | नगद ऋण | | ० | ० | | |
| आ | सोधभर्ना हुन गरी भएको खर्च रकम मध्ये सो.भ प्राप्त | | | ० | | |
| १ | चालु आ.व. को | | ० | | | |
| २ | गत विगत आ.व.को | | ० | | | |
| इ | सोझै भुक्तानी (ऋण) | | | ० | | |
| घ | आन्तरिक ऋण प्राप्ती | | | | ० | |
| ६ | चालु आर्थिक वर्षको जम्मा आम्दानी | | | | | २३,३९२,४८३,४८३.७१ |
| ७ | चालु आर्थिक वर्षको संचितकोषको कुल (ग्रस)मौज्दात बचत | | | | | ८,३२७,७२३,८८६.५९ |
| ८ | प्राप्त अनुदान मध्ये खर्च नभइ फिर्ता गर्नुपर्ने रकम रु. | | | | | २,८५९,७६४,८०७.४६ |
| क | सशर्त अनुदान | | | | २,१७२,८१३,९७९.०१ | |
| ख | समपुरक अनुदान | | | | २२८,५१८,१६१.४५ | |
| ग | विशेष अनुदान | | | | ४५८,४३२,६६७.०० | |
| ९ | चालु आर्थिक वर्षको संचित कोषको खुद (नेट) मौज्दात बचत | | | | | ५,४६७,९५९,०७९.१३ |
| १० | विगत आर्थिक वर्षसमेतको खुद मौज्दात बचत | | | | | ५,८७६,६०२,३०८.८८ |
| | जम्मा आम्दानी: | | | | | १५,०६४,७५९,५९७.१२ |

**व्यय**

| क.स | विवरण | रकम | रकम | रकम | रकम रु. |
|---|---|---|---|---|---|
| १ | चालु वर्षको व्यय | | | | १५,०९२,३७४,१२७.१६ |
| क | संचितकोष माथि व्ययभार हुने रकममा खर्च | | | ८६४५७५९७.०० | |
| अ) | चालु खर्च | | ८६४५७५९७.०० | | |
| २१००० | पारिश्रमिक सुविधा | ८६,४५७,५९७.०० | | | |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ०.०० | | | |
| २५००० | सहायता(सब्सीडि) | ०.०० | | | |
| २६००० | स्थानीय तह अनुदान | ०.०० | | | |
| २६००० | अन्य अनुदान(ग्रान्ट्स) | ०.०० | | | |
| २७००० | सामाजिक सुरक्षा | ०.०० | | | |
| २८००० | अन्य | ०.०० | | | |
| आ) | पूंजीगत खर्च | | ० | | |
| ख | विनियोजन ऐनद्वारा भएको खर्च | | | १५,००५,९१६,५३०.१६ | |
| अ) | चालु खर्च | | ६५४१००८७९०.०७ | | |
| २१००० | पारिश्रमिक सुविधा | १,०६२,५९३,१६२.४४ | | | |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १,८४०,४३२,९१२.६६ | | | |
| २५००० | सहायता(सब्सीडि) | ७,१३७,१३२.०० | | | |
| २६००० | स्थानीय तह अनुदान | १,६६२,९५१,९७४.४१ | | | |
| २६००० | अन्य अनुदान(ग्रान्ट्स) | १,७८१,७५३,७६५.१६ | | | |
| २७००० | सामाजिक सुरक्षा | १६७,५२२,७५७.४० | | | |
| २८००० | अन्य | १८,६१७,०८६.०० | | | |
| आ) | पूंजीगत खर्च | | ८,४६४,९०७,७४०.०९ | | |
| | *खर्चको श्रोतगत विवरण* | | | १५,०९२,३७४,१२७.१६ | |
| (क) | प्रदेश सरकारको श्रोत | | ४४३४०३२८२१.२० | | |
| (ख) | नेपाल सरकार अनुदान | | १०६५८३४१३०५.९६ | | |
| (अ) | समानीकरण | ५,५०४,७८३,६९१.८७ | | | |
| (आ) | ससर्त | ५,०२३,९२७,२७०.९९ | | | |
| (इ) | समपुरक संघीय सरकार | ६४८१५१७१.५५ | | | |
| (ई) | समपुरक प्रदेश सरकार | ६४८१५१७१.५५ | | | |
| (ग) | वैदेशिक ऋण | | ० | | |
| (उ) | नगद ऋण | ० | | | |
| (ऊ) | सोधभर्ना हुने ऋण | ० | | | |
| (ऋ) | सोझै भुक्तानी हुने ऋण | ० | | | |
| २ | वित्तीय व्यवस्था | | | | ० |
| क. | संचितकोष माथि व्ययभार हुने रकममा खर्च | | | ० | |
| अ) | आन्तरिक ऋणको सांवा भुक्तानी | | ० | | |
| आ) | वाह्य ऋणको सांवा भुक्तानी | | ० | | |
| ख | विनियोजन ऐनद्वारा भएको खर्च | | | ० | |
| अ) | ऋण लगानी | | ० | | |
| १) | आन्तरिक ऋण लगानी | ० | | | |
| २) | वैदेशिक ऋण लगानी | ० | | | |
| आ) | शेयर लगानी | | ० | | |
| १) | आन्तरिक शेयर लगानी | ० | | | |
| २) | वैदेशिक शेयर लगानी | ० | | | |
| | खर्चको श्रोतगत विवरण | | | ० | |
| क | नेपाल सरकार | | ० | | |
| ख | वैदेशिक श्रोत | | ० | | |
| ऊ) | सोधभर्ना हुने ऋण | ० | | | |
| ए) | प्रत्यक्ष ऋण | ० | | | |
| | | | | | - |
| | | | | | - |
| | | | | | - |
| ३ | प्रदेश लेखा नियन्त्रक कार्यालय र इकाइ कार्यालयवाट खर्च भएको तर बैंकबाट भुक्तानी नभएको खर्च समायोजन | | | | (२७,६९६,७४३.९३) |
| ४ | गत वर्षको छुट भुक्तानी | | | | - |
| ५ | बैंकलाई हिसाब मिलान | | | | ८२,२१३.८९ |
| १० | बैंकलाई सोधभर्ना दिनु पर्ने खुद रकम | | | | १५,०६४,७५९,५९७.१२ |
| | जम्मा खर्च | | | | १५,०६४,७५९,५९७.१२ |

बोलकुमार स्याङतान
सहलेखापाल

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा, नेपाल

प्रदेश लेखा नियन्त्रक

## आर्थिक विवरण तयारीका टिप्पणी तथा मान्यताहरु

**क. खर्च तर्फः**

१. खर्च रकमहरु प्रदेश नं.२ प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा २१ बमोजिम प्रदेश सरकारले अपनाएको नगदमा आधारित लेखा प्रणालीका सिद्धान्त अनुरुप तयार गरिएका छन ।

२. खर्चको रकमहरु बजेट शिर्षकको क्रम अनुसार तयार गरिएका छन ।

३ खर्चका रकमहरुमा पेश्की गएकोरकम पनि समावेश छ ।

४. आय-व्ययको विवरणमा देखाइएको रकम बैकबाट प्राप्त सरकारी कारोवार फाराम (बैंक स्टेटमेन्ट) संग भिडान गरिएको रकम हो । नगरमा आधारित लेखा प्रणाली अवलम्वन गरिएको हुदाँ बैंक स्टेटमेन्ट अनुसार र राजश्वको नगद मौज्दातको रकम मात्र आर्थिक विवरणमा समावेश गरिएको छ ।

५.स्थानीय तह तथा अन्य सरकारी एवं गैर सरकारी नियकाहरुलाई गएको अनुदान रकमको निकासालाई नै खर्च कायम गरिएको छ ।

६. खर्चका रकमहरुको प्रदेश लेखा इकाई कार्यालयहरुबाट प्राप्त प्रमाणित आर्थिक विवरण तथा प्रदेश एकल कोष खाता (P-TSA) बाट प्राप्त तथ्याङ्कका आधारमा तयार गरिएको छ । यो प्रतिवेदन तयार गर्ने अवधि सम्म सम्बन्धित मन्त्रालयबाट केन्द्रिय आर्थिक विवरण प्राप्त नभएकोले सो को भिडान गरिएको छैन ।

७. सरकारी कारोवार गर्ने बैंकका जिल्ला स्थित शाखाबाट संकलन गरी प्रदेश लेखा इकाई कार्यालयहरुले प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गरेको बैंक विवरण संग भुक्तानी भएको रकम भिडान गरीएको छ । सम्बन्धित बैंकका केन्द्रिय र प्रादेशिक कार्यालयहरुबाट भुक्तानी भएको एकिकृत विवरण प्रप्त भएकोले सो संग भिडान गरिएको छ ।

८. संघीय संचितकोषबाट खर्च हुने गरी प्रदेश सरकार अर्न्तगतका कार्यालयबाट भएको खर्च यस आर्थिक विवरणमा समावेश गरिएको छैन ।

**ख. आय तर्फः**

१.प्रदेश नं.२ प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा २१ बमोजिम प्रदेश सरकारले अपनाएको नगदमा आधारित लेखा प्रणाली अनुसार प्रदेश एकल कोष खाता प्रणाली, राजश्व व्यवस्थापन सुचना प्रणाली (RMIS), प्रदेश लेखा इकाई कार्यालयले पेश गरेको विवरण, नेपाल राष्ट्र बैंक र सरकारी कारोवार गर्ने बैंकबाट तथ्याङ्कको आधारमा आयको विवरण तयार गरिएको छ ।

२. राजश्वको लेखांकन गर्दा RMIS मा जम्मा देखिएका रकमलाई आधार मानी सञ्चितकोषमा आम्दानी जनाइएको छ । महालेखा नियन्त्रक कार्यालयले RMIS मा देखिएका सबै रकम प्रदेश सञ्चितकोषमा पठाइएको छैन । यसलाई पुष्टि गर्नेगरी बैंक हिसाव मिलान विवरण तयार गरी पेश गरिएको छ । यदि महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त हुने बाँकी देखिएको रकम परिवर्तन भएमा अन्तिम प्रतिवेदन तयार गर्दा आर्थिक विवरण संशोधन गरी पेश गरिनेछ ।

३. कर राजश्व तर्फ एकिकृत आर्थिक संकेत तथा वर्गीकरण अनुसार राजश्व व्यवस्थापन सुचना प्रणालीमा अन्य गैर कर राजशेवहरु १४००० शिर्षकमा र बेरुजूलाई १५१०० मा देखाइएको छ ।

४. अनुदान तर्फ नेपाल सरकारको कोष तथा लेखा नियन्त्रक कार्यालय धनुषा
मार्फत सञ्चितकोषमा वित्त हस्तान्तरण गरेको समानीकरण, समपुरक, सशर्त र विशेष अनुदानलाई आम्दानी देखाइएको छ ।

ग. विभाज्य कोषः

१.एकिकृत आर्थिक संकेत तथा वर्गीकरण अनुसार राजश्व व्यवस्थापन सुचना प्रणालीमा ३३१५८ सवारी साधन कर शिर्षकमा जम्मा देखिएको रकमलाई आम्दानी देखाइएको छ । यस शिर्षकमा असुल भएको रकम मध्ये अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार ६० प्रतिशत प्रदेश सञ्चितकोषमा र ४० प्रतिशत प्रदेश नं.२ मा १३६ वट स्थानीय तहहरुमा बाडफाँड गरी पठाईएको छ । प्रदेश सञ्चितकोषमा ट्रान्सफर गरिएको रकमलाई मात्र प्रदेश सरकारको सञ्चितकोषको आर्थिक विवरणमा राजश्व आयकव रुपमा समावेश गरिएको छ ।

२. राजश्व व्यवस्थापन सुचना प्रणालीमा आम्दानी भएको तर प्रदेश सञ्चित कोष तथा स्थानीय सञ्चितकोषमा ट्रान्सफर गर्न बाँकि रहेको रकमलाइ विभाजेय कोषको आर्थिक विवरणमा मौज्दातको रुपमा देखाएको छ ।

३. राजश्व व्यवस्थापन सुचना प्रणालीमा ३३१५८ सवारी साधन कर शिर्षकमा आम्दानी देखिएका सबै रकम महालेखा नियन्त्रक कार्यालयबाट प्रदेश विभाज्य कोषमा ट्रान्सफर भइसकेको छैन । यसलाइ पुष्टि गर्ने गरी बैंक हिसाव मिलान विवरण तयार गरी पेश गरिएको छ ।

४. प्रदेश सरकार अर्न्तगतका कार्यालयहरुले संघीय विभाज्य कोष र संघीय सञ्चितकोषमा जम्मा हुन् गरी असुल गरेको राजश्व यस आर्थिक विवरणमा समावेश गरीएको छैन ।

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा, नेपाल

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. २ जनकपुरधाम धनुषा

आर्थिक वर्ष ०७५/७६ को मन्त्रालयगत खर्च विवरण

| संकेत न | मन्त्रालयको नाम | नगद | | | | | | | वस्तगत / सोझै भुक्तानी | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश सरकार | नेपाल सरकार | सोधभर्ना हुने अनुदान | सोधभर्ना हुने ऋण | नगद अनुदान | नगद ऋण | नगद जम्मा | वस्तगत | प्रत्यक्ष अनुदान | प्रत्यक्ष्य ऋण | जम्मा वस्तुगत | जम्मा खर्च |
| २२१ चालु | | ११४७६८५२.२५ | ११६३८६७६५.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २२७८६३६१७.२५ | ०.०० | ०.०० | ०.०० | ०.०० | २२७८६३६१७.२५ |
| २२१ पुजिगत | प्रदेश व्यवस्थापिका सचिवालय | १०२२६९७२८.०० | २२८४१०५०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १२५११०७७८.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १२५११०७७८.०० |
| जम्मा | | २१३७४६५८०.२५ | १३९२२७८१५.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३५२९७४३९५.२५ | ०.०० | ०.०० | ०.०० | ०.०० | ३५२९७४३९५.२५ |
| २२३ चालु | | ११४०१९३८.०० | ५१८६४३७.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १६५८८३७५.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १६५८८३७५.०० |
| २२३ पुजिगत | मुख्य न्यायाधिवक्ताको कार्यालय | ३३६८५२६.०० | १२००२२७८.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १५३७०८०४.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १५३७०८०४.०० |
| जम्मा | | १४७७०४६४.०० | १७१८८७१५.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३१९५९१७९.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३१९५९१७९.०० |
| २३१ चालु | | ६१३२७१०६५.१५ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १२१५२७८२६७.२७ | ०.०० | ०.०० | ०.०० | ०.०० | १२१५२७८२६७.२७ |
| २३१ पुजिगत | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ५४४९७३४.०० | ५४१४४१९९.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५९५९३९३३.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५९५९३९३३.०० |
| जम्मा | | ६१८७२०७९९.१५ | ५४१४४१९९.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १२७४८७२२००.२७ | ०.०० | ०.०० | ०.०० | ०.०० | १२७४८७२२००.२७ |
| २३२ चालु | | १४२३५९५२.०० | १७०३९७३१८३.९३ | ०.०० | ०.०० | ०.०० | ०.०० | १७१८२०९१३५.९३ | ०.०० | ०.०० | ०.०० | ०.०० | १७१८२०९१३५.९३ |
| २३२ पुजिगत | आर्थिक मामिला तथा योजना मन्त्रालय | २८४०३७३७.०० | ५७८४३११५.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ८६२४६८५२.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ८६२४६८५२.०० |
| जम्मा | | ४२६३९६८९.०० | १७६१८१६२९८.९३ | ०.०० | ०.०० | ०.०० | ०.०० | १८०४४५५९८७.९३ | ०.०० | ०.०० | ०.०० | ०.०० | १८०४४५५९८७.९३ |
| २३३ चालु | | ६११८९२९०.०० | २३३७१८०६.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ८४५६१०९६.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ८४५६१०९६.०० |
| २३३ पुजिगत | आन्तरिक मामिला कानून मन्त्रालय | १२१५०८७०४.०० | ९९५१३४१.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १३१४६००४५.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १३१४६००४५.०० |
| जम्मा | | १८२६९७९९४.०० | ३३३२३१४७.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २१६०२११४१.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २१६०२११४१.०० |
| २३४ चालु | | १४७०१८०४४.५७ | ५५०२४८४२६.२१ | ०.०० | ०.०० | ०.०० | ०.०० | ६९७२६६४७०.७८ | ०.०० | ०.०० | ०.०० | ०.०० | ६९७२६६४७०.७८ |
| २३४ पुजिगत | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | २१३१९७३६०.२० | ६४९३२८७१७.८६ | ०.०० | ०.०० | ०.०० | ०.०० | ८६२५२६०७८.०६ | ०.०० | ०.०० | ०.०० | ०.०० | ८६२५२६०७८.०६ |
| जम्मा | | ३६०२१५४०४.७७ | ११९९५७७१४४.०७ | ०.०० | ०.०० | ०.०० | ०.०० | १५५९७९२५४८.८४ | ०.०० | ०.०० | ०.०० | ०.०० | १५५९७९२५४८.८४ |
| २३५ चालु | | ८२८०२६२४.०५ | ४४६९७५१४०.२२ | ०.०० | ०.०० | ०.०० | ०.०० | ५२९७७७७६४.२७ | ०.०० | ०.०० | ०.०० | ०.०० | ५२९७७७७६४.२७ |
| २३५ पुजिगत | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | ६७९६९८९६४.४७ | २६५१०४३४१.११ | ०.०० | ०.०० | ०.०० | ०.०० | ९४४८०३३०५.५८ | ०.०० | ०.०० | ०.०० | ०.०० | ९४४८०३३०५.५८ |
| जम्मा | | ७६२५०१५८८.५२ | ७१२०७९४८१.३३ | ०.०० | ०.०० | ०.०० | ०.०० | १४७४५८१०६९.८५ | ०.०० | ०.०० | ०.०० | ०.०० | १४७४५८१०६९.८५ |
| २३५ चालु | | १३१६७६०६७.०४ | ४०६०८०६११.७९ | १४६२०७३८.३० | ०.०० | ०.०० | ०.०० | ५५२३७७४१७.१३ | ०.०० | ०.०० | ०.०० | ०.०० | ५५२३७७४१७.१३ |
| २३५ पुजिगत | भौतिक पूर्वाधार विकास मन्त्रालय | १२१२१५०१६९.३१ | ४२९४५४५१९६.७९ | २४२६८७२७६.८० | १७७९००८४३.५५ | ०.०० | ०.०० | ५९२७२८३४८६.४५ | ०.०० | ०.०० | ०.०० | ०.०० | ५९२७२८३४८६.४५ |
| जम्मा | | १३४३८२६२३६.३५ | ४७००६२५८०८.५८ | २५७३०८०१५.१० | १७७९००८४३.५५ | ०.०० | ०.०० | ६४७९६६०९०३.५८ | ०.०० | ०.०० | ०.०० | ०.०० | ६४७९६६०९०३.५८ |
| २३७ चालु | | ५७४७१२११३.१९ | १००९०१११३०.२५ | १८२१०००.०० | ०.०० | ०.०० | ०.०० | १५८५५४४२४३.४४ | ०.०० | ०.०० | ०.०० | ०.०० | १५८५५४४२४३.४४ |
| २३७ पुजिगत | सामाजिक विकास मन्त्रालय | २८१७८८१३३.०० | ३०७२४३२५.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३१२५१२४५८.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३१२५१२४५८.०० |
| जम्मा | | ८५६५००२४६.१९ | १०३९७३५४५५.२५ | १८२१०००.०० | ०.०० | ०.०० | ०.०० | १८९८०५६७०१.४४ | ०.०० | ०.०० | ०.०० | ०.०० | १८९८०५६७०१.४४ |
| कुल जम्मा | | ४३९५६१९००२.२३ | ९६५७७१८०६४.१६ | २५९१२९०१५.१० | १७७९००८४३.५५ | ०.०० | ०.०० | १५०९२३७४१२७.१६ | ०.०० | ०.०० | ०.०० | ०.०० | १५०९२३७४१२७.१६ |

प्रदेश लेखा नियन्त्रक



प्रदेश नं. २ का माननीय प्रदेश प्रमुख  श्री तिलक परियार र  माननीय महालेखापरीक्षक सहितका पदाधिकारीहरू ।



प्रदेश नं. २ का माननीय मुख्यमन्त्री  श्री लालबहादुर राउत र  माननीय महालेखापरीक्षक सहितका पदाधिकारीहरू ।



प्रदेश नं. २ का माननीय सभामुख श्री सरोजकुमार यादव र  माननीय महालेखापरीक्षक सहितका पदाधिकारीहरू ।